# मेरो नेपाल

शान्ति र समृद्धिको मार्गमा

**डा. प्रदीप ढकाल**

मेरो नेपाल

# मेरो नेपाल

## शान्ति र समृद्धिको मार्गमा

डा. प्रदीप ढकाल

प्रथम संस्करण: वि.सं. २०६९

© लेखकमा

आवरणसज्जा: डा. रुचि ढकाल

प्रकाशक
बुद्धि कटेल
चेतनालय प्रा. लि., सानेपा, ललितपुर
पोष्ट बक्स नं. ११९९२, काठमाडौं, नेपाल
सम्पर्क नं.: ९८५१०५६१३८
इमेल: info@chetanalaya.com

मुद्रण:
नारायण प्रेस, यट्खा, काठमाडौं

ISBN : 978-9937-2-5132-7

राजनीति सबै नीतिको श्रेष्ठ हो । मानवीयता भएको, मानवीय उच्च चेतना जागेको, गुणी, सदाचारी व्यक्ति नै राजनीतिज्ञ हुन सक्दछ । राजनीति गर्ने मानिस आचरणमा शुद्ध, व्यवहारमा शुद्ध, विचारमा शुद्ध र मानवीय भावनाले ओतप्रोत हुनुपर्दछ । तर अहिलेको राजनीतिका सञ्चालकमा यी गुणहरू देखिएका छैनन् । त्यही कारणले गर्दा पनि यो नीति श्रेष्ठ रहन सकेन र मानव समाजले अपेक्षित गति लिन सकेको छैन ।

राजनीति कस्तो हुने भन्ने कुरालाई त्यसमा रहेका व्यक्तिहरूको चरित्र र क्षमतामा निर्भर गर्दछ । चाणक्यले त्यही राजनीति पाए, प्लेटोले पनि राजनीतिलाई देखे, फेरि राजनीति नेपोलियनले पाए, हिटलरका हातमा समेत राजनीति पुग्यो । अनि त्यही राजनीति माओले पाए, गान्धीले पाए । अर्थात् राजनीतिका सञ्चालकमा राजनीतिको स्वरूप देखा पर्दछ । राजनीति स्वयममा कस्तो हुने भन्ने कुरालाई यसका मार्गमा हिँड्ने नेताहरूको चरित्रले पनि निर्धारण गर्दछ ।

हाम्रो देशले सच्चा राजनीति पाएको त सदियौं भइसकेछ । नीति र व्यवहारमा फरक गर्ने राजनैतिक परिपाटिलाई हाम्रो देशले धेरै शताब्दीदेखि झेलिरहेको छ । वर्तमान समय पनि त्यही अव्यवस्था र अराजकताको प्रतिविम्ब मात्र बनेको छ । वर्तमान राजनैतिक धाराले देशलाई उन्नतितिर होइन कि यसले त यहाँको समाजमा रहिरहेको मानवता, भाइचारा, सामाजिक सद्भाव, धार्मिक सहिष्णुताजस्ता भइरहेका सम्पत्तिलाई पनि विनाश गरेर झनै अमानवीयता र अवनतितिर लगिरहेको छ । यद्यपि हाम्रो देशमा पूर्वीय दर्शनले देखाएको मानवताको मार्ग छ । बुद्ध र अनेकौं ऋषिमहर्षिहरूले पत्ता लगाएको शान्तिको दर्शन छ ।

हाम्रो देशमा एक प्रकारको विशेष सामाजिक शक्ति छ जसले हाम्रो देशलाई शान्ति र समुन्नतिका मार्गमा लम्काउन सक्दछ । यही कुरालाई मनन् गरेर पूर्वीय दर्शनमा विद्यावारिधि गरेका लेखक डा. प्रदीप ढकालले 'मेरो नेपाल' नामक यो कृति तयार गर्नु भएको छ । 'मेरो नेपाल' हरेक नेपालीको हृदयको धड्कन हो । हाम्रो प्यारो देश नेपाल हरेक नेपालीका हृदयमा 'मेरो नेपाल' बनेर रहेको छ । त्यही देशलाई समृद्ध र सम्पन्न बनाउनका लागि हामीमा अन्तरनिहीत शक्तिलाई पहिचान गर्दै त्यसको उजागर गरी नयाँ अवधारणा, नयाँ सोचबाट चेतनशील वर्ग र युवापुस्ता अगाडि बढ्नुपर्ने आवश्यकता यहाँ औंल्याइएको छ । डा. ढकालको यस गहन कृति प्रकाशन गर्न पाउँदा हामी आफूलाई गौरवान्वित ठानिरहेका छौं । आशा छ यसमा देखाइएको मार्गमा देश लम्किएमा हामीले आफ्नो गौरवपूर्ण मानवीय चेतनाको अवस्थालाई पुनः प्राप्त गर्न सक्दछौं ।

**श्री बुद्धि कटेल**
निर्देशक
'चेतनालय', काठमाडौं

मेरो नेपाल

# आरम्भिक शब्दहरू

नेपाल, जहाँ सेता हिमालयका टाकुरा, पहाडका चुचुरा र तराईको समथर भूमि, साथमा घना जङ्गलदेखि उजाड डाँडाहरू एवम् छहरादेखि छङछङ गर्दै बग्ने नदीहरू एकै ठाउँमा समिश्रित छन् । हामी यी सबैमा भिजेका छौँ; खेलेका छौँ । हाम्रा यी सम्पदाहरूमा समृद्धता छ, अनन्त शक्ति छ । त्यही अनन्त शक्तिका हामी अधिकारी हौँ । एकअर्काका संस्कृतिको सम्मान गर्दै हामी समग्र नेपाली संस्कृतिमा भिजेका छौँ । विभिन्न जातजाति र समाजहरू मिलेर बनेको अनेकतामा एकता भएको हाम्रो सामाजिक र साँस्कृतिक परम्परामा हामी रमाएका छौँ । हाम्रो देश आपसी भाइचारा, मानवीयता, सामाजिक सद्भाव, मानवीय उच्च चेतनाको प्रवाह भएको भूमि हो । पूर्वीय दर्शनका प्रणेता ऋषिमहर्षिहरू, गौतम बुद्धजस्ता ज्ञानीले देखाएको मानवताको मार्गमा हामी अडिएका छौँ ।

हामीसँग के छैन ? हामीसँग प्राकृतिक सम्पदा छ, साहस, इमान्दारिता र आत्मअनुशासनयुक्त जनशक्ति छ, अनि हामीसँग मानवलाई मानव नै देख्ने उच्च चेतनायुक्त सभ्यता र संस्कार छ । तर अहिले हामी आफ्नो अस्तित्वलाई बिर्सेको अवस्थामा छौँ । हामी कसरी पछि परिरहेका छौँ त ? यसको कारण हो हामीले आफ्नो शक्तिको पहिचान नै गरेका छैनौँ । आफ्नो समग्र शक्तिको पहिचान गरेर हाम्रो यो सुन्दर देश नेपाललाई विश्वकै एक उत्कृष्ट देश बनाउन सकिने सम्भावनालाई यस पुस्तकमा केलाइएको छ ।

विगत तीनसय बर्षयता विश्वमा भौतिकवादले जुन प्रगति गरेको छ त्यसले हामी कसैलाई पनि अछुतो राखेको छैन । तर त्यही भौतिकताले दिएको दृष्टिले हामी दिग्भ्रमित बनेका छौँ । भौतिकताले हाम्रो पूर्वीय संस्कारलाई अँगाल्न सकेको छैन । हामीकहाँ आएपछि हामीले हाम्रै पद्धतिमा ढाल्नु पर्नेमा हामी अहिले त्यसो गर्न पनि सकिरहेका छैनौँ । जेसुकै गरेर पनि आफू सम्पन्न बन भन्ने भौतिक सोचकै राप यहाँ पनि आइपुग्यो । भौतिकताको विकार हाम्रो समाजमा पनि आयो । त्यही विकारले हामीलाई पनि अल्मलाई दिएको छ । तर अब हामी यसलाई सरापेर बसेर मात्रै त भएन । त्यति सानो हावाको झोक्काले हाम्रो मानवीय मूल्य र मान्यतालाई सोहोरेर लान्छ भने त त्यो हाम्रै जग कमजोर रहेको मान्नुपर्ने हुन्छ । त्यसैले अब हामीले सोच्नैपर्ने हुन्छ – सारा विश्वलाई एउटै देख्ने हाम्रो दृष्टि कमजोर भएको त छैन ? त्यसैले हामीले हाम्रै त्यही जग त्यही धरातललाई पहिल्याउनु परेको छ । हाम्रो पुर्खाले दिएको त्यो मानवीय निधिलाई हामी आफैले खोज्नु परेको छ ।

पूर्वीय सभ्यताका अनुयायी हामीसँग भौतिकता नभएको होइन । तर हामीकहाँको भौतिक विकासमा आध्यात्मिकता अन्तरनिहीत छ । हिजो पनि हामीसँग भौतिकता त थियो तर हामीले व्यक्तिगत सम्पत्ति, पद र प्रतिष्ठालाई कहिल्यै महत्व दिएनौँ । हामी आफ्नो आन्तरिक शक्तिको खोजीमा लागिरह्यौँ । भौतिक समृद्धि पनि हामीले सामाजिकता र सामूहिकतामा नै खोज्यौँ । हामीसँग भौतिकताका साथमा मानवीय सहृदयता थियो । हामी मानवीय उच्च चेतनाको अवस्थालाई नै समृद्धि मान्दछौँ । समृद्धिमा पनि सामूहिकताको ख्याल राख्छौँ । अहिले पश्चिमी भौतिकताले प्रविधिको विकासलाई नै समुन्नति मान्दै अहं र गर्व गरिरहेको छ । त्यसले आध्यात्मिक गुणलाई अपनाउन सकेको छैन र मानवीय उच्च चेतनालाई बेवास्ता गरिरहेको छ । तर हामीले भौतिक समृद्धि र प्रविधिको विकासलाई हाम्रै पूर्वीय सामाजिक मान्यतामा एकीकृत गर्नुपर्छ । प्रविधिलाई समेत हाम्रो सामाजिक पद्धतिमा अङ्गीकार गरेपछि हामी चाँडै समृद्धतामा लम्किन सक्दछौँ र भौतिकताले पनि पूर्णता पाउँदछ । प्रविधि र हाम्रो पूर्वीय समाजको आदर्शलाई वर्तमान एक्काइसौँ शताब्दीमा एक बनाएर लान सकेमा मात्र हामी मानवीय समुन्नतिका मार्गमा लम्किन सक्दछौँ । भौतिकता, प्रविधि र आध्यात्मिकताको संयोजनबाट नै वर्तमान विश्व खुशी रहन सक्दछ । भौतिकता, प्रविधि र आध्यात्मिकता जोडिएर बन्ने सामाजिक पद्धतिका मार्गमा हिँडेपछि मानव समाजले पूर्णता पाउनेछ ।

हजारौँ वर्षदेखि हाम्रा पुर्खाले हामीलाई आध्यात्मिक निधि, प्रेम र शान्तिको उपहार दिएर गएका छन् । हजारौँ वर्षको यो महान आध्यात्मिक शक्तिलाई नस्वीकारीकन विश्व सुखी हुँदैन । हामीले हाम्रो त्यो आत्मिक सुन्दरतालाई अझै उजागर गर्दै अघि बढ्नु परेको छ । व्यक्तिवादलाई सामूहिकतामा ल्याउने हाम्रो सामाजिक पद्धतिलाई सामाजिक व्यवस्थाको आधार बनाउनु जरुरी बनेको छ ।

 मेरो नेपाल

राजनीति नै समाज सञ्चालनको प्रमुख तत्व हो । तर अहिले राजनीति विकृत भयो अनि राजनीति पेशाको रूपमा, नाफाघाटाको रूपमा लिने पद्धति बन्यो । विभिन्न क्रान्तिहरू भए, परिवर्तन पनि भए तर पनि राजनीतिलाई केही वर्ग र व्यक्तिको स्वार्थको पूर्तिका लागि मात्र प्रयोग गरियो । अहिलेको व्यवस्थाका हिमायतीहरूले व्यक्तिगत स्वार्थ र आफ्नो सम्पन्नतालाई राज्यको सम्पन्नता मानिरहेका छन् । अहिलेको हाम्रो देशको राजनैतिक ढाँचा हेर्दा हामी आफूलाई बिर्सेर पराइलाई आफ्नो ठानिरहेका छौँ । हामीले आफैलाई चिन्न नसकेर देशको अस्तित्वलाई नै बिर्सिरहेका छौँ ।

हामीले यहाँ देखाउन खोजेको कुरा के भने पूँजिवाद र समाजवादले ल्याएको विकृतिले हाम्रो पद्धति खल्बलियो । हाम्रो पूर्वीय चिन्तन र अध्यात्मले जुन खालको उच्चता हासिल गरेको थियो त्यसलाई क्षणिक कुराले ढाकछोप गरेर हटाउन थालियो । तर हाम्रो यो उच्च मानवीयताको जग हरायो भने यो सँगसँगै विश्वबाटै मानवता नै हराउँछ । हाम्रो परम्परा र संस्कृति यसैसँग जोडिएको छ । त्यसलाई पुनर्जागरण गरेर विश्वलाई नै 'तिमी त्यो बाटो होइन कि यो बाटो हिँड' भनेर हामीले पो मार्ग दिनु पर्ने हो । तर भौतिकवादीले हाम्रो त्यो निधिलाई धूमिल पारेर आफूलाई प्रौढ देखाइरहेका छन् । अनि हामी पनि आफ्नो आत्मा बिर्सिएको अवस्थामा रहिरहेका छौँ ।

अहिले विश्वमा नै नैतिकताको खडेरी परेको छ । आदर्शको खडेरी परेको छ । तर त्यसलाई हामी हाम्रो पूर्वीय भूमिबाट नै पुनर्जागृत गर्न सक्दछौँ । पूर्व र पश्चिमको संयोजन गर्दै हाम्रो सामाजिकताको भावनालाई नेतृत्व तहमा राखेर हामी विश्वलाई नै नवीन मानवीयताको मार्गमा लम्काउन सक्नेछौँ । विश्वका कुनै पनि सम्पन्न सभ्यतालाई हाम्रो देशको सामाजिक पद्धतिले चुनौति दिन सक्दछ । मानवताको हिसावले, सामाजिकताको हिसाबले कुनै पनि पद्धति हाम्रो पद्धतिको तुलनामा आउनै सक्दैनन् । पूर्वीय आध्यात्मिक पद्धतिले कुनै समयमा शिखर चुमिसकेको थियो । त्यसका अंशियारका रूपमा हामी नेपाली अहिलेसम्म कायम छौँ । अब हामीले आफैलाई चिन्नु परेको छ । आफूलाई चिनेर देशलाई उन्नतिको मार्गमा लानु छ । राजनीतिलाई नीतिले शुद्ध गरेर वर्तमान विश्वको भौतिक विकासलाई ग्रहण गर्दै अघि बढ्नुपर्दछ ।

यिनै कुरालाई मध्यनजर गरेर यो पुस्तक **'मेरो नेपाल'** तयार भएको छ । राजनैतिक पद्धतिलाई नवीन दिशा दिनका लागि असल मानिसहरूको नेतृत्वको आवश्यकतालाई यहाँ औँल्याइएको छ । महान वैज्ञानिक अल्बर्ट आइन्स्टाइन भन्दछन् - 'विश्व ती मानवबाट ध्वस्त हुँदैन जो दुष्ट छन् र खराब कार्य गर्दछन् बरु तिनीहरूबाट खतरा छ जसले दुष्टले गरेको खराबीलाई केही नगरी मूकदर्शक बनेर हेरिरहन्छन्' ।

यो लेखकको मुख्य गुनासो यो छ कि – उत्कृष्ट मानिसहरू पाखामा बसेर हेर्ने, चटकेहरू तमासा देखाउने र रमितेहरू छेउमा बसेर ताली पिट्ने अनि देश र विश्व सप्रिन्छ त ? अहिले पनि हाम्रो देशमा यही भइरहेको छ । कुनै दृष्टि नै नभएकालाई शासक मान्नुको परिणति हाम्रो देशले अहिले भोगिरहेको छ । अहिलेकै शक्तिहरूलाई देशको सत्ता दिइरहनु भनेको देशका मूल्यमान्यतालाई तिलाञ्जली दिएर यहाँको नेपाली आत्मालाई मार्नुमात्रै हो । अहिले हामीले शक्ति मानिरहेका राजनैतिक पार्टी र तिनका नेताहरू त भौतिकताका विकार मात्र हुन्, ती कुनै शक्ति होइनन् । यस्ता ध्वंशवादी र आफ्नो देशको शक्ति र अस्तित्वको बोध नै नहुनेलाई शक्ति मान्नु हामी नेपालीको बेहोसीमात्र हो । त्यही बेहोसीबाट ब्युँझौ भन्ने आग्रह यहाँ गरिएको छ ।

अहिलेसम्म हामीले हाम्रो देशलाई गौरवपूर्ण किन बनाउन सकेनौँ त ? हामीले कहिल्यै यसमा विचार गरेकै छैनौँ । हामीमा रहेको मानवीय मूल्यमान्यता विशाल छ जसले 'वसुधैव कुटुम्वकम' अर्थात् 'सवै मानिस एक हुन्' भन्ने भावनालाई अँगालेको छ । यहाँ प्राकृतिक सम्पदा पनि विशाल छ तर त्यसको उपयोग गरेर उत्पादन गरी यहाँको मानव समाजबाट गरिबी किन हटाउन सकिएन त ? यी कारणको खोजी गर्नैपर्ने भएको छ । यसका कारणहरू मूलतः राजनैतिक चरित्रमा गएर नै अड्किन्छ । राजनीतिमा अज्ञानी र बेहोस मानिसहरूकै बोलवाला रहेको छ । ज्ञानी र सज्जनहरू राजनीतिमा आएर जिम्मेवारी नलिँदा नै सबै अव्यवस्था भएको छर्लङ्गै देखिन्छ । त्यो समय अब आइसकेको छ । कोही न कोही अब अगाडि आउनै पर्छ । नागरिकहरूकै बीचबाट एक राष्ट्रिय शक्तिको उदय हुनुपर्छ र देशको नेतृत्व लिनुपर्दछ ।

लेखकको विश्वास छ कि यो पुस्तकका शब्द अनि ती शब्दबाट गुञ्जित हुने आवाजहरू केवल एक व्यक्तिका होइनन् । ती त नेपाल, नेपाली र मानवताका पुजारी सम्पूर्ण हृदयका कम्पन हुन् । यहाँ एक व्यक्तिको होइन लाखौँ करोडौँ हृदयको स्वर कम्पन भइरहेको छ । यो लेखक त एक माध्यममात्र हो । यथार्थमा यो सबैको आवाज हो ।

मेरो नेपाल

# कृतज्ञता

ती ऋषिमूनि, विद्वान, शासक वर्ग र नेताहरू सबैलाई हार्दिक धन्यवाद $\pi$ जसले यो देशलाई वर्तमानसम्म ल्याइपुऱ्याए । कोहीले ज्ञान बाँडेर, कसैले जीवनको आहुति दिएर, कसैले अपमान सहेर, कोहीले मृत्युसँग जुधेर त कोहीले सहजै सत्ता त्यागेर यो देशमा लोकतन्त्रको जग हाले । म कृतज्ञ छु यहाँका सारा असल मानवहरूप्रति जसले आजका दिनसम्म यो भूमिलाई नेपालको रूपमा जीवित राखे । अनि ती मनिषीहरूलाई प्रणाम गर्दछु जसले यो भूमिमा आफ्नो शक्ति सिञ्चन गरेर आध्यात्मिक रूपमा यो भूमिलाई जीवित राखे ।

म आदरणीय गुरु श्री डा. गोबिन्द टण्डनप्रति ऋणी छु । उहाँको सान्निध्यता र सामीप्यतामा नै मेरा कच्चा विचारले दिशा पाएका हुन् । देश र मानवताको पीरले आहत भएर मात्र बस्ने होइन, व्यक्तिले आफ्नो कर्तव्य गर्नुपर्छ भन्ने सतत् प्रेरणा दिएर मार्गनिर्देश गर्नुहुने उहाँप्रति म सादर प्रणाम गर्दछु ।

जीवन दिने मेरी माता मनरूपा ढकाल, जीवन अर्थपूर्ण हुनुपर्छ भन्दै राष्ट्रको सेवा नै व्यक्तिको कर्तव्य हो भन्ने सिकाउने मेरो पिता श्री लिलाधर ढकाल र सामाजिक सेवा र कर्तव्यका लागि प्रेरित गर्नुहुने वुवा श्री गोपाल प्रसाद ढकालप्रति म प्रणाम गर्दछु । साथै आदरणीय वुवा श्री रामजी केसीले दिनु भएको हौसला र प्रेरणाको पनि म स्मरण गर्न चाहन्छु ।

मेरा सहृदयी बन्धु श्री कृष्ण प्रसाद आचार्यको सल्लाह र सुझाव पनि यो पुस्तक तयार गर्नका लागि निकै महत्वपूर्ण रहेको छ । यसमा भएका विचारलाई खँदिलो बनाउनका लागि उहाँले गर्नु भएको मेहनत र दिनुभएको साथका लागि म आभारी छु ।

म मेरा मित्र सन्तोष केसीको साथको स्मरण गर्न चाहन्छु जसको साथले यो पुस्तक तयार हुन सम्भव भएको हो । मित्र राजन केसीले सम्पादनमा गरेको मेहनत र भाई दिलीप ढकालले प्रुफ रिडिङ्मा गरेको मद्दत पनि स्मरणीय छ । त्यसैगरी मेरा हितैषीहरू विष्णुहरि लामिछाने, प्रज्ञा ढकाल, प्रेम नेपाल, इन्दिरा पौडेल, घनश्याम भट्ट, पार्वती खड्का र लक्ष्मी ढकालको साथ र सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छु ।

यो लेखाइका कतिपय प्रसङ्गमा सचेत र ज्ञानीवर्गले परिपक्वता नपाउन सक्नुहुन्छ; तर मेरो ध्येय त मानवतालाई जगाउनु हो, यो देशको स्वाभिमानलाई जोगाउँदै यहाँ विलुप्त हुन लागेको मानवतालाई पुनर्जागरण गर्नु हो । त्यसैले ध्येयमा रहेको पवित्रतालाई हेरेर मेरो अल्पज्ञतालाई क्षमा दिनु हुनेछ भन्ने आशा गर्दछु । यसमा उल्लिखित कतिपय विचारहरूका सन्दर्भ सामग्रीको उल्लेख गर्न छुटेको हुन सक्छ । त्यसका लागि म ती ज्ञानीवर्गप्रति कृतज्ञता व्यक्त गर्दै आफ्नो कमजोरीका लागि क्षमा चाहन्छु । यसमा रहेका त्रुटि र अपरिपक्वताको जिम्मेवारी लिँदै पाठक वर्गको रचनात्मक सुझावको अपेक्षामा रहने छु ।

डा. प्रदीप ढकाल
पञ्चमूल, स्याङ्जा
साउन १०, २०६९

मेरो नेपाल

# Contents

आरम्भिक शब्दहरू 4
कृतज्ञता 7
सुन्दर-शान्त नेपाल र हाम्रो वर्तमान 9
सङ्कीर्णतामा अल्मलिएका हामी 39
वर्तमान विश्व धार र हामी 50
नेपाली वैचारिक धरातल 66
नेपाली लोकपद्धतिको स्थापना 82
समुन्नत नेपालको सर्वाङ्गीण धारा 87
कर्तव्यबोधको समय 106
जागौँ, उठौँ र अघि बढौँ ....... 113
सन्दर्भ सामग्रीहरू 120

मेरो नेपाल

# सुन्दर-शान्त नेपाल र हाम्रो वर्तमान

हिमालय पर्वतको अटल स्वभाव, पहाडका टुप्पामा हिँडिरहने बादलको चञ्चलता, तराईका सम्म फाँट अनि हिमाली कोख, पहाडी काख र तराईको छातीबाट बग्ने नदीहरूले बनाएका तरेलीले हाम्रो देशलाई भौगोलिक रूपमा सुन्दर बनाएको छ । एउटा डाँडाबाट अर्को डाँडामा आवाज दिएर बोलाउने ग्रामीण जीवन-सञ्चार स्वर्णिम छ । हिमालय र पहाडी डाँडा-भञ्ज्याङमा गुञ्जिने 'ओम नम शिवाय', 'ओम मणिपद्मे हुँ' र 'ओमशान्ति' शब्दहरूले यो भूमिलाई पवित्र पार्दै अनन्तसम्म आवाज पुऱ्याउँछन् । पोखरी, ताल, वनजङ्गल, मैदान फाँटहरू, नाङ्गा पहाडहरू सबैले नेपाली हृदयलाई शङ्खनाद गर्दै गुञ्जाई रहन्छन् । नेपाली भाषाको गुञ्जनले नेपाल-नेपालीको भावनालाई जोड्छ । मादल, खैँजडी, दमाहा, सहनाई, सारङ्गीले नेपाली स्वरलाई सुसज्जित बनाएर घर आँगनमा सङ्गीत घन्काइरहन्छ ।

नेपाली भूमिका चारवटै ऋतुलाई हेरेर जीवनको अनुभव लिने हो भने मानव जीवनले पूर्णताको अनुभूति गर्न सक्छ । यहाँको हिमाली शृङ्खलाको मनमोहकताले मनै प्रफुल्ल गराउँछ । अनि त्यसबाट आएको चिसो सिरेटो महाभारत पर्वत शृङ्खलामा ठोक्किएर पहाडी सुगन्धलाई समेट्दछ । हिमालबाट निस्केका नदीहरू पहाडी चट्टान रसाएर निस्केका नदीमा मिलेर एउटै धार बनाउँदा आउने छङ्छङ् आवाजसँगै रुमलिँदा हृदयमा असीम आनन्दको अनुभूति हुन्छ । अगाडि हिमालयको शृङ्खला, अनि वल्लो पहाडमा पीपलको रुखमुनि बसेर ध्यानमग्न हुँदा आउने आनन्दलाई अनुभूत गर्न पाउनु पनि अहोभाग्य नै हो । पहाडबाट झर्ने नदीहरूले तराईको समथर फाँटलाई जीवन सिञ्चन गर्दछन्, जहाँ प्रचुर मात्रामा अन्नको उब्जनी हुन्छ ।

चराहरूका चिरबिर, नदीका छङछङ, खोलाको गर्जन, झरनाको झरझर, जङ्गलको मौन आवाजले यो भूमिलाई अनुपम बनाएका छन् । लटरम्म सुन्तला, लहरै रहेका केराघारी, बोटले नधान्ने गरी फलेका मेवा, बगैँचामा फुलेका आँपका रुख, पैयुँ र आरुका फूलहरूको मोहकताले यहाँको माटोमा सुगन्ध फैलाउँछन् ।

नेपालको भौगोलिक तथा सांस्कृतिक पृष्ठभूमि हेर्दा यहाँ तीनवटा भौगोलिक परिवेशमा अलग-अलग संस्कृतिको निर्माण भएको छ । अझ यहाँका कुना-कुनामा विकास भएका अलग-अलग मानव समूहका संस्कृतिहरूका कारण नेपाल अनेक संस्कृतिको सङ्गमस्थल बन्न पुगेको छ । हिमालका शेर्पाहरू र तराईका थारुहरू बिल्कुलै अलग-अलग संस्कृतिको धारामा बहिरहेका छन् तापनि उनीहरू एक अर्काका संस्कृतिको सम्मान गर्दछन्, मिलेर खुसीयाली मनाउँछन् ।

धार्मिक पृष्ठभूमिलाई हेर्दा, यहाँ मूल रूपमा हिन्दु र बौद्ध धर्मावलम्वीहरू छन् । पछिल्लो कालमा भित्रिएका मुस्लिम र इसाई धर्म पनि यहाँको माटोमा भिज्दै छन् । नेपाली संस्कृतिको विशेषता नै यो हो कि यहाँ भित्रिएका जुनसुकै धर्म वा संस्कृतिले नेपालीत्व ग्रहण गर्दछन् । त्यसैले यहाँ धार्मिक सहिष्णुता रहिरहेको छ ।

एक डेनिस महिला नेपालका बारेमा यस्तो धारणा राख्दछिन् - "म नेपालमा बारम्बार आइरहन्छु किनकि यहाँ हुने अनुभूतिले म आफूलाई जीवित छु भन्ने अनुभूति गराउँछ । म यहाँका मान्छेहरूसँग अन्तरक्रिया गर्दा आनन्दको अनुभव गर्दछु किनकि यिनीहरू पश्चिमी समाजका मान्छेजस्तो मेसिन भइसकेका छैनन् । म यहाँका मानिसको संयुक्त पारिवारिक वातावरणमा रमाउँछु किनकि 'हाम्रो' भन्ने अनुभूतिले आफूमा अझै बढी शक्ति भरिदिन्छ । समग्रमा भन्नु पर्दा, म पूर्वीय दर्शनको अनुभूति गर्न बारम्बार यहाँ आइरहन्छु ।"

अझ एक फ्रान्सेली बृद्धलाई त नेपाल आफ्नो पूर्वजन्मको मातृभूमि भएको अनुभूति भइरहन्छ - "म एक बालक छँदाको कुरा हो - म हिँड्दै गर्दा बाटोमा रुख देख्दा टक्क अडिन्थेँ अनि नियालिरहन्थेँ । पहाड देख्दा, चट्टान देख्दा आनन्दित हुन्थेँ र घन्टौँ म त्यहीँ बसिरहन्थेँ । मलाई कहीँ कतैबाट केही आवाज आएजस्तो लाग्थ्यो । तर म अज्ञानी थिएँ । मलाई केही बोध थिएन । आफ्नो यौवन काल पनि यत्तिकै बित्यो । जीवनमा रिक्तताको अनुभव भई नै रह्यो । म जब पहिलो पटक नेपाल आएँ तब मलाई स्वयम्मा केही कम्पनको अनुभव भयो । मेरो बाल्य कालको पूर्वानुभूति भयो । म यहाँका पहाडहरूमा गएँ । अनौठो सञ्चार भयो । आफ्नो रिक्त जीवनको पाटो भरिएको महसुस भयो । मलाई यो ठाउँ आफ्नै हो भन्ने अनुभूति भइरह्यो । मेरो जीवनले यहाँ आएर पूर्णता पायो । म यहाँको माटोमा, पत्थरमा आफूलाई पूर्ण पाउँछु । यहाँको हिमालयको सुन्दरताले मलाई खिच्यो । पश्चिमी समाजमा रहँदा मेरो जीवन बिना अर्थ र मूल्यको भएर बितिरहेको थियो । थोरै समय मात्र भए पनि यहाँ दिन बिताउन पाउँदा

मेरो नेपाल

म आफूलाई पूर्ण महसुस गर्दछु । यहाँ सदियौँदेखि रहेको आध्यात्मिकता जीवन्त छ, जीवनको शाश्वत सत्य यहाँको माटोमा छ ।" यी दुई भनाइहरू पश्चिमी समाजका मान्छेहरूका हुन् । तिनीहरू नेपालसँग नजिकको सम्बन्ध राख्दछन् र हाम्रो देशको संस्कृतिमा जीवनको अनुभव गर्दछन् । वास्तवमा हाम्रो यो देश विशिष्ट छ, अनुपम छ र अद्वितीय छ ।

महाकवि लक्ष्मी प्रसाद देवकोटाले भनेका छन् -"म विश्वप्रेम मातृभूमिमा सिक्ने छु न कि विश्वमा ।" "मेरो मातृभूमिमा त्यो आर्य सभ्यता छ जसले संसारलाई एक विशाल युगसम्म आध्यात्मिक पोषण पुऱ्याउन सक्दछ ।" "जब म विदेशमा हुन्छु तब बोलचित्र र नाटक हेरिरहेको हुन्छु । जब म स्वदेशमा हुन्छु म जीवन अनुभव गरिरहन्छु ।" देवकोटाको यो भनाईमा हाम्रो देशको यथार्थ सत्य उद्घोषित छ ।

## नैतिक र चारित्रिक धरातल

काम, क्रोध, लोभ र मोहजस्ता गुण मानवमा हुन्छन् र ती गुणको वशमा नपरी विवेकपूर्ण रूपमा जीवन जिउनुपर्छ भन्ने शिक्षा यहाँ प्रचलित छ । झुटो नबोल्नु, चोरी नगर्नु, व्याभिचार नगर्नु, हिंसा नगर्नु भन्ने शिक्षालाई नै व्यक्ति र समाजको जीवनका लागि आधारशिला मानिएको छ ।

सदियौँदेखि रहिरहेका रुढीवाद र अन्धविश्वासका पर्खालहरू हाल आएर भत्किँदै गइरहेका छन् । सेवा र सत्कार अनि प्रेम र सद्भावका शिक्षा र पञ्चशीलका (जीवनको श्रद्धा, अरूको सम्पत्तिको सम्मान, चारित्रिक शुद्धता, साँचो जीवन र दुर्व्यसनबाट मुक्त समाज) शिक्षामा आम मानवले अवलम्बन गर्नुपर्ने साधारण नैतिक नियम छन् जसको पालना गरेमा समाज स्वतः नैतिकवान हुन जान्छ ।

पूर्वीय दर्शनले तोकिदिएको नैतिक र चारित्रिक नियम अनुपम छ । व्यक्ति स्वयम्ले आफूमा चेतना जगाउनुपर्ने हुनाले उसले शुद्ध आचरण राख्नुपर्ने, सत्य मार्गमा हिँड्नुपर्ने हुन्छ । यही व्यक्तिव्यक्तिको चेतनाको आधारमा निर्माण भएको जगले नै यो भूमिलाई मार्ग दिन सक्छ । अन्ततः विश्वले नै यही हाम्रो पूर्वीय नैतिकतालाई नपछ्याई धरै छैन ।

## सामाजिक सद्भाव

यहाँ सदियौँदेखि नै मानवहरू एक आपसमा सहअस्तित्वका आधारमा व्यवहार गर्दै आइरहेका छन् । अहिले देखिएको जस्तो जन्मका आधारमा जातिको व्यवस्था त्यसबेला थिएन, व्यक्तिको आध्यात्मिक गुणका आधारमा जातिको व्यवस्था गरिएको थियो । जन्मका आधारमा जातिको व्यवस्था विकृतिको रूपमा पछि प्रचलनमा आएको हो । धार्मिक पाखण्डताका आधारमा चलेको छुवाछूत्को प्रचलन र जातिपातिका आधारमा गरिने विभेदको प्रचलन विस्तारै हट्दै गइरहेको छ । नेपाल बहुसांस्कृतिक समाज हो । एक छुवाछूत्को भेदभावरहित, धनी र गरिबको नाममा कुनै असमानता नहुने न्यायपूर्ण र अहिंसायुक्त नवीन व्यवस्थाको सिर्जना गर्नु जरुरी छ ताकि नेपाली समाज मानवताका धरातलमा खडा हुन सकोस् ।

जनस्तरमा नेपालीहरूको सम्बन्ध ज्यादै मधुर छ । हिमाल, पहाड र तराई गरी तीन प्रकारको भौगोलिक वातावरणमा अलग-अलग संस्कृतिको विकास गरी अनेकौँ मानव समूहहरू बसोबास गर्दछन् । दशैँ, तिहार, छठ, माघे सक्रान्ति, होली, बुद्धपूर्णिमा, रक्षाबन्धनलगायतका चाडहरू सबैले मिलेर मनाउँछन् । खासगरी सांस्कृतिक सद्भावको सिर्जनाका लागि युवापुस्ताले महŒवपूर्ण भूमिका खेलिरहेको छ ।

## आर्थिक सम्भावना

आर्थिक पक्षमा जीविकोपार्जनका लागि कृषिको प्रधानता रहेको नेपालमा जनसङ्ख्या बृद्धिसँगै जीविकोपार्जनबाट कृषि प्रगतितर्फ फड्को मार्दै छ । उद्योगधन्दामा घरेलु उद्योगहरूले उत्पादनमा टेवा दिइरहेका छन् । गलैँचा, ढाकाको कपडा, हाकुपटासीजस्ता घरेलु उद्योगमा निर्मित वस्तुले यहाँको स्थानीय उत्पादनलाई प्रतिनिधित्व गर्दछन् । साथै नेपालले जलस्रोत, साहसिक पर्यटन, जडिबुटीको उत्पादन र आयुर्वेद चिकित्सा प्रणालीलाई उपयोग गरेमा यसबाट मनग्य आर्थिक लाभ लिनसक्ने देखिन्छ ।

भारत र चीनजस्ता छिमेकी मुलुकहरू व्यापारिक सहयात्रीको रूपमा रहेका छन् । आर्थिक रूपमा उन्नतिको प्रचुर सम्भावना हुँदाहुँदै पनि ती सम्भावनाको उपयोग हुन नसकेकाले यो देश सधैँ गरिबीमा बाँच्न विवश छ ।

मेरो नेपाल

## प्रकृतिको दिव्य बगैँचा

नेपाल पूर्व पश्चिम ८८५ किलोमिटर लम्बाइ र उत्तर दक्षिण सरदर १९३ कि.मि. चौडाइमा फैलिएको छ । जम्मा क्षेत्रफल १,४७,१८१ वर्गकिलोमिटर रहेको छ । हाम्रो देश पूर्व, पश्चिम र दक्षिणमा भारत र उत्तरमा चीनसँग जोडिएको छ । हाम्रो देश चीनभन्दा ६५ र भारतभन्दा २२ गुणा सानो छ । हाम्रो देश भूपरिवेष्ठित देश हो । हाम्रो देशको सीमानाबाट हिन्दमहासागरको बङ्गालको खाडी करिब ११२७ कि.मि. टाढा पर्दछ ।

नेपालको अर्को सबैभन्दा नजिकको छिमेकी देश हो, बङ्गलादेश । भारतको सिलिगुडी कोरिडरले नेपाल र बङ्गलादेशलाई छुट्याएको छ । यो कोरिडर २१ कि.मि. देखि ४० कि.मि. सम्म फैलिएको छ । नेपालको सीमानादेखि बङ्गलादेशको सीमाना जम्मा २१ कि.मि. टाढा रहेको छ भने सडकमार्गबाट बङ्गलादेशको सीमाना २७ कि.मि रहेको छ । नेपालबाट अर्को छिमेकी मुलुक भुटान ३२ कि.मि. टाढा रहेको छ ।

नेपाल प्रकृतिको एक सुन्दर बगैँचा हो । हिमालय पर्वत शृङ्खला, महाभारत-चुरे पर्वत शृङ्खला र तराईको सम्म भाग गरी तीनवटा अलग-अलग भौगोलिक बनावट भएको भूमि हो - नेपाल । यहाँ जैविक विविधता छ । जडीबुटी र वनस्पतिको भण्डार हो - नेपाल । हिमशृङ्खला र महाभारत पर्वतबाट उत्पन्न हुने जलप्रवाहले यो देशलाई सिञ्चित गरेको छ । यहाँ सृष्टिका अनेकौं जीवले आफ्नो आश्रयस्थल बनाएका छन् ।

विश्वका ८००० मिटरभन्दा अग्ला १४ चुचुरामध्ये ८ वटा चुचुरा त हाम्रो देशमा मात्रै रहेका छन् । ६००० मिटरभन्दा अग्ला ३०० चुचुरा त नेपालमा मात्रै छन् । सगरमाथा, कञ्चनजङ्गा, लोत्से, मकालु, धौलागिरि, मनास्लुजस्ता विश्वका अग्ला चुचुराहरू यही भूमिमा छन् । उत्तरी पर्खाल बनेर रहेको हिमालयबाट सुरु हुने नदीहरूले नेपाललाई जलसम्पदाको धनी मुलुक बनाएका छन् । काठमाडौं, पोखरा, चितवन, दाङ, देउखुरी, सुर्खेत, खप्तडजस्ता सुन्दर उपत्यकाले उर्बरता बोकेका छन् । सदियौँदेखि नै यी भूमिले धेरै मानव र प्राणीलाई संरक्षण दिएका छन् । कोशी, बागमती, गण्डकी, राप्ती, कर्णाली र महाकालीजस्ता नदीहरूले यो भूमिलाई सिन्चेका छन् । रारा, फोक्सुन्डो, फेवा, बेगनासजस्ता तालहरूले सजिएको छ हाम्रो देश ।

हिमालयको काखमा रहेको हाम्रो यो भूमि एसियाको आध्यात्मिक मुटु हो । यहाँ हरेक तŒवमा ईश्वरीय बास छ भन्ने सोचाइले मानिसहरू हरेक तŒवलाई पुज्दछन् । ईश्वरीय भावनाका कारण यहाँका मानवमा आध्यात्मिक भावना प्रबल छ, जसले हरेक तŒवमा ईश्वर देख्दछन् र ईश्वरीय सम्भावनालाई खोज्दछन् । आमा, बाबा र अतिथि ईश्वरसमान हुन्छन् भन्ने नेपाली विश्वास सदियौँदेखि नै रहिरहेको छ । गाउँगाउँ र सहरका टोलटोलमा यो भावना रहेको छ । हाम्रो यो देश त्यही भूमि हो जहाँ बुद्धजस्ता ज्ञानीले जीवनको परिभाषा दिएर मानव जीवनका लागि सुख र शान्तिको मार्ग दिएर गएका छन् । अहिले पनि यहाँ कैयौँ ज्ञानी र सन्तमहात्माले यो भूमिमा आफ्नो आध्यात्मिक शक्तिको प्रवाह गरिरहेका छन् ।

यहाँका मठ-मन्दिर, चैत्य-गुम्बा आदिले यो देशलाई देवभूमि बनाएका छन् । यहाँका पहाड र हिमाल अनि नदी किनारामा गरिने तप, ध्यान, साधना आदिले यो देशलाई देवत्वमा पुग्ने तपोभूमिको रूपमा स्थापित गरेको छ । यहाँ अनेकौँ ऋषिमुनि, सन्तमहात्माहरू जीवनको पाठ पढाउँदै हिँड्छन् । त्यस्तै हिन्दु र बौद्ध सन्त र भिक्षुहरू शान्तिका मन्त्र गुन्जाउँदै हिँड्छन् । यही हो नेपाल, यही हो प्रकृतिको दिव्य भूमि
नेपाल ।

## वर्तमानमा हामी नेपाली

हाम्रो देश विशिष्ट छ, अनुपम छ र अद्वितीय छ । तर हाम्रो देशलाई यही सुन्दरतामा रहन दिइएको छैन । देशको सुन्दर पक्षलाई हामीले बेवास्ता गरिरहेका छौँ अनि मार्गविहीन बनेर हिँडिरहेको छ हाम्रो देश ।

मेरो नेपाल

देशले गति लिन सकिरहेको छैन । हाम्रो देशको मुख्य समस्या भनेको नेतृत्व हो । वास्तविक र दृष्टिसहितको नेतृत्वको आवश्यकतामा हाम्रो देश रहिरहेको छ । वर्तमानमा देशको शासन व्यवस्थामा एउटा सानो वर्ग मात्र समेटिएको छ । आम नागरिकहरू र बौद्धिक वर्ग, शिक्षित वर्ग र आध्यात्मिक वर्गलाई राज्यसंयन्त्रले सम्बोधन नै गर्न सकेको छैन ।

**अहिलेको राजनैतिक र सामाजिक धारमा समेटिएकाहरू**

१. राष्ट्रिय विखण्डनमा सत्ता र शासन देख्नेहरू
- वि.सं. २०४६ सालभन्दा अगाडिको पृष्ठभूमिमा यहाँको राजनीतिमा खेलेकाहरू
- त्यसपछिको राजनैतिक उच्छृङ्खलता र भ्रष्ट शासनमा रमाएकाहरू
- वि.सं. २०६३ सालको परिवर्तनपछि उदाएका नवशासकहरू जसको ध्येय केवल शासन हो जुनसुकैरूपबाट भए पनि व्यक्तिगत स्वार्थपूर्ति गरूँ भन्ने मात्र उद्देश्य हो ।

यिनीहरूसँग देशलाई साँच्चिकै परिवर्तन गर्ने र आम मानवको जीवनको मूल्य बदल्ने ध्येय र सामर्थ्य दुवै छैन । नैतिक र बौद्धिक रूपमा दरिद्रहरूको हालीमुहालीका कारण आम मानवको जीवनका यावत समस्याहरू सम्बोधन नै हुन सकेका छैनन् । हुन पनि जीवनको अर्थ नै नबुझेकाहरूबाट जीवन रूपान्तरण, समाज रूपान्तरणको आशा गर्नु नै व्यर्थ हो ।

२. राजनैतिक वादमा अन्धो भक्ति देखाउने सामान्य मानिसहरू
- जहिले पनि अन्याय, अत्याचारबाट आहतहरू राजनैतिक पार्टीका मीठा कुरामा मख्ख परेर परिवर्तनको सपना सजाएर पार्टीमा लाग्दछन् । अनि आज होला, भोलि होला, फलानो नेता बिग्रे पनि फलानाले त केही गर्ला भन्दै कुर्दै बसिरहेका र आशामा बाँचिरहेका नागरिकहरूको पनि ऊर्जा क्षय भएर कान्तिहीन भइसकेका छन् ।

३. बेरोजगार युवाहरू जसलाई राजनैतिक पार्टीले रोजगार, शिक्षाका नाममा समेट्ने प्रयास गरिरहेका छन् ।
- राज्यले शिक्षाको नाममा जडवादी अव्यावहारिक शिक्षा दिइरहेको छ । युवाहरू बेरोजगार छन् । तिनै बेरोजगार युवाहरूलाई अवसर दिने लोभ देखाएर आफ्नो स्वार्थमा प्रयोग गर्छन् राजनैतिक पार्टीहरू । अनि युवाहरू पनि त्यही पार्टीको पछाडि लाग्दा-लाग्दै आफ्नो उर्वर शक्ति क्षीण भएको पत्तो नै पाउँदैनन् ।

४. वर्षौंदेखि पार्टीगत कार्यमा योगदान दिएकाहरू आफ्नो पार्टीप्रतिको लगानीको प्रतिफलको आशामा डोरिइरहेका छन् । यद्यपि यिनीहरूमा पार्टीप्रतिको वितृष्णा निकै बढेको छ ।
- पार्टीमा जीवन लगानी गरेकाहरू अब आएर समग्र रूपमा देशको हित गर्न आफ्नो पार्टीले सक्दैन र अरू समानान्तर रूपमा अघि बढेका पार्टी पनि असक्षम छन् भन्ने बुझेका छन् । त्यसैले यो वर्ग जति सक्यो चाँडो पार्टीबाट फाइदा लिने दाउमा रहिरहन्छ ।

५. यहाँ हुँदा कुनै वादमा लागेका र विदेशमा गएर पनि त्यही पार्टीका झण्डामा समेटिएकाहरू ताकि भोलि यहाँ फर्केपछि पनि आफूले शक्ति लगाएको पार्टीमा आफ्नो अस्तित्व रहिरहोस् र वर्तमानको मूलधारको वहावमा कायमै रहूँ भन्ने सोच भएकाहरू ।

**अहिलेको मूलधारमा नसमेटिएकाहरू**

१. धर्म र अध्यात्मलाई आफ्नो आधारभूत तŒव मान्नेहरू
राज्यले यो शक्तिलाई शिथिल पारेको छ :-
- हिजो पञ्चायती कालमा मण्डले र गुण्डागर्दी प्रवृत्तिले यो वर्ग चुप रह्यो । आज राजनैतिक उदण्डता र छिछरोपनका कारण यो शक्ति चुप रहिरहेको छ । समग्र मानवतालाई आफ्नो सरोकारको केन्द्र ठान्ने यो शक्तिलाई देश एउटा सानो इकाई लाग्दछ र शासकीय मोह तुच्छ लाग्दछ । तर पनि यो शक्ति आफ्नै आँखा अगाडि राज्य सञ्चालनको नाममा अमानवीयता र हिंसाको विभत्स दृश्य देख्नुपर्दा खिन्न छ ।

२. कुनै पनि वादमा नलागेकाहरू

 मेरो नेपाल

- बौद्धिक वर्ग कुनै जात, भाषा, धर्म विशेषलाई त्यति महŒव दिँदैन जति कि मानवता र राष्ट्रलाई । तर राष्ट्रमा विखण्डनको नारा यसरी उर्लिरहेको छ कि यो वर्ग मौनतामा नै आफ्नो सुरक्षा देख्दछ ।

३. शिक्षित युवा शक्ति जसमा केही गरौँ भन्ने चेतना जागेको छ
- यिनीहरू स्वच्छ र स्वतन्त्र विचार, राष्ट्र निर्माणका लागि स्पष्ट र स्वच्छ खाका नभएसम्म कुनै पनि धारमा बिलय हुँदैनन् । यो शक्ति नै राष्ट्र परिवर्तन, समाज परिवर्तनको मूल शक्ति हो ।

तर शिक्षाको ज्योतिबाट जागेको युवा वर्ग मौन छ । राष्ट्रको उदेकलाग्दो दृश्यलाई चुपचाप हेरिरहेको छ । कुनै दिन त सकारात्मक परिवर्तन आउला भन्ने आशामा राष्ट्रमै डोरिइरहेको छ । अनि यिनै मध्येबाट धेरै युवाहरू आफ्नो प्रतिभाको कदर हुनसक्ने राष्ट्रतर्फ पाइला लम्काइरहेका छन् । कमसेकम आफूमा रहेको शक्ति र ऊर्जा त सुरक्षित रहोस् भन्नाका लागि ।

यहीँनेर थप्नैपर्छ कि यहाँको राजनैतिक संस्कार भन्दछ कि युवाहरूले राष्ट्र हाँक्नुपर्छ । तर उनीहरूको भनाइमा 'युवाहरू हाम्रा पिछलग्गु हुनुपर्छ तर जो हाम्रा कुसंस्कारका अनुयायी बन्दैनन् उनीहरूलाई घोक्रेठ्याक लगाइन्छ' भन्ने धारणा रहेको हुन्छ । यस्तो सोचाइ भएकाहरूसँग द्वन्द्व गर्नुभन्दा बरु विश्व सभ्यताको खुला ढोकामा प्रवेश गरेर बस्नु बुद्धिमानी हुन्छ भन्ने सोचमा यो युवा वर्ग रहेको छ ।

४. बेरोजगार युवा शक्ति
- देशका शिक्षित, अर्धशिक्षित र अशिक्षित युवाहरूलाई यो देशले श्रमिक बनाएर विदेशमा लखेटिरहेको छ । आफ्नो देश बनाउने सपना देख्नेहरू परदेशमा गएर आफ्नो जीवनको शक्ति बगाइरहेका छन् । देश उनीहरू र उनीहरू जस्तालाई पराइ बनाउनमा नै गर्व गर्छ । ऊर्जावान शक्तिलाई निर्यात गरिरहेको छ देशले । रेमिट्यान्स भित्रिएको भन्दा श्रम निर्यात राष्ट्रको लागि ठूलो घाटा हो । तर राज्यले उनीहरूको शक्तिको बेवास्ता गरिरहेको छ ।

५. देशमा केही राम्रो लक्षण देखिएला र आफ्नो मातृभूमिको सेवा गर्न फर्किउँला भन्ने युवा वर्ग जो विदेशमा स्वाभिमान र स्वतन्त्रताको वास्तविक अर्थ बुझेर बसिरहेका छन् ।
- आफ्नो ऊर्जालाई आफ्नो मातृभूमिको मुहार फेर्नका लागि लगाउँला भन्ने सोचमा विदेशी भूमिमा पर्खेर बसिरहेका युवा शक्ति ।

निष्कर्षमा भन्नुपर्दा, देशले सीमित वर्गलाई मात्र सम्बोधन गरेको तर युवाशक्तिलाई राज्यले निस्तेज गरिरहेको छ । तर अब ऊर्जावान युवाहरूलाई यही देशमा राख्ने वातावरणको निर्माण गर्नु जरुरी छ । विदेशमा भएका सारा नेपाली युवाहरूलाई स्वदेश फर्किन आह्वान गर्नसक्ने वातावरणको सृजना गर्नुपर्छ । उनीहरूले सिकेको प्रविधि र ज्ञानले यो देशको काँचुली फेर्नुपर्छ । चेतनशील मानवहरूको एक सञ्जाल निर्माण गर्नु पर्दछ जसले यो देशको मुहार फेर्ने अठोटका साथ अघि बढून् । राष्ट्र र मानवतालाई मूल धर्म मान्ने मानवहरू मानवताको नेतृत्व लिएर अगाडि आउनुपर्छ ।

## आदर्शविहीन सिद्धान्तमा हराएको वर्तमान

हाम्रो देशमा अहिले मूल रूपमा कम्युनिज्म र लोकतान्त्रिक सिद्धान्तलाई पछ्याउने भनिएका पार्टीहरू छन् । तर एक त ती सिद्धान्त हाम्रो देश नेपालको मर्म अनुरूपका छैनन् भने अर्कोतर्फ यी पार्टीहरूका नेतृत्व यति कमजोर छन् कि उनीहरू स्वयम सैद्धान्तिक धरातलमा अडिन पनि सकेका छैनन् । सिद्धान्तलाई त त्यति दोष दिन मिल्दैन तर यी सिद्धान्तहरू देशको चरित्र बुझ्न नसक्ने अक्षम नेताहरूका हातमा परेकोले यिनीहरूले यहाँबाट आफ्नो मूलस्वरूप नै गुमाइसके । आचरण र संस्कार नै नभएका नेताहरूका हातमा जस्तोसुकै सिद्धान्त परे पनि त्यसले देश र नागरिकका हितमा कार्य गर्न सक्दैन ।

कम्युनिज्म एक स्थायी तŒव होइन । यो एक आँधी हो । जबजब समाजमा असमानता बढ्दै जान्छ र केही सीमित वर्गले सामान्य मानव जातिमाथि थिचोमिचो गर्दछन् तब सचेत समाजले वर्गशत्रु किटान गरेर समानताको नारामा मानव समाजलाई एकत्रित गरेर लडिने लडाइँ हो कम्युनिज्म । यो व्यवस्था होइन । कम्युनिज्म हिँडेर कहीँ पनि पुग्दैन यो केवल उडेर तरङ्ग पैदा गर्ने तŒव हो । हो, कम्युनिज्म एक माध्यम मात्र बनेको छ व्यवस्था होइन ।

 

संसारका हरेक मानवलाई एउटै बिन्दुमा ल्याउँछु भन्नु, जङ्गलका सारा बिरुवालाई एउटै आकारका बनाउँछु भन्नुसरह हो । सबै बिरुवालाई समान जल, घाम र वायुको व्यवस्था गरेपछि सबै एउटै आकारका हुन्छन् भन्ने सोच्नु कम्युनिस्ट सिद्धान्तको कमजोरी हो । हरेक बिरुवा आफ्नो प्रकृतिअनुरूप नै हुर्कन्छ, बढ्दछ । हरेक बिरुवाको गुणलाई एउटै मेसिनमा तौलिने कोसिस गर्नु र हरेक मानवको स्वतन्त्र मस्तिष्कलाई एउटै समानान्तर ग्राफमा मापन गर्न खोज्नु अर्को कमजोरी हो ।

कम्युनिस्टहरू एकतन्त्रीय पद्धतिमा जानका लागि बहुदलीय व्यवस्थालाई उपयोग गर्ने नीति राख्दछन् । गरिब, किसान, श्रमिक र मजदुरको समर्थन पाएर कुनै दिन एकतन्त्रीय व्यवस्था लागू गर्न सक्ने कल्पनामा रम्दछन् तर यिनीहरू बीच बाटोमै अल्मलिन्छन किनकि कम्युनिज्ममा परिपक्वता छैन । त्यसैले पनि कम्युनिज्म कुनै स्थायी बिन्दुमा पुग्नुभन्दा अगावै विचलित भइहाल्छ । यो अलग कुरा हो कि आरम्भिक कालमै सङ्घर्षबाट सत्ता लिन सक्दछन् तर पनि त्यो दीर्घकालीन हुँदैन । अर्कोतर्फ साम्यवादको स्थापनापश्चात् कता जाने भन्ने परिकल्पना कम्युनिज्मले गरेको छैन । स्थिर र निरङ्कुश एकतन्त्रीय शासनको कल्पना गरेको छ कम्युनिज्मले जहाँ केवल गरिबीको मात्र कल्पना गरिएको छ । विश्वमा गरिबी हट्नासाथ कम्युनिज्म थला परिहाल्छ ।

व्यवहारमा कम्युनिज्म अँगाल्ने व्यक्तिहरू निकै नै कम हुन्छन् । नेपालको सन्दर्भमा हेर्दा कम्युनिस्ट पार्टीमा लाग्ने अधिकांश नागरिकलाई पार्टीको सिद्धान्तसँग खासै मतलब छैन । मतलब छ त देशको मुहारसँग । यो आशा सिद्धान्तले भन्दा पनि बढी देशका अन्य लोकतान्त्रिक भनिएका तर असल नेतृत्व र मार्ग स्पष्ट नभएका पार्टीप्रतिको वितृष्णाका कारणले जागेको हो ।

अर्को कुरा, उनीहरूले सर्लक्कै आँखा चिम्लिएको पक्ष हो - धर्म र अध्यात्म । मानिसलाई गास, बास र कपासले भरिपूर्ण भएर मात्र पुग्दैन । उसलाई भावनात्मक, आत्मिक र आध्यात्मिक आवश्यकता पनि हुन्छ । भौतिक रूपमा हामी अमेरिका, स्विट्जरल्याण्ड, सिङ्गापुर बनौँला । अझै त्यहाँभन्दा पनि बढी चन्द्रमा र मङ्गलग्रहमा पनि एउटा सानो नेपाल बनाऔँला तर हरेक व्यक्तिको अन्तरमा यदि चियाउन सकेनौँ भने त्यो उपलब्धि व्यर्थ भएर जाने छ । त्यसैले नेपाललाई उभ्याउनु पर्ने आध्यात्मिक धरातलको खाका बनाउनु जरुरी छ । नेपाल देश नै धार्मिक र आध्यात्मिकताले भरिपूर्ण छ । त्यसैले केवल भौतिक विकासलाई मात्र बढावा दिने प्रवृत्ति भएको कम्युनिज्मलाई अँगाल्ने हो भने हाम्रो देश पनि विश्वका अन्य धेरै मुलुकहरूजस्तै आत्माविहीन भएर जिउन बाध्य हुनेछ ।

अर्कोतर्फ रहेको छ –पूँजीवादी व्यवस्था जसका हिमायतीहरू यहाँ आफूलाई लोकतन्त्रवादी भन्दछन् । तर उनीहरू आदर्शमा जे भने पनि मानिसलाई केवल आर्थिक उत्पादनको एक एकाइ मात्र मान्दछन् । एक व्यक्तिको जीवनको मूल्यलाई भौतिक विकासमा लगेर मापन गर्ने पूँजीवादी प्रवृत्तिमा यो देशलाई लम्काइरहेका छन् । नेपाली माटो सुहाउँदो लोकतन्त्रको पक्षपोषण होइन कि तर्कका आधारमा समाजवादको सिद्धान्तलाई अगाडि सारेर आफ्ना लम्बेतान भाषणमा लोकतन्त्रलाई सीमित पारेका छन् यहाँका लोकतन्त्रवादी भन्नेहरूले । यथार्थमा उनीहरूको चरित्र लोकतान्त्रिक छैन । शब्दजालले आफ्नो आवरणलाई ढाक्न खोज्दछन् । चुनाव केन्द्रित नीति बनाउँछन् र नागरिकलाई मीठा आश्वासन बाँड्दछन् । यथार्थमा लोकतान्त्रिक आचरण र चरित्र नै नभएका छन् यहाँका लोकतान्त्रिक भनिएका पार्टीहरू ।

अहिले लोकतन्त्रवादी भनिएकाहरू भीडतन्त्रवादी भएका छन् । उनीहरू सत्ता प्राप्तिका लागि विचार प्रवाह गरेर होइन कि नागरिकको मत प्राप्त गर्नका लागि पैसाको प्रयोग गर्न थालेका छन् । अनि त्यो पैसा प्राप्तिका लागि भ्रष्टाचार गर्दछन् । अहिलेका लोकतन्त्रवादी भनाउँदाहरू विचारबाट होइन कि पैसाबाट निर्देशित भएका छन् ।

राजतन्त्र, लोकतन्त्र, कम्युनिज्म सबै नै समाजलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि भनेर आएका हुन् । राजतन्त्रले नीति र चरित्र गुमायो त्यसैले विस्थापित हुनपुग्यो । कम्युनिज्म एउटा अपरिपक्व र किशोरगुणको व्यवस्था हो । वर्तमानमा लोकतन्त्र पनि व्यक्तिको चरित्र र लहडमा चलिरहेको छ ।

वर्तमानमा अस्तित्वमा रहेको भनिएको लोकतन्त्रमा भौतिकता मात्र छ त्यहाँ आध्यात्मिकताको कुनै स्थान छैन । विश्वको सबैभन्दा बढी लोकतान्त्रिक भनेर चिनिने देश अमेरिकाका शासकहरू व्यक्तिगत लहडमा विश्वमा युद्धका निर्देशन गर्दछन् । फेरि कतिपय देशहरू कट्टर धार्मिक नियममा चलिरहेका छन् । तर पनि सबै व्यवस्था केवल भौतिक व्यवस्थाका लागि मात्र केन्द्रित छन् । विश्वका कुनै पनि देशमा चलिरहेका व्यवस्थामा त्यो आदर्श छैन जसलाई टपक्क टिपेर हामी हाम्रो देशमा ल्याउन सकौँ ।

निष्कर्षमा भन्नुपर्दा हामीहरू अल्मलिएका छौँ । हामीले मार्ग पहिल्याएका छैनौँ । हामीहरू अज्ञानताको भूमरीमा रुमलिइरहेका छौँ । हामी पश्चिमी देशको विकासको मापदण्डमा हाम्रो देशको परिकल्पना गरिरहेका छौँ । तर हामी त्यस दिशामा पनि लम्किन सक्दैनौँ, हामीमा त्यो संस्कार नै छैन । हामी प्रेम, सद्भावना र भाइचारालाई महŒव दिने संस्कारका सन्तति हौँ । जीवनलाई सम्मान गर्ने, प्रकृतिको सम्मान गर्ने

मेरो नेपाल

परम्पराका हामी अनुयायी हौँ । तर हामी रुमलिइरहेका छौँ, कहाँ जाने, के गर्ने भन्ने हामीले स्पष्ट निर्क्योल गर्न नै सकेका छैनौँ । त्यसैले अब हामीले हाम्रो माटोको सुगन्धलाई चिन्न सक्नुपर्दछ र यहीँ यत्रतत्र छरिएर रहेको नेपाली नेपाली विचारलाई एउटै सूत्रमा बाँधेर हाम्रो देशको सैद्धान्तिक धरातल बनाउनु पर्दछ ।

हामीले हाम्रो मन र मस्तिष्कलाई खुला राख्नुपर्छ ताकि हामी सत्यलाई जस्ताको तस्तै लिन सकौँ । हामीले आफ्ना कान र आँखालाई पनि चनाखो राख्नुपर्छ ताकि हामीहरूले जे सुनेका छौँ त्यो त्यही नै हो । यसो गर्दा हामी हाम्रा शासकहरू, राजनैतिक नेताहरूका बारेमा सही धारणा बनाउन सक्दछौँ । हामीले आफ्नो मनलाई खुला राख्न सकेनौँ भने हाम्रो सोझोपनामाथि र हाम्रो सदभावनालाई स्वार्थीहरूले आफ्नो अभीष्ट पूरा गर्न लगाउने छन् । त्यसैले तबसम्म जागै रहौँ जबसम्म न्याय र विवेकको सत्ता स्थापना हुँदैन ।

# विसङ्गतिपूर्ण राजनैतिक प्रवाह

हाम्रो पूर्वीय मूल्य र मान्यतालाई केही हदसम्म भएपनि लिच्छवि कालमा अपनाइएको देखिन्छ । देश समुन्नति र उन्नतितिर नै लम्किएको देखिन्छ । कला, वास्तुकलाका क्षेत्रमा त देश निकै समृद्ध भइसकेको थियो । सामाजिक र साँस्कृतिक क्षेत्र पनि समुन्नत भएको थियो । राजाहरू देश र नागरिकको हितका लागि प्रयत्नशील रहन्थे । समाजमा न्यायको व्यवस्था थियो । उद्योगधन्दा, कृषि, पशुपालन, व्यापारका क्षेत्रमा पनि थिति बाँधिएको थियो ।

साहित्य, कला, बास्तुकला, सामाजिक उन्नति र सुशासनका आधारमा लिच्छवि काललाई नेपालको इतिहासमा स्वर्ण काल मानिन्छ ।

तर केवल सत्ता राजनीति र नेताहरूको व्यक्तिगत स्वार्थमा नै देशको राजनीति अल्मलिएपछि भने देशको अवस्था विस्तारै खस्कँदै गएको देखिन्छ । मानदेव, अंशुवर्मा, नरेन्द्रदेव, जयदेव, महिन्द्र मल्ल, राम शाह, पृथ्वी नारायण शाह, बहादुर शाह, भीमसेन थापाजस्ता नामहरू त्यस्ता नाम हुन् जसले यो देशलाई देश बनाउनका लागि योगदान दिए । उनीहरूले हाम्रो देशको आदर्शलाई बुझेर यहाँको एकतालाई कायम गर्नका लागि आफ्नो जीवन लगाए ।

किराँती शासकले हालिदिएको जगमा लिच्छवि शासकहरूले पनि देशको सर्वाङ्गीण विकासमा ध्यान दिएको देखिन्छ । मल्लकालचाहिँ त्यति स्पष्ट देखिँदैन र सत्तासंघर्षमा नै रुमलिएको पाइन्छ । पछिल्लो चरणमा गोर्खाका राजा राम शाह न्यायिक राजा थिए भन्ने कुरा त 'न्याय नपाए गोर्खा जानु' भन्ने कथनबाटै पुष्टि हुन्छ । पृथ्वी नारायण शाह त यो देशका सच्चा शासक थिए । उनी दूरदर्शी शासक थिए । उनका छोरा बहादुर शाह क्रमले आफू राजा नभए पनि राजाको नायवी भई शासनको छोटो समयमा नै आफ्ना बाबुको सपनालाई साकार पार्नका लागि देशलाई एकीकरण अभियानलाई उत्कर्षमा पुराएका थिए । भीमसेन थापाले देशमा स्थायित्व दिएका थिए । फेरि बीचमा आएको बिचलनमा पनि देवशमसेरले शासनको अत्यन्त छोटो समयमा पनि देशलाई मार्ग दिने प्रयास गरेका थिए । त्यसपछिचाहिँ त्यस्तो उल्लेख्य कार्य गरेका राजनेता देशमा देखिएनन् । विश्वसभ्यतासँग परिचित हुने मौका पाएको समय भए तापनि यहाँका नेताहरूमा त्यो दूरदर्शिता देखिएन । देशलाई एक देशकै रूपमा समुन्नत र समृद्ध बनाउने ध्यान कसैको पनि गएन - केवल सत्ताको भोग नै सबैथोक हो भन्ने मान्यता स्थापित गरियो । सामाजिक र आर्थिक रूपमा नागरिकस्तरमा रहेका व्यवहारलाई पनि स्वार्थी राजनीतिका चक्रमा पिल्साइयो । जसले गर्दा अहिले देश मार्ग भुलेको, आफ्नो अस्तित्व बिर्सिएको अवस्थामा पुगेको छ । अमरसिंह थापा, भक्ति थापाजस्ता वीरहरूले विदेशीको गुलाम हुनबाट जोगाएको यो भूमिलाई अहिले सत्तास्वार्थीहरूले विदेशीकै इशारामा देशमा शासन गरिरहेको अवस्था छ । बाइसे र चौबिसे गरी टुक्राटुक्रामा विभाजित देशलाई एकीकरण गरेर एउटै समृद्ध र सबल देश बनाएका पृथ्वी नारायण शाहलाई समेत 'किन त्यसरी एकीकरण गरिस्' भनेर गाली गर्ने प्रवृत्तिसमेत देखिएपछि यो देशको सत्ता राजनीति कुन हदसम्म पुगेको छ भन्ने छर्लङ्ग हुन्छ ।



## क. नेपाली राजनैतिक इतिहास : सत्ता सङ्घर्षको पर्याय

कुनै पनि देशको इतिहास कति पुरानो छ भन्ने कुराले त्यति महŒव राख्दैन जति कि इतिहासको कुन कालखण्डमा तत्तत् समाजमा शान्ति र समुन्नति थियो भन्ने कुराले राख्दछ । हाम्रो देशमा शासन गर्ने राजवंशको शासन कालबाट हेर्दा हाम्रो देशको इतिहास त महिषपाल, गोपाल, किराँत, लिच्छवि, मल्ल र शाह कालसम्म आइपुग्दछ ।

शासन व्यवस्थामा राजा प्रमुख हुन्थे भने उनीद्वारा नियुक्त सामन्त अहिलेका मन्त्रीसरह हुन्थे । कहिलेकाहीँ राजा कमजोर भएको बेलामा आफ्नो प्रभाव बढाई यस्ता सामन्तहरू शक्तिशाली बन्दथे । त्यस्तै राजाले आफ्नो राज्यका विभिन्न क्षेत्र हेर्ने गरी सामन्तहरू तोकिदिएका हुन्थे । तर केन्द्र कमजोर भएको मौका पारेर स्थानीय सामन्तहरू स्वतन्त्र राज्यको घोषणा समेत गर्ने गर्दथे ।

राजा मानदेवले नेपालको शासन समालेपछि स्वतन्त्र हुने चेस्टा गरेका सामन्तलाई दबाउन युद्ध गरेका थिए । संवत् ५२१ को चाँगुको अभिलेखमा 'कस्सिएका सैयौँ घोडा र हात्तीको साथमा नदी तरेर म तपाईंका फौजको पछि आउनेछु' भनेर आफ्ना मामालाई सन्देश पठाएका छन् मानदेवले । मानदेवले आफ्नो राज्य विस्तार गर्दा गण्डकी नदी पश्चिमका राज्यमा आक्रमण गरेका र त्यहाँका रजौटालाई

मेरो नेपाल

आफ्नो अधीनमा पारेको कुरा पनि उक्त अभिलेखमा उल्लेख छ । राजा मानदेवका बाबु धर्मदेवको मृत्यु अकस्मात् भएको थियो । उनको वध अज्ञानतावश राजा मानदेवले नै गरेका थिए भन्ने कुरा वंशावलीले उल्लेख गरेका छन् । मानदेवको शासनपछि बसन्तदेव, शिवदेव प्रथमका पालामा गुप्तहरू नेपाली राजनीतिमा शक्तिशाली भए । रविगुप्त, भौमगुप्त, जिष्णुगुप्त, विष्णुगुप्तले राजालाई नाममात्रका बनाई आफैले शासन गरेका थिए । रवि गुप्तले लिच्छवि राजा वसन्तदेवलाई अधीनमा पारेका थिए भने भौम गुप्तले त राजा शिवदेवलाई नाम मात्रका राजा बनाएर ३३ वर्षसम्म शासन गरेका थिए । शिवदेव द्वितीयको पालामा त ई.सं. ७०२ मा नेपाल र तिब्बतबीच युद्ध भएको थियो तर नेपाल पराजित भयो ।

अंशुवर्मा एक त्यस्तो नाम हो जो सामन्तको रूपमा उदाएर वि.सं. ६६२ मा नेपालका शासक नै बनेका थिए । उनी भौमगुप्तको प्रभावलाई हटाएर राजा शिवदेवसँग मिलेर शासनमा भाग लिए । शिवदेवले गद्दी त्यागेर भिक्षु बनेपछि अंशुवर्मा राजा बनेका थिए ।

अंशुवर्मापछि शासन लिच्छविवंशी उदयदेवमै आयो । तर पनि भौमगुप्तकै नाति जिष्णु गुप्त शक्तिशाली बनेर उदाए । उनले उदयदेव तिब्बत गएपछि उनका भाइ ध्रुवदेवलाई राजा बनाए । ध्रुवदेवपछि राजा भएका भीमार्जुन देवका पालामा त जिष्णु गुप्तले आफ्नो नाममा मुद्रा समेत निकालेका थिए । वि.सं. ६९० को थानकोट अभिलेखमा श्री जिष्णु गुप्त देव भनी लेखिएको छ । उनको अभिलेखमा आफ्नो छोरा विष्णु गुप्तको नाम समेत उल्लेख छ । विष्णु गुप्तले राजा भीमार्जुन देवलाई छायाँमा पारेर राजाकै हैसियतमा रहेका थिए ।

लिच्छवि कालमा राजनीतिमा सामान्य रूपमा सत्ताको खेल देखिए तापनि समग्र रूपमा हेर्दा साँच्चि नै एक समुन्नत र समृद्ध अवस्थामा देश पुगेको देखिन्छ ।

दशौं-एघारौं शताब्दीतिर पूर्व मध्य कालमा नेपाल तीन टुक्रामा बाँडिएको थियो । कर्णाली प्रदेशमा नागराजले स्थापना गरेको खसमल्ल राज्य, सिमरौनगढमा नान्यदेवले स्थापना गरेको तिरहुत राज्य र काठमाडौंमा रहेको केन्द्र । यी तीन राज्यबीच बारम्बार द्वन्द्व भइरहन्थ्यो ।

मुसलमानी आक्रमणपछि भारतबाट शरणार्थीको रूपमा नेपाल आएका सेन, शाह, चन्दजस्ता राजपूतहरूले विस्तारै यहाँ आफ्नो प्रभाव जमाउँदै गए । मुसलमानी आक्रमणकै कारण मध्य कालमा पनि भारतबाट धेरै हिन्दुहरू नेपाल पसेका थिए । चौधौं शताब्दीमा बङ्गाली सुल्तान शमसुद्दिनले काठमाडौंमा पनि आक्रमण गरी पशुपति, स्वयम्भूजस्ता देवस्थल ध्वस्त पारेका थिए ।

वि.सं. १३४४ मा कर्णाली प्रदेशका खसमल्ल शासक जितारी मल्लले काठमाडौंमा आक्रमण गरेका थिए । ८०० खस सेना मारिए । फेरि वि.सं. १३४५ र वि.सं. १३४६ फागुनमा आक्रमण गरी यहाँका बस्तीहरूमा आगो लगाइ यहाँका बासिन्दालाई सताएका थिए । अर्थात् कर्णाली राज्य शक्तिशाली थियो । यही विशाल खस राज्य टुक्रिँदै गयो र बाइसी-चौबिसी राज्यमा परिणत भयो । कर्णाली प्रदेशमा चौधौं शताब्दीको उत्तरार्धमा राजा पृथ्वी मल्ल र अभय मल्ललाई कमजोर बनाई सामन्त मलय बर्माले शासनमा आफ्नो एकाधिकार कायम गरे । तर उनका छोराहरूले राज्यलाई क्रमशः टुक्राउँदै गए । जाजरकोट, रुकुम, दैलेख, सल्यान, जुम्ला, दुल्लु, अछाम, गोताम, डोटी, बझाङ, बाजुरा, मुसीकोट, रोल्पा, माल्नेटा, धुलिकोट, मान्मा खाँडाचक्र, सल्यान, दाङ, छिल्ली आदि राज्यमा कर्णाली प्रदेश टुक्रिँदै गयो ।

त्यस्तैगरी गण्डकी क्षेत्रमा चौबिसी राज्यको उदय भयो । पाल्पा, बुटवल, तनहुँ, मकवानपुर, विजयपुर, चौदण्डी, रिसिङ, घिसिङ, आदि क्षेत्रमा सेनवंशी राजाले शासन गरे । त्यस्तै शाहवंशीयले भीरकोटमा ई. सं. १५०१ मा राज्य स्थापना गरे । त्यसपछि यही वंशका राजकुमारहरूले नुवाकोट, सतौं, गरहुँ, ढोर, कास्की र लमजुङमा राज्य स्थापना गरे । यसरी पाल्पा, गुल्मी, कास्की, पर्वत, तनहुँ, लमजुङ, गलकोट, नुवाकोट, सतौं, गह्रौं, रिसिङ, घिरिङ, मुसिकोट, प्युठान, ईस्मा, भीरकोट, धुरकोट, ढोर, अर्घा र खाँचीजस्ता राज्यहरू चौबिसी राज्यमा गनिए । तर यिनीहरू एक-अर्कामा लडाइँ गरिरहन्थे । पछि गोर्खाका राजा पृथ्वी नारायण शाहले एकीकरण अभियान थालेपछि विस्तारै यी बाइसी र चौबिसी राज्यहरू नेपालको अधीनमा आएका हुन् ।

वि.सं. १५३८ मा यक्ष मल्लको मृत्युपछि मल्ल राज्यलाई उनका छोराहरूले बनेपा, भक्तपुर, कान्तिपुर र ललितपुर गरी चार भागमा टुक्राइदिए । यो विभाजनको उद्देश्य थियो राज्य सत्ताको भागबण्डा । सबै दाजुभाइले शासनसत्ता सम्हाल्ने मौका पाउने गरी नेपाललाई नै टुक्राइयो । सत्ताको भागबण्डाका लागि देश नै टुक्राउने सम्मको कार्य गर्ने प्रवृत्ति यहाँ रहेको देखिन्छ ।

मल्ल कालमा पनि दरबारिया षड्यन्त्रले नै राजनीति भरिएको थियो । भाइभारदारहरू शक्तिशाली हुनासाथ राजालाई च्यूत गरेर युवराजलाई वा राजाका भाइलाई राजा बनाउँथे । राजाकी आमा स्वयम्ले छोरालाई बन्दी बनाएर आफै सर्वेसर्वा बनेका उदाहरण पनि छन् । त्यस्तै आफ्नो छोरालाई राजा बनाउनका लागि भारदारहरूसँग मिलेर सौतेनी नालको जेठो युवराजलाई मार्नका लागि षड्यन्त्र गर्ने रानीको क्रियाकलाप पनि नेपाली इतिहासले देखेको छ । कहिलेकाहीँ राजाभन्दा भारदार शक्तिशाली भएको उदाहरण पाइन्छ । वि.सं. १५४१ मा रत्न मल्लले कान्तिपुरका भारदारलाई भोजमा निम्तो गरी बिष खुवाएर मारिदिए र अधिकार आफ्नो हातमा लिए ।

कहिलेकाहीँ नागरिकका पक्षमा कार्य गर्ने राजा पनि भएका छन् । वि.सं. १६१७ मा कान्तिपुरमा राजा भएका महिन्द्र मल्ल लोकप्रेमी थिए । उनी आफ्नो राज्यमा कोही भोकै नहोउन् भन्नेमा सचेत थिए । त्यसैले उनी आफ्नो दरबारको छतमा चढेर सहरमा हेर्दथे र कोही कसैकहाँबाट धुवा निस्केको देखेनन् भने आफ्ना दूत पठाई बुझ्न लगाउँथे र खानाको व्यवस्था पनि गरिदिन्थे । उनले खाना खाने समय पनि तोकिदिएका थिए अर्थात् बिहान र बेलुका दुवै समयमा ९-१० घडीभित्र खाना खाइसक्नु पर्दथ्यो ।

वि.सं. १६३१ मा राजा भएका सदाशिव मल्ल अत्याचारी र व्यभिचारी थिए । नागरिकले लगाएको खेतबारीमा पाकेको अन्नबालीमा घोडा छाडिदिन्थे । सडकमा हिँड्ने चेलीहरूलाई समातेर व्यभिचार गर्दथे । तर उनको विरोधमा नागरिक नै सडकमा उर्लिए र उनलाई च्यूत गरे ।

प्रताप मल्लपछि राजा भएका नृपेन्द्र मल्ल र पार्थिवेन्द्र मल्लका पालामा कान्तिपुरमा देवीदास चिकुटी चौतारा थिए । उनले राजाहरूलाई अधिकार नदिई सम्पूर्ण अधिकार आफै प्रयोग गरेका थिए । राज्यका सम्पूर्ण अंगका प्रमुखमा आफ्ना मानिसलाई राखेका थिए । तर उनको शक्तिबाट चिढिएकाहरूले उनको हत्याको षड्यन्त्र रच्न थाले । त्यो थाहा पाएर उनी सुटुक्क त्रिशुली गएर धर्मकर्ममा लागे । तर यत्तिकैमा उनको कथा टुङ्गिएन । चिकुटीपछि लक्ष्मी नारायण शक्तिमा आए । उनको र रानी ऋद्धिलक्ष्मीको प्रेम सम्बन्ध रहेको थियो । उनले नै वि.सं. १७४४ मा राजा पार्थिवेन्द्र मल्ललाई बिष खुवाएर मारेका थिए । पार्थिवेन्द्रको हत्यापछि छोरा भूपालेन्द्र मल्ल राजा बनाईए । लक्ष्मी नारायणले पशुपतिमा लुकेर रहेका पार्थिवेन्द्रका भाइ महिपतिन्द्र मल्ललाई पनि टाउको काटेर मार्न लगाएका थिए । कान्तिपुरका नागरिक राजाको हत्याको विरोधमा निस्किए । लक्ष्मी नारायणले राजालाई बिष खुवाएर मार्नुमा त्रिशुलीमा बसिरहेका चिकुटीको हात छ भन्ने आरोप लगाए । त्यसपछि नागरिककै सक्रियतामा त्रिशुलीबाट उनलाई ल्याइयो । बाटोमा उनलाई जसले देख्यो उसले लुछ्ने, कुट्ने गरे । उनका परिवारका अन्य सदस्यलाई पनि कुट्दै घिसार्दै ल्याइयो र सबैको हत्या गरियो ।

तर जसरी लक्ष्मी नारायण शक्तिशाली भए त्यसैगरी उनको पनि अन्त्य भयो । चिकुटी र अन्य मानिसलाई मारेको बदला लिने ताकमा रहेको समूहले मरुटोलको उनको घरमा आक्रमण गरे । लक्ष्मी नारायण भागेर दरबार जाने क्रममा बाटोमै समातेर उनलाई मारियो ।

त्यसैगरी वि.सं. १६७५ मा ललितपुरमा सिद्धि नरसिंह मल्ल राजा भए । तर उनका छोरा श्रीनिवास मल्लले वि.सं. १७१७ मा बाबुसँग विद्रोह गरी किर्तिपुरलाई राजधानी बनाई आफूलाई राजा घोषणा गरे । पछि राजाले विधिवत उनलाई राजगद्दी सुम्पे । पछि यिनै श्रीनिवास मल्लका छोरा योग नरेन्द्र मल्लले पनि विद्रोह गरेरै राज्य सत्ता हत्याएका थिए । उनले राजाका प्रियपात्र चौतारा भागीराम भैयाको बढ्दो प्रभावलाई रोक्नका लागि रानीहरूसँग शिष्ट व्यवहार नगरेको आरोपमा मारिदिएका थिए । योग नरेन्द्रले भक्तपुरमा आक्रमण गरेका थिए । तर विजय पाउन सकेका थिएनन् । वि.सं. १७६२ कार्तिक १६ मा ललितपुरका राजा योग नरेन्द्र मल्लको तमाखुमा भक्तपुका राजा भूपतीन्द्र मल्लले गुप्तचरलाई प्रयोग गरी बिष मिसाइदिए र योग नरेन्द्रको मृत्यु भयो ।

यही क्रममा पाटनका ६ प्रधानहरू शक्तिमा आए । योग नरेन्द्रको मृत्युपछि उनकी छोरीको छोरा लोक प्रकाश मल्ल राजा बनाइए । तर ७ वर्षमा राजा भएका उनी ८ वर्षकै उमेरमा मरे । त्यसपछि ६ प्रधानहरू अझै शक्तिशाली बने । त्यसपछि प्रधानहरूले योग नरेन्द्रका भान्जा इन्द्र मल्ल र ऋद्धि नरसिंह मल्ललाई राजा बनाए तर यिनीहरू पनि चाँडै नै मरेका हुनाले प्रधानहरूले कान्तिपुरका राजा भाष्कर मल्ललाई राजा बनाए । फेरि उनको मृत्युपछि वि.सं. १७८९ मा योग नरेन्द्र मल्लकी भान्जीका छोरा बिष्णु मल्ल राजा बनाइए । उनका छोरा नभएकाले प्रधानहरूले कान्तिपुरका राजा जय प्रकाश मल्लका भाइ राज्य प्रकाश मल्ललाई राजा बनाए । तर उनीसँग मनमुटाव भएकाले प्रधानहरूले उनको आँखा फोरिदिए र त्यही कारणले उनको मृत्यु भयो । त्यसपछि विष्णु मल्लकी छोरीको छोरा विश्वजित मल्ल राजा बनाइए तर प्रेमकाण्डमा उनलाई पनि मारियो । त्यसपछि प्रधानहरूले कहिले कान्तिपुरका राजा जय प्रकाश मल्ललाई राजा बनाए भने कहिले भक्तपुरका रणजित मल्ललाई ।

गोरखालीहरूको बढ्दो प्रभाव देखेर यिनीहरूले पृथ्वी नारायण शाहलाई नै राजा बनाए । पृथ्वी नारायण शाहले आफ्ना भाइ दलमर्दन शाहलाई राजप्रतिनिधिको रूपमा ललितपुरमा राखे । तर भाइको सुरक्षार्थ प्रधानका छोराहरूलाई गोरखामा राखे । पछि प्रधानहरूले दलमर्दनलाई कैद गरे । तर उनी भागेर गोरखा पुगे । त्यसपछि वि.सं. १८२२ मा प्रधानहरूले व्यापारी तेज नरसिंह मल्ललाई राजा बनाए । आफ्नो भाइका हत्यारा प्रधानहरूसँग बदला लिने सुरमा रहेका जयप्रकाश मल्लले कुनै बहानामा कान्तिपुरमा बोलाए । अनि कसैलाई मारिदिए, भिंख्वाल काजीले आत्महत्या गरे भने कतिपयलाई महिलाका बस्त्र लगाएर सहर घुमाइएको थियो । त्यस्तमा वि.सं. १८२५ असोज १३ गते कान्तिपुरमा अधिकार जमाएका पृथ्वी नारायणले ११ दिनपछि नै ललितपुरमा आक्रमण गरे । त्यहाँका राजा भक्तपुरतर्फ भागे । प्रधानहरूले आत्मसमर्पण गरे । प्रधानहरूको चरित्रसँग परिचित पृथ्वी नारायणले उनीहरू सबैलाई कैद गरे । यसरी २५ वर्षसम्म ललितपुरको शासनमा अधिकार जमाएका प्रधानहरूको पतन भयो । उनीहरूको स्वार्थले ललितपुर राज्य पुर्णतया अस्थिर रह्यो ।

कान्तिपुरका अन्तिम राजा जय प्रकाश मल्लको समयमा तौढिक काजी शक्तिशाली थिए । तर समयक्रममा उनी राजाका विरोधी बने । यतिसम्म कि जय प्रकाशकी रानी दयावती समेत राजालाई मार्ने षड्यन्त्रमा तौढिक काजीलाई समर्थन गरेकी थिइन । तौढिक काजीले रानीसँग मिलेर जय प्रकाशका ठाउँमा छोरा ज्योति प्रकाश मल्ललाई गद्दीमा राखेका थिए । ४ वर्षसम्म भौँतारिइरहेका जय प्रकाश मल्ललाई मार्नका लागि तौढिक काजीले मान्छे पठाए । तर जय प्रकाशले फौजलाई आफ्नो पक्षमा मिलाए र राज्य फिर्ता लिए । रानी दयावती कैद गरिइन् भने तौढिक काजीले आत्महत्या गरे । यसरी आन्तरिक शक्ति सङ्घर्षमा लागिरहेकाले पृथ्वी नारायण शाहलाई उपत्यका विजय गर्न सहज बनेको थियो ।

आन्तरिक द्वन्द्वमा रहेका र एक अर्काप्रति शत्रुभाव भएको कारणले गर्दा उपत्यकाका मल्ल राज्यहरू कमजोर भएका थिए । त्यही मौकामा पृथ्वी नाराण शाहले सम्पूर्ण रणनीति अपनाई उपत्यका विजय गरे । पृथ्वी नारायण शाहले उपत्यकामा नाकाबन्दी गरेका थिए - जसका कारणले यहाँ नून र कपासजस्ता अत्यावश्यक वस्तुको अभाव भयो । नाकाबन्दीका कारण यहाँका मानिसहरूको जीवन कष्टकर भएको थियो ।

पृथ्वी नारायण शाह जीवनभर एकीकरणमा लागेकाले यस्ता षड्यन्त्रका खेलहरू त्यति हुन पाएनन् । तर प्रताप सिंह शाह राजा भएको केही समयमै काका दलजित शाह र भाइ बहादुर शाहलाई कैद गरेका थिए । दलजित शाह भाग्न सफल भए भने बहादुर शाहलाई राजगुरु गजराज मिश्रले बनारस लिएर गए । प्रताप सिंह शाहको अल्पायुमा नै मृत्यु भएपछि उनका नाबालक छोरा रण बहादुर शाह राजा बनाइए । त्यसपछि बहादुर शाह नेपाल फर्के र रण बहादुर शाहको नायबी भएर शासन चलाउन थाले । त्यसपछि बहादुर शाह र प्रताप सिंहकी रानी राजेन्द्र लक्ष्मीबीच शक्ति सङ्घर्ष चल्यो । भारदारहरू गुट उपगुटमा विभाजित थिए । बहादुर शाहलाई पाँडे गुट र राजेन्द्र लक्ष्मीलाई सर्वजित राना गुटले सघाएका थिए । बहादुर शाह आफ्ना बाबु पृथ्वी नारायण शाहले सुरु गरेको एकीकरण अभियानलाई निरन्तरता दिन चाहन्थे भने राजेन्द्र लक्ष्मी त्यसको विरोधमा थिइन । राजेन्द्र लक्ष्मीले बहादुर शाहलाई प्रताप सिंह शाहलाई मार्ने षड्यन्त्र गरेको आरोप लगाइ सर्वजित रानाको सहयोगमा कैद गरिन् र आफै नायबी भई शासन चलाउन थालिन् । फेरि राजगुरु गजराज मिश्रको अनुरोधमा कैदमुक्त भएका बहादुर शाहले भाउजु राजेन्द्र लक्ष्मीलाई कैद गरे । तर उनी एकीकरण अभियानको चाँजो मिलाउन गोर्खा गएको बेलामा राजेन्द्र लक्ष्मी कैदमुक्त बनिन् र शासन आफ्नो हातमा लिइन् । बहादुर शाह गोर्खाबाटै बेतियातर्फ लागे । राजेन्द्र लक्ष्मीको मृत्युपछि वि.सं. १७८५ देखि १७९४ सम्म बहादुर शाहले नायबी भई शासन चलाए र नेपाल एकीकरण अभियानलाई तीब्रता दिए । तर रणबहादुर शाहको उमेर बढ्दै गएपछि र काका भतिजबीच वैमनश्यता बढ्दै गएपछि राज्यकोषबाट रकम हिनामिना गरेको आरोप लगाई रण बहादुरले काका बहादुर शाहलाई कैद गरे । बहादुर शाह रणबहादुर शाहको ब्राह्मणपुत्री विधवा कान्तिवतीसँगको विवाहका विरुद्धमा थिए । बहादुर शाहलाई कैद गर्नुको मूलकारण यही नै थियो ।

रण बहादुर शाह कान्तिवतीको प्रेममा पागलजस्तै थिए । उनले कान्तिवतीसँग विवाह गर्दा नै म तिम्रो छोरालाई राजा बनाउँछु भनेर बाचा गरेका थिए । सोही अनुरूप उनले गीर्वाणलाई युवराज पनि घोषणा गरेका थिए । साथै गिर्वाणका विरुद्ध षड्यन्त्र हुन सक्ने सम्भावनालाई हटाउन रण बहादुर शाहले राजकाज त्यागेर सन्यासी बने अनि गीर्वाणलाई राजा बनाए । तर रानी कान्तिवतिको रोगका कारण निधन भएपछि उनी पागलजस्तै बने । मूर्ति तोडफोड गर्ने, शिवलिङ्गमा गुहुको लेप लगाउने, उपचारमा संलग्न बैद्यका श्रीमतीलाई अछुत मानिने जातिका जिम्मामा लगाउने, सताउने कार्य गरेका थिए । तर विस्तारै उनले शासनमा हस्तक्षेप गर्न थाले । दरबारमा अनेकौं गुटउपगुट आ-आफ्ना स्वार्थमा षड्यन्त्र बुनिरहेका थिए । पछि उनी राजनीतिमा पुनः सक्रिय हुन थालेपछि उनकै भाइ शेर बहादुरले उनको हत्या गरिदिएका थिए ।

रण बहादुर शाहको हत्यापश्चात् गिर्वाणयुद्ध बिक्रम शाहको मुख्तियारी भई भीमसेन थापाले शासन गरे । उनले नेपाल एकीकरणको अभियानलाई तिब्रता दिएर नेपालको सीमाना सतलजसम्म पुऱ्याएका थिए । भारतमा अङ्ग्रेजको प्रभाव बढ्दै जाँदा उनीहरूको प्रभाव नेपालमा पनि पर्न थालेको थियो । तर बुटवल क्षेत्रको विषयमा विवाद भएपछि अङ्ग्रेजले नेपालमाथि आक्रमण गरेको हुँदा भीमसेन थापाले अङ्ग्रेजसँग झुक्नुभन्दा युद्ध गर्ने नीति लिए र अङ्ग्रेजसँग युद्ध भयो । अमर सिंह थापा, भक्ति थापा, बलभद्र कुँवरजस्ता योद्धाहरू देशको रक्षार्थ लडिरहे । तर नेपालले आफ्नो धेरै भुभाग यस युद्धमा गुमायो । अन्ततः सन १८१६ मा सुगौली सन्धि भयो र नेपाल वर्तमान स्वरूपमा खुम्चियो । यद्यपि बाँके, बर्दिया, कैलाली र कञ्चनपुरपछि राणा कालमा अङ्ग्रेजलाई सैन्यशक्तिले सघाएबापत् पुरस्कार स्वरूप पाएको थियो ।

गुटबन्दीको राजनीतिमा कहिले राजालाई त कहिले रानी र युवराजलाई आफ्नो प्रभावमा पारेर भाइभारदारले शक्ति आफ्नो हातमा लिन्थे । दरबारभित्र हुने गुटबन्दीले दरबार बाहिर भाइभारदारमा पनि गुटबन्दी गरिदिएको थियो । एउटा गुटले अर्को गुटलाई सिध्याउन हत्या गर्ने परम्पराजस्तै बसेको थियो । भीमसेन थापा, दामोदर पाण्डे, माथवर सिंह थापाजस्ता प्रधानमन्त्री भएकाहरूको हत्या नै षड्यन्त्रपूर्वक गरिएको थियो ।

राजा राजेन्द्रको समयमा नेपालको राजनीति षड्यन्त्रको घर नै बनेको थियो । भीमसेन थापा, माथवर सिंह थापाको हत्या यिनैको समयमा भएको थियो । त्यति मात्र होइन देशको शासनको बागडोर राणाहरूको हातमा पनि यिनै राजाको अकर्मण्यता, रानीहरूको स्वार्थ र भारदारहरूको शत्रुताका कारण गएको थियो ।

राजा राजेन्द्रकी रानी राज्य लक्ष्मी देवीका प्रिय पात्र गगन सिंहको सन १८४६ सेप्टेम्बर १४ मा हत्या भएपछि जङ्ग बहादुर शक्तिशाली बने । त्यही हत्याको हत्यारा पत्ता लगाउने र हत्यारालाई मार्ने उद्देश्यले रानीले सबै भाइभारदारलाई कोतमा बोलाइन् । मौकालाई आफ्नो हातमा लिई आफ्ना भाइहरूको सहयोगमा आफ्ना विरोधी र भविष्यमा खतरा हुन सक्ने सक्षम सम्पूर्ण भारदारको हत्या गरी जङ्ग बहादुर राणा शक्तिमा आए । भण्डारखाल पर्वबाट बाँकी शत्रुलाई सखाप पारी रानीको शक्ति पनि निस्तेज पारेर जङ्ग बहादुर प्रधानमन्त्री भए । अनि बनारस गएका राजा राजेन्द्रलाई च्यूत गरेर सुरेन्द्रलाई गद्दीमा राखेपछि रुष्ट राजाले आफ्ना पक्षका मानिसहरू लिई नेपाल फर्किदै गर्दा अलौमा जङ्ग बहादुरको फौजले राजालाई पक्रियो र कैद गऱ्यो । यसरी राणा शासनको सूत्रपात भयो । तर जङ्ग बहादुरपछि उनका भाइहरूका बीचमा बेमेल बढ्यो । नागरिकलाई राहत हुने कार्य केही भएन । शोषण, अन्याय र अत्याचार बढि नै रह्यो । १०४ वर्षसम्म नेपालको इतिहासमा राणाहरूले शासन त गरे तर उनीहरूका पारिवारिक षड्यन्त्र, हत्या र हिंसामा नै नेपालको राजनीति रुमलियो । नेपाली नागरिकमा बढ्दै गएको चेतना, भारतबाट ब्रिटिसहरूको पलायनले गर्दा राणाहरू कमजोर हुन पुगे र वि.सं. २००७ सालमा देशमा लोकतन्त्रको स्थापना भयो ।

ब्रिटिसहरूको छत्रछायाँमा यहाँको जहाँनिया राणा शासन १०४ वर्षसम्म चल्यो । राणाहरूले देशको शासनलाई आफ्नो हातमा लिएर राजा केवल नाम मात्रका राष्ट्रप्रमुख भए । राजाहरूका बीचमा पारिवारिक द्वन्द्वले मर्ने र मार्ने खेल चलिरहे । राणा शासनका प्रणेता जङ्ग बहादुर स्वयम धेरै मानिसको हत्या गरी कोतपर्व मच्चाएर सत्तामा आएका थिए । एउटा राणा परिवारको मुट्ठीमा देश बन्धक बनिरह्यो ।

विस्तारै राणा विरोधी अभियान सुरु भयो । भारतबाट ब्रिटिसहरूको पलायन भएपछि राणाहरू झन कमजोर हुन पुगे । तात्कालिक राजा त्रिभुवन वि.सं. २००७ सालमा भारतको राजधानी दिल्लीमा शरण लिन पुगे । भारतले तात्कालिक समयमा आन्दोलनमा रहेको नेपाली काङ्ग्रेस, राणा शासक र त्रिभुवनबीच मध्यस्थता गऱ्यो र नेपाली राजनीतिलाई लोकतान्त्रिक व्यवस्थामा प्रेरित गरिदियो । राणा शासन कालमा देश आन्तरिक रूपमा अस्थिर रह्यो ।

वि.सं. २००७ सालमा लोकतन्त्रको स्थापना भइसकेपछि पनि देशमा राजनैतिक स्थिरता हुन सकेन । राणा र काङ्ग्रेस सम्मिलित सरकारमा मनमुटाव सुरु भयो । भारतले मध्यस्थता गरेर नै राजा, राणा र नेपाली काङ्ग्रेसबीच दिल्ली सम्झौता भएको थियो । नेपाली काङ्ग्रेसले राणाहरूलाई हटाएर आफ्नो नेतृत्वमा सरकार बनाउनका लागि भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूसँग माग गरे तर नेहरूले दुबैलाई मिलेर जान सुझाब दिए । अर्कोतर्फ राणाहरू पनि आफ्नो अधिकार गुमेकोमा सन्तुष्ट थिएनन् । त्यसैले पुनः सत्ता पाउने आशमा गोरखा दल अर्थात् खुकुरी दलको स्थापना गरेका थिए । राणाहरूको यस्ता क्रियाकलापलाई गृहमन्त्री बीपी कोइरालाले हिंसात्मक मान्दै अबैध घोषणा गरे । गोरखा दलका नेताहरूलाई कारागारमा राखियो । तर राणाहरूको एउटा डफ्फा गोरखा दलको झण्डाका साथ केन्द्रिय

कारागार पुगेर जेल तोडे र आफ्ना नेतालाई निकाले । त्यसपछि त्यो भीड बीपी कोइरालालाई मार्न भन्दै बीपीको निवासतर्फ लम्किए । बीपीले आफ्नो रक्षाका लागि गोली चलाउनुपऱ्यो र एकजना विद्रोहीको मृत्यु पनि भयो । त्यसपछि राजा त्रिभुवनले प्रधानमन्त्रीको मातहतमा रहेको सेनालाई आफ्नो मातहतमा राखे । सिंहदरबारमा रहेका केही पल्टनलाई नारायणहिटीमा सारियो ।

नेपाली काङ्ग्रेस र राणाबीच द्वन्द्व चलिरहेको अवस्थामा राणालाई सरकारबाट हटाउनुपर्ने भन्दै बीपी कोइराला, सुवर्ण शमशेर लगायतका नेता दिल्ली गए । फेरि तत्कालै मोहन शमशेर पनि दिल्ली गए । जवाहरलाल नेहरूले सबैलाई एकै ठाउँमा राखेर वार्ता गराए । त्यसपछि मन्त्रीमण्डलमा हेरफेर भयो । वि.सं. २००८ आश्विन १६ मा राजा त्रिभुवनले ३५ सदस्यीय सल्लाहकार सभाको गठन गरे । तर राणा कोही पनि नपरेकोले मोहन शमशेरले विरोध गरे ।

त्यस्तैमा भृगोलपार्कमा विद्यार्थी जुलुसमाथि भएको गोलीकाण्डमा एक विद्यार्थीको मृत्यु भयो । प्रधानमन्त्री मोहन शमशेरले त्यसको दोष गृहमन्त्री बीपी कोइरालालाई लगाए । बीपी कोइरालालगायत काङ्ग्रेसी मन्त्रीले राजिनामा दिए । काङ्ग्रेस सरकारबाट बाहिरिइसकेपछि वि.सं. २००८ कार्तिक २६ मा मोहन शमशेरले पनि राजिनामा दिए । त्यसपछि राजा त्रिभुवनले नेपाली काङ्ग्रेसका सभापति मातृका प्रसाद कोइरालालाई त्यसको चार दिनपछि प्रधानमन्त्रीमा नियुक्त गरे ।

मातृकालाई प्रधानमन्त्री बनाएको बीपीलाई चित्त बुझेको थिएन । त्यसैले प्रधानमन्त्री र पार्टी सभापति एउटै हुन नहुने तर्क गर्दै मातृकालाई पार्टी सभापतिबाट राजिनामा दिन दवाब दिइयो । दुई भाइबीचको द्वन्द्वलाई मिलाउन भारतीय समाजवादी नेता जयप्रकाश नारायणले मध्यस्थता गरिदिनु परेको थियो । पछि जनकपुरमा भएको महाधिवेशनबाट बीपी पार्टी सभापतिमा चुनिए । जनकपुर सम्मेलनपछि काङ्ग्रेसमा बीपी गुट र मातृका गुट गरी दुई समूहका रूपमा कलह सुरु भयो । पार्टीबाट मातृकालाई प्रधानमन्त्री पदबाट राजिनामा दिन दबाब दिइयो । बीपी पक्षकाले मन्त्रीमण्डलबाट राजिनामा दिएर मातृकालाई अप्ठ्यारोमा पारे । मातृका र अन्य मन्त्रीलाई पनि राजिनामा दिन भनियो र राजिनामा नदिएमा पार्टी सदस्यबाट हटाउने चेतावनी दिइयो । तर मातृका लगायतकाले नमानेपछि वि.सं. २००९ श्रावण १० गते मातृका र उनका सहयोगीलाई पार्टीबाट निस्कासित गरियो । पार्टीको सहयोग नभएकोले सरकार चलाउन अप्ठ्यारो भएर वि.सं. २००९ श्रावण २१ गते मातृकाले प्रधानमन्त्रीबाट राजिनामा दिए । त्यसको ५ दिनपछि राजाले उनको राजिनामा स्वीकृत गरे । मातृकाले नेपाल लोक पार्टी नामको पार्टी खोले ।

भर्खर स्थापना भएको लोकतन्त्रको जरो पनि गाडिन नपाउँदै नेपाली काङ्ग्रेसको आन्तरिक कलह सुरु भयो । यसले गर्दा राजा त्रिभुवनलाई राजसंस्था मजबुत गर्न साहस मिल्यो । त्यसैले राजा त्रिभुवनले १० महिनासम्म आफ्नो अध्यक्षतामा एक परामर्श दातृ सरकार चलाए । देशको कार्यकारिणी अधिकार राजा आफैले राखे । तर चौतर्फी विरोध हुन थालेपछि राजाले वि.सं. २०१० असार ३२ गते फेरि मातृका प्रसाद कोइरालालाई दोस्रो पटक प्रधानमन्त्री बनाए । तर उनको सरकारको विरोध सुरु भइहाल्यो ।

यस्तैमा वि.सं. २०१० माघ २० गते राजाले अन्तरिम शासन बिधान सन १९५१ लाई संशोधन गरी कार्यकारी, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी अधिकार आफ्नो हातमा लिए । राजाले आफूले इच्छाएका व्यक्तिलाई मातृका सरकारमा मन्त्री बनाए । फेरि वि.सं. २०११ बैशाख १ गते १०६ सदस्यीय सल्लाहकार सभाको गठन गरे । यसरी मातृका नाम मात्रका प्रधानमन्त्री बने भने राजामा सम्पूर्ण अधिकार कायम हुन गयो । यस्तैमा २०११ माघ १८ मा प्रधानमन्त्रीले राजिनामा दिए । राजा त्रिभुवन उपचारका लागि विदेशमा थिए । पछि युवराज महेन्द्रले राजकीय अधिकार पाएका हुनाले उनले प्रधानमन्त्रीको राजिनामा स्वीकृत गरे । यसैबीच राजा त्रिभुवनको मृत्यु भयो । वि.सं. २०११ चैत्र १ गते महेन्द्र राजा भए । महेन्द्र महŒवाकांक्षी राजा थिए । उनले आफू राजा भएको ठीक एक महिनामा नै पाँच सदस्यीय शाही सल्लाहकार समिति गठन गरी देशको सत्ता आफ्नो हातमा लिए । राजाको यो कदमको चौतर्फी विरोध भएकाले उनले सल्लाहकार सभाको विघटन गरे । उनले वि.सं. २०१४ सालको असोज पूर्णिमाको दिनमा आमनिर्वाचन हुने घोषणा गरे । प्रत्यक्ष शासन छाडेर टंकप्रसाद आचार्यको नेतृत्वमा सरकार बनाए पनि सरकारको विरोध हुन सुरु भइहाल्यो । उनकै पार्टी लोकपरिषद्बाट समेत उनको विरोध हुन थालेपछि वि.सं. २०१४ असार २२ गते टंकप्रसाद आचार्यले प्रधानमन्त्री पदबाट राजिनामा दिए । त्यसपछि असार ३१ गते राजा महेन्द्रले डा. के. आइ. सिंहलाई प्रधानमन्त्री बनाए । तर केआइसिंह सरकारको विरोध भइरहेपछि राजाले उनको मन्त्रीमण्डललाई विघटन गरे र फेरि शासन आफैले लिए । उनको प्रत्यक्ष शासनको विरोधमा आन्दोलन हुन थालेपछि वि.सं. २०१४ पौष १ गते एक सन्देशमार्फत् वि.सं. २०१५ फागुन ७ गते आमनिर्वाचन हुने घोषणा गरे । संविधान सभाको चुनाव हुने भनिए पनि नभएकोमा काङ्ग्रेसले विरोध गऱ्यो तर पछि आमनिर्वाचनलाई पनि स्वीकार गऱ्यो । निर्वाचन सम्पन्न गर्नका लागि सुवर्ण शमशेरको अध्यक्षतामा एक कामचलाउ सरकारको निर्माण गरियो । तोकिएको मितिमा चुनाव भयो । नेपाली काङ्ग्रेसले १०९ क्षेत्रमध्ये ७४ स्थानमा विजय गरी दुईतिहाइका साथ वि.सं. २०१६ जेठ १३ गते बिपी कोइरालाको नेतृत्वमा सरकार गठन गऱ्यो ।

बीपी कोइरालाले देशका लागि आफ्ना योजनाहरू बुन्न पनि पाएका थिएनन् चुनावमा हारेका पार्टीहरू र स्वार्थी व्यक्तिहरू सरकारका विरुद्धमा निस्कन थाले । वि.सं. २००७ सालको परिवर्तन पछिको अस्थिर राजनैतिक अवस्थामा सत्ताको स्वाद चाखेकाहरू सत्ताविहीन हुँदाको छट्पटीमा रन्थनिएका थिए । राजा पनि प्रत्यक्ष शासन चलाइसकेका हुनाले उनी लोकतान्त्रिक पद्धतिमा आफूलाई उकुसमुकुस महसुस गरिरहेका थिए । पूराना सामन्तहरू, राजाहरू आफ्नो अधिकार खोसिएकोमा सरकारप्रति क्रुद्ध थिए । यस्तै यस्तै परिस्थितिमा तरुण दलद्वारा आयोजित एक कार्यक्रममा सहभागी भएका बेलामा वि.सं. २०१७ साल पुष १ गते राजा महेन्द्रले आफ्नो सशस्त्र टोली पठाएर बीपी कोइरालासहित मन्त्रीहरू र नेताहरूलाई पक्रेर जेलमा हाले । त्यसपछि राजा महेन्द्रले पुस १२ गते आफ्नै अध्यक्षतामा ९ सदस्यीय मन्त्रीमण्डलको गठन गरी पञ्चायती व्यवस्थाको सूत्रपात गरे ।

लोकतान्त्रिक व्यवस्था मजबुत नहुँदै सत्ता आफ्नो हातमा लिएका भएपनि महेन्द्रले नेपाललाई एउटा देशको रूपमा उभ्याउन चाहिने अवयवहरूलाई भने जोड्न खोजेको देखिन्छ । उनले देशको गाउँको संरचनालाई व्यवस्थित गरे । उनले देशलाई १४ अञ्चल र ७५ जिल्ला बनाएर देशको विकासका लागि विकेन्द्रीकरणको सिद्धान्त अपनाएको देखिन्छ । त्यस्तै देशका लागि चाहिने भूमिसुधार व्यवस्था, छुवाछूत्प्रथाको अन्त्यलगायतका कानूनका विविध पक्षको निर्माण पनि उनकै कालमा गरिएको देखिन्छ । नेपालभित्रैका भूभागमा जाँदा पनि भारतीय भूमि हुँदै जानुपर्ने विडम्बनाबाट मुक्त गर्नका लागि उनले कोरेको पूर्वपश्चिम राजमार्गले प्रमुख भूमिका खेलेको छ । नेपाललाई संयुक्त राष्ट्रसंघको सदस्यता दिलाउनका लागि उनले महŒवपूर्ण भूमिका खेलेका थिए ।

बीपी कोइराला वैचारिक हिसाबले स्पष्ट व्यक्तित्व थिए र देशलाई बुझेका व्यक्ति थिए । तर उनको त्यो क्षमता र उनको व्यक्तित्वको सदुपयोग गर्न देशले सकेन । तात्कालिक राजनैतिक पद्धतिले बीपीको व्यक्तित्वलाई खुम्चाइदियो र देशले लोकतान्त्रिक मार्ग पहिल्याउन सकेन ।

नेपाली काङ्ग्रेसले पञ्चायती व्यवस्थाका विरुद्ध अभियान तीब्र पाऱ्यो । वि.सं. २०१८ मा महेन्द्र जनकपुर भ्रमणमा गएका बखतमा बम विस्फोट गराइयो तर संयोगले महेन्द्र बाँचे । वि.सं. २०१९ पौष २२ गते राजा महेन्द्रले पञ्चायती संविधान २०१९ को घोषणा गरे । वि.सं. २०२३ सालमा २०१९ सालको संविधानमा संशोधन गरेर निर्दलीय व्यवस्थाका रूपमा पञ्चायती व्यवस्थालाई रूपान्तरण गरियो । यसबीचमा बीपी कोइराला, गणेशमान, कृष्ण प्रसाद भट्टराई, गिरिजा प्रसाद कोइरालालगायतका नेताहरू जेलबाट रिहा गरिए । सुवर्ण शमशेरले भारतमा बसेर सङ्घर्ष चलाइरहेका थिए । त्यस्तैमा वि.सं. २०२८ साल माघ १७ मा राजा महेन्द्रको मृत्यु भएपश्चात् वीरेन्द्र राजा भए । त्यसपछि पनि नेपाली काङ्ग्रेसले पञ्चायती व्यवस्थाको विरोधमा कार्यक्रमहरू गरिरह्यो । वि.सं. २०३३ सालमा बीपी कोइराला मेलमिलापको नीति लिएर स्वदेश फर्के । तर पञ्चायती शासकले उनीसहित गणेशमान सिंहलाई जेलमा राखे ।

वि.सं. २०२९ सालमा भएको विद्यार्थी आन्दोलनलाई दबाइएको भए तापनि वि.सं. २०३६ सालमा भएको विद्यार्थी आन्दोलन दबाउन सक्ने स्थितिमा रहेन । त्यसैले राजा वीरेन्द्रले वि.सं. २०३६ साल जेठ १० गते एक घोषणामार्फत् वि.सं. २०३७ साल बैशाख २० गते सम्पन्न हुनेगरी बहुदलीय व्यवस्था वा सुधारिएको पञ्चायती व्यवस्थामध्ये एक रोज्ने गरी जनमत सङ्ग्रहको घोषणा गरे ।

नेपाली काङ्ग्रेस र वामपन्थीहरू बहुदलीय व्यवस्थाका पक्षमा थिए । तर जनमत सङ्ग्रहमा निर्दलीय व्यवस्थाका पक्षमा २४ लाख र बहुदलीय व्यवस्थाका पक्षमा २० लाख मत पऱ्यो । पञ्चायती व्यवस्था कायम भइरह्यो ।

यसैबीच वि.सं. २०३९ साल श्रावण ६ गते बीपी कोइरालाको निधन भयो । यसले देशको लोकतान्त्रिक आन्दोलनमा क्षति पुग्यो । तर पनि नेपाली काङ्ग्रेस र वामपन्थीहरूले आन्दोलन चलाइरहे । अन्ततः वि.सं. २०४६ साल फागुन ७ गते काङ्ग्रेस नेता गणेशमान सिंहको नेतृत्वमा जनआन्दोलनको घोषणा भयो । देशभर उर्लिएको जनलहर देखेर राजा वीरेन्द्रले वि.सं. २०४६ चैत्र २६ गते लोकतन्त्रको पुनर्स्थापना गरे । नेपाली काङ्ग्रेसका सभापति कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम मन्त्रिमण्डलको गठन भयो । देशमा नयाँ संविधान २०४७ जारी गरियो । वि.सं. २०४८ साल बैशाख २९ गते आम निर्वाचन सम्पन्न भयो । नेपाली काङ्ग्रेसले ११० स्थानमा विजय पायो, नेकपाएमाले ६९, संयुक्त जनमोर्चा ९, सद्भावना पार्टी ६, राप्रपा चन्द ३, राप्रपा थापा १ ठाउँमा विजयी भए । आमनिर्वाचनमा विजयी भएकाले नेपाली काङ्ग्रेसले गिरिजा प्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन गऱ्यो ।

तर नेपाली काङ्ग्रेसभित्र गुटबन्दी सुरु भयो । गणेशमान सिंहलाई पाखा लगाइयो । पार्टी सभापति कृष्ण प्रसाद भट्टराईको निर्देशन विपरीत नै सरकार चल्न थाल्यो । वि.सं. २०५० माघ २५ मा भएको उपनिर्वाचनमा कृष्ण प्रसाद भट्टराईलाई हराउन पार्टीभित्रैबाट खेल खेलियो । काङ्ग्रेसभित्र गिरिजा गुट र भट्टराई गुट गरी स्पष्ट दुई गुट देखा पऱ्यो । त्यस्तैमा वि.सं २०५१ असार २६ गते सरकारको नीति

मेरो नेपाल

तथा कार्यक्रम पारित हुने क्रममा नेपाली काङ्ग्रेसका असन्तुष्ट पक्ष संसदमा अनुपस्थित भएपछि सरकारको कार्यक्रम पारित हुन सकेन । त्यसैले प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले संसद विघटन गरी मध्यावधि चुनाव गराउन राजालाई सिफारिस गरे ।

वि.सं. २०५१ साल कार्तिक २९ गते मध्यावधि निर्वाचन सम्पन्न भयो । यसमा नेकपाएमालेले ८८, नेपाली काङ्ग्रेसले ८३, राप्रपाले २०, नेमकिपा ४, सद्भावना ३ र स्वतन्त्र ७ जनाले विजय प्राप्त गरे । कसैको पनि बहुमत पुगेन । नेकपाएमाले सबैभन्दा ठूलो दलको रूपमा स्थापित भयो । नेकपाएमालेले मनमोहन अधिकारीको नेतृत्वमा वि.सं. २०५१ मंसिर १३ गते सरकार गठन गऱ्यो । तर नेपाली काङ्ग्रेसले सरकारविरुद्ध आफ्नो अभियान थालिहाल्यो र एमाले सरकार ९ महिनामै ढल्न पुग्यो । त्यसपछि नेपाली काङ्ग्रेसका शेर बहादुर देउवाको नेतृत्वमा राप्रपा र सद्भावना पार्टी सम्मिलित सरकार बन्यो । सबैलाई भागबण्डा गर्नका लागि मन्त्रिपरिषद नै ४६ जनाको बनाइएको थियो । सरकार टिकाउन र गिराउन सांसदलाई किन्ने, थुन्ने, विदेश लगेर राख्ने, सांसदलाई बढी सुविधा दिने चलन यही सरकारका पालामा सुरु भयो । नेपाली काङ्ग्रेस भित्रकै गुट उपगुटको षड्यन्त्रमा परी यो सरकार पनि १८ महिनापछि नै विघटन भयो ।

फेरि वि.सं. २०५३ साल फागुन २७ गते राप्रपाका लोकेन्द्र बहादुर चन्द प्रधानमन्त्री बने । संसदमा जम्मा २० सिट भएको पार्टी पनि दुइ गुटमा बाँडिएको थियो । संसदमा ८८ सिट भएको नेकपाएमाले र १३ जना चन्दपक्षीय सांसद र २ जना सद्भावनाका गरी १०३ जना सांसदको समर्थनमा चन्दको नेतृत्वमा सरकार बन्यो । तर राप्रपाकै अर्को गुट, एमाले भित्रकै असन्तुष्टि र नेपाली काङ्ग्रेसको खेलका कारण चन्द सरकार ६ महिनामै ढल्न पुग्यो । तर फेरि सरकारको साँचो त्यही २० सिट भएको राप्रपाको हातमा नै गयो । नेपाली काङ्ग्रेस र सद्भावनाको समर्थनमा राप्रपाका सूर्य बहादुर थापाको नेतृत्वमा वि.सं. २०५४ असोज २१ गते सरकार गठन भयो । तर फेरि सरकार गिराउने चाल सुरु भइहाल्यो । यही बीचमा नेकपाएमाले फुटेर नेकपा माले नामको अर्को पार्टी गठन भयो ।

सूर्य बहादुर थापाको सरकार पनि धेरै टिक्न सकेन । फेरि एमाले फुटेपछि सबैभन्दा ठूलो पार्टीको हैसियतमा नेपाली काङ्ग्रेसका गिरिजा प्रसाद कोइरालाको नेतृत्वमा नेकपा माले सम्मिलित सरकारको गठन भयो । तर मालेले पनि साथ छाड्यो । फेरि नेकपाएमाले र सद्भावनाको साथ लिई गिरिजा प्रसाद कोइराला प्रधानमन्त्रीमा कायम रहिरहे । वि.सं. २०५६ सालको आम निर्वाचनमा फेरि नेपाली काङ्ग्रेसले १११ सिटका साथ बहुमत प्राप्त गऱ्यो भने नेकपाएमाले ७१ सिटका साथ दोस्रो पार्टी बन्यो ।

वि.सं. २०५६ जेठ १३ गते नेपाली काङ्ग्रेसका कृष्ण प्रसाद भट्टराई प्रधानमन्त्री नियुक्त भए । तर उनलाई फेरि उनकै पार्टीभित्रकै अर्को समूहबाट असहयोग हुन थाल्यो । घात, प्रतिघात चलिरह्यो । आफ्नै सरकारविरुद्ध अविश्वासको प्रस्ताव ल्याइयो र भट्टराईलाई घेराबन्दीमा पारेर राजिनामा दिन बाध्य पारियो । फेरि वि.सं. २०५६ साल चैत्र ६ गते गिरिजा प्रसाद कोइराला प्रधानमन्त्री बने । सधैँ सरकारमा रहिरहन चाहने, परिवार र चाकडीवालले घेरिएर पार्टीभित्र आन्तरिक लोकतन्त्रको अभ्यास नगर्ने र आफ्नै पार्टीका सन्त नेता कृष्ण प्रसाद भट्टराईलाई अपमान गर्ने क्रियाकलापबाट कोइरालाको राजनैतिक उचाइ घट्दै गएको देखिन्छ ।

वि.सं. २०५८ जेठ १९ गते राजा वीरेन्द्रसहित उनको वंशकै हत्या भएपछि देशमा झनै अस्थिर अवस्थाको सिर्जना भयो । राजाका भाइ ज्ञानेन्द्र देशका नयाँ राजा बने । एकातिर नेकपा माओवादीको सशस्त्र आन्दोलन उत्कर्षमा पुगिरहेको थियो भने अर्कोतर्फ नेपाली काङ्ग्रेस र नेकपाएमालेजस्ता पार्टीहरू सत्ता सङ्घर्षमै रुमलिरहेका थिए । माओवादी विरुद्ध सेना परिचालन गर्न नदिएकोले प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले राजिनामा दिए । त्यसपछि नेपाली काङ्ग्रेसकै शेर बहादुर देउवा प्रधानमन्त्री बने । नेपाली काङ्ग्रेस दुई भागमा विभाजित भयो । शेर बहादुर देउवाले एउटा गुटको नेतृत्व गरे भने गिरिजा प्रसादको नेतृत्वमा संस्थापन पक्ष रह्यो । त्यस्तैमा चुनाव गराउन नसकेको आरोपमा वि.सं. २०५९ असोज १८ गते देउवा सरकार विघटन गरियो । राजाले लोकेन्द्र बहादुर चन्दलाई नयाँ प्रधानमन्त्री बनाए । फेरि चौतर्फी विरोध हुन थालेपछि फेरि शेर बहादुर देउवालाई नै प्रधानमन्त्री बनाए । आन्दोलनमा उत्रिएको नेकपाएमाले प्रतिगमन आधा सच्चियो भन्दै सडक आन्दोलन छाडेर सरकारमा गयो । तर फेरि वि.सं. २०६१ माघ १९ गते राजाले सरकार विघटन गरेर आफ्नै अध्यक्षतामा सरकार गठन गरे । देशको सार्वभौमिक अधिकार राजाले आफ्नो हातमा लिए ।

यसबीचमा नेकपा माओवादीले हिंसालाई आधार बनाएर वि.सं. २०५२ सालदेखि सशस्त्र आन्दोलन सञ्चालन गरिरह्यो । १६ हजारभन्दा बढी मानिसको जीवन गयो, हजारौँ मानिसहरू घरबारविहीन भए । कैयौँ बालबालिकाहरू टुहुरा भए ।

त्यस्तैमा सशस्त्र सङ्घर्ष चलाइरहेको माओवादी र नेपाली काङ्ग्रेस, नेकपाएमाले लगायतका पार्टीहरूबीच दिल्लीमा नेपालमा गणतन्त्रको स्थापना गर्ने र त्यसका लागि संयुक्त रूपमा सङ्घर्ष चलाउने सम्झौता भयो । वि.सं. २०६२-०६३ मा १९ दिनको संयुक्त जनआन्दोलनबाट राजाले घुँडा टेके । अन्ततः वि.सं. २०६३ बैशाख ११ गते देशको सार्वभौमसत्ता नेपाली नागरिकमा आयो । संसदको पुनर्स्थापना भयो । गिरिजाप्रसाद कोइराला पुनः देशको प्रधानमन्त्री बने । माओवादी पनि युद्ध छाडेर शान्ति प्रक्रियामा आयो । वि.सं. २०६४ चैत्र २८ मा संविधान सभाको चुनाव पनि भयो । देशलाई गणतन्त्र घोषणा गरियो । नेकपा माओवादी सबैभन्दा ठूलो पार्टी बन्यो । यही पार्टीका नेता पुष्पकमल दाहालको नेतृत्वमा सरकार बन्यो तर उनको सरकार १ वर्षसम्म पनि चल्न सकेन । फेरि नेपाली काङ्ग्रेस र नेकपाएमाले सत्ता सङ्घर्षमा व्यस्त हुन थालिहाले । नेकपाएमालेका माधव कुमार नेपाल प्रधानमन्त्री बने । फेरि उनकै पार्टीको अर्को गुटका झलनाथ खनालको अर्जुनदृष्टि प्रधानमन्त्रीको कुर्चीमा परेकाले उनी आफ्नै पार्टीका तर्फबाट प्रधानमन्त्री भएका नेपाललाई राजिनामा दिन बाध्य पारेर माओवादीसँग मिलेर आफू प्रधानमन्त्री भए । माधव नेपाललाई राजिनामा दिन लगाउँदा भनिएको थियो कि उनले सत्ता छाडेको दुई दिनमै नयाँ सरकारको गठन गरिने छ । तर ७ महिनासम्म पनि प्रधानमन्त्री चुनिन सकेन । १७ पटकसम्म प्रधानमन्त्रीको निर्वाचन भयो । अन्ततः कानुनी व्यवस्थामै परिवर्तन गरेर मात्रै प्रधानमन्त्री चुन्नु पर्‍यो । प्रधानमन्त्री बनेका झलनाथ खनाललाई फेरि उनकै पार्टीको अर्को गुटले अन्य पार्टीसँग मिलेर धेरै समय टिक्न दिएनन् । अन्ततः सबैभन्दा ठूलो पार्टीका नेता बाबुराम भट्टराई देशको प्रधानमन्त्री बने । विद्वान र पढेलेखेका भनिएका उनीबाट देश र नागरिकले धेरै अपेक्षा गरेका थिए । तर उनी पनि सत्ताका लागि मात्रै प्रधानमन्त्री बन्ने परम्परालाई त्याग्न सकेनन् र आफ्नो बाध्यता भन्दै ४९ जना व्यक्ति सम्मिलित नेपाली इतिहासकै सबैभन्दा ठूलो मन्त्रीमण्डल बनाए । पुष्प कमल दाहाल मन्त्रीमण्डलमा अर्थमन्त्री हुँदा उनले गरेको कार्यले राम्रो काम गरेकोले पनि नेपाली नागरिकले उनी प्रधानमन्त्री हुँदा अवश्य पनि राम्रो हुनेछ भन्ने आशा गरेका थिए । तर त्यो आशालाई उनकै सत्तामोही चरित्र र देशलाई निकास दिन नसक्ने असक्षम चरित्रले निराशामा बदलिदिए ।

तर अचानक संविधान सभाको २ बर्षे कार्यकाल सिद्धिएपछि पटकपटक गरी थपिएको अरू २ वर्षको कार्यकालमा पनि संविधान निर्माण नगरी वि.सं. २०६९ जेठ १४ गते संविधान सभालाई विघटन हुन दिएर वि.सं. २०६९ सालको मंसिर ७ गतेका लागि संविधान सभाको नयाँ चुनावको घोषणा पनि बाबुराम भट्टराईले नै गरिदिए । माओवादीले नै माग गरेको संविधान सभा केवल सत्ताको भऱ्याङमात्र रहेछ भन्ने पनि प्रमाणित गरिदिए । ६०१ जना सभासदको समावेशी भनिएको संविधान सभा ४ वर्षसम्म कुनै कार्य नै नगरीकन बिघटन भयो ।

सैयौं वर्षसम्म राजतन्त्रलाई मूल आधार मानेर सञ्चालन भएको राज्यव्यवस्थाले हाम्रो देशलाई उन्नतिपथमा लान सकेन । यहाँका नागरिकहरू जहिले पनि मानवीय सम्मानयुक्त वातावरणमा जिउनबाट बञ्चित भइरहे । राजतन्त्रका वरपर झुम्मिने लोभीपापीहरू र अदूरदर्शी र अज्ञानी राजाहरूबाट निर्देशित हुनुपर्दा यो देशले आफ्नो ऊर्जालाई सैयौं वर्षसम्म गुमाइरह्यो । फेरि हरेक कालमा व्यवस्थाको परिवर्तनका लागि अघि बढेर नेतृत्व लिएकाहरू पनि आफ्नो हातमा शक्ति आएपछि त्यसलाई केवल आफ्नो हित, परिवारको हित र केही आफ्नाहरूको हितका लागि मात्र प्रयोग भएको देखिन्छ । इतिहासले पढाएको पाठलाई चटक्कै बिर्सेर केवल सत्ताका लागि मात्र मरिमेट्ने प्रवृत्ति हाम्रो देशका नेताहरूमा देखिन्छ ।

वि.सं. २०४७ सालमा लोकतन्त्रको स्थापनापछि लोकतन्त्रको नाममा यहाँका राजनैतिक शक्तिहरूले देशलाई सत्ताको भुमरीमा रुमल्याई रहे । उनीहरूको सत्तालिप्साले देशवासीमा आएको निरासा र सशस्त्र युद्ध गरिरहेको माओवादीको हिंसात्मक क्रियाकलापबाट मुक्त हुनका लागि वि.सं. वि.सं. २०६२-६३ सालमा भएको आन्दोलनमार्फत् सदियौं पुरानो राजतन्त्र विस्थापित भएपछि अब त देशमा केही राम्रो हुन्छ कि भन्ने आशालाई पुनः तिनै लोकतान्त्रिक भनिएका नेपाली काङ्ग्रेस र नेकपाएमालेलगायतका शक्तिहरू र नागरिकको हित गर्छौं भनेर शासनमा आएका माओवादीले सत्ताकेन्द्रित राजनीतिमा नै लिप्त भएर छिन्नभिन्न पारिदिए । राजसंस्थालाई दोष दिएर उम्किने प्रयास गरेका राजनैतिक शक्तिहरूलाई त त्यति बेला राहत भएको होला तर देशले उनीहरूको चरित्रको प्रतिफल अहिले पनि भोगिरहेको छ । आदर्श रूपमा हेर्दा राजसंस्था स्वयममा गलत होइन । पछिल्लो राजवंश शाह वंशमा पनि पृथ्वी नारायण शाहजस्ता साहसी, प्रतापी, दूरदृष्टि भएका राजा पनि देशले पाएकै हो । तर समयक्रममा यसको चरित्रमा आएको परिवर्तनले संस्था स्वयमलाई नै शुद्ध राख्न सकेन । फलतः यसको औचित्य पनि समयसँगै बिलाएर गएको छ ।

हाम्रो देशमा हरेक परिवर्तनहरू नयाँ परिवर्तनका लागि कोठा बनाएरै भइरहेका छन् । यो हुनुको पछाडि यहाँको आत्मालाई महसुस् गर्न सक्ने व्यवस्थाको धरातल नै अहिले यहाँ छैन । परिवर्तनको मतलब केवल सत्ता हो भन्ने बुझिएको छ । यहाँ मानवीय मूल्य मान्यताको परिवर्तनमा कुनै ध्यान छैन । मानव उच्च चेतनाको अवस्थामा पुग्न सक्ने सम्भावना भएको प्राणी हो भन्ने बोध नै छैन ।

राजनैतिक रूपमा हेर्दा यहाँ समतामूलक समाजको स्थापना त कहिल्यै पनि भएको छैन । हिजो लिच्छवि काल, मल्ल काल, शाह कालका राजवंशले शासन गर्दा पनि शासकहरूको लहडले आम मानवलाई मर्ने र मार्ने खेल खेलाइरहेको थियो । ल मानिलिउँ त्यो चेतनाको युग थिएन । विश्व प्रवाहसँग हाम्रो देशको सम्पर्क थिएन । बिसौं शताब्दीदेखि त विश्वव्यापी चेतनाको लहरसँग यो भूमि पनि परिचित भएकै हो । अनि त्यही लहरलाई समात्दै वि.सं. २००७ सालमा लोकतन्त्र पनि आएको हो । तर यो भूमिका नेताहरू चुके यो देशलाई डोऱ्याउनका लागि । नेताहरू सेवक बन्ने बहानामा शासक बने । वि.सं.

 

२०४६ सालमा लोकतन्त्रको बहालीपछि पनि गरिबको झोपडीको दुःख सहेर, देखेर र बुझेर गएकाहरू आफू र आफ्नाका लागि महल ठड्याउन तल्लीन भए । सम्पूर्ण व्यवस्था परिवर्तन गर्न भनेर युद्धमा होमिएको माओवादी क्रान्तिका कारण देशका हरेक कुनाका मानवहरू प्रताडित भए - राज्यपक्ष र विद्रोही पक्ष दुबैबाट । यसरी देश पूर्ण रूपमा छिन्न भिन्न बनिरहेको थियो । तर वि.सं. २०६३ सालमा राजसंस्था नै फालेर गणतन्त्र स्थापना भएपछि चाहिँ केही राम्रो हुन्छ कि भन्ने आशा जाग्यो । दुःख बुझेर आएको, यहाँका पाखा-पखेरामा भिजेर आएको भन्ने सोचिएको परिवर्तनले अब त शान्ति आउँछ कि भन्ने आशा जगाएको थियो । तर त्यो आशा अब बिस्तारै कम हुँदै गएको छ ।

राजा रजौटा र शासकहरूको चेपुवामा परेर कैयौं स्वतन्त्र आत्माहरू चुँडिएका थिए । त्यो क्रम अहिलेसम्म पनि जारी नै छ । अब प्रष्ट भइसकेको छ नेपाल भूमिमा अहिलेसम्म भएका शासकहरू र व्यवस्थाले मानव जीवन बुझ्न नसक्दा नै उत्पात भएको हो ।

त्यसैले अब हाम्रो देश नेपाललाई नवीन राजनैतिक धरातलमा उभ्याउनु जरुरी बनेको छ । त्यो व्यवस्थाको आधारशिला यही भूमिको मौलिक संस्कृति र सामाजिक मूल्य र मान्यतालाई अँगालेको हुनुपर्छ । हाम्रो देशको भौगोलिक र सामाजिक अवस्थिति विश्वका अन्य मुलुकभन्दा पृथक छ । त्यसैले नेपाली आत्मालाई सँगालेको धरातलमा देशको राजनीतिलाई खडा गर्नु परेको छ । यसका लागि हाम्रो देश नेपालको अन्तरङ्ग शक्ति र पहिचानलाई पहिल्याउनु परेको छ ।

## सामाजिक - सांस्कृतिक पक्ष

कर्मका आधारमा मानिसहरूको सामाजिक व्यवस्था गरेका हिन्दु ऋषिमूनिहरूको उदात्त भावनालाई पाखण्डी पण्डितहरूले पछिल्लो कालमा आएर जन्मका आधारमा विभाजन गरिदिएको कारणले गर्दा यो भूमिका मानवहरूले मानवीय जीवन जिउन पाएनन् । ब्राह्मण, क्षेत्री र वैश्य आफूलाई उँचो ठान्ने भ्रममा सदियौंसम्म रहे र शुद्र नाम दिएर बहुसङ्ख्यक सेवा र अन्तरङ्ग वर्गका मानवप्रति सदियौंसम्म अन्याय भइरह्यो । धार्मिक अन्धता, पाखण्डपन र शासकको लहडलाई नै धर्म भनिएका कारण सामाजिक विभेदले सदियौंसम्म नेपाली भूमिलाई अन्याय र अत्याचारको क्रीडास्थल बनाएको थियो ।

शान्तिको मूल धर्म रहेको यहाँको सनातन धर्म सदियौंसम्म हिंसाको चपेटामा परिरह्यो । एकातिर गौतम बुद्धको प्रेम र हिन्दु ऋषिमूनिको शान्तिको शान्तिको सन्देश छ भने अर्कोतर्फ धर्मका नाममा प्राणीहत्या गर्ने, छुवाछूत्का आधारमा विभेद गर्ने प्रचलन रहेको छ ।

राजनैतिक शक्तिहरूले जुन स्रोत र साधनलाई आफ्ना खोक्रा आदर्शको प्रचार र आम मानवबीच विग्रहको शिक्षा दिनका लागि लगाउँछन् त्यही स्रोत र शक्तिलाई मानवचेतना बढाउने दिशामा केन्द्रित गर्ने हो भने नेपाली समाज पनि चेतनाको स्तरमा केही माथि उठ्न सक्ने थियो । हरेक पार्टीका कार्यकर्तालाई समाजमा चेतना फैलाउन प्रशिक्षित गर्ने हो भने देशव्यापी रूपमा नै जागरण आउने थियो । तर राजनीतिले केवल सत्तालाई मात्र आफ्नो लक्ष्य बनायो समाजको रूपान्तरणलाई वास्ता गरेन ।

अव आजसम्मका सामाजिक र सांस्कृतिक व्यवस्थामा भएका असमानताहरूलाई हटाउँदै विश्व सभ्यतासँग तालमेल गर्दै यहाँको सामाजिक र सांस्कृतिक अवस्थालाई शुद्धीकरणका मार्गमा लानु जरुरी छ । तथापि हाम्रो देशमा रहेको भाइचारा र प्रेमको भावनालाई जीवित राख्नैपर्छ अन्यथा सभ्यता र विकासका नाममा हाम्रो समाज पनि जीवनविहीन हुन पुग्ने छ ।

## आर्थिक पक्ष

नेपाललाई विश्व परिवेशमा अहिले सबैभन्दा गरिब देशको रूपमा राखिएको छ । तर इतिहास हेर्दा पनि थाहा हुन्छ कि नेपाल आर्थिक रूपमा सम्पन्न थियो । सातौं शताब्दीमा नेपाल चीन, तिब्बत र भारतबीचको अन्तर्राष्ट्रिय व्यापारको केन्द्र बनेको थियो । यतिसम्म कि यहाँ कृषकभन्दा बढी व्यापारी थिए । फलाम, तामाका भाँडाकुँडा र ऊन नेपालबाट भारततर्फ निर्यात हुन्थ्यो । मकै, फलफूल, तामा आदि चीनतर्फ निर्यात गरिन्थ्यो । कौटिल्यले आफनो अर्थशास्त्रमा नेपाली कम्बलहरू मगधमा निकै लोकप्रिय भएको उल्लेख गरेका छन् । उपभोक्ताहरू नठगिऊन् भन्नेमा राज्य सजग रहन्थ्यो । लिच्छवि कालमा पसलहरूको ६-६ महिनामा जाँच गरिन्थ्यो र यदि ढकतराजुमा गडबडी गरेको पाइएमा दण्ड गरिन्थ्यो ।

मल्ल कालमा राजा महिन्द्र मल्लले “ढिकी, जाँतो, लुगा बुन्ने तान, तुकी कहिल्यै खाली नराख्नु, पटासी, घरबुना खाडी आदि मिही पारेर बुन्नु र विदेशमा लगेर बेच्नु” भनेर उर्दी जारी गरेका थिए । मल्ल कालमा नुवाकोट, ललितपुर र चित्लाङ् क्षेत्रमा तामा खानी थिए र तामा भारततर्फ निकासी गरिन्थ्यो । त्यस्तै ढलौटका मूर्ति र तामाका भाँडाकुँडाहरू पनि भारत र तिब्बततर्फ निकासी हुन्थे । मध्य कालमा तिब्बतको लागि मुद्रा नेपालले बनाइदिन्थ्यो र त्यसबापत् शुल्क पनि लिन्थ्यो । साथै नेपाली मुद्रा तिब्बतमा चल्दथ्यो ।

जब शासकहरू केवल सत्ताका लागि मात्र केन्द्रित भए र सामाजिक जीवनका अन्य पक्षलाई बेवास्ता गर्न थाले तब नेपालीहरू क्रमशः गरिबीको चरणमा बाँच्न बाध्य भए । १०४ बर्षे जहाँनिया राणा शासन कालमा केवल राणा परिवार र त्यसका आसेपासेहरूले मात्र यहाँको सम्पत्तिको भोग गरे । अनि वि.सं. २००७ सालपछि पनि यहाँका राजनैतिक पार्टी र राजसंस्था आफ्नै परिधिमा अल्मलिए जसले गर्दा देश झनझन गरिब हुँदै गयो ।

केही वर्षअघिसम्म पनि नेपाल खाद्यान्नमा आत्मनिर्भर थियो । तर अहिले यहाँ खाद्यान्न विदेशबाट आयात गर्नुपर्दछ । आफ्नै देशको हिमाली भेगमा उत्पादित स्याउ, नास्पाती, सुन्तलाजस्ता फलफूलको उचित वितरण गर्न नसकेर अहिले पनि यी फलफूल विदेशबाट किनेर ल्याउनुपर्ने विडम्बना रहेको छ । कृषिमा आधारित देश भए तापनि यहाँ सिँचाइको व्यवस्था नहुँदा यहाँ एक किसानले पर्याप्त उत्पादन गर्न सक्ने वातावरण छैन । देशको निश्चित आर्थिक नीति बनाइएको छैन । पूँजिवादको चपेटामा देश परिसकेको छ; देशमा उत्पादन घटिरहेको छ भने अन्य मुलुकबाट आयात बढिरहेको छ ।

देशको वातावरण र यहाँको प्राकृतिक स्रोतअनुसारको आर्थिक नीति बनाएर देशलाई आर्थिक समुन्नतिमा लम्काउनुपर्दछ । हाम्रो आर्थिक अवस्था र नीतिलाई विदेशीहरूको हातमा दिनुहुँदैन । हाम्रो आफ्नै देशको हितअनुकूलको आर्थिक नीति अवलम्बन गर्नुपर्छ । तर आर्थिक समृद्धिको नाममा यहाँ रहेको जीवन्ततालाई मेट्नु हुँदैन । विश्वका कतिपय देशहरू त आर्थिक उत्पादनका लागि भनेर वेश्यावृत्ति गराउने गरेका छन् । त्यस्तो घृणित र मानवताको नै खिल्ली उडाउने आर्थिक पद्धति हामीले अपनाउनु हुँदैन ।

## धार्मिक पक्ष

ॐ सह नाववतु । सह नौ भुनक्तु । सह वीर्य करवावहै । तेजस्वि नावधीतमस्तु मा विद्विषावहै । ॐ शान्तिः शान्तिः शान्तिः ॥ अर्थात् हामीलाई ईश्वरले रक्षा गरुन्, हामी एकआपसमा मिलेर काम गर्न सकौं । हामी एकआपसमा मित्रतापूर्ण व्यवहार गर्न सकौँ । यही मूलमन्त्र भएको हाम्रो धार्मिक आस्थाका आधारमा चलेको सामाजिक मूल्य र मान्यताले निर्देशित गरेको हाम्रो सामाजिक व्यवस्था उन्नत थियो । तर समयसँगसँगै र शासकहरूको स्वार्थ यो आदर्श तोड्नका लागि प्रयोग हुन थालेपछि विस्तारै विस्तारै हाम्रो धर्म विर्सिएको अवस्थामा पुग्यो । तर फेरि धर्मको नाम दिएर पाखण्डलाई चलाइयो । हाम्रो मूल धर्मलाई लत्याइयो । त्यसैले गर्दा त यत्रा शताब्दीहरू अन्धकारमय युगमा बाँच्न विवश भए ।

सदियौँसम्म हिन्दु परम्परा र बौद्ध धर्मलाई नै आधार मानेर यहाँको धार्मिक व्यवस्था चलिरह्यो । धर्मको वास्तविक आदर्शलाई त्यागेर, धर्मको व्यापकतालाई त्यागेर पाखण्ड र कतिपय शासकको सन्कीपनलाई नै धर्म मान्दा देशमा धर्म एकातिर रह्यो भने धर्मको नाममा चलेको विकृतिले यहाँको मानवतालाई खाइदियो । हिन्दु र बौद्ध धर्म सहिष्णुता र प्रेमका दर्शन हुन् । यी दुबै दर्शनले मानवमात्र होइन यो जग र जगत्को कल्याणका दिशामा मार्ग देखाएका छन् । हिन्दु दर्शन त ज्ञानको महासागर नै हो । वेद, उपनिषद र गीतामा विश्वका लागि चाहिने ज्ञानको सम्पूर्ण स्रोत विद्यमान रहेको छ । तर पनि त्यसको महानतालाई एकातिर पन्छाएर हाम्रो देशमा कर्मकाण्डलाई नै धर्म भनेर सदियौँसम्म मानिसहरूलाई भ्रममा राखियो । तर अहिले त्यो ज्ञानको पुनर्जागरण गर्नुपर्ने बेला आइसकेको छ । जसले गर्दा नेपालमा मात्र होइन सारा विश्वमा चेतना फैलाएर शान्त र समुन्नत मानव समाजको सिर्जना गर्न सकियोस् ।

## अभिशप्त नेपाल

सन १६३९ ताका काठमाडौँका राजा लक्ष्मीनरसिंह मल्लका पालामा काजी भीममल्ल निकै प्रख्यात मन्त्री थिए । उनले तिब्बतसँग व्यापारिक मामलामा भएको विवादमा नेपाली व्यापारीको सुरक्षा र व्यापारको उन्नतिका लागि तिब्बत गई समस्याको समाधान गरेका थिए । उनको प्रभाव देखेर रिसले डाहा गरिरहेका कतिपय भारदारले षड्यन्त्र गर्न थाले । अनि उनले राजगद्दीलाई नै आफूले लिने दाउ गरेका छन् भन्ने कपोलकल्पित कुराले राजाको कान भर्न थाले । अनि राजाले पनि त्यही भारदारी षड्यन्त्रलाई सत्य ठानेर भीममल्ललाई मृत्युदण्ड दिए । अनि तिनै निर्दोष भीम मल्लकी पत्नी पतिको सति जाँदा

 

मेरो नेपाल

चिताको अग्निमा जल्दाजल्दै भनिन् – 'यो देशको दरबारमा कहिल्यै पनि न्याय नहोओस् अनि सज्जन, इमान्दार र राम्रो गर्नेको कहिल्यै पनि भलो नहोस्' । भीममल्लकी पत्नीको यही श्राप अहिलेसम्म पनि यहाँ 'सतिले सरापेको देश' भनेर प्रसिद्ध छ ।

जब देशले आफ्नो आत्मालाई बिर्सन्छ तब त्यहाँ सुव्यवस्था कायम होला र असल मानिसहरूको पनि स्थान होला भनेर कल्पना गर्न सकिँदैन । असल मानिसहरू देशका लागि तन, मन र धनले कार्य गर्दछन् । तर सत्य बिर्सिएको अवस्था भएको देशमा उनीहरूको सच्चाई नै अभिशाप बन्दछ । अहिले पनि त्यही भइरहेको छ । देश सत्यलाई बिर्सेको जस्तो भइको छ । अनि यस्तो लाग्छ कि अहिले त कुनै समयमा त्यति उच्च मूल्य र मान्यता बोकेको हाम्रो देशलाई देखेर कुनै पनि राष्ट्रप्रेमी व्यक्तिले पनि भूपि शेरचनले भनेजस्तै सन्देह व्यक्त गर्नुपरेको छ :

जब म
यी भोकमा डुबेका चोकहरूमा, यी वैलाएका कलिजस्ता गल्लीहरूमा,
हेर्छु एक-दुई दिन बसेर बास, तब मलाई गलत लाग्छ
मेरो देशको इतिहास
यो मेरो सत्य इतिहास

आधुनिक नेपालका निर्माता पृथ्वी नारायण शाह पछाडिकै इतिहास हेर्‍यौं भने पनि यस तर्कमा सत्यता देखिन्छ । देशमा रहेका स्वार्थी प्रवृत्तिका मानिसहरूका कारण असल शासकहरूले पनि या त जीवन नै गुमाउनु परेको छ या अपमानजनक जीवन बिताउनु परेको छ ।

नेपालको राजनैतिक इतिहास षड्यन्त्र, हिंसा र उन्मादले युक्त छ । यद्यपि त्यसमा पनि राम्रा शासकहरू नभएका होइनन् । तर त्यस्ता असल शासकहरूलाई सत्ताच्यूत गरिन्थ्यो । साथै कतिपयको जीवन क्रुर तरीकाले अन्त्य गरिएका उदाहरण पाइन्छन् । जब त्यस्ता शासक कमजोर र प्रतिकुल परिस्थितिमा हुन्थे तब उनीहरूलाई च्यूत गरिएको पाइन्छ । प्राचीन काल, मध्य काल र आधुनिक काल सबैमा राजतन्त्रको प्रत्यक्ष शासनमा दरबारमा धेरै नै षड्यन्त्र हुने गरेको कुरा इतिहासमा उल्लेख छन् । पृथ्वी नारायण शाहको शेषपछि आधुनिक कालमा राजदरबार षड्यन्त्र र हत्याको केन्द्रजस्तै बन्न पुग्यो । भारदारहरू कालले भन्दा पनि धेरै अकालमै मरे षड्यन्त्रमा परेर । जङ्ग बहादुर राणाले कोतपर्वमार्फत् शासन हत्याएपछि उनका भाइहरूमा सत्ता र शासनका लागि काटमार, षड्यन्त्र निकै चल्यो ।

पृथ्वी नारायण शाहपछिको नेपालको शाह काल हत्या, हिंसा, अत्याचार, षड्यन्त्र, भोगविलासी, चाटुकारिता र अन्यायी भएर रहेको छ । राजदरबार त षड्यन्त्रको मुहान नै बनेको देखिन्छ । राजा, रानी, युवराज र अन्य परिवारका सदस्यहरूका बीचमा फाटो ल्याई आ-आफ्ना स्वार्थ पूरा गर्नका लागि भारदारहरूले प्रयास गरिरहन्थे । चुक्ली लगाउने, झुटो आरोप लगाएर फसाउने, एउटा समूहले अर्कोलाई सिध्याउने खेलमा भारदारहरू हमेसा लागिरहन्थे । देशको उन्नतिका लागि सोच्ने कसैको ध्यान हुँदैन्थ्यो । पृथ्वी नारायण शाहका छोरा बहादुर शाहले आफ्ना बाबुको नेपाल एकीकरणको सपनालाई पूरा गर्ने अभियान चलाए । राजा रण बहादुर शाह सानै भएकाले उनको नायवी भई कार्य गरी नेपालको सीमानालाई महाकाली नदीपारी कुमाउँ गढवालसम्म पुर्‍याएका थिए । तर रण बहादुर शाह १८ वर्षका भएपछि बहादुर शाहको एकीकरण अभियान विरोधी भारदारले राजालाई उचाले र बहादुर शाहलाई बन्दी बनाए । उनलाई बन्दी अवस्थामा अमानवीय व्यवहार गरियो र रहस्यमय रूपमा उनको मृत्यु पनि भयो ।

बहादुर शाहपछि नेपालको इतिहासमा देशप्रेमी र कुशल प्रशासक भीमसेन थापा देखिए । देशको रक्षार्थ जीवनभर बाह्य र आन्तरिक शत्रुहरूसँग सङ्घर्ष गर्दागर्दा आफ्नो जीवन बिताएका भीमसेनलाई दरबार र भाइभारदारका षड्यन्त्रबाट झुटा मुद्दा लगाइयो । उनलाई अपमान गरियो । उनकी श्रीमतीलाई नाङ्गै सहर घुमाइँदै छ भन्ने लज्जास्पद खबर सुनाइयो । यही कारणबाट वि.सं. १८९६ साउन ८ गते उनी आफैले आफ्नो घाँटी रेटे र त्यसको ९ दिनपछि दुःखद मृत्यु मरे । यतिसम्म कि उनको लाशलाई समेत स्याल, कुकुर र गिद्धलाई खान दिइएको थियो ।

१०४ वर्षे जहानिया राणा कालमा देव शमशेर सुधारवादी देखिएका छन् । उनले वि.सं. १९५८ जेठमा साप्ताहिक गोरखापत्र पत्रिकाको स्थापना गरे । कृषि, पशुपालन र घरेलु उद्योगमा विकास गर्न जापानी प्रविधि नेपालमा भित्राउनका लागि ८ जना नेपाली विद्यार्थीलाई जापान पढ्न पठाए । उनले नेपालमा शिक्षाको आवश्यकता महसुस गरी देशका विभिन्न ५० भन्दा बढी ठाउँमा नेपाली भाषा पाठशाला खोल्न

लगाए । जय पृथ्वी बहादुर सिंहलाई पाठ्यपुस्तक लेख्ने जिम्मा दिए र नेपाली भाषामा शिक्षा दिने व्यवस्था गरे । तर उनलाई पनि षड्यन्त्र गरी सत्ताच्यूत गरियो र धनकुटातर्फ लखेटियो । पछि उनी भारतको मसुरी भन्ने ठाउँमा गएर जीवन बिताए ।

सामाजिक अन्यायमा देशका बासिन्दाहरू सदियौँदेखि प्रताडित छन् । छुवाछूत्का आधारमा गरिएको भेदभाव, महिलामाथि गरिएका विभेदपूर्ण व्यवहार र सोझा निमुखामाथि गरिएका अन्याय र अत्याचारले यो मुलुकका सैयौं शताब्दीहरू अन्धकारमय रूपमा नै बितेका छन् । हरेक कालमा अब त केही राम्रो होला नि भन्ने आशामा बसेकाहरू पनि पिल्सिएरै जीवन बिताउन बाध्य भए । यो सबै हुनुमा यहाँ रहेको अज्ञानता नै मूल कारण हो । त्यो अज्ञानतालाई हटाएर एक सभ्य र समुन्नत राष्ट्रको निर्माण गर्न सकिन्छ । त्यो सम्भावना यहाँबाट कहिल्यै विलुप्त त भएन तर जो व्यक्तिहरू अर्थात् आत्मिक रूपमा जागेका व्यक्तिहरू शासनमा नआउने प्रवृत्तिले नै यत्रा शताब्दीहरू अन्धकारमा जिउन बाध्य भएका हुन् ।

## ख. निमोठिएको नेपाल

'कृण्वन्तो विश्वमआर्यम्' भन्दै विश्वलाई नै एउटा गाउँ देख्ने हाम्रो देशको आदर्श रहेको छ । तर अहिले त्यो आदर्शलाई मेट्ने प्रयास भइरहेको छ । त्यो प्रयास हाम्रो देशका कतिपय व्यक्तिहरू र विदेशी शक्तिकेन्द्रहरूबाट भइरहेको छ । वीर गोर्खालीको सन्देश दिँदै विश्वभर वीर र साहसी भनेर चिनिएका नेपालीको त्यो वीरतालाई आज कमजोर पारिँदै छ । हाम्रो कमजोर आर्थिक अवस्थाको फाइदा उठाएर हामीमाथि आर्थिक प्रलोभनको सिक्का फालेर हामीमा रहेको मौलिक संस्कृति, मानवीय मूल्य र मान्यता, सामाजिक सहिष्णुतालाई मेट्ने प्रयास भइरहेको छ ।

हाम्रो देश अहिले सबैतिरबाट निमोठिएको छ । देशमा रहेको धार्मिक सहिष्णुतालाई निरपेक्षताको नाममा विदेशी धर्मलाई आर्थिक प्रलोभनका माध्यमबाट प्रचार गरी सोझासाझा नेपालीका माझमा यहाँ स्थापित मूल्य र मान्यतालाई शोषणको रूपमा व्याख्या गरेर खल्बलाउने प्रयास गरिएको छ । यहाँ रहेको सामाजिक सहिष्णुता र सद्भावको धरातललाई सत्ताका लागि गरिने राजनीतिले निमिट्यान्न पारिँदै छ । देशको युवाशक्ति पलायन भइरहेको छ । देशमा रोजगारी नपाएर र अवसर नपाएर विदेश पलायन भइरहेको छ । देश युवाशक्ति र ऊर्जाको पलायनप्रति संवेदनशील छैन । सबैतिरबाट हाम्रो देशलाई कमजोर पारिरहिएको छ ।

### धार्मिक भावनामा प्रहार

ईशापूर्व ३ हजार वर्षपूर्व नै हिन्दु धर्मले भारतीय उपमहाद्वीपमा आफ्नो स्वरूप देखायो । ईशापूर्व २ हजार वर्षपूर्व यहुदी धर्मले मध्यपूर्व एशियामा आफ्नो अस्तित्व दर्सायो । ईशापूर्व छैटौं शताब्दीमा गौतम बुद्धले आफ्नो शान्तिको दर्शनको प्रतिपादन गरे । ईश्वीको आरम्भमा क्रिश्चियन धर्मले अस्तित्व देखायो । ईश्वीको सातौं शताब्दीमा अरबमा मुहम्मदले इस्लाम धर्मको सुरुवात गरे । त्यसपछि यिनै हरेक धर्महरू विश्वका अनेकौं देशमा राज्य धर्म बनेर रहेका छन् । राज्य विस्तारका साथमा शासकहरूले धर्मको पनि विस्तार गरेका छन् । यहुदी धर्म अहिले इजरायलमा मात्र सीमित भएर रहेको छ । अहिलेसम्म बुद्धको दर्शन धर्म बनेर पूर्वी एशियामा फैलिएको छ । मध्यपूर्व, उत्तरी युरोपका केही भाग, पश्चिम र दक्षिण अफ्रिका र पूर्वी एशियाका केही देशमा इस्लाम धर्म फैलिएको छ । त्यस्तै क्रिश्चियन धर्मले युरोप, अमेरिका, अष्ट्रेलिया र दक्षिण अफ्रिकामा आफ्नो विस्तार गरेको छ । तर हिन्दु धर्म भारत र नेपालमा सीमित हुन पुग्यो । तर पनि नेपालमा केवल हिन्दु धर्म मात्र रहेको छैन । यहाँ हिन्दु, बौद्ध, किरात र अनेकौं मानव समाज र समूहले अपनाएका धर्म समाजका हरेक अङ्गमा रहिरहेका छन् । इस्लाम र क्रिश्चियन धर्म अनि शिख र ताओका अनुयायी पनि यहाँ रहेका छन् । त्यसैले नेपालमा कुनै पनि एउटै धर्मको स्वरूप होइन कि धर्मको समग्रस्वरूपलाई आत्मसात् गरेर एक अनुपम धर्मको सिर्जना भएको छ । अर्थात् यसलाई नेपाली धर्मको संज्ञा दिए पनि हुन्छ ।

नेपालमा चलिरहेको धर्म जीव, जगत् र ब्रह्मको सत्यतथ्य अगाडि राखेर जीवनकला सिकाउने एक व्यवस्था हो । मानव जीवनका सर्वाङ्गीण पक्षलाई सम्बोधन गरी एक पूर्ण मानव बनाउने र एक पूर्ण जीवन जिउन सिकाउने शिक्षक हो, नेपाली धर्म । यो सत्यको मार्ग हो, जुन मार्गमा प्रवृत्त भएपश्चात् व्यक्तिले सत्यको बोध गर्दछ । त्यसैले पनि यो धर्म निरपेक्ष छैन सापेक्ष छ । हामी नेपालीहरू केवल

मेरो नेपाल

शरीरका भौतिक आवश्यकताका लागि मात्र व्यवस्था र सिद्धान्तका कुरा सुन्न सक्दछौँ तर हामीमा रहेको भावना, प्रेम र सद्भावलाई त व्यवस्थाले निर्देशित गर्न सक्दैन । हाम्रो अणुअणुमा प्रेम र सद्भाव रहेको छ । हामी सत्यमार्गका यात्री हौँ । त्यसैले हाम्रो आत्मा र मन सापेक्ष छ । हामी सापेक्ष छौँ त्यसैले हाम्रो देश पनि त्यही सापेक्षतालाई आत्मसात् गर्दछ ।

कतिपय राजनैतिक शक्तिहरू कम्युनिष्टका राजनैतिक गुरु मार्क्सले धर्मलाई अफिम भनेका थिए भन्दै हाम्रो देशलाई पनि धर्मनिरपेक्ष बनाउनु पर्छ भन्ने तर्क गरिरहेका छन् । अनि उनीहरूकै लहैलहैमा लोकतान्त्रिक शक्ति भनिएकाहरू पनि धर्मनिरपेक्षता घोषणा गर्नुलाई ठूलो उपलब्धी भनेर प्रचार गरिरहेका छन् । तर तिनै राजनीतिका अज्ञानीहरूका लहडमा अहिले हामी देशमा अन्तरनिहीत प्रेम, सद्भाव, सहिष्णुजस्ता हाम्रो धर्मको मूलमर्मलाई पनि उखेलिरहेका छौँ । मार्क्स हुर्केबढेको र उनले देखेको धर्म यहुदी र क्रिश्चियनिटी थिए । उनले हाम्रो देशको धर्म देखेकै थिएनन् । हाम्रो देशको धर्म अफिम होइन, अमृत हो । यो कुरा मार्क्सलाई थाहा थिएन । अब मार्क्सलाई थाहा भएन, मार्क्सलाई हाम्रो भूमिको धर्मको ज्ञान भएन भन्दैमा मार्क्सको अज्ञानतालाई हामीले पनि अपनाउनु पर्छ भन्नेजस्तो तर्कका पछाडि हामी लागिरहेका छौँ । यहाँभन्दा बेवकूफी अरु केही हुन सक्दैन ।

गौतम बुद्धको शान्ति र मानवताको ज्ञानलाई त्यागेर, हाम्रा ऋषिमहर्षिको ज्ञानको भण्डारमा भोटेताल्चा लगाएर हामी मानिसलाई एउटा यौनको पिण्डमात्र देख्ने भौतिकवादका आँगनमा नाच्न थालिरहेका छौँ । हामीलाई अँध्यारोबाट उज्यालोतिर लम्काउने हाम्रो ज्ञानका प्रकाशलाई छाडेर हामी अन्धकारमा प्रवेश गरिरहेका छौँ । अमृत पिउन छाडेर हामी विषको खोजीमा लागिरहेका छौँ ।

राज्यको धर्म हुन्छ - न्याय र सत्यको मार्ग । व्यक्तिको धर्म हुन्छ - सत्य र सदाचारका मार्गमा लागिरहनु । राज्यको धर्म हो कि त्यस भूभागभित्र बस्ने नागरिकको जिउधनको रक्षा, स्वतन्त्रताको रक्षा र जीवनका आधारभूत आवश्यकताको पूर्तिको व्यवस्था । तर जब राज्य यी सबै जिम्मेवारी लिन सक्दैन तब राज्य आफ्नो धर्मबाट च्यूत हुन्छ । त्यहाँ अराजकता हुन्छ, नियम कानुनको पालना हुँदैन र सर्वत्र भाँडभैलो हुन्छ । त्यो अन्ततः धर्म निरपेक्ष राज्यमा परिणत हुन्छ ।

हामी नेपालीहरू अझै त्यति निकम्मा र नालायक भइसकेका छैनौँ । हामी अझै पनि हाम्रो देशलाई सत्यको धरातलमा अड्याइरहन सक्दछौँ । हामीले विश्वास गरेर सत्तामा पठाएका शक्तिहरूले देशमा सत्यको व्यवस्था कायम गर्न सकेनन् भन्दैमा हामी नागरिकहरू असक्षम भएको प्रमाणित गर्दैन । निस्सन्देहः हाम्रो देशलाई जबर्जस्ती धर्म निरपेक्ष घोषणा गर्नुमा यहाँका राजनैतिक व्यक्तिहरूको असक्षमता र अदूरदर्शिताको उपज हो । हुन त संविधानमा लेखियोस् वा नलेखियोस् योसँग हाम्रो देशको सापेक्षताको खासै मतलब छैन । किनकि यो भूमिमा धर्म छ, सदियौँदेखि नै मानवीय धर्म जीवित छ । तर निरपेक्षताका आडमा यहाँको जग नै भत्काएर अरु धर्मलाई स्थापित गर्न खोज्नु यो मातृभूमिप्रतिको धोका हो । त्यसको हिसाबचाहिँ यो देशका नागरिकले राख्नैपर्छ ।

विश्वका आम मानवहरू जसलाई राजनीतिका क्रुरतासँग पनि केही लिनुदिनु छैन, उनीहरू पूर्वीय दर्शनतर्फ आशाको नजरले हेरिरहेको बेला छ अहिले । भौतिकताले छियाछिया परेका मुटुमा प्रेम र मानवताको मलहम लगाउने क्षमता हामीमा बिद्यमान छ । यदि यो विश्वलाई कसैले कुनै मार्ग दिन सक्छ भने त्यो केवल पूर्वीय दर्शनले नै सक्छ । हामीहरू पूर्वीय दर्शनका प्रणेताको रूपमा गर्व गर्नुपर्नेमा आफ्नो धरातल भत्काएर रमाइरहेका छौँ । पूर्वीय दर्शनले नै विश्वलाई जीवन सिकाउन सक्छ । मानवलाई मानवकै रूपमा रहिरहन मार्ग निर्देश गर्छ । नेपाली धरातलमा हिन्दु र बौद्ध दर्शन छन् । धर्मभित्र रहेको अध्यात्मको ऊर्जा एवम् त्यहाँका गुणवत्तालाई विस्तार गर्न सकियो भने मानवहरूको जीवनमा सकारात्मक परिवर्तन आउनेछ, ताकि नेपाली धरातलमा टेकेर विश्वलाई मानवीयताको पाठ पढाउन सकियोस् । नेपाली समाजमा सापेक्षताको जरुरी छ, सकारात्मक सोचको जरुरी छ ।

## प्रतिभा र युवा पलायन

हो, हाम्रो देश नेपालले धेरै बुद्धहरूलाई लखेटेको छ, धेरै अरनिकोहरूलाई धपाएको छ । धेरै ज्ञानीहरूलाई कोर्रा लगाएको छ । धेरै लक्ष्मीप्रसादलाई भोकै सुताएको छ, कैयौँ पारिजातहरूलाई चिसो छिंडीमा पल्टाएको छ । धेरै प्रतिभावान व्यक्तिहरूलाई हेला गरेको छ । राज्यले नै प्रतिभावानहरू पलायन होउन् भन्ने चाहेको देखिन्छ । राज्यले उनीहरूको प्रतिभाको प्रस्फुटन हुनु त परै जाओस् जीवनदेखि नै निराश होऊन् जस्तोगरी छाडिदिने गरेको छ ।

यही दशा छ हाम्रो देशको । यसले युवा शक्तिलाई अगाडि आउन दिँदैन - दिन्छ त केवल दास मनोवृत्तिलाई । थोत्रा विचारको पिछलग्गु नभएसम्म युवा शक्तिलाई ढोका बाहिर नै राखिरहन्छ - आँधीबेहरी, असिनापानी र बाढी सहनका लागि ।

यो देशका धेरै सक्षम युवाहरू पलायन हुने क्रम जारी छ । देशको लागि केही गरौँ, यो देशको मुहार फेरेर विश्व रङ्गमञ्चमा अस्तित्वका साथ जिउन सकौँ भन्ने ध्येय लिएका युवाहरू प्रत्यक्ष, अप्रत्यक्ष रूपमा यहाँबाट धपाइन्छन् । विडम्बना नै मान्नुपर्छ - स्वतन्त्र अस्तित्व लिएर कुनै पनि सक्षम मानव यहाँ टिक्न सक्दैन । उसलाई कुनै न कुनै रूपबाट प्रहार गरेर शिथिल पारिन्छ । उसको ऊर्जालाई प्रवाह गर्नुभन्दा पहिल्यै दबाइन्छ ताकि कपटी र जाली फटाहाहरूको सत्ता नखोसियोस् । हाम्रो देशका धेरै प्रतिभावान युवाहरू विदेशी भूमिमा आफ्नो शक्ति खर्च गरिरहेका छन् । यो देशको लथालिङ्ग शैक्षिक वातावरणबाट दिक्क भएर उच्च शिक्षाका लागि गएको ठूलो युवा शक्ति परदेशमा पलायन छ ।

जो युवा स्वतन्त्र अभिव्यक्ति व्यक्त गर्दछन्, देशलाई सपना दिने ध्याउन्नमा लाग्दछन्, उनीहरूलाई अनेक तरहबाट निरुत्साहित पार्दछ राजनैतिक परिपाटि र राज्यसंयन्त्रले । राष्ट्रका लागि केही गर्ने सोच भएका युवाहरूको जोस पनि तिनै लोभीपापीहरूका कारण मेटिन्छ ।

हाम्रो देशको यही चरित्रका कारण देशका धेरै युवाहरू यहाँबाट पलायन भइरहेका छन् । ती प्रतिभाहरूलाई यही देशमा राख्न नसक्नु देशको अवनतिको कारण हो । अनि यहाँ भएका प्रतिभाहरूलाई निरुत्साहित गर्नु नै देशको वर्तमान दुर्दशाको कारण हो । त्यसैले पनि विदेशी भूमिमा गएर बस्ने नेपालीहरू स्वदेशमा बसेनन् भनेर कुनै गुनासो छैन । कमसेकम उनीहरूले सामाजिक सुरक्षाको अनुभवका साथ बाँच्न पाएका त छन् । श्रम गरेर आफ्नो जीविकोपार्जन त गर्न पाएका छन् । कमसेकम केहीहदसम्म त्यहाँ न्यायको व्यवस्था त छ । तर 'म जति टाढा भए पनि त्यो मेरो देश, सधैं मेरो मनले - सपनामा पाइला टेकेको हुन्छ' भन्दै भूपिका बाणी आत्मसात् गर्दै धेरै नेपालीहरू परदेशमा बसिरहेका छन् । उनीहरूका आत्मामा नेपाल छ, नेपाली माटोको सुवास छ ।

जीवन एक पटक हो । यो एउटा जीवनलाई हाम्रो देशको अस्तव्यस्त शासनका कारण बिनामूल्य र बिनाअर्थको बनाएर जिउनु पर्ने विडम्बना रहेको छ । यसबाट मुक्त गर्न नसकेमा अझै कैयौं पुस्ताले यहाँ यस्तै गरिबी, असमानता, हत्याहिंसा र अन्याय सहेर बस्नुपर्ने छ । त्यसैले युवाशक्ति देशबाट पलायन नहोओस् भन्नका लागि वर्तमान समाज सचेत हुनैपर्छ ।

युवा शक्तिलाई पलायन हुन नदिई यो देश र यहाँका नागरिकको सुन्दर भविष्यको निर्माणमा लगाउनु वर्तमान समयको दायित्व हो । वर्तमान समयमा देशका सचेत युवा वर्ग यो देशको सुन्दर भविष्य निर्माण गर्नका लागि आफै अगाडि बढ्नुपर्छ । आफ्नो भविष्य आफै निर्माण गर्ने दिशामा नवीन ऊर्जा र सोचका साथ युवाहरू अगाडि लम्किनु पर्दछ ।

## मेटिन लागेको हाम्रो फूलबारी

वि.सं. २०६३ सालको आन्दोलनपछि संघीयताको नाराले चर्को रूप लिएको छ । तर यो मागमार्फत् हाम्रो देशमा रहेको सामूहिकताको आदर्श र भावनालाई कमजोर पार्न खोजिँदै छ । हाम्रो समाजमा रहेको गहन र प्रबल सामूहिकताको भावनालाई कमजोर बनाउन खोजिएको छ ।

हाम्रो हिमालको आफ्नै अवस्थिति छ, पहाडको आफ्नै छ र तराईको आफ्नै छ । यी तीनवटालाई जोडेर नै हाम्रो देश नेपाल एक अनुपम बगैँचा बनेको छ । नेपालको यो लोभलाग्दो परिवेशमा राजनैतिक, सामाजिक र सामरिक क्षेत्रमा विदेशीहरूले आँखा लगाएकाले अहिले हाम्रो देशका यी मेरुदण्ड कमजोर पारिँदै छन् ।

देशलाई संघीयतामा लगेपछि विकास गर्न सजिलो हुन्छ भन्दै विगत ४ बर्षदेखि विभिन्न राजनैतिक पार्टीहरूले वकालत गर्दै आइरहेका छन् । तर संघीयता नामलाई यी पार्टीहरूले राजनीति गर्ने बहाना मात्र बनाएका छन् । हामीमध्ये कसैलाई संघीयताका पक्षमा लाग्न र कसैलाई बिपक्षमा लाग्नका लागि यिनै द्वैध चरित्रका राजनैतिक शक्तिहरूले प्रेरित गरेर हामी नेपालीका बीचमा एकआपसमा शत्रुता र कटुता बढाएर व्यवहार गर्न उक्साइरहेका छन् ।

पहिचान गुमाएका मानव जातिको पहिचान कायम गर्न राज्यले कदम उठाउनु पर्छ । राजनैतिक पार्टीहरूले पनि यसका पक्षमा कार्य गर्नुपर्दछ । तर काम गर्नु छैन केवल मुद्धालाई यता र उति पार्दै ती प्रमुख भनिएका पार्टीहरू नै एकआपसमा द्वन्द्व गर्दैछन् । अनि हामी नेपालीलाई पनि जबर्जस्ती पक्ष र विपक्षमा तानेर द्वन्द्वमा लम्काइरहिएको छ ।

हाम्रो देश सामाजिक फूलबारी हो । यसका प्रत्येक फूलको आआफ्नो महŒव रहेको छ । तर विकृत पद्धतिले उब्जाएको राजनैतिक प्रणालीका अभियन्ताहरू राज्यसत्ताको प्रयोग आफ्नो स्वार्थका लागि मात्र गर्ने प्रवृत्ति भएकोले राज्यले मालीको भूमिका निभाउन सकेको देखिँदैन । त्यसैले देशका सम्पूर्ण फूलको हेरचाहमा न्यायपूर्ण व्यवस्था भएको देखिँदैन । त्यस्तै अहिले पनि देशका सम्पूर्ण क्षेत्र र सबै मानिसको हितका लागि होइन कि लुटेराको भूमिका निभाउनेहरू आफूलाई देशको राजनैतिक शक्ति हौँ भन्दै देशमा सदियौँदेखि कायम रहेको सामाजिक सद्भाव खल्बलाउन लागिरहेका छन् । अनि त्यो सद्भाव खल्बलाएर आफ्नो स्वार्थ पूरा गर्नका लागि विदेशी शक्तिहरू पनि उत्तिकै दत्तचित्त भएर लागिरहेका छन् । तर यदि यी स्वार्थी तत्वहरू सफल भए भने यो बगैंचाका फूलहरू नै एकआपसमा लड्दै रहनेछन् र आफ्नो फूलको अस्तित्वका साथसाथै फूलबारीको अस्तित्व नै गुम्नेछ । अनि विदेशीहरू पर्खेर बसिरहेका छन् – कतिबेला यो फूलबारीमा ठाउँ खाली होला भनेर अनि उनीहरूले आफ्नै मुलुकका संस्कृतिका फूल रोप्नेछन् । अनि हामी हेरेको हेर्‍यै भएर आधुनिक दासमा परिणत हुनेछौँ, जो सँग आफ्नो मौलिकता हुनेछैन, जोसँग आफू को हुँ भन्ने चेत नै रहने छैन ।

## घ. दिशाविहीन यात्रामा हामी

विश्वका हरेक देशका इतिहासमा यस्तो दर्साइन्छ कि उनीहरूको देशको इतिहास गर्विलो थियो । तर केही आततायी देशका कारण वर्तमान नराम्रो बन्न पुग्यो । हरेक देशले आफूले गरेका युद्धहरू न्यायिक र साहसिक थिए भनेर आफ्ना नागरिकलाई पढाउँदछन् । तर अर्को देशलाई जहिले पनि क्रुर र दानवीय चरित्रको रूपमा दर्साइन्छ ।

हाम्रो देश पनि अछुतो छैन यस किसिमको परिपाटिबाट । इतिहासका विभिन्न कालखण्डमा तात्कालिक शासकवर्गको नालीबेली मात्र इतिहास बनेको छ । विदेशी शक्तिले गरेको आक्रमण र त्यसबाट मुलुकलाई जोगाएको कथा अनि देशभित्रैको शासनसत्तामा आन्तरिक छिनाभप्mटी नै हाम्रो देशको इतिहास बनेको छ । एक देशको रूपमा कहाँ पुग्ने भनेर हाम्रो देशले कहिल्यै निर्क्योल गरेन । लक्ष्य बनाएन । मानवीय विकासको कुन बिन्दुमा यो देशका नागरिकलाई पुर्‍याउने भनेर यो देशका नेतृत्वपङ्क्तिले कहिल्यै सोचेनन् । विभिन्न समयका क्रान्तिले केवल सत्ता र शासन परिवर्तन गरे तर देशलाई परिवर्तन गरेनन् । अहिले पनि हाम्रो देश लक्ष्यविहीन भएर हिँडिरहेको छ, कहाँ पुग्ने हो थाहा छैन । हाम्रो देश नेपाल एक त्यस्तो मुलुक हो जुन हिँड्दै छ तर गन्तव्य छैन, श्वास लिँदैछ तर धड्कन छैन, जिउँदैछ तर जीवन्तता छैन ।

हाम्रो देश नेपाल आदर्शविहीन देश बनेको छ जहाँ न कोही व्यक्ति, न कुनै विचार नै आदर्शको रूपमा स्थापित छन् । यहाँ सधैँ सत्ताको लुछाचुँडीमात्र छ आदर्श छैन । साहित्यका आदर्श लक्ष्मी प्रसाद र पारिजातलाई मानौंला, सङ्गीतमा पनि नारायण गोपाल, गोपाल योञ्जन, अरूणा लामा र तारा देवीलाई सम्भिmउँला तर मूल प्रवाहको राजनीतिका क्षेत्रमा हाम्रो देश नेपाल आदर्शविहीन र आधारविहीन मुलुक हो ।

हाम्रो देश नेपाल एउटा त्यस्तो देशमा परिणत भएको छ जहाँ केवल राजनीति मात्र छ । यहाँ न त प्रशासनिक व्यवस्था, सामाजिक व्यवस्था, न त सांस्कृतिक, न त आर्थिक व्यवस्था, कुनै पनि व्यवस्था स्वतन्त्र हैसियतमा छैनन् । समाज सञ्चालनको एउटा अङ्ग राजनीतिमा नैतिकता र चारित्रिक शुद्धता नहुँदा अन्य सम्पूर्ण पक्षमा पनि नैतिक शुद्धता छैन । एउटा अङ्ग राजनीतिमा धमिरा लाग्नासाथ समाज सर्वाङ्गीण रूपमा अपाङ्ग भइरहेको छ ।

यो सबैको कारण हो हामीले हाम्रो अस्तित्व र वैभवको परम्परालाई सदियौं पहिले नै त्यागिसकेका छौं । अन्यथा हाम्रा पूर्वजले वैदिक कालमै न्याय र समानताको व्यवस्थाको आधारशिला दिएर गएका थिए । सदियौँपहिले नै हामी मानव चेतनाको उच्च विन्दूमा पुगिसकेका थियौँ । त्यो सम्पन्नतालाई त्यागेर पश्चिमी भौतिकवादी सभ्यता र संस्कृतिको देखासिकीमा बाँच्नु नै हाम्रो दरिद्रताको कारण हो ।

हाम्रो देश एक स्वतन्त्र देशको रूपमा रहिरहेको छ - संयुक्त राष्ट्रसंघको सदस्यको तालिकामा तर विश्वमञ्चमा यो देशको उपस्थिति प्रभावहीन छ । विश्वको कूटनैतिक क्षेत्रमा नेपालको उपस्थिति नगण्य रहेको छ । हाम्रो देश नेपाल विश्व रङ्गमञ्चमा प्रस्तुत हुँदा नै गरिब, कमजोर र असफल राष्ट्र भनेर प्रस्तुत भएको छ । त्यसैले पनि राज्यको रूपमा हामी नेपालीले ‘नेपाल’ भनेर शीर ठड्याएर गर्व गर्न

सक्दैनौं । उही पशुपतिनाथ, सगरमाथा र बुद्धको देशको रट लगायो बस्यो । बरु स्वतन्त्र रूपमा विदेशी भूमिमा रहेका हाम्रो देशका नागरिकहरूको उपस्थिति प्रभावकारी छ । यदि हाम्रो देशको इज्जत र पहिचान छ विश्व रङ्गमञ्चमा भने यिनै छरिएर रहेको स्वतन्त्र नागरिकहरूका कारण मात्र हो । नत्र त उही सगरमाथा भट्याउनैपर्छ । नेपाल राष्ट्र उपस्थित छैन ।

## ङ. हामी मार्ग खोजीरहेका छौँ

हामी आम नेपालीहरू आ-आफ्नो पेसा र कर्म गरेर शान्तिपूर्वक बाँच्न चाहन्छौँ । राजनीति गर्ने, सत्ताको स्वाद लिने, प्रतिष्ठा कमाउने, हैकम जमाउने हाम्रो धारणा पनि छैन र त्यस्तो प्रकृति पनि छैन । हामी कर्म गर्छौं र दुई छाकको जोहो पनि गर्छौं । आफ्नो गास आनन्दपूर्वक खान पाउँ र आफ्नो निद्रा शान्तिपूर्वक निदाउन पाउँ भन्नु नै हाम्रो स्वार्थ हो । राज्यप्रतिको अपेक्षा यत्ति हो कि हाम्रो जीउधनको सुरक्षा गरिदियोस् । त्यसका लागि हामी कर पनि तिरिरहेकै छौँ । तर विडम्बना राज्यसत्ताका कतिपय अधिकारीहरू नै, प्रशासकहरू नै, कर्मचारीहरू नै हामीलाई लुटिरहेका छन् । आर्थिक क्षेत्र तहसनहस छ । कमिशनतन्त्र, कालाबजारी, घुसखोरीले देशलाई जर्जर बनाइसकेको छ । हामी आम नेपालीलाई विद्रोही बनाइरहिएको छ । हामीलाई जवर्जस्ती घृणा गर्न सिकाइएको छ । हामीलाई लोभ, लालच सिक्न बाध्य पारिएको छ । यथार्थमा हामीलाई हाम्रो सत्यताको धरातलबाट हुत्याएर असत्यको खाडलमा जाकिँदैछ । हामीलाई नेपालीत्वको बोधबाट पर धकेलिँदै छ ।

हामीलाई यी सबै कुरा थाहा छ । तर हामीसँग मार्ग छैन । राजनीति नै समाज सञ्चालनको एक मेरुदण्ड बनेको अवस्थामा हामी त्यसलाई बेवास्ता गर्दै अघि बढ्न पनि सक्दैनौं । तर हामीसँग नेपाली माटो सुहाउँदो र हाम्रो नेपाली आत्मालाई सम्बोधन गर्न सक्ने सैद्धान्तिक धरातल अहिलेसम्म देखिएको छैन । वर्तमानलाई सम्बोधन गर्न नसक्ने हो भने र वर्तमानमा देखिएका समस्यालाई सम्बोधन गर्दै अगाडि नबढ्ने हो भने यी सबै अवस्था थाहा पाएर पनि देशको रक्षार्थ केही गर्न नसकेको पीडा लिएर बस्दै पश्चात्ताप गर्नुसिवाय अरू केही बाँकी रहने छैन ।

तर अब हामी नेपालीहरू बिस्तारै जागिरहेका छौँ । हाम्रो सोझोपनको फाइदा उठाउँदै शासनका लोभीहरूले हाम्रो जीवनलाई दयनीय बनाएको र देशलाई हिंसाका मार्गमा लगिरहेको देखेर हामीलाई असह्य भएको छ । त्यसैले अब हामी विकल्पको खोजीमा छौँ । सायद, हामीलाई नेपाली प्रकृति सुहाउँदो राजनैतिक धरातल चाहिएको छ जसले यहाँको अन्तरङ्ग शक्तिलाई महसुस गरेको होओस् र नेपाली आत्मालाई आत्मसात् गरेको होओस् ।

### वर्तमान असक्षम राजनैतिक प्रणाली

वर्तमानमा अस्तित्वमा रहेका मूल राजनैतिक पार्टीहरूले यो देशलाई निकास दिन सक्दैनन् । देशलाई सधैं परिवर्तनमा मात्र धकेल्ने गरी राजनीतिको सत्ता लुछाचुँडीमा अभ्यस्त यी पार्टीहरूका नेतृत्व पङ्क्तिले देशलाई सकारात्मक रूपमा अगाडि बढाउन सक्दैनन् । सिद्धान्त र विचार केवल कागजमा मात्र लेखेर व्यवहारमा लागू नगर्ने यी पार्टीका सम्बाहकहरूमा सिद्धान्त र विचार अनुरूपको आचरण छैन । जब नेतृत्वमा नै विचार र सिद्धान्तलाई निर्देशन गर्ने आचरण छैन भने त्यस्तो पार्टी केवल सत्तामुखी र दिशाविहीन हुन्छ ।

नेपालमा भर्खर स्थापना भएको गणतन्त्र केही सीमित नेता, प्रशासनिक प्रमुखहरू, सुरक्षा निकाय प्रमुखहरू, पत्रकार र व्यापारीहरूको खेलौना बनेको छ । यो गणतन्त्र हिजो राजा हुँदाको राजतन्त्रभन्दा केही फरक छैन । तिनीहरूबाट उन्नति र सत्यमार्गको अपेक्षा गर्नु कोरा अन्धता मात्र हो । भ्रष्टाचारले देशका सम्पूर्ण अङ्गहरूलाई तहसनहस पारिदिएको छ । अन्याय, अत्याचार, भोकमरी र अमानवीय क्रियाकलापले देश पीडित बनेको छ ।

नागरिकको हक र अधिकार दिनुभन्दा पनि तिमीहरूलाई हामीले यो-यो कुरा दिएका छौँ है भन्ने भाव दर्साइएको छ । नागरिकले स्वाभाविकरूपमा पाउने हकअधिकारलाई दया गरेर, अनुग्रह गरेर दिएजस्तो गरिएको छ । आफ्नो स्वार्थको भकारी भरेर नागरिकतर्फ दयाको दाना फालिएको छ । नेताहरूको मुख्य कर्म भनेकै भ्रष्टाचार गरेर अकुत सम्पत्ति कमाउने र चुनावमा खर्च गर्नेमात्र भएको छ ।

वास्तवमा भन्ने हो भने अहिलेका राजनैतिक पार्टीहरूको औचित्य वर्तमानमा नीतिगत रूपमा समाप्त भइसकेको छ । देशको परिवर्तन गर्छौं भनेर आम मानवका बीचबाट आएकाहरूको चेतना उच्च हुन सकेन । उनीहरूको परिवर्तनको सपना सत्ता परिवर्तन र सत्ताको स्वादमात्र रहन गयो । उनीहरूले यो बिर्सेका छन् कि हरेक युगमा समाजका सचेत वर्गहरू नियालिरहेका हुन्छन् । उनीहरूले जब चेतनाको

मेरो नेपाल

मसाल जलाउँदछन् तब अज्ञानीहरूको सत्ता उखेलेर फालिन्छन् । त्यसैले अब कि त वर्तमानका राजनैतिक शक्तिहरूले नेपाली आत्माअनुरूपको लोकतान्त्रिक चरित्रलाई आत्मसात् गर्नुपर्दछ कि त अब त्यस्ता शक्तिलाई प्रतिस्थापन गर्दै देशका सम्पूर्ण सचेत मानिसहरू देशलाई मानवताको धरातलमा उभ्याएर सुशासन र सुव्यवस्था कायम गरी एक समुन्नत नेपालको निर्माण गर्नका लागि नयाँ राजनैतिक विकल्पका साथ अगाडि आउनुपर्दछ ।

## दृष्टिविहीन राजनैतिक नेतृत्व

वर्तमानका नेताहरू समस्या सिर्जना आफै गर्छन्, अनि त्यही समस्या समाधान पनि गर्न नजानेर अर्को समस्या निम्त्याउँछन् । अनि अर्को समस्या समाधान गर्ने नाममा अर्को महासमस्या जन्माउँदछन् । अनि धेरै पार्टी छन् एकअर्कालाई दोष लगाउँदै अझै गल्ती गर्छन् र समस्यामाथि समस्या थप्दछन् ।

नेपाली काङ्ग्रेस, नेकपाएमालेजस्ता पार्टीको चरित्र नै यस्तो देखिएको छ कि – चलिरहेको व्यवस्थाका विरुद्ध लड्नु । यति कामका लागि मात्रै यिनीहरूको अस्तित्व रहिरहेको हो जस्तै भएको छ । देशलाई मार्ग दिने हैसियत र क्षमता यिनीहरूमा देखिएन । यिनीहरू हिजो राणा शासनका विरुद्ध लडे, अनि निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध लडे, अनि आफै-आफैमा लड्दालड्दै सत्ताविहीन भएपछि राजासँगै लडे । अब यिनीहरू आफैले खुला राजनीतिमा ल्याएको माओवादीसँग मिलुञ्जेल सत्ता बाँडेर खाए । जब माओवादीले रणनीतिपूर्वक यिनीहरूलाई सत्ताबाहिर पारिदियो तब फेरि माओवादीसँगै लड्दै छन् । यिनीहरूले गर्ने कार्य केवल यत्ति मात्र हो जस्तो भएको छ । सत्तामा रहँदा देश र नागरिकलाई चटक्कै भुल्ने र अन्तरकलहमा नै रुमलिने चरित्र भएका यी पार्टीहरू जबजब अरू कुनै शक्तिले सत्ता लिन्छ तब नागरिकको हितका लागि भन्दै आवाज उराल्दछन् । नागरिक र देश शब्द यी राजनैतिक शक्तिहरूका लागि सत्तामा पुग्ने सिँढी मात्र बनेको छ । अनि यिनीहरू सधैँ प्रयोग हुन मात्रै रुचाउने हुनाले यिनीहरूलाई देशी विदेशी स्वार्थीहरूले प्रयोग पनि गरिरहेका छन् । अनि अर्को शक्तिको रूपमा उदाएको नेकपा एमाओवादी त झन खुला राजनीतिमा आएपछि आफ्नो चरित्रलाई छर्लङ्ग देखाइदिएको छ - सत्ताका लागि कम्युनिज्मको मूल आदर्श जातिविहीन विश्वको भावनालाई त्यागेर । अनि ऊ पनि नेपाली काङ्ग्रेस र नेकपाएमालेजस्तै सत्ताका लागि मात्र राजनीति गर्ने चरित्रको हो भन्ने प्रमाणित गरिसकेको छ ।

यी बिचराहरू हुन् । यिनीहरूको ज्ञान, क्षमता यति नै हो । यिनीहरूमा मानवीय चेतना जागेकै छैन । राजनैतिक पद्धतिका नेतृत्वकर्तामा सामाजिक र मानवीय ज्ञानको अभाव रहेको छ । यिनीहरूबाट बढी आशा गर्नाले नै देशले मानसिक वितृष्णा मात्र पाइरहेको छ । यिनीहरू यसरी रुमलिनुको कारण यिनीहरूले नेपाली समाज, संस्कृति, धर्मदर्शन, लोकपरम्परा र नेपालीपनलाई बुझ्न नसक्नु हो । हामी नागरिकहरू यिनीहरूलाई सच्याउनका लागि जतिसुकै चिच्याए पनि उनीहरूको बञ्जर मुटुमा हाम्रो आवाजले कम्पन गराउन सक्दैन । त्यसैले ती उजाड हृदयका पार्टीहरू अझै पनि चेताएनन् भने उनीहरूलाई त्यागिदिनु नै बुद्धिमानी हुन्छ । यदि देशको साँच्चि नै हित चाहने हो भने वर्तमानमा चलिरहेका राजनैतिक धारलाई त्यागेर नेपाली आत्मा अनुरूपको व्यवस्थाको स्थापना अत्यन्त जरुरी बनेको छ ।

## तर दोषको भागीदारी हामी आमनेपाली पनि हौँ .......

वर्तमानका राजनैतिक शक्तिहरू सबै दयनीय छन्, सबै बबुराहरू छन् । दोष कसैलाई पनि छैन । दोष छ नै भने उनीहरूको छ जो सबैकुरा बुझेर पनि जनजनमा गएर जागरण ल्याउने पहल गरेनन् । वास्तवमा भन्ने हो भने फड्के किनाराका साक्षीले देशलाई बर्बाद पारिरहेका छन् । के यहाँ बौद्धिक वर्ग छैन र ? के यहाँ चेतनशील वर्ग छैन र ? देश विदेशको अवस्थाको बोध भएको सचेत वर्ग छैन र ? तर सबै आ-आफ्नो सुरक्षित र सहजताको मात्र ख्याल गर्दछन् । भोलि देश बर्बाद भइसकेपछि त्यसको प्रहार आफैमाथि पनि पर्छ भन्ने थाहा हुँदाहुँदै पनि वर्तमान समयमा उनीहरू अगाडि बढ्न सकिरहेका छैनन् । एउटा कुनामा बसेर देशको चिन्ता गरिरहेको स्वाङमा रमाइरहेका छन् । हाम्रो यो सुन्दर देश र यहाँको मानवता यस्तै अकर्मण्य मानिसहरूबाट नै सबैभन्दा ज्यादा प्रताडित भइरहेको छ । अज्ञानी र अचेत मानवहरूले सत्ता चलाउँदाको परिणति यस्तै हुन्छ भन्ने थाहा पाउँदापाउँदै पनि र देश अन्धकारको खाडलमा जाकिइरहेको देख्दादेख्दै पनि र विखण्डनको सँघारमा पुग्दा पनि किनारामा बसेर ‘च्वच्व’ गर्नेहरू नै यो देशका अधोगतिका मूल कारण हुन् ।

मेरो नेपाल

# च. नेपालको वर्तमान भाँडभैलो अवस्था

**वर्तमानका लोकतान्त्रिक पार्टीहरूको चरित्र र यथार्थता**

बेलायत, अमेरिका र भारतको लोकतन्त्रको वकालत गर्ने नेपाली कांग्रेसले नेपाली माटोअनुरूपको लोकतन्त्रको अवधारणालाई लत्याइदियो । वीपीको फोटोमा बर्षको एकपटक माला चढाउने यो पार्टीले नेपाली भूमिका आधारशिला भत्काउनका लागि आफू पनि कम्मर कसेर लाग्यो र आफ्ना सहयात्रीहरू नेकपाएमाले, नेकपा एमाओवादी र राप्रपाजस्ता शक्तिलाई साथ दिइरह्यो । भ्रष्टाचार र अनैतिकतामा आफै चुर्लुम्म डुबिसकेपछि अरुका विरुद्ध आवाज उठाउने नैतिक अधिकार गुमाएको शक्ति हो यो शक्ति । नेकपा एमाले त यिनै नेपाली कांग्रेस र नेकपा एमाओवादीको बीचमा बसेर स्वार्थको लड्डुस्वरूप सत्तामा रहिरहनमा नै मस्त भयो । मार्क्स र लेनिनको फोटोमा पूजा गर्ने यो शक्ति सत्ताका लागि अनेकौं खेल खेल्ने र विदेशी शक्तिसामुसमेत लम्पसार परेर नेपाली स्वाभिमानलाई बन्धकी राखिदिने शक्ति हो यो ।

माओवादी रणनीतिक हिसाबले राज्यलाई दबाब दिएर अगाडि आएको शक्ति हो । एउटा सानो शक्तिलाई हौवाका भरमा देशको मूल शक्तिमा रूपान्तरण गर्ने भुल नेपाली काङ्ग्रेस र नेकपाएमालेजस्ता राजनैतिक पार्टीहरूले गरेका हुन् । सात-आठ हजार सेना भएको शक्तिलाई २० हजार सेनामा परिणत गर्दै संयुक्त राष्ट्रसंघलाई बेवकूफ प्रमाणित गरी अन्तरिम संसदमा नेपाली कांग्रेस बराबरको सिट लिएर, संविधानसभाको चुनावमा आफू अगाडि नआए देशमा अझै अस्थिरता र अराजकता फैलिने छ भन्दै नागरिकलाई घुर्क्याएर अगाडि आएको शक्ति हो, माओवादी शक्ति । तथापि हामी नेपाली नागरिकले माओवादीलाई स्वीकार गरेकै थियौं । एक हिसाबले नेपाली कांग्रेस र नेकपाएमालेजस्ता सत्ताकेन्द्रित राजनीति गर्ने देशको चरित्र बोक्न नसक्ने पार्टीबाट हामी नेपाली वाक्क भइसकेका थियौं । त्यस अवस्थामा नयाँ शक्ति बनेर उदाएको माओवादीलाई हामीले स्वीकार गरेकै हौं र त्यो विश्वास पनि दिएका हौं । तर के भयो त ?

हामीले संविधानसभामा सबैभन्दा ठूलो शक्तिको रूपमा पनि यो पार्टीलाई पठाएकै हौं । तर यसका क्रियाकलाप देशका हितका लागि देखिएनन् । यहाँको समाजको सहिष्णुता भत्काउने, यहाँ सदियौंदेखि रहिरहेको मूल्य र मान्यतालाई ध्वस्त पार्ने र देशलाई पूर्णरूपले तहसनहस पार्ने सोच छ भन्ने नै देखियो । अनि उसले त यो देशमा यहींको धरातललाई होइन कि विदेशी शक्तिका लागि उपयुक्त वातावरण बनाउनमा नै आफ्नो ध्यान केन्द्रित गरेको जस्तो देखिन्छ ।

यदि होइन यी सबै राष्ट्रहितका लागि सोच्दछन्, यो देशको माटोको सम्मान गर्दछन् भन्ने हो भने यो भूमिमा मार्क्स, लेनिन र माओको फोटो ल्याएर पुज्ने तर बुद्धको दर्शनलाई किन दुत्कारिन्थ्यो त ? विश्वशान्तिको उद्घोष गर्ने यो भूमिका ऋषिमूनिका उपदेशलाई किन जलाइन्थ्यो त ? स्वयम्भू र पशुपतिनाथ, जनकपुर र लुम्बिनीजस्ता नेपाली आत्माले श्रद्धा गर्ने स्थलमा गएर नेपाली आस्था र विचार, ज्ञान र श्रद्धालाई यिनीहरूले कहिल्यै पुजेनन् । नेपालीहरूले आस्था र श्रद्धाले ढोग्ने ठाउँमा यिनीहरूले कहिल्यै शीर झुकाएनन् । तर विदेशी शक्तिहरूका अगाडि आफ्नो शीर त झुकाए नै हामी नेपालीलाई प्रतिनिधित्व गर्छौं भन्दै हाम्रो स्वाभिमानलाई पनि झुकाइरहेका छन् ।

वर्तमान राजनैतिक नेतृत्व नागरिकप्रति उत्तरदायी र जवाफदेही देखिन सकेन । बोली, व्यवहार र सिद्धान्तमा तालमेल राख्न उनीहरूले आवश्यक देखेनन् । जब कुनै नेतृत्व जो राजनीति गर्छ ऊ जनमतप्रति जवाफदेही हुँदैन भने स्वेच्छाचारी शासन पद्धतिको सुरुवात हुन जान्छ ।

सिद्धान्तको राजनीति गर्ने नाममा अर्को विसंगति राजनैतिक पार्टीहरूको स्वार्थ बाँडफाँडको नाममा हुने सम्झौता र समझदारी पनि हो । काले-काले मिलेर खाउँ भन्ने मान्यता र स्वार्थपरक दृष्टिले ओतप्रोत नेतृत्वले नागरिकको अगाडि तिरस्कारबाहेक अरु केही पाउन सकेका छैनन् ।

**अहिलेको झगडालाई डाँडाबाट हेर्दा ......**

मेरो नेपाल

यत्रो राज्यको पुनःसंरचना भनेर राज्यको जग हाल्न लागेका छन् । घरको जग हाल्ने कुरा छ । बारीमा मकै छर्ने बेलामा त सियोमा हाल्नुपर्छ । दायाँबायाँ भयो भने त्यो बीउ फस्टाउँदैन । तर यिनीहरूको झगडा त जग कहाँ हाल्ने भन्नेमा होइन कि कस्ले जग हाल्ने ? ढुङ्गो ठूलो कस्ले हाल्ने ? भन्नेमा छ । ४ जना काम गर्ने मान्छे छन् । घर कता फर्काउने ? यसको आकार कत्रो हुने, माथिको आकार कस्तो बनाउने ? काठ कस्तो हाल्ने ? इँटाको बनाउने कि ढुङ्गाको ? अथवा यसलाई कसरी बलियो बनाउने भन्दा पनि मेरो कुरा कसरी पार्ने भन्नेमै कामदारहरू केन्द्रित भएपछि घर कहाँबाट बन्दछ र ?

अनि तिनै जनप्रतिनिधि भनिएकाहरू कोही व्यक्तिगत स्वार्थ हेर्नेहरू, कोही विदेशीको स्वार्थका प्रतिनिधि र अरुको आदेशमा चल्नेहरू, आफ्नो विवेकमा नचल्ने र अरुले आफूलाई कसरी परिचालन गरिरहेको छ भन्ने पनि थाहा नपाउनेहरूका कारण संविधानसभा एउटा हाँस्यास्पद र असक्षमहरूको भीडस्थल बन्यो ।

गलत परम्परामा गलत नेतृत्व र अरुबाट परिचालित नेतृत्वले देशलाई निकास पनि दिँदैन र विकास पनि दिँदैन । अनि देशलाई दीर्घकालीन मार्ग पनि दिँदैन ।

हुन त अहिलेको झगडा हाम्रो समाजको होइन, दलहरूको पनि होइन । झगडा त स्वार्थी समूहहरूको हो । यो देशका वर्तमान राजनैतिक पार्टीहरू र नेताहरू त निमित्त मात्र हुन् । अमेरिका, भारत, चीन र युरोपियन देशहरूका अलगअलग स्वार्थ समूहका प्रतिनिधिहरूको झगडामा देश परिरहेको छ ।

विश्वका सारा मजदुरहरू एक हौं भन्ने सिद्धान्तलाई मान्छौं भन्नेहरू 'जातीय राज्य लिऊ र भिडेर पनि लिऊ' भन्दै हामीहामीलाई भड्काउँदै सामाजिक सद्भाव बिथोलिरहेका छन् । समाजवादी भनिनेहरू सत्ताका लागि जस्तोसुकै सम्झौता गरिरहेका छन् । यिनीहरू नेता हुन् वा भँडुवा ? यी त होसै नभएर दयनीय बनेका दरिद्र मानिस हुन् ।

फेरि यिनीहरू माया नै गर्नुपर्ने विचरा होइनन्, बदमास हुन् । यिनीहरूले नेतृत्वका नाममा देशलाई गुमराहमा पारेर नेपाली इतिहासलाई नै कलङ्कित पार्दैछन् । यिनीहरूले अहिले हाम्रा स्थापित मान्यताहरूलाई प्रहार गरिरहेका छन् । एकताको सूत्रमा जुटिसकेका हामी नेपालीलाई टुक्राउँदै छन् ।

वास्तवमा, अरुले अह्राएको काम गर्ने मानिस नेता होइन । हामीकहाँ त सबैजसो अरुले अह्राएको मान्नेहरू नै नेता मानिएका छन् । तर यस्तालाई नेता मान्ने दोष त हामी नेपालीले पनि लिनैपर्छ ।

**संविधान नै बनाउन असक्षमहरू ......**

वि.सं. २०६९, जेठ १४ मा संविधान जारी हुनुपर्ने भनेर सर्वोच्च अदालतले सरकारलाई निर्देशन दिएको थियो । नेपाली नागरिकले दिएको २ वर्षमा संविधान निर्माण गर्न नसकेपछि संविधानसभाका सदस्यहरूले पटकपटक गरी थपेको अर्को २ वर्ष पनि त्यतिकै खेर गयो र अन्ततः संविधान सभा संविधान नै नबनाई समाप्त भयो । तर संविधान सभामा सवैभन्दा बढी सदस्य भएको नेकपा एमाओवादी, दोस्रो ठूलो शक्ति नेपाली काग्रेस र तेस्रो शक्ति नेकपाएमालेजस्ता पार्टीहरू अझै पनि संविधान बनाउने त हामीले नै हो भन्न छाडेका छैनन् । जबकि यिनीहरू कसैले पनि नेपालको संविधानको जग के हो र के हुनुपर्छ भन्ने नै बुझ्न सकेका छैनन् । यथार्थमा यिनीहरूलाई नेपाली भूमिको शक्तिको बोध नै छैन ।

संविधानको जग हाल्दा यी विभिन्न दिशातिर फर्केका नेताहरू कोही माटोको बनाउने भन्दछन् त कोही ढुङ्गाको । अनि कोही पानीको बनाउने भन्दछन् त कोही रगतको । तर देशको जग केलाई बनाउने हो, देशको आधारस्तम्भ केलाई बनाउने हो भन्नेमा ध्यान दिएका देखिँदैनन् । अहिलेका नेताहरू त ज्यादा से ज्यादा छिमेकी देशको स्वार्थ र पश्चिमी देश (अमेरिकी र युरोप) को डलरलाई नै आधार बनाउने हो भन्दै एकआपसमा नै झगडा गरिरहेका देखिन्छन् ।

मानवीय एकता, सहिष्णुता, सामाजिक सद्भावना, सेवाभाव र सहयोगको भावना नै नेपाली धर्तीका जग हुन् । यही जगमा आधारित रहेर देशको मूल कानून बनाउनु पर्नेमा यिनै जगलाई भत्काएर घृणा, द्वेष, अभिमान, अहङ्कार र अज्ञानतालाई संविधानको आधारशिला बनाउन उद्यत हुने यी र यस्ता शक्तिहरू सिर्जना होइन कि ध्वंशमात्र गर्न जानेका छन् । विदेशी शक्तिको आदेश र निर्देशनमा विदेशी स्वार्थलाई स्थापना गर्ने संविधान बनाउन उद्यत हुनेहरू स्वयम् संविधान लेख्न पनि जान्दैनन् । त्यसैले यिनीहरूबाट यो देशको संविधान बन्न कहिल्यै पनि सक्दैन । अनि यिनीहरूमा यो देशलाई सञ्चालन गर्ने क्षमता पनि छैन ।

मेरो नेपाल

## ... तर पनि संविधान त लेखिनै पर्छ

संविधान सभा बेकारको चीज रहेछ भन्ने त प्रमाणित गरिसकेका छन् राजनैतिक दलहरूले । त्यो त केवल विदेशी धर्मलाई देशमा जबर्जस्ती लाद्ने योजना, देशलाई कमजोर बनाएर विदेशी शक्तिको स्वार्थको रक्षा गर्ने षड्यन्त्र र देशलाई अनिश्चिततताको भुमरीमा रुमलाएर सर्वसत्तावाद लाद्ने चाहनामात्र रहेछ । संविधान लेख्नका लागि ६०१ जना पठाउँदा पनि सकेनन् । अझै पनि यिनीहरूले गर्न सक्छन् भनेर कसरी विश्वास गर्नु ? त्यसैले संविधान सभाको पुनर्स्थापना गर्नुपर्छ भन्ने तर्क ठीक छैन । अनि फेरि पनि संविधान सभाको निर्वाचन गरेर अझै केहीवर्ष त्यही संविधान सभाका नाममा देशको समय बर्बाद पार्नु पनि हुँदैन ।

संविधानबिना देश चल्दैन । संविधान बनाउन फेरि संविधान सभाको होइन कि बरु देशका वास्तविक बुद्धिजीवी, शैक्षिक, आर्थिक र सामाजिक क्षेत्रका विशेषज्ञ सम्मिलित सरकारको निर्माण गरी त्यही सरकारले संसदको चुनाव गर्ने र त्यही संसदले छ महिनाभित्र समृद्ध र शान्त नेपालको संविधान जारी गर्नुपर्छ ।

## जातीय नारालाई सम्बोधन गर्नैपर्छ

अहिले अनेकौं मानव समाजहरू अधिकारका लागि जातीय पहिचानसहितको राज्य हुनुपर्छ भन्ने माग अगाडि बढाइरहेका छन् । कतिपय मानव समाजलाई राज्यले बेवास्ता गरेका कारण उनीहरूको अवस्था कमजोर भएको हो नै । हिजोका दिनमा न्यायको व्यवस्था नहुँदा देशको सर्वाङ्गीण पक्षमा विकास नभएको हो । यी कुरालाई राज्यले आफै अगाडि बढेर सम्बोधन गर्नुपर्ने पक्ष हुन् । अहिले जब ती पिछडिएका मानव समाजहरू आफ्नो परिचयका लागि अगाडि आएका छन् भने उनीहरूलाई राज्यले देशको मूलधारमा ल्याउनबाट चुक्नु हुँदैन, उनीहरूको भावनाको सम्मान गरिनुपर्छ । राज्यले त्यसलाई सम्बोधन नगरी मौन रहनु हुँदैन । त्यसलाई सम्बोधन गर्न ढिला गरेर देशमा सदियौंदेखिको सामाजिक सद्भावलाई खल्बलाउने अवस्था राज्यले ल्याउनु हुँदैन । हामी सबै नेपाली हौं भन्ने मूल कुरालाई ध्यानमा राखेर अहिलेको मुद्दालाई सम्बोधन गर्नैपर्छ । अहिले विभिन्न जातीय कित्ताका नेपालीहरूले आफूहरूले पनि देशमा परिचय पाउनुपर्ने, राज्यको मूलधारमा समाहित भएर नेपाल देशको नागरिक हौं भन्ने गर्वका साथ बाँच्न पाउनुपर्ने, केवल सत्तामा बस्ने केही व्यक्तिहरूमा मात्र देशको स्रोत र साधन सीमित हुन नहुने भन्ने आवाज उठाएका छन् । यो आवाज देशको मायाका कारण आएको आवाज हो । उनीहरूको त्यो आवाज दबाउने हक राज्य संयन्त्रलाई छैन । त्यसको सम्बोधन हुनैपर्छ । अनि हरेक मानव समाज सतर्क पनि रहनुपर्छ कि कतै यो देशको उन्नतिको आफ्नो पवित्र आवाजमा कुनै स्वार्थी तत्वले फाइदा लुटिरहेको त छैन ? अधिकारको नाममा हामीलाई भुलाएर त्यसबाट फाइदा लिने देशीविदेशी स्वार्थी तत्व त छैनन् ? यसमा सतर्क हुनैपर्छ । अनि राज्यले समानताको सिद्धान्त लागू गरी देशका सम्पूर्ण मानव समाजले समान हक र अधिकार पाउनुपर्छ । सकेसम्म चाँडो देशको मूलधारमा ल्याउने नीति ल्याएर आरक्षण गर्नुपर्ने गरी कमजोर बनाइराख्ने अवस्थालाई चाँडोभन्दा चाँडो अन्त्य गर्नुपर्दछ ।

अन्यायमा परेका मानव समाज र समूहले अधिकार पाउनैपर्छ । पिछडिएका वर्गलाई सबलीकरण गरी राज्यको मूलधारमा ल्याउनैपर्छ । सामाजिक र साँस्कृतिक रूपमा सम्पन्न देशका अनेकौं संस्कृतिलाई अगाडि बढाएर देशको गरिमालाई अझै उँचो बनाउन पनि राज्यले कन्जुस्याइँ गर्नुहुँदैन ।

हाम्रो देशको विविधता विश्वमै अनुपम छ । त्यही विविध संस्कृतिलाई संरक्षण र उत्थान गर्दै त्यो नेपाली संस्कृतिलाई विश्वमै अनुपम पहिचानको रूपमा स्थापित गर्न सकिन्छ ।

## साँचो लोकतन्त्रको अभ्यासको थालनी हुनुपर्छ

देशमा सच्चा लोकतन्त्रको अभ्यास हुनुपर्छ । प्रत्येक नागरिकलाई यो अधिकार होओस् कि कोशी, गण्डकी र कर्णालीको पानी बेच्दा आफ्नो मत दिन पाओस् । यदि आफ्नो देश र आफ्नो हित वा अहितका बारेमा बोल्ने वा निर्णय गर्ने अधिकार नागरिकलाई हुँदैन भने त्यो प्राचीन ग्रीकको लोकतन्त्रभन्दा केही फरक हुँदैन जहाँ केही व्यक्तिहरूले निर्णय गर्दथे जबकि हजारौं नागरिक र दासहरूको आवाज सुनिदैन्थ्यो र उनीहरू के सोच्दछन् भन्नेसम्म पनि सोधिदैन्थ्यो । हामीकहाँ पनि हामी नागरिकहरू दाससरह बनाइएका छौं जहाँ हामी र हाम्रो देशको भविष्यको बारेमा निर्णय गर्दा हामीलाई नै सोधिदैन । यही आधुनिक दास लोकतन्त्रबाट मुक्त गर्नु पनि अब जरुरी बनेको छ ।

हरेक राष्ट्रिय मुद्दामा जनमत संग्रह गर्नुपर्छ । यसमा कुनै पनि पार्टीले प्रचारात्मक क्रियाकलाप गर्न नपाउने बनाउनुपर्छ किनकि नागरिक पार्टीका सम्पत्ति होइनन् देशका अङ्ग हुन् ।

## छ. भ्रमित राजनीति

लिच्छविहरूले आफ्नो शासनको कुनै दिन समाप्ति हुन्छ भन्ने सोचेनन् । मल्ल राजाहरूले त एउटा सानो राज्य गोर्खाले यति शक्तिशाली नेपाल उपत्यकालाई परास्त गरी आफ्नो शासन व्यवस्था ल्याउँछन् भन्ने पनि कहिल्यै सोचेनन् । बरु उल्टो आफूआफूहरू एकआपसमा लडिरहे । राणाहरूले पनि कुनै दिन आफूहरूको सत्ता उखेलिन्छ भन्ने सोचेनन्, आफ्नै आन्तरिक कलहमा रुमलिइरहे । नागरिकमा आफूहरूलाई शोषण र अत्याचार गरिएको छ भन्ने बोध भएपछि आफूहरूको सत्ता उखेलेर फाल्छन् भन्ने सोचेनन् । पञ्चायती व्यवस्थाका आडमा अत्याचार गर्ने शासकले पनि त्यो व्यवस्था सधैं रहिरहन्छ भन्दै आफूहरू निर्विकल्प भएको घोषणा गरे । हुँदाहुँदै लामो इतिहास बोकेको राजतन्त्रका उत्तराधिकारीले यहाँको समाजको मूल्य र मान्यतालाई अपनाउन नसक्दा त्यो राजसंस्था नै समाप्त भयो ।

शासनसत्ताले जब देशको मूल्य र मान्यतालाई उखेलेर फ्याँक्न थाल्दछ, जब आम नागरिकको हितका लागि कार्य नगरी केवल आफ्नो मात्र स्वार्थ हेर्दछन् तब नागरिकहरूले त्यस्तो व्यवस्थालाई मिल्काइदिन्छन् भन्ने सामान्य ज्ञानसमेत नभएका वर्तमानका राजनैतिक पार्टीहरू र तिनका नेताहरूको चरित्रले फेरि एकपटक देशमा परिवर्तनको आवश्यकतालाई औंल्याएको छ ।

हाम्रो देशमा रहेको सामाजिक एकता, धार्मिक सहिष्णुता, साँस्कृतिक सम्पन्नता, प्राकृतिक स्रोत र साधनको सम्पन्नतालाई बेवास्ता गरी भौतिकतालाई नै सबैथोक भनेर नाङ्गो सभ्यतालाई उच्च मान्ने पश्चिमी भौतिकवादी सभ्यतालाई यहाँ खेल्न दिएर अहिलेका राजनैतिक पार्टी र तिनका नेताले गल्ती गरिरहेका छन् । उनीहरू यति अचेत छन् कि उनीहरूले देशका विरुद्धमा कार्य नगर भनेर आवाज उठाउने आम नागरिकको आवाजलाई बेवास्ता गरी उल्टो आआफ्ना पार्टीका शत्रुका रूपमा किटानी गरिरहेका छन् । देश र मानवताका लागि बलिदानी चढाउने नेपाल आमाका सपूतहरूको साहस र इमानलाई विदेशी शक्तिका सामुमा झुकाइरहेका छन् । तथापि तिनीहरू सोच्दछन् कि हाम्रो सत्ता सधैंभर रहन्छ र हामी नै यो देशका सबैथोक हौं । हुन त हिजोका अदूरदर्शी शासकले पनि त्यस्तै सोच्दथे ।

अहिलेका शासकवर्गहरू पश्चिमी सभ्यताले एउटा सुकिलो थैलोमा हालेर ल्याएको आर्थिक उदारवाद, मानवअधिकार, विकास र स्वतन्त्रताजस्ता शब्दको आडमा हाम्रो देशमा सदियौंदेखि रहेको मानवीय चेतना, मूल्य र मान्यता, नेपाली लोकपरम्परालाई निमिट्यान्न पार्न लागिरहेका छन् । तर पनि यिनीहरू सोच्दछन् यो विकास हो । के गर्दा राम्रो हुन्छ, के गर्दा राम्रो हुँदैन भन्ने चेतना नै नभएका बुद्धुहरू, विदेशीहरूको सल्लाहबिना एक पाइला पनि हिँड्न नसक्ने अपाङ्गहरू, विदेशीहरूको आडभरोसाबाहेक एक शब्द पनि बोल्न नसक्ने आफ्नो आवाज गुमाएका लाटाहरू, देशमा भइरहेको सहिष्णुता र सम्पन्नतालाई भत्काएर रमाउने पश्चिमी दृष्टिविहीन प्रणालीका प्यादाहरू सोच्दछन् कि हामी नै यो देशका मसिहा हौं । यिनीहरूलाई यति पनि चेत छैन कि देशका नागरिकले यो सबै नियालीरहेका हुन्छन् । अनि नागरिकलाई यति बेवकूफ सम्झेका छन् कि धम्कीको भाषा बोल्दछन् । हिजो पनि अत्याचारी र दृष्टिविहीन शासकले यस्तै गर्दथे ।

त्यसैले अब गाउँगाउँ र बस्तीबस्तीबाट आम नागरिकहरू फेरि एकपटक उठ्नु परेको छ । देशको सचेत वर्ग पनि आफ्नो घोर निद्राबाट उठेर अघि बढ्नु परेको छ ताकि यहाँ मानवता र विवेकसहितको न्यायपूर्ण शासनपद्धति स्थापित होओस्, हामी नेपालीको सहिष्णुता, भाइचारा, आपसी सद्भाव, मानवीयता, सामाजिक सौहार्दताजस्ता हाम्रा मूल्य र मान्यताको रक्षा होओस् ।

**निष्कर्षमा भन्नुपर्दा** ......

मानव जीवनका उच्च आदर्श र दर्शन भएको हाम्रो देश, आर्थिक रूपमा समृद्धताको यति सम्भावना, प्राकृतिक रूपमा यति सुन्दर र विविधता बोकेको देश, मानिसहरूमा रहेको सामूहिकताको भावना रहेको देशमा पनि यस्तो कायर र षड्यन्त्रले भरिएको इतिहास, सत्ताकेन्द्रित राजनैतिक शक्ति र तिनका नेताहरूको सत्तामोह, सामाजिक र आर्थिक दरिद्रताको इतिहास पढ्नु हाम्रो रहर होइन बाध्यता हो । अब पनि हाम्रा भावी पुस्ताले यस्तै षड्यन्त्रपूर्ण इतिहास, सत्ताकेन्द्रित राजनैतिक चरित्र र अन्यायका शृङ्खला पढून् भन्ने होइन कि एक समृद्ध नेपालको इतिहास पढून् भन्नका लागि परिवर्तन गर्नु जरुरी छ ।

यी सबै अव्यवस्थाका बीचमा पनि हाम्रो देशमा एक उन्नत राजनैतिक व्यवस्थाको स्थापना गर्न सकिने सम्भावना रहिरहेको छ । हामी नेपालीहरू एकै जाति हौं भन्ने भावना यहाँ सदियौँदेखि नै जीवन्त रहेको छ । अझ मानवता यहाँका बासिन्दाको मूल धर्म बनेर रहेको छ । मानव मात्र होइन सृष्टिका सम्पूर्ण प्राणी हाम्रा मित्र हुन् भन्ने यहाँको आध्यात्मिक भावना अहिलेसम्म पनि सुषुप्त रूपमा जीवित रहेको छ । त्यसैले पनि यहाँको भूमिमा एक समुन्नत र विशुद्ध सेवाको भावनाको राजनैतिक प्रणालीको पनि स्थापना गर्न सम्भव देखिन्छ ।

मेरो नेपाल

# सङ्कीर्णतामा अल्मलिएका हामी

हामी सामूहिक पद्धतिलाई अपनाउने, कर्ममा विश्वास गर्ने, आफ्नो पौरख र मेहनतमा विश्वास गर्ने, आफ्नो मौलिकता, कला, परम्परालाई अपनाउने धर्तीका सन्तति हौँ । तर पनि हामीले विस्तारै हाम्रो मूल शक्तिलाई बिर्सिरहेका छौँ ।

हामी अहिले आदर्श विर्सेका आदर्शवादी र कर्म बिर्सेका आशावादी भएका छौँ । एउटा गणतन्त्र ल्याइदियो अनि त्यही गणतन्त्रले नै सबैथोक गर्छ भन्ने सोचमा बस्यो । एउटा प्रजातन्त्र ल्याइदियो अनि त्यही प्रजातन्त्रले नै सबैथोक गर्छ भन्ने सोच हामीमा रह्यो । हामी आम नागरिकको यही स्वभाव नै कमजोरी बन्यो र त्यस कमजोरीको फाइदा उठाउँदै स्वार्थी तत्वले देशको आन्तरिक अस्तित्वमा खेल्ने मौका पाइरहेका छन् । जब हाम्रो आफ्नै मौलिक परम्परा र हाम्रो शक्ति अगाडि बढ्दछ तब देश समृद्धतातिर जान्छ । संस्कारयुक्त, मानवीय मूल्यलाई आत्मसात गरेको, सामूहिक स्वार्थ र सिर्जनालाई प्रस्फुटन गर्ने प्रणालीको विकास हुन जान्छ । तर हामीले आफ्नो कर्मलाई त्याग्यौँ, हाम्रो मौलिक पद्धतिलाई भुल्यौँ । भएको जिम्मेवारी जति सबै राज्यलाई दियौँ अनि राज्यशक्तिमा पनि केही पनि नबुझेका मानिसलाई पठायौँ । त्यसैको दुष्परिणाम अहिले हामी नेपालीले भोगिरहेका छौँ ।

हामी नेपालीहरू अब त केही राम्रो हुन्छ कि भन्दै आशा गर्दै बसिरहन्छौँ । तर हाम्रो आशालाई यहाँको राजनैतिक चरित्रले निराशामा बदलिदिन्छ । सत्ताका लागि छिनाझप्टी गर्ने राजनैतिक चरित्र थाहा पाउँदापाउँदै पनि हामी उनीहरूले देश र नागरिकको हितमा काम गर्छन् कि भनेर आशा गर्छौं । कहिलेकाहीँ फेरि राम्रो गरिहाल्छन् कि भन्ने सोच्दछौँ तर फेरि हाम्रो आशा निराशामा परिणत हुन्छ । हामी वर्तमानका राजनैतिक शक्तिहरूले नै देशलाई उँभो लाउँछन् र लाउँदैनन् भन्ने संशयमा नै रुमलिरहन्छौँ । सत्तामोहीहरू आ-आफ्ना निहीत स्वार्थमा रहिरहने हुनाले देशले सही मार्ग पाउन सक्दैन । हामीलाई थाहा छ कि वर्तमानमा देखिएका राजनैतिक प्रवृत्तिले हामी र हाम्रो देशको भविष्यलाई सम्बोधन गर्दैनन् भन्ने । तर पनि हामीहरू यिनीहरूकै आशामा बसिरहेका छौँ । यो अवस्था देशका लागि दुर्भाग्य हो ।

अर्कोतिर हामी आमनेपालीहरू पनि स-साना कुराहरूमा अल्मलिइरहेका छौँ । हामीले हाम्रो नेपाली आत्मालाई महसुस गर्न चुकिरहेका छौँ । त्यसैले त लोभ, स्वार्थ र भौतिक सुखसुबिधाको मात्रै लोभमा हाम्रो देशमा रहेको मानवतालाई हामी आफैले ओझेलमा पारिरहेका छौँ ।

## हामीले लिएको अस्पष्ट बाटो

हामी नेपालीले हिँड्ने बाटो नै निर्दिष्ट गरेका छैनौँ । हामीहरू कहिले लोकतन्त्र नै नबुझेका राजनैतिक पार्टीहरूलाई समाजवाद र पूँजीवादको जिम्मा दिन्छौँ त कहिले कम्युनिज्म अँगालेको पार्टीलाई जबर्जस्ती लोकतान्त्रिक व्यवस्थामा अटाउनका लागि बाध्य गर्छौं । अनि यी दुवै विचारका बीचमा सङ्घर्ष हुन्छ त केवल एउटा चीजका लागि मात्र, त्यो हो सत्ता । सत्तामा पुगेर देशको ढुकुटीमा आफ्नो हालीमुहाली गर्न पाउनु नै यहाँ सत्ता र राजनीतिको पर्याय बनेको छ । यथार्थमा राजनीति भनेको मानवको भौतिक आवश्यकता पूरा गर्नका लागि र मानवलाई सामाजिक, आर्थिक सुरक्षाको प्रत्याभूति दिलाउने एक संयन्त्र हो । राजनीति भनेको समाज व्यवस्थापनको एक माध्यम हो । तर हामीले हाम्रो राजनैतिक धार नै स्पष्ट गर्न सकेका छैनौँ । हामीले हाम्रो देश नेपालको चरित्र निक्यौंल गरी यहीँको धर्तीअनुरूपको व्यवस्थाको खाका तयार नै गरेका छैनौँ । त्यसैले त हामी रुमलिइरहेका छौँ ।

## हाम्रो चाकडी प्रवृत्ति

हामी नेताहरूलाई गाली त गर्छौं तर मौका पाउनासाथ हामीमध्ये कतिपय त आफ्नो स्वार्थसिद्धिका लागि आफ्नो स्वाभिमानलाई पनि बेच्दछौँ । हिजो गाउँदेखि केन्द्रसम्म चाकडी गर्ने प्रचलन थियो । गाउँका जिम्मावाल, मुखिया, प्रधानपञ्च, बडाहाकिम, मन्त्री, प्रधानमन्त्री, राजा, रानी लगायतकाको चाकडी गर्ने हाम्रो संस्कार थियो । अनि हामीमध्ये कतिपयले त ठूलाठालूका लागि जासुसको काम समेत

गर्दथ्यौँ र गर्दै पनि छौँ । अर्काको चियोचर्चो गरेर आफ्नो मालिकको बफादारिता निभाउने संस्कार अझै पनि हामीकहाँ विद्यमान छ । हाम्रा प्रशासकहरू, शासकहरू त्यही संस्कारका छन् त्यसैले उनीहरू हाम्रो चाकडी खोज्दछन् । हामी पनि त्यही संस्कारका छौँ, त्यसैले हामी चाकडी बजाउछौँ । पहिले-पहिले घिउ, सुकुटी, खसी चाकडीका वस्तु बन्दथे अहिले त पैसा दियो आफ्नो काम बनायो । अनि जस्ले काम गरिदिने हो उसले घिउ खान छाडि सक्यो त्यसैले पैसा लियो अनि विदेशी रक्सी किनेर खायो । हामी आफ्नो क्षमता बढाउन होइन आफूभन्दा ठूलाबडालाई रिझाउनका लागि प्रलोभनको सहारा लिन्छौँ । देशभित्र मात्र होइन हामीकहाँका कतिपय राजनैतिक र प्रशासनिक व्यक्तिहरू विदेशी शक्तिप्रति पनि चाकडी भक्ति गर्ने गर्दछन् भनेर हामीले सुन्दै र भोग्दै आइरहेका छौँ । हामीमा अन्तरनिहीत यो चाकडी प्रवृत्ति हाम्रै मुलुकका लागि र हाम्रै भावी पुस्ताका लागि घातक बन्ने निश्चित छ ।

## हाम्रो कुरौटे संस्कार

अर्को हाम्रो संस्कार हो - कुरौटे संस्कृति । अफिसमा, घरमा, टोलटोलमा, स्कुल कलेजमा, देशको राजनीतिमा हामी कहाँ कुरौटे संस्कृति व्याप्त छ । यसले हामी-हामीबीचमा वैमनश्यता बढाइरहेको छ । फलानाले यसो भनेको थियो, फलानाले यसो भन्दै हामी नकारात्मकता फैलाइरहेका छौँ । अनि हामी द्वेष र प्रतिशोधको संस्कृतिलाई मलजल गरिरहेका छौँ । यद्यपि यो मानव चरित्रको एउटा पाटो हो तर यसलाई हामीले त्याग्नै पर्दछ ।

## हाम्रो नयाँ अर्थ संस्कृति

हामी हजारौँ साधु र भिक्षुलाई स्वागत गरी भोजन गराउन रुचाउने संस्कारका सन्तति हौँ । हामी अतिथिलाई देव मान्ने, आवश्यकता परेकालाई निस्वार्थ सेवा गर्ने संस्कृतिका अनुयायी हौँ । दान हाम्रो प्रकृति हो । 'हातका मैला सुनका थैला के गर्नु धनले, साग र सिस्नु खाएकै बेस आनन्दी मनले' भन्ने संस्कार भएका हामीलाई भौतिकताले कहाँ सन्तुष्टि दिन्छ र !

तर अहिले हामीले सबैभन्दा बढी महŒव दिएको पक्ष हो – पैसा । वर्तमान विश्व सभ्यताको आत्मा पैसा बनेको छ । पैसाका लागि मानव जे पनि गर्दछ । पैसा आर्थिक विनिमयको माध्यम मात्र बनाइनु पर्नेमा सामाजिक, नैतिक, चारित्रिक र धार्मिक अस्तित्वको समेत विनिमयको माध्यम बनाइयो । त्यसैले पैसाको मूल्यले मानव मूल्यलाई घटाइदियो । न्यून बनाइदियो । अहिलेको सभ्यताको नसानसामा पैसा छ प्रेम छैन । हामी आफूलाई त्यही पैसाका दास बनाइरहेका छौँ । पैसाको विकृत रूप : गधाको शिरमा सुनको टोपी लगाइदिने हो भने पनि त्यसलाई पुज्ने संस्कारको विकास भएको छ ।

अहिले हामीलाई पैसा नै सबै थोक हो पैसाबिना केही हुँदैन भन्ने संस्कार सिकाइएको छ । हाम्रो देशका प्रशासनिक, सुरक्षा, राजनैतिक, आर्थिक, सामाजिक सम्पूर्ण क्षेत्रमा पैसाका लागि इमान बेच्नु सामान्य भइसकेको छ । नागरिकका लागि सेवा दिन बसेका र नागरिककै करबाट तलब खाने कतिपय मानिसहरू नागरिककै काम गरिदिएबापत् घूस लिने, कमिसन लिने गर्दछन् । यी क्रियाकलाप अब अलिखित नियमजस्तै बनिसकेका छन् । कहाँबाट पैसा आउला भनेर आँ गरेर बाइरहेका अनुहारहरू यत्रतत्र देखिन्छन् । कतिपय व्यापारी, राजनैतिक नेता सर्वत्र स्वार्थीहरूको मिलन भएको छ र सबै मिलेर हाम्रो देशको इमान्दारिता र नैतिकताको संस्कारलाई भत्काइरहेका छन् । अब यही रूपमा अगाडि बढ्ने हो भने हामी भोलिको पुस्तालाई उही लोभ, लालच र भौतिक सुखसुबिधामा रुमलिने संस्कार मात्र दिने छौँ, दिइरहेका छौँ ।

आर्थिक पक्ष मानव जीवनको विभिन्न पक्ष धर्म, अर्थ, काम र मोक्षमध्ये एक पक्ष हो, यो सम्पूर्ण होइन । त्यसैले अहिले सर्वत्र छाएको पैसा संस्कृतिलाई विस्थापित गर्न सेवाभावलाई उजागर गर्नुपर्छ । पैसाभन्दा ठूलो जीवन हो । पैसाले प्रेम र शान्ति किन्न सकिँदैन । पैसा जीवन जिउने आधार होइन त्यो त केवल एक माध्यम मात्र हो । एक मानवले अर्को मानवको मुहारमा मुस्कान ल्याउन सक्नु नै मानव जीवनको लक्ष्य हो । मानव र प्राणीको जीवनको रक्षा गर्नु, आपदमा परेकोलाई सहायता गर्नु मानवको दायित्व हो ।

## नेपाली राष्ट्रवाद

हाम्रो देशमा समाजलाई बढी महŒव दिइन्छ । राष्ट्रवादका नाममा मानव समाजको अस्तित्वलाई नस्वीकार्ने जड राष्ट्रवाद हामीकहाँ छैन । सारा विश्वलाई नै एक समाज मान्ने मानिसहरूको आदर्शस्थल हो हाम्रो देश । त्यसैले यहाँको राष्ट्रवादमा सङ्कीर्णता रहेको छैन । हिजो भारतका अशोक आएर चारुमतीलाई नेपालका राजकुमारसँग विवाह गराएर गए । अंशुवर्माले आफ्नी छोरी भृकुटी तिब्बती राजासँग विवाह गरेर पठाए । हाम्रो यो सदियौंदेखिको सामाजिक सहिष्णुता विशाल छ ।

जीवन्त राष्ट्रवादमा सबैले सबैलाई आफ्नो मान्ने प्रवृत्ति हुन्छ । यो राष्ट्रवाद कुनै राजनीति, धर्म र देशको पेवा हुँदैन । म नेपाली हुँ, त्यसैले म सम्पूर्ण मानवलाई प्रेम गर्छु भन्ने भावना नै नेपाली राष्ट्रवादको लक्ष्य हो । नेपाल एक स्वतन्त्र अस्तित्व भएको मुलुक हो जसले आध्यात्मिक रूपमा विश्वलाई निर्देशित गर्नेछ । विश्वलाई एक मार्ग दिने छ जुन मार्गले युद्ध र हिंसामा रुमलिएको विश्वलाई शान्तिपूर्ण मार्गको ढोका खोलि दिने छ । अनि एकदिन विश्व मानवताका केन्द्रमा एकताबद्ध हुनेछ ।

प्रकृतिको एक अनुपमस्थल हो नेपाल । यसलाई हामी सबै मिलेर सजाउनुपर्छ । हिमालदेखि तराईसम्म फैलिएको नेपाललाई प्राकृतिक सुन्दरताको नमुना बनाउँदै विश्वमा नै एक सुन्दर देशको उदाहरण दिनु छ । नेपाल भनेको इमान्दार, हिम्मती र सहयोगीको देश हो । यही नै भोलिको नेपालको विशेषता हो ।

.... **रुग्ण राष्ट्रियता**

हामी सारा नेपालीहरू हाम्रो देशलाई माया गर्दछौं । तर पनि हाम्रो देशमा राष्ट्रियता रुग्ण भएर रहेको छ । आफ्नो देश व्यवस्थित गर्न नसक्ने अनि विदेशीलाई दोष दिने परिपाटि हामीकहाँ छ । अहिले प्रष्ट के देखिन्छ भने यो देश सञ्चालनको लागि सत्तामा बस्नेहरू र राजनीतिका केन्द्रमा रहेका कतिपय मानिसहरू जानी-नजानी विदेशी शक्ति केन्द्रका दास, जासुस र प्रयोगका गोटी भएका छन् । तिनीहरूका कारण यो देशको राष्ट्रियता सङ्कटमा परेको हो । अहिलेका हाम्रो देशका नेताहरूको राष्ट्रियताको नारा केवल भोटको राष्ट्रियता हो, देश र यहाँका नागरिकको माया लागेर गरिएको राष्ट्रियता होइन ।

हाम्रा छोराछोरीलाई छात्रवृत्ति दिएर पढाइदिने विदेशी कूटनैतिक नियोगप्रति हामी बफादार बन्दछौं तर त्यही बफादारीताले हामीलाई देशको अस्मितालाई लुटेको चाल पाएर मौन रहन बाध्य पारेको र देशको ‘स्व’ माथि हमला भए तापनि हामी क्षुद्र स्वार्थमै रमाउछौं । विदेशी नियोगले हाम्रो देशको सूचना दिएवापत दिने तलब थाप्दै हामी देशप्रति बफादार भएको स्वाङ पनि रच्दछौं । देशमा राजनैतिक शक्ति भनेर दरिएका कतिपय नेताहरू तिनै विदेशीको पाउ मल्ने, अनि हामी आम नेपालीमध्ये कतिपय तिनै विदेशीका छात्रवृत्ति र पैसामा रमाउने गर्नाले हाम्रो देशको स्वाभिमान नराम्ररी जीर्ण भएको छ ।

अझ त्यतिमात्र हो र ‘आमा’ जस्तो पवित्र शब्द छाडेर ममी भनाउन रहराउने हामीहरू भौतिकतामा यति रमेका छौं कि हाम्रो अस्तित्व नै के हो भन्ने पनि बिर्सिन थालिसक्यौं । हामी शिक्षाका नाममा देशको अपनत्व दिदैनौं, आदर्श दिंदैनौं बरु कतिबेला एउटा चरण सिद्धिएला र विदेशी भूमिमा आफ्ना सन्ततिलाई पठाउँला भनेर नतिजाअगावैदेखि तयारी गर्दछौं । अर्थात् भोलि यो देशको अस्मिता नै खतरामा परेको अवस्थामा हामीमध्ये कतिपयलाई त तिनै विदेशी भूमिमा रहने आफ्ना सन्तानका माध्यमद्वारा गइहाल्छौं भन्ने लोभ पनि छ । तर हाम्रो देशको सिर्जनशील युवाशक्ति पलायन भइरहेको छ; साथमा राष्ट्रको शक्ति पनि । अनि राज्यचाहिँ त्यसैमा गर्व गरिरहेको छ । यो कस्तो बिडम्वना हो ?

वर्तमान समयमा देशका कुन नेता कोबाट परिचालित छन्, कोचाहिँ साँच्चिकै राष्ट्रप्रति निष्ठावान छन् भन्ने पनि छुट्याउनै मुश्किल छ । यस्तो निकृष्ट प्रवृत्तिले गर्दा हाम्रो देशको राष्ट्रियता ज्यादै नै कमजोर बनेर रहेको छ । त्यही कमजोरीको फाइदा उठाउँदै शक्तिशाली देशहरूले यहाँको आन्तरिक मामलामा प्रत्यक्ष हस्तक्षेप गर्ने गरेका छन् ।

हुनसक्ला यो देशको भौगोलिक क्षेत्रमा कसैले हस्तक्षेप नगर्लान् तर यो देशको स्वतन्त्र हैसियतलाई निस्तेज गरेर आफ्नो स्वार्थसिद्धिका लागि यो भूमिलाई प्रयोगस्थल बनाइरहिएको छ र अझै पनि यहाँ अस्थिरता र अराजकता पैदा गरेर सधैं हामी नागरिकलाई हिंसा र अनिश्चयको भुमरीमा बाँच्न बाध्य पारिँदै छ । नेपाली नागरिक हुनाका विशेष अधिकार के हुन् र नागरिकको नैतिक कर्तव्य के हो भन्नेमा राज्यको ध्यान गएको छैन । त्यहीकारण नै यहाँको राष्ट्रियताको भावना क्षीण भएर रहेको छ ।

## हाम्रो निहुरीमुन्टे प्रवृत्ति

मेरो नेपाल

एक स्वतन्त्र मुलुकको नागरिक हुँ भन्ने पनि ध्यानमा नराखी हाम्रो देशका नेताहरू विदेशी शक्तिमाझ निहुरिएको देखेका छौं हामी नेपाली नागरिकले । तिनै नेताहरूकै कारण हामी नेपाली नागरिकको पनि शिर निहुरिएको छ । अनि हाम्रो देशका प्रशासनिक व्यक्तिहरू, राजनैतिक दलका नेताहरू विदेशी शक्तिकेन्द्रबाट आर्थिक र राजनैतिक लाभ लिएर उनीहरूको आदेश मुताविक कार्य गर्दछन् भन्ने पनि सुनिरहेका छौं । त्यसो हो भने हामीले हाम्रो राष्ट्रियतालाई आफैले कमजोर पारिरहेका छौं । यस दृष्टिबाट हेर्दा विदेशी शक्तिलाई गाली गर्दैमा नेपाली राष्ट्रवाद कायम हुन्छ भन्ने सोच्नु केवल अवचेतनता र बेहोसीको प्रमाण मात्र हो । भूपिले भनेजस्तै 'आफ्नो गति हराएका एउटा स्ट्राइकरद्वारा सञ्चालित' हामी मानिस कम र बर्ता गोटी हौं ।

भारत र चीन हाम्रा सदियौंदेखिका छिमेकी हुन् । यी दुबै मुलुकसँग हाम्रो सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्ध रहँदैआएको छ । यी मुलुकको भलो हामी चाहन्छौं । स्वाभाविक रूपमा हामी पनि यी मुलुकको शुभकामना चाहन्छौं । तर हामी हाम्रो व्यवस्था राम्ररी गर्न नसक्ने अनि हाम्रा छिमेकीले हाम्रो व्यवस्था बिगारिदिए भनेर आफ्नै अकर्मण्यता देखाइरहेका छौं । हामी आन्तरिक रूपमा मजबुत हुनासाथ यी कुरा आफ्सेआफ् समाधान हुन जान्छन् ।

हाम्रा दुई छिमेकी देश भारत र चीनमध्ये भारतले बढी नै हस्तक्षेप गर्न चाहेको देखिन्छ । यहाँका लोभी र स्वार्थी शासकको कमजोरीको फाइदा उठाउँदै हाम्रो देश नेपालको हित नहुने खालका योजनाहरू नै अगाडि बढाउने गरेको देखिन्छ । कोशी, गण्डकी, महाकाली नदीको पानीको उपयोग र अन्य अवस्थामा भारतले देखाएको स्वार्थी प्रवृत्तिले भारत जनस्तरमा हाम्रो असल छिमेकी हुँदाहुँदै पनि शासकहरू भने नेपालप्रति हेपाहा नीति नै अपनाउँछन् भन्ने देखिन्छ ।

यद्यपि, दोष कुनै अरु देशको हुन सक्दैन । आफ्नो स्वाभिमानको रक्षा गर्न नसक्ने दोष त हामी नेपालीकै हो । हामी नेपालीलाई नै प्रयोग गरेर कुनै देशले आफ्नो स्वार्थ पूरा गर्दछ भने त्यो दोष उक्त देशको होइन, हामी नेपालीकै हो । हाम्रो सानो स्वार्थका लागि आफ्नो देशको स्वाभिमानलाई नै बन्धक राख्ने हाम्रो प्रवृत्ति नै हाम्रो अवनतिको कारण हो । कुन नेता भारतबाट सञ्चालित हो, कुन चीनबाट, कुन अमेरिकाबाट र कुन युरोपियनहरूको धार्मिक मिसनबाट सञ्चालित हो भन्ने कुरा पहिला सोचेर मात्र कुनैपनि नेताप्रति दृष्टिकोण बनाउनुपर्ने अवस्था आएको छ । देशका लागि सोच्नेहरू त कुनै पाखामा मिल्काइएका छन् । उनीहरूका आवाज दबाइएका छन् ।

हाम्रा स्वार्थी राजनैतिक पार्टीहरू हामी नेपालीलाई राष्ट्रवादका नाममा अमेरिका, बेलायत, भारत वा चीनका बिरुद्धमा उचाल्दछन् । यथार्थमा उनीहरूको यो खोक्रो राष्ट्रवाद मात्र हो । त्यही भावनाभित्र लुकेर देशलाई तिनै शक्तिका माझमा बन्धक राखिदिने गरेका प्रवृत्ति हामीले देख्दै आएका छौं ।

## प्रवेशाज्ञा (भिसा) को लाइनमा निहुरिएको स्वाभिमान

अनि अर्को गहन राष्ट्रवादको पीडा त यहाँ लुकेको छ : हाम्रो देशमा प्रवेश गर्न चाहने जो कोही विदेशीलाई हामी एयरपोर्टमै वा नेपाल प्रवेशको ढोका अगाडि नै प्रवेशाज्ञा दिएर स्वागत गर्दछौं । तर जुन जुन देशका नागरिकलाई हामी सहजै प्रवेशको अनुमति दिन्छौं तीमध्ये कतिपय देशहरूले हामी नेपालीलाई भेडाबाखासरहको व्यवहार गर्दछन् । हामीलाई हप्तौंसम्म तिनका कुटनैतिक कार्यालय धाउन लाउँछन्, अनेक दुःख दिन्छन्, हाम्रो बैंक व्यालेन्स र सामाजिक प्रतिष्ठाको प्रमाणपत्र माग्दछन् । तैपनि हामी ती मुलुकमा प्रवेश पाउने नपाउने निश्चित हुँदैन । अन्तर्वार्तामा डाकेर भनिन्छ – 'तिम्रो बैंकमा पैसा कम छ' ...... 'तिमी नेपाल फर्केर आउँछौ भन्ने विश्वास हामीलाई दिलाउन सकेनौ त्यसैले तिमीलाई प्रवेशाज्ञा दिइँदैन' । हामीमध्ये अधिकांश नेपालीहरू यही चरणबाट गुज्रिन्छौं । आफ्नै पृथ्वीको अर्को भूभागमा पाइला हाल्छु भन्दा पनि हामीलाई गरिब देश नेपालका बासिन्दा भनेर प्रवेशाज्ञा दिइँदैन । तर हामीहरू उनीहरूका देशका नागरिकलाई हाम्रा देशका कूटनैतिक नियोगसम्म पनि धाउन नलगाई हाम्रै भूमिमा प्रवेश गरिसकेपछि खुसीसाथ प्रवेशाज्ञा दिन्छौं । हामी ऊ जतिसुकै गरिब, अपराधी र नपढेको हरिलट्ठक नै किन नहोस्, चाहे उसको देशमा ऊ मगन्ते नै किन नहोस् हामी स्वागत गर्छौं उनीहरूलाई । राष्ट्रियता यहाँनेर दुख्दछ । नेपाली पासपोर्टप्रति विदेशी एयरपोर्ट र अध्यागमनमा गरिने व्यवहारमा राष्ट्र दुख्छ । मानव-मानवबीचको असमानता अनि अमानवीयताका बीचमा विश्वव्यापी मानवता र नेपाली राष्ट्रवाद दुबै चहराइरहन्छन् ।

## मिथ्याङ्कमा सजाइएको हाम्रो यथार्थता

मेरो नेपाल

अर्को कुरालाई पनि हामीले मनन् गर्नै पर्ने भएको छ । हामीकहाँ समाजशास्त्री, अर्थशास्त्रीले हाम्रो देशलाई गरिब र सामाजिक विकासमा तल्लोस्तरमा देखाउँछन् । हामीलाई बहुराष्ट्रिय कम्पनीका तथ्याङ्कमा सबैभन्दा गरीब र गएगुज्रेको भनेर प्रचार गरिन्छ । यथार्थमा के वास्तवमै हामीलाई अनुसन्धान तथा अध्ययनबाट प्रमाणित गरिएको भनिएका यस्ता तथ्यले प्रतिनिधित्व गर्दछन् त ? सोचनीय बनेको छ ।

यथार्थमा हाम्रो कर्मठता, हाम्रो स्वाभिमानलाई त्यही मिथ्याङ्कले ढाकिदिएको छ । हाम्रो देश सम्पन्न छ । हिमाल, पहाड र तराईको विविधतायुक्त वातावरणमा भरपूर सम्पन्नता छ । हाम्रो जमीनभित्र अजेय शक्ति छ, हाम्रो जडीबुटीमा जुनसुकै रोगलाई पनि परास्त गर्ने शक्ति छ, हाम्रा नदीमा विश्वलाई उज्यालो पार्ने शक्ति छ, हाम्रो हिमालयमा विश्वलाई शीतलता दिने शक्ति छ, हामी आम नेपालीमा साहस, धैर्यता, सहिष्णुता, मानवीयता, सहअस्तित्वको भावनाको विशाल शक्ति छ । हामी कर्मठ छौँ, हामी मेहनती र इमान्दार छौँ । तब पनि हामी कसरी तल्लो स्तरमा हुन सक्छौँ ? यस्तो सम्पन्नता र वैभवयुक्त अवस्थामा पनि हामी परनिर्भर र आश्रित कसरी ?

समाजशास्त्रीय अध्ययन र अनुसन्धानमा तथ्याङ्क (मिथ्याङ्क) लाई महŒव दिइन्छ । गरिब, धनी, विकास र उन्नतिका कुरालाई मिथ्याङ्कमा प्रस्तुत गरेर मानव र मानव समाजको अवस्थाको चित्रण गर्ने गरिन्छ । अझ यतिसम्म कि हाँसो र खुशीलाई अनि सुख र दुःखलाई पनि मिथ्याङ्कको दायरामा ल्याएर कुरा गरिन्छ । हामी वर्षौंदेखि पश्चिमी देशको यही भौतिक दृष्टिमा अल्मलिइरहेका छौँ । वर्तमान समयमा विश्वमा चलिरहेको अनुसन्धान पद्धतिले गर्न नसकेको अध्ययन हो-मानवको आध्यात्मिक चित्रण ।

केवल भौतिक अवस्था र स्वरूपलाई मात्र आँकडामा राखेर मानवको आन्तरिक अस्तित्वलाई छाडिदिँदा नै त मानव विश्वको अहिलेको दुर्दशा भएको हो । मानवको वास्तविक अवस्था हेर्नका लागि सत्यताको धरातलमा उभिएर निस्वार्थभावले हेर्नुपर्दछ । मानवको भौतिक अवस्थिति होइन कि उसको अन्तरमा खोतल्नु पर्दछ । तब मात्र वास्तविक समस्याको पहिचान हुन्छ र त्यसको समाधान गर्न सकिन्छ । यसका लागि आध्यात्मिक विज्ञानको सहारा लिनैपर्ने हुन्छ । आध्यात्मिक विज्ञानले दिने समाधान पनि सामान्य हुन्छ । शब्दजालले र मिथ्याङ्कले भरिएको हुँदैन । मानवले आफूलाई चिन्नुपर्दछ, आफूलाई सत्यताको धरातलमा उभ्याउनुपर्दछ तब विश्वका सारा मानव सुखी हुन्छन् र विश्वशान्तिको स्थापना हुन जान्छ भन्दै निकै नै सरल भाषामा अध्यात्मले मार्ग देखाउँदछ । त्यसैले अबको युगमा आएर हामीले हाम्रो मूल्याङ्कन पद्धतिलाई पनि परिवर्तन गर्नु परेको छ ।

हामी सम्पन्न छौँ, हामीमा शक्ति छ, हाम्रो मानवताको निष्ठा अटल छ । हामी आफ्नो सम्पन्नता बिर्सने, सामर्थ्य बिर्सने अनि अरुले कतिबेला देला र खाउँला भनेर बस्ने प्रवृत्ति छ । त्यसैले हामीलाई आफ्नो 'स्व' को बोध गर्नुपर्ने आवश्यकता छ । अनि हामीलाई नीतिको आवश्यकता परेको हो जसले हामीलाई डोऱ्याउन सकोस्, जसले हाम्रो शक्तिलाई सिर्जनामा रूपान्तरण गर्न सकोस् ।



## सम्पन्न र वैभवयुक्त छौँ हामी

भौतिक विकासलाई आधार मान्नेहरूले हामीलाई प्रतिव्यक्ति आय कम भएका आधारमा गरिब नेपालीको रूपमा हेर्लान् । तर यथार्थ त यस्तो छ कि प्रतिव्यक्ति आय बढी भएका मुलुकका नागरिक एकदिन काम नगरेमा भोकै बस्ने अवस्थामा हुन्छन् भने हाम्रो देश जसलाई गरिब भनिन्छ यहाँ वर्षमा ४ महिना मात्र काम गरेमा वर्षैभरि बाँच्न पुग्दछ । त्यसैले पनि यो विकासे अवधारणाले छुट्याउने धनी र गरिबको परिभाषा नै गलत छ ।

यदि हामी गाईवस्तुबाट निस्कने गोबर र झारपातको प्रयोग गरी खेती लगाउने कार्यमा फेरि जुट्यौँ भने हामीहरू प्राकृतिक गुणका खाद्यान्न खाएर आनन्दले बाँच्न सक्नेछौँ । हाम्रो देशमा त्यो उर्वरता छ जसले आफूलाई खान पुगेर हामी अरू देशतर्फ पनि खाद्यान्न, फलफूल, जडिबुटी आपूर्ति गर्न सक्छौँ । हिजो हामीले गाउँघरमा गर्ने पर्मको परम्परालाई फेरि सुरु गऱ्यौँ भने हाम्रो खेतबारी बाँझो पनि रहँदैन । विदेशी भूमिमा गएर अहोरात्र खटिने युवाहरू आफ्नै गाउँ फर्किएर कर्म गर्ने हो भने यो देशको मुहार फेर्न दुई वर्ष पनि लाग्दैन ।

हो वास्तवमा हामी नेपाली गरिब छैनौँ तर हामीलाई जवर्जस्ती गरिब बनाइएको छ । हाम्रा प्राकृतिक स्रोतको व्यवस्थापन गर्न नसकेर हामीलाई पराश्रित बनाइएको छ । हामीलाई विकासे अवधारणाका परिभाषामा सीमित गरेर गरिबको संज्ञा दिइएको छ । हामीलाई व्यवस्थाका नाममा लडाएर गरिब नामकरण गरी हाम्रै केही स्वार्थी नेताहरूले विश्वसमुदायसँग गरिब नामलाई मागी खाने भाँडो बनाएका छन् । वास्तवमा न त हाम्रो देश गरिब छ न त हामी नेपाली नै गरिब छौँ ।

## हाम्रो स्वार्थी मतको सत्यता

हामी आम नेपालीको एक-एक भोटले सत्तामा पुगेकाहरूले हामीलाई प्रतिशतका आधारमा बाँडेका छन् । उनीहरूले यति प्रतिशत र उति प्रतिशत भन्दै आ-आफ्ना विचारको बखान गर्दछन् । तर हामी नेपाली त विकल्पको अभावमा र हाम्रो नेपाली आत्माको उद्बोधनको अभावमा मात्रै ती पार्टीहरूलाई मत दिन बाध्य भएका हौं । त्यही पनि हामीलाई विचारभन्दा पनि वर्तमान परिस्थिति र घटनाक्रमले मात्र बाध्य बनाएको हो । अनि मत पनि आफूले चिनेजानेका र आफ्नै ठाउँका व्यक्तिलाई नै दिएको हो ।

हामीमध्ये कतिपयको सानो लोभ त यति हो कि हामीलाई अप्ठ्यारो पर्दा हामीले चिनेको नेताले सहयोग गर्नेछन् । अनि मौका आएको बेलामा रोजगारी र शिक्षामा सहयोग गर्नेछन् । अनि हामीमध्ये कतिपयले तिनै व्यक्ति सत्तामा जालान् र तिनका सहयोगले पैसा कमाउने मार्ग पाउनेछौं कि भन्ने लोभमा मात्रै आफ्नो मत दिएका हौं ।

वास्तवमा, हामीमध्ये कतिपयको मतमा समग्र देशका लागि न्यायको भावना समेटिएको छैन । हाम्रो मतमा हाम्रो मुलुक हत्या, हिंसा, चोरी, लुटपाट र अराजकताबाट मुक्त हुनुपर्छ भन्ने कुरा पनि समेटिएको छैन । अनि हाम्रो मतमा हाम्रो देश एक अखण्ड र स्वाभिमानी भएर विश्वमा खडा होओस् भन्ने भाव पनि समेटिएको छैन ।

हामी ती पार्टीलाई मत दिन्छौं जो निर्धक्क घोषणा गर्दछन् कि 'हाम्रो पार्टीले सत्ता पायो भने विदेशीले हामीलाई बढी सहयोग गर्दछन्' । अर्थात् हामी स्वाबलम्बीलाई होइन कि मगन्तेलाई आफ्नो मत दिन्छौं, अनि हामी स्वाभिमानीलाई होइन कि राष्ट्रघातीलाई मत दिन्छौं ।

हाम्रा मतमा सामाजिक अन्याय र कुरीतिबाट प्रताडित आमा, दिदीबहिनी र बाबा, दाजुभाइको रक्षाको भावना समेटिएकै छैन । हाम्रो मतमा देशमा रोजगारीको सिर्जना होओस् अनि देश समग्र रूपमा विकसित होओस् भन्ने भावना नै समेटिएको छैन । हामी स्वयम स्वार्थका पुत्ला भएका छौं । त्यसैले त हामीलाई प्रतिनिधित्व गर्छौं भन्नेहरूले आफ्नो निहीत स्वार्थका लागि देश र हामीलाई प्रयोग गरिरहेका छन् ।

हामी आम नेपालीहरू नै त वर्तमान समयको विशृङ्खलताको मूल दोषी हौं नि । हाम्रो सानो स्वार्थले हाम्रो देशलाई अधोगतितिर लगिरहेको छ ।

## परनिर्भरतामा आश्रित मनोवृत्ति

वर्तमानको राजनैतिक प्रवृत्ति नै यस्तो छ कि हामीलाई प्रजातन्त्र, लोकतन्त्र, समाजवादका आदर्श भट्टाउन त लगाउँछन् तर कामचाहिँ ठीक उल्टो गर्दछन् ।

जडीबुटीको प्रवर्द्धन, जलस्रोतको उपयोग, खनिज उत्पादन, कृषिमा विविधता, उद्योग कलकारखानाको स्थापना गरेर देशलाई समृद्ध बनाउन सकिन्छ । अनि विश्वलाई नै सुसंस्कृत पद्धति, समृद्ध र सभ्य शिक्षा, कलासाहित्यको धनी परम्परा, सामाजिक सद्भावको नमूना दिन सक्ने हाम्रो क्षमता छ । तर यस्तो विशाल क्षमता हुँदाहुँदै पनि अहिलेका राजनैतिक नेता भनाउँदाहरू देशलाई गरीब नै राख्ने तर हामी नेपालीलाई एकआपसमा लडाएर सत्तामा नै रहिरहने दाउमा छन् । देशलाई आत्मनिर्भरतामा होइन कि अझै परनिर्भरतामा लग्ने व्यवहार देखाइरहेका छन् ।

वास्तवमा, हाम्रो देशलाई मगन्ते बनाइएको छ । हाम्रो देशका नेताहरू विश्वका धनी देशहरूसँग हात पसारेर भिक्षा माग्दछन् । अनि ती धनी र दयालु देशले भिक्षा दिँदा खुसीले रमाउँछन् । बढीभन्दा बढी भिक्षा माग्न सफल भएकोमा गर्व गर्दछन् । उनीहरू गर्वका साथ भाषण ठोक्दछन् - "फलानो पार्टी सरकारमा गयो भने धनी देशले हाम्रो देशलाई भिक्षा दिन बन्द गर्दछन् । त्यसैले हामीलाई भोट दिनुहोस् किनकि हामी भिक्षा माग्न निपुण छौं" । रत्नपार्कअगाडि बसेर भिक्षा माग्ने मगन्तेले 'हजुर एक रूपैयाँ' भनेर आग्रह गर्दा एकदुई रूपैयाँको सिक्का नभएर पाँच रूपैयाँको नोट दिँदा उसको मुहारमा फैलिने चमक अलग हुन्छ । ती भिखारीहरू त विवश नागरिक हुन् जो तिनै नेताहरूको अकर्मण्यताका कारण गरिबीका कारण भिख माग्नु परेको हो । अनि ती रत्नपार्कका भिखारीहरू घोषणा गर्दैनन् तर हाम्रो देशका राजनैतिक सत्ताधारी भिखारीहरू त भिक्षामा गर्व गर्दछन् ।

आफूमा अन्तरनिहीत शक्तिको प्रयोग गरी यो देशमा भएको स्रोतको परिचालन गरी आत्मनिर्भर बन्न सक्ने सम्भावना हुँदाहुँदै विदेशीसँग भिक्षा माग्ने चलनले हाम्रो देशलाई झनै गरिबीको अवस्थामा धकेलिरहेको छ ।

## विग्रह सिकाउने राजनैतिक पद्धति

अहिलेका राजनैतिक शक्तिहरू हामी नेपालीलाई एकआपसमा घृणा र द्वेष फैलाउनका लागि निर्देशित गर्दछन् तर समाजमा रहेका असमानता र अन्धविश्वास हटाउनका लागि प्रेरित गर्दैनन् । अहिलेको राजनीतिले हामीलाई असल हुने संस्कार नै सिकाएको छैन ।

अहिले हामीलाई लाठी र मुङ्ग्रा लिएर सडकमा आन्दोलन गर्न भनेर पठाइन्छ । तर हामीलाई नैतिक, अनुशासित बन्नुपर्छ र चारित्रिक विकास गर्नुपर्छ भनेर सिकाइँदैन । हामीलाई आध्यात्मिकता र ज्ञानका मार्गमा प्रवृत्त गरिँदैन । हामीलाई झगडा गर्ने बेलामा अगाडि धकेलिन्छ तर चिन्तन, सत्सङ्गत, सामूहिक चिन्तन र ध्यानसाधना गर्न हामीलाई पठाइँदैन । त्यसैले हामीहरू अल्मलिएका छौँ । हाम्रो चेतना दबिएको छ त्यसैले त हामी विग्रहको आदेशलाई पनि पालना गर्दछौँ । हामी आफूआफूमा जात, धर्म, सम्प्रदाय, राजनैतिक वाद आदि नाममा लडिरहन्छौँ । किनकि हामी विग्रह र अमानवतातर्फ प्रेरित गर्ने राजनैतिक संस्कारबाट पोषित छौँ । यद्यपि त्यो नेपाली चरित्र होइन, नेपाली संस्कार होइन ।

## हामीले मेट्न लागेको नेपाली धर्म र दर्शन

बुद्धिको विकारले आज हाम्रो देश र विश्वलाई नै ढाकिदिएको छ । त्यसैले त सर्वत्र विनाशै विनाश भइरहेको छ । क्रोध र मोहको त्यागबाट नै सत्यको अनुशरण हुन्छ । सत्यको अनुशरणका लागि प्राचीन ग्रन्थहरू वेद, गीता, उपनिषद्, धम्मपदलगायतमा सत्यबोध, आत्मजागरणका अनेकौँ विधिहरू बताइएको छ जुन हाम्रो भूमिमा सदियौँदेखि अस्तित्वमा रहिरहेका छन् ।

कुनै पुस्तक मानिसको धर्म होइन । पुस्तक त ज्ञान हो । त्यही ज्ञान जीवनमा आचरण बनेर समाहित हुन्छ त्यही नै धर्म हो । मानिसको धर्म मानवता हो । सम्पूर्ण विश्वका समस्त मानवहरू एउटै मानव परिवारका सदस्य हुन् । यही भावना नै मानव धर्म हो । नेपालमा रहेको धार्मिक र दार्शनिक धरातलको ध्येय नै यही मानवता हो ।

नेपाली दर्शनले मानिसलाई सीमित दायराबाट माथि उठाएर मानवताका बिन्दुमा पुऱ्याइदिन्छ । व्यक्तिलाई 'स्व'को बोध गराएर कुनै पनि धर्म, वाद र राजनैतिक सीमानाबाट माथि उठाएर एक मानव हुनुको बोध गराइदिन्छ । हाम्रो देशमा यही धरातल रहेको छ ।

हाम्रो यो दर्शन यस्तो हो कि जसले हरेक व्यक्तिलाई एक ईश्वरीय देन मानेर स्वयममा रहेको ईश्वरत्वको बोध गर्न प्रेरित गर्दछ । सामाजिक जीवनमा रहेर पनि आत्माको बोधका लागि प्रेरित गर्दछ । नेपाली धर्मदर्शनले हरेक व्यक्तिमा ईश्वरीय गुण हुन्छ भन्ने सत्यलाई मान्दछ र साधनाबाट एक व्यक्तिले ईश्वरत्व प्राप्त गर्ने सम्भावनालाई पनि स्वीकार गर्दछ । अझ नेपाली दर्शन त प्रकृतिको यति समीप छ कि निर्जीव भनिएको ढुङ्गामा समेत ईश्वरको बास हुन्छ भन्ने मान्दछ । अनि सर्प, चरा, गाई, कुकुर सबैलाई ईश्वरका प्रतिविम्ब मान्दछ । त्यति मात्र होइन जल, वनस्पति, हावा सर्वत्र ईश्वर अन्तरनिहीत हुन्छ भनेर प्रकृतिको श्रद्धा गर्दछ । त्यो विशालताको भावनालाई बुझ्न नसकेर त्यसबाट बिमुख हुनु र देशलाई त्यो विशालताको भावनाबाट पर धकेल्नु पुनः अन्धकारका मार्गमा प्रविष्ट हुनु हो ।

यति पवित्र भावना र पवित्र धरातललाई निमिट्यान्न पारेर अरू कुनै भौतिकवादी सोचलाई यहाँ स्थापना गर्छौं भनेर अगाडि बढ्नेलाई हामीले लखेट्नु पर्नेमा हामी त तिनैलाई देशको सत्ता सुम्पेका छौँ । वास्तवमा हामी नेपाली नागरिकहरू धेरै नै चुकिरहेका छौँ । अझै कति समयसम्म हामी चुपचाप हेरिरहने ?

## देश अक्षम नेतृत्वको पेवा होइन

मेरो नेपाल

अहिले यस्तो दर्साइन्छ कि देश वर्तमानका राजनैतिक पार्टीहरूको पेवा हो । अरु कसैलाई पनि देशको बारेमा बोल्ने अधिकारै छैन जस्तो गरिन्छ । तर यो देश वर्तमानका पार्टीहरूको पेवा होइन । यहाँको राजनीति पनि यी पार्टीहरूको दाइजो होइन । यो देशको निर्माणमा हामी सारा नेपालीहरूको रगत र पसिना बगेको छ । हामीले पाएको स्वतन्त्रता र स्वाभिमान कसैले दिएको उपहार होइन न त नेताहरूले पाएको पुरस्कार नै हो । यो त हाम्रो देशका युवाहरूको बलिदानी, आमाहरूको त्याग, बाबाहरूले पाएको यातना र हाम्रा चेलीहरूले पाएको पीडाको परिणति हो । यो देश हामी नेपालीको हो । त्यसैले हाम्रो देशलाई हाम्रै देशको आत्माअनुरूपको धरातल दिनुपर्छ । त्यही नेपाली आत्मालाई सम्मान गर्दै एक समुन्नत नेपालको निर्माण गर्नुपर्छ ।

## राजनीति नै राजनीति ......

हाम्रो नेपाली समाज अहिले यस्तो अवस्थामा पुगेको छ जहाँ केवल राजनीतिलाई मात्रै सुनिन्छ । धर्म, अध्यात्म, सामाजिक जागरण, सांस्कृतिक चेतनाका पक्षमा हिँडिरहेका व्यक्ति र संस्थाका कार्यक्रमहरू सार्वभौम हुन सकेका छैनन् तर राजनीतिका नाममा एउटा तल्लो स्तरको चेतना भएको व्यक्ति वा सङ्गठन मात्रै हिँड्यो भने पनि मानिसहरू त्यसलाई सुन्दछन् । अर्थात् राजनीति हाम्रो समाजको एक अभिन्न अङ्ग बनिसकेको छ । अब त मानिसहरूलाई सत्यका कुरा सुनाउनका लागि पनि राजनीतिको सहारा नलिई नहुने अवस्था सिर्जना भइसकेको छ ।

## वर्तमानमा हाम्रो आवश्यकता के हो ?

विकास चाहियो किनकि हामी विकासका आकाङ्क्षी हौँ । तर विकास किन चाहियो ? यो प्रश्नमा हामी घोत्लिएका छैनौँ । हाम्रा नेताहरू विकास दिन्छु भन्दै भोट माग्दछन् । तर विकास किन र केका लागि भन्ने न त उनीहरूलाई ज्ञान छ न त हामीलाई नै ।

विकास भनेको वर्तमान अवस्थाबाट अझै उन्नत अवस्थातर्फ लम्किनु हो । विकास मानवको अधिकार हो । तर के हामीकहाँ विकास भएको छ ? बिजुलीको तार छ बिजुली छैन, पानीको धारो छ पानी छैन, स्कुल भवन छ, शिक्षा छैन, अस्पताल छ उपचार छैन । देश छ तर आत्मा छैन । यो विकास होइन । मानिसहरूमा कलह छ, परिवारहरू टुटिरहेका छन्, एकआपसमा कटुता छ, बेरोजगार भएर निकम्मा बस्नुपर्दा युवाहरूमा वितृष्णा बढेको छ । मानव जीवन मूल्यहीन बनेको छ । यो पनि विकास होइन । जब नागरिकहरू अव्यवस्थाबाट आजित भएर विरोध गर्न थाल्दछन् तब शासकवर्ग विकास शब्दको कुटुरो खोल्दछन् । तर हामीलाई यस्ता कोरा विकासको होइन कि समग्र विकास चाहिएको छ ।

हामीलाई मानवहरूलाई एकआपसमा जोड्ने विकास चाहिएको हो । हामीलाई एकआपसमा शान्ति र प्रेमपुर्वक व्यवहार गर्न विकास चाहिएको हो । मानव मनलाई खण्डित गर्ने होइन प्रेम र भाइचाराले जोड्ने विकास चाहिएको छ । मानव हृदय र मानव आत्मा उच्च चेतनामा पुग्ने धरातल दिने विकास हामीलाई चाहिएको हो ।

## राजनीतिमा लागेका युवाशक्तिको ह्रास

वर्तमान समयमा केही युवा नेताहरू साँच्चि नै देशका लागि केही गर्न सक्ने क्षमताका छन् । तर उनीहरू पार्टीगत रूपमा बाँधिएकाले स्वतन्त्र रूपमा अगाडि आएर देशलाई हाँक्ने अवसर चाँडै पाउने छाँट देखिँदैन । भोलिको दिनमा विश्व राजनीति र राष्ट्रको धार अन्यत्रै मोडिन सक्छ तर त्यति बेलासम्म उनीहरूको नेतृत्व औचित्वहीन भइसक्ने छ ।

यो देशका सच्चा युवा नेताहरूले बुझ्नुपर्ने कुरा के भने आफ्नो पार्टीको गर्विलो इतिहास, सङ्घर्षशील इतिहासको रक्षाका नाममा आफूहरूको ऊर्जा खेर गइरहेको छ । उनीहरूलाई लाग्दछ कि कुनै दिन पार्टीले आफ्नो ऊर्जालाई स्वीकार्ने छ तर त्यतिञ्जेलसम्म त अहिलेको ऊर्जा पनि शिथिल हुन्छ र देश पनि भड्खालोमा जाकिइसकेको हुनेछ ।

युवाहरूलाई विशेष आह्वान छ – यी सदियौं पुरानो कुसंस्कार पाएका नेपाली राजनीतिका रुखहरू जसमा धमिरा लागिसकेको छ, तिनलाई मलजल गर्नमा आफ्नो ऊर्जा नफालौं । यी ढल्नलागेका वृक्ष र सुकिसकेका पोखरीमा मलजल गरेर देशको समय र युवा ऊर्जालाई नष्ट नगरौं ।

## देशका लागि चाहिएको के छ ?

वि.सं. २०६३ सालको परिवर्तनपश्चात् देशमा राजतन्त्रको औचित्य समाप्त भइसकेको थियो । त्यसैले राजतन्त्रविहीन देशमा गणतन्त्रको संस्थागत विकास हुनुपर्ने थियो । नेपाली नागरिकले राजतन्त्रको अन्त्य भई नागरिक शासनको स्थापना भएको अनुभूति गर्न पाउनु पर्दथ्यो । देश र यहाँका नागरिकलाई चाहिएका कुरा थिए :

१. दुर्गम र पिछडिएका क्षेत्रका बासिन्दाको जीवनस्तर उकास्ने सरकारी नीति र कार्यान्वयन । शिक्षाको अवसरबाट कसैलाई पनि बञ्चित नगरी गरिबीमा बाँच्नेहरूका लागि रोजगारी, शिक्षा र स्वास्थ्यको सुनिश्चितता कायम गरी आगामी १५ वर्षभित्र उनीहरूलाई राज्यको मूलधारमा ल्याउने कार्य योजना । आधारभूत आवश्यकताको पूर्ति गर्न नसकेर शिक्षा र अवसरबाट बञ्चित हुनु परेको वर्गको जीवनआधारको सुनिश्चितता गरी देशको मूलधारमा ल्याउने योजना ।

२. खेर गइरहेको युवा ऊर्जालाई रोजगारीको व्यवस्था । क्षमताका आधारमा देशका बिभिन्न क्षेत्रमा अवसर प्रदान गरी देशको बौद्धिक वर्गलाई विदेश पलायन हुनबाट रोक्नुपर्ने र राजनैतिक नियुक्ति बन्द गर्नुपर्ने व्यवस्था चाहिएको थियो ।

३. सामाजिक सुरक्षाको प्रत्याभूति । बृद्धबृद्धा, असहाय र अशक्तहरूका लागि जीवनयापन, स्वास्थ्य र सक्दो कार्यको व्यवस्था अनि सामाजिक कुरीति, कुसंस्कार र अन्धविश्वासलाई हटाउनका लागि विशेष चेतनामूलक कार्यक्रमको सञ्चालन गर्ने व्यवस्था चाहिएको थियो ।

४. देशमा रहेका अनेकौं मानव समूह र समाजका संस्कृतिको रक्षा र सम्बर्द्धन गर्दै हरेक संस्कृतिको उत्थानको व्यवस्था चाहिएको थियो ।

५. धनी र गरिबबीचको खाडल पुर्नका लागि विशेष कार्यक्रम ल्याई वर्गीय विभेद बढ्न नदिने व्यवस्था चाहिएको थियो ।

६. समग्रमा भन्नुपर्दा, देशमा लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था, विकेन्द्रीकरणको सिद्धान्तलाई ध्यानमा दिई स्थानीय निकायलाई नै शक्तिशाली बनाउने पद्धति, राज्यको कारणले पिछडिएका मानव समूहको पुनरुत्थानका लागि शिक्षा, स्वास्थ्य र राज्यका निकायमा पहुँचको विशेष व्यवस्था, उघोगधन्दा, कलकारखानाको स्थापना, जलस्रोत र पर्यटनको विकासका माध्यमबाट रोजगारीको सिर्जना गरी देशका युवाहरूलाई स्वदेशमै रोजगारीको प्रत्याभूति गर्ने व्यवस्था, समाजका हरेक व्यक्तिको शिक्षा, स्वास्थ्य, आधारभूत आवश्यकताको पूर्ति र रोजगारीको प्रत्याभूति गराउनु नै देशको मूल कार्य थियो ।

तर यी पक्षमा देशको ध्यान गएन । देशलाई चलाउनेहरू विभिन्न बहानामा देशमा रहेको मानवताको भावनालाई नै चिराचिरा पार्नमा नै उद्यत रहे । देशलाई उन्नतिको मार्गमा लाने ध्येय यहाँका राजनीतिकर्मीहरूमा देखिएन । कतिपयले त्यो ध्येय राखेको भए तापनि उनीहरूको सामर्थ्य र सोचभन्दा परको कुरा बन्यो देशको उन्नति । यहाँका राजनैतिक शक्तिहरू नेपाली मनलाई खण्डित गरेर भए पनि शासनकै लोभमा परिरहे ।

## हामीलाई यी र यस्ता कुरा चाहिएकै हैन

१. बाहिर अन्ध राष्ट्रवाद देखाउने तर भित्रभित्रै विदेशी शक्तिसँग स्वार्थ र दासताको सम्बन्ध राख्ने राजनैतिक शक्ति र नेताहरू देशलाई चाहिएको थिएन ।
२. राजनैतिक शक्तिका आडमा पाएका पदलाई व्यक्तिगत स्वार्थ, आफ्नाहरूको हित र भ्रष्टाचार गरी अकुत सम्पत्ति जम्मा गर्ने माध्यम बनाउने राजनैतिक नेताहरू पनि चाहिएका थिएनन् ।
३. मानिसमानिसबीच बिग्रह गराउने राजनैतिक पद्धति हामीलाई चाहिएको थिएन ।

मेरो नेपाल

## देशको दुर्दशाका कारकतŒवहरू

नियतिलाई दोष दिएर पनि उम्किन सकिँदैन किनकि इतिहासका तथ्यहरू र वर्तमान समयका राजनैतिक शक्तिहरूको चरित्र हेर्दा पनि स्पष्ट हुन्छ कि देशको अवस्था बिग्रनु र यहाँका मानिसहरूले दुःख पाउनुमा शासकको अदूरदर्शिता नै दोषी रहेको छ। लोभ, स्वार्थ र सत्ताको मोह नै नेपालमा भएका अव्यवस्थाको मूलकारण हो।

सिधा रूपमा दोष दिनुपर्दा वर्तमानमा हाम्रो देशमा रहेका पार्टीहरू र तिनका नेताहरूको स्वार्थी चरित्र, विदेशी शक्तिप्रतिको अन्धोभक्ति र नेपालप्रति मोह नहुनु नै हो। त्यसैले वर्तमानमा दोष जति सबै अहिलेका मूलधारका पार्टीहरूलाई नै जान्छ।

नयाँ व्यवस्थाको निर्माणका लागि उनीहरूसँग कुनै स्पष्ट आधारशिला नै छैन। उनीहरूले देखाएको व्यवस्थाको प्रारूप कुनै रुस र चीनमा त कुनै अमेरिका र युरोपमा बनेका हुन्। हाम्रो देशको माटोका लागि सुहाउँदो कुनै पनि वैचारिक धरातलको सिर्जना गरिएको छैन।

### वौद्धिक र चेतनशील वर्गको मौनता

अनि कर्म गर्नुपर्ने वौद्धिक र चेतनशील वर्ग राजनीतिबाट टाढा नै बसिरहेका छन्। बौद्धिक वर्ग राजनीति गर्दैन र उनीहरूले राजनीति गर्नु पनि हुँदैन। तर त्यो मान्यता, त्यो अवधारणा त्यस अवस्थामा मात्रै ठीक हुन्छ जब राज्य एक निर्दिष्ट बाटोमा हिडिरहेको हुन्छ। अर्कोतर्फ राज्यको मौलिकता र राष्ट्रिय स्वतन्त्रता पनि मजबुत भएको अवस्था हुनुपर्छ। यस्तो अवस्थामा नरहेको हाम्रो देशमा बौद्धिक वर्गको मौनता हितकर हुँदैन। फेरि वौद्धिकता र प्राज्ञको खोल ओढेर स्वार्थी राजनीतिमा हाम फाल्नुलाई पनि कर्तव्यपरायणता मान्न सकिँदैन। त्यो त क्षुद्र स्वार्थको स्वरूप मात्र हो।

अर्कोतर्फ, जीवनको उच्च मूल्य र मान्यतालाई कायमै राखेर जिउनुपर्ने वौद्धिक वर्ग भौतिकताको चपेटामा परेर विलासी र भड्किलो जीवन जिइरहेको छ। मानवको असलपन र सत्यवादिता अहिले आएर आदर्श मात्र बनेको अवस्था छ। सत्य अब यथार्थ नभई केवल आदर्श बनेको छ। त्यसैले त देश दुर्दशामा बाँचिरहेको छ।

## नागरिक शक्ति जाग्नुको विकल्प छैन .......

अब वर्तमान समयका राजनैतिक पार्टीहरूबाट समस्या समाधान हुने कुनै आशा नै गर्न सकिँदैन। समयले परीक्षण गरेर भ्रष्ट र असक्षम प्रमाणित गरिसकेका वर्तमान समयका नेता भनिएकाहरूबाट यो देशको भविष्य सुरक्षित छैन। नेपाली परिवेश, नेपाली धरातल र नेपाली चरित्रको शक्तिको उदय वर्तमान समयको आवश्यकता हो। त्यो शक्तिको उदय नभईकन यो देश प्रगतिपथमा लम्किन सक्दैन। अन्यथा हामी विदेशी शक्तिका दास र विदेशी सभ्यताका अनुयायी बनेर कालान्तरमा नेपाली पहिचानलाई गुमाउने छौँ।

## देशका लागि चाहिने व्यक्तित्व

जब देश तमाम पीडाबाट आक्रान्त भइरहेको हुन्छ, त्यस अवस्थामा पनि त्यस पीडाले बुद्धिलाई आहत गराएर सत्यका मार्गमा लाग्ने उत्प्रेरणा दिँदैन भने त्यो व्यक्तित्व पनि राज्यका लागि केही काम लाग्दैन। बौद्धिक र ज्ञानी व्यक्तित्व भनिएकाहरू यदि देशको दुरावस्था र मानवताको खिल्ली उडिरहेको बेलामा पनि मौन रहन्छन् वा भड्काउमा लाग्छन् भने त्यो बौद्धिकता राष्ट्रका लागि घातक हुन्छ। राष्ट्रको उत्थानका लागि साधक बन्ने प्रयत्न गर्नु हरेक व्यक्तिको कर्तव्य हो। तर त्यो उत्थानको दिशा कुन हो, कस्तो उत्थान हो भन्ने निर्क्योल गरेर मात्र अघि बढ्नुपर्छ। अन्यथा देश लक्ष्यविहीन बनेर रुमलिइरहन्छ।

वर्तमानमा देशलाई पुनर्जीवित गर्नका लागि सक्षम व्यक्तिहरू जो राजनीतिभन्दा पर रहेर देशलाई हेरिरहेका छन्, उनीहरू अगाडि लम्किनुपर्दछ। सत्ता, पदप्रतिष्ठा, मानसम्मान र अहङ्कारबाट परै रहेर सामाजिक जीवन जिइरहेका बौद्धिक वर्गहरूले यो देशलाई मार्गनिर्देश गर्नैपर्छ। विश्वका अनेकौँ देशमा पनि यस्ता व्यक्तिहरू छन् तर तिनीहरू पनि यसैगरी युगका चक्रसँगै विलाएर गइरहेका छन् जसले

मेरो नेपाल

गर्दा मानव समाजले सही मार्ग पाउन सकेको छैन । तर युगको यो चक्रमा हाम्रो देशमा रहेका ती मानवतावादीहरूलाई अगाडि बढ्नका लागि आह्वान गर्नैपर्छ । साथै विश्वका तमाम सचेत वर्गलाई मानवताका दिशामा लाग्नका लागि आह्वान पनि गर्नुपर्दछ ताकि विश्व नै चेतनाको प्रवाहमा लम्कियोस् र विश्वमा शान्ति आओस् ।

## लोकनीतिका मार्गमा

अहिलेको समयले सत्यलाई स्वीकार गर्न सकिरहेको छैन । सत्य अगाडि आउनासाथ त्यसबाट डराएर त्यसलाई आफ्नो अहङ्कारको शक्तिले निस्तेज पार्न उद्यत हुने प्रवृत्ति हामीकहाँ रहिरहेको छ । तर सत्यलाई स्थापित गर्नका लागि सत्ताको उपयोग गर्नैपर्छ भने पनि त्यो चरणबाट गुज्रिन पनि स्वीकार गर्नैपर्छ । अन्यथा देश अन्धकारमा धकेलिन्छ ।

राजनीतिले अहिलेसम्म केवल भौतिकतालाई मात्र अँगाल्यो त्यसैले नै सारा विश्व हत्या, हिंसा, सत्ता स्वार्थ र अमानवीयताका भुमरीमा रुमलिइरह्यो । अहिले विश्वका धेरै मानिस राजनीतिलाई घृणा गर्दछन् । तर घृणा गरेपनि त्यही व्यवस्थाबाट डोरिनु आम मानवको नियति बनेको छ । त्यसैले अब राजनीति मानवताबाट निर्देशित हुनुपर्दछ । मानवताले जीवन दर्शनलाई अँगाल्दछ । जीवन दर्शन भएको नीति नै राजनीतिमा हुनुपर्दछ । जीवन दर्शन र सामाजिक सद्भाव भएको नीति राजनीति रहन सक्दैन त्यसैले यसको नाम पनि बदलिनुपर्दछ । अर्थात् मानवनीति वा लोकनीति हुनुपर्दछ ।

राजनीति भनेको राज गर्ने नीति हो । लोकनीति लोकको हित गर्ने नीति हो । हामी नेपालीहरू लोकनीतिका पक्षधर हौँ । त्यसैले हामी लोकको हित गर्ने कार्य गर्दछौँ । अहिले चलिरहेको जस्तो प्रवृत्तिको राजनीति हाम्रो कार्य होइन । हामी लोकको हित गर्नुलाई आफ्नो कर्तव्य ठान्दछौँ । हामीलाई त सेवा गर्नुछ, मानवताको सेवा । हामी नेपालीहरू सत्यका अनुयायी हौँ त्यसैले हामी आफ्नो व्यक्तिगत हितभन्दा लोकको हित पहिले सोच्दछौँ । त्यही लोकहितको भावनालाई जागृत गर्दै नेपाली भूमिमा लोकनीतिको स्थापना गर्नका लागि पनि अब अगाडि बढ्नै पर्दछ ।

शासन गर्नेहरू सात्विक व्यक्तित्व, ज्ञानी र त्यागी हुनुपर्छ, उनीहरूले मात्र सही मार्ग दिन सक्दछन् । यस्ता ज्ञानी व्यक्तिहरूको नेतृत्वमा मात्र यो देशले आफ्नो रूप फेर्न सक्दछ । यस्तै मानवहरूले लोकको नीतिलाई बुझेका हुन्छन् । लोकनीतिको स्थापनाका लागि सत्यमार्गका अनुयायीहरू अगाडि लम्किनुपर्दछ । अब ती मानिसहरूलाई लोकनीतिका मार्गमा आउनका लागि हामीले प्रेरित गर्नुपर्दछ ताकि हाम्रो देश सत् मार्गमा लम्किन सकोस् ।

# वर्तमान विश्व धार र हामी

विश्वमा बिसौं शताब्दीसम्मको अवस्था भूमिका लागि युद्ध गरिने र युद्धको परिणतिले नै समाजलाई सञ्चालन गर्दथ्यो । बिसौं शताब्दी एक त्यस्तो शताब्दी रह्यो जहाँ विश्वका सम्पूर्ण मानवहरू एक-अर्कासँग परिचित हुने मौका पाए । विश्वको केन्द्रबिन्दु बनेर संयुक्त राष्ट्रसंघ रह्यो । उपनिवेशवाद बीसौं शताब्दीसम्म कायम रह्यो । बीसौं शताब्दीसम्म युद्धले नै मानव समाजको भविष्य निर्धारण गरिदियो । अहिले एक्काइसौं शताब्दीको दोस्रो दशकको आरम्भसम्म पनि त्यही युद्धलाई नै मानवको चरित्रको रूपमा प्रस्तुत गरिँदै छ । तर अब यो अवस्था बदलिनै पर्छ । मानवको रक्षाका लागि पनि अब यसमा परिवर्तन आउनुपर्छ । अब मानव समाजलाई चेतनाले डोऱ्याउनै पर्छ ।

वर्तमान समय आम मानिसको चेतना जागृत हुन सक्ने समय हो । मानिसले मस्तिष्कलाई खुला राख्दै सत्य र असत्यको बोध गर्न सक्ने समय हो यो । यही समयमा नै जागृत चेतनामा सत्यको बोध गराउन सक्ने हो भने विश्वले एक पटक पुनर्जीवन पाउनेछ ।

विश्वमा आम मानिसमा चेतना त बढेको छ । तर सदियौंदेखि चलिआएको राजनैतिक र धार्मिक कुसंस्कारका पञ्जाबाट विश्व मुक्त हुन सकेको छैन । पूराना व्यवस्था ध्वस्त भएमा आफ्नो अस्तित्व नरहने डरका कारण कुनै न कुनै हथकन्डा अपनाएर विभिन्न देशका नेताहरू सत्तामा रहिरहेका छन् । विश्वमा जागृत वर्ग एकातिर छट्पटाइरहेको छ भने अर्कोतर्फ स्वार्थी राजनैतिक, धार्मिक र व्यापारी वर्ग आफ्नो स्वार्थका लागि आम मानवलाई लडाइरहनुमा नै आफूलाई विजयी ठान्दछन् ।

एकातिर धार्मिक कट्टरपन्थीहरूले चलाएको आतङ्क अर्कोतर्फ केही देशहरूसँग भएको आणविक हतियारको प्रयोग हुन सक्ने सम्भावनाको त्रासदीपूर्ण अवस्था वर्तमानमा रहेको छ । यी पक्षहरू यस्ता त्रासदीपूर्ण पक्ष हुन् जसले यदि आणविक हतियारको प्रयोग गरे भने सारा मानवताकै सर्वनाश हुन्छ । त्यसैले यिनबाट मुक्ति पाउनका लागि आम मानिसहरू शान्तिपूर्वक पुकार गरिरहेका छन् ।

विश्वमा अशान्ति आउनु र सर्वत्र अव्यवस्था हुनुमा मानिसको अज्ञानता नै प्रमुख कारण रहेको छ । मानव शरीरलाई केवल एक भौतिक वस्तुको रूपमा हेर्ने भौतिकवादी दृष्टिकोण नै वर्तमान समयको मूल समस्या हो । अनि त्यही भौतिक दर्शनलाई अँगालेर त्यसैका आधारमा मानव चेतनालाई निर्देशित गर्ने राजनैतिक व्यवस्था नै मानव अव्यवस्था र द्वन्द्वको मूलकारण हो ।

विश्वमा प्रतिदिन परिवर्तनहरू भइरहेका छन् । राजतन्त्रात्मक व्यवस्थामा विश्व धेरै शताब्दीसम्म चलिरह्यो । त्यस्तै धर्मले पनि विश्वलाई धेरै समयसम्म प्रत्यक्षअप्रत्यक्ष शासन गरिरह्यो । विगतका शताब्दीहरू राष्ट्रियता र स्वतन्त्रताका नाममा पनि बिते । केही सचेत मानवहरू साहित्यका माध्यमबाट समाजमा चेतना फैलाउने प्रयासमा पनि लागिरहे । तर समयक्रममा समाजका यी पक्षलाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आउँदै गएको छ । राजालाई ईश्वर मान्ने विश्व अहिले छैन । त्यस्तै स्वर्ग र नर्कको तर्कलाई मानेर डरका कारण धर्ममा डोरिने मानवहरू पनि अहिले निकै नै कम छन् । मानव चेतनामा विज्ञानले धेरै नै परिवर्तन ल्याइदिएको छ । विश्व र ब्रह्माण्डका धेरै रहस्यहरूलाई खोतल्दै मानव मनका जिज्ञासालाई शान्त पार्ने कार्यमा विज्ञानले महŒवपूर्ण भूमिका निभाएको छ । तर पनि मानव समाज आदर्शात्मक संसारका दिशामा प्रवृत्त हुन सकेको छैन । यद्यपि त्यो सम्भावना जीवितै रहेको छ ।

## वर्तमान अशान्त विश्व र युद्धका बहाना

युद्धको इतिहास त्यति पुरानो होइन । जब विश्वका मानवहरू एक अर्काका सम्पर्कमा आए तब युद्धको सुरुवात भएको हो । विस्तारै राज्यको अवधारणा आयो । अनि सुरक्षाको चिन्तामा सेनाको निर्माण हुन गयो, हतियारको सिर्जना हुन थाल्यो । विश्वको इतिहास त केवल युद्धको शृङ्खलाजस्तो मात्र देखिन्छ । हुन पनि विश्व सभ्यताको थालनीदेखि नै युद्धको अवस्थाले मात्रै आफ्नो अस्तित्व देखाउँदै आइरहेको छ जुन वर्तमानमा भयङ्कर त्रासदीपूर्ण अवस्थामा छ । लट्ठी, तीर, गुलेली र भालाबाट सुरु भएको युद्धको परम्परा अहिले क्षणभरमै पृथ्वी नै ध्वस्त पार्न सक्ने सम्मको हतियारमा पुगेको छ । त्यसैले विश्व अहिले त्रासदीपूर्ण अवस्थामा बाँचिरहेको छ ।

मेरो नेपाल

कोही मानिस स्वयम युद्धमा होमिएको होओस् वा नहोओस् उसले युद्धको बारेमा केही न केही सुनेकै हुन्छ, बुझेको हुन्छ । आजकल टेलिभिजनमा युद्धका बारेमा देखाइने दृश्यहरू हुन् वा इतिहासका पुस्तकमा वर्णित युद्धका विभत्स दृश्यहरू होउन्, मानिसहरूले युद्धका बारेमा सुन्न अभ्यस्त भइसकेका छन् । युद्धका बारेमा पनि धेरै मानिसमा फरकफरक धारणा हुन्छ । कोही युद्धलाई साहसिक र रोमाञ्चकारी कार्य मान्दछन् त कोही एक आत्मरक्षाका लागि बाध्यात्मक अवस्था । तर पनि जो प्रत्यक्ष युद्धभूमिमा होमिएर युद्ध गर्दछन् उनीहरू युद्ध भनेको त्रासदीपूर्ण र क्रुर हुन्छ भन्ने बुझ्दछन् । हामीले हाम्रा हजुरआमाबाट सुनेका छौं राजकुमारहरूले राक्षसहरूसँग गरेका युद्धका कथा । अनि सैनिकहरू लडाइँको मैदानमा ओर्लिएर शत्रुलाई छपछपी काटेका कुरा । मानिसहरूका क्रुरतालाई पनि हामी बहादुरीको संज्ञा दिन कत्ति पनि हिच्किचाउँदैनौं । त्यसैले त युद्ध संस्कृतिले विश्वभर मान्यता पाइरह्यो ।

अहिले विश्वमा अशान्तिका अनेकौं पक्षहरू देखिएका छन् । अफ्रिका, ल्याटिन अमेरिका र एशियामा अझै पनि मानिसहरू जीवनका आधारभूत आवश्यकता गास, बास र कपासका अभावमा मरिरहेका छन् । आधारभूत आवश्यकता पूरा भएका ठाउँहरूका मानवमा पनि सुख र शान्ति छैन । त्यहाँ लोभ, लालच र हत्या, हिंसा बढि नै रहेका छन् । भौतिक सम्पन्नता भएका मुलुकमा मानिसहरू भौतिक संयन्त्रका दास भएका छन्, जसले गर्दा आन्तरिक रूपमा अशान्त जीवन जिइरहेका छन् । सत्ताको लोभमा एकअर्कालाई लडाउने, भिडाउने खेल विश्वभर खेलिइरहेका छन् ।

एक व्यक्ति र अर्को व्यक्तिबीचको शारीरिक वा मानसिक द्वन्द्व नै व्यक्तिगत द्वन्द्व हो । हरेक व्यक्ति आफ्नो परिचयको खोजीमा हुन्छ । जब उसलाई आफ्नो परिवेशमा आफ्नो अस्तित्व स्वीकार नभएको महसुस हुन्छ तब ऊ अन्य व्यक्तिहरूसँग द्वन्द्व गर्न पुग्दछ । अर्को रूपमा भन्नुपर्दा व्यक्तिले आफूमा रहेको वितृष्णा पोख्नका लागि पनि द्वन्द्व गर्ने गर्दछ । इतिहासले देखाउँछ कि केही व्यक्तिका लहडका कारण भएका द्वन्द्वका कारण उनीहरू तात्कालीक र त्यसपछिको कालका मानवहरूबाट अपहेलित हुनुपरेको थियो । हिटलरले मच्चाएको आतङ्क होस् वा मुसोलिनीले दर्साएको क्रुरता होस् ती सबै पक्षहरूमा व्यक्ति विशेषप्रति नै घृणा केन्द्रित गरेको छ मानव समाजले ।

मानवता विभिन्न जाति, रङ्ग र सम्प्रदायका नाममा विभक्त छ । शरीरको बनावट, छालाको रङ्ग, आँखा र कपालको रङ्गका आधारमा मानवहरूबीच भिन्नता छ । विगतका दिनमा जब विश्वका सम्पूर्ण समाजका मानव-मानवबीच परिचय थिएन त्यसबेला अर्को समाजको मानवको आक्रमणबाट वच्नका लागि हरेक मानव समाज तयार रहन्थे । अनि कोही फिरन्ते मानव समूहचाहिँ एकपछि अर्को समाजमा प्रवेश गरी त्यहाँको प्राकृतिक स्रोत हडप्नका लागि धावा बोल्दथे । आफूभन्दा अलग भाषा, संस्कृति र रङ्ग भएको मानव देख्नासाथ आक्रमण गर्ने गरिन्थ्यो । मानव इतिहासको कुनै पनि कालखण्ड द्वन्द्वरहित छैन । मानव सभ्यताका हरेक शताब्दी शासकहरूको लहडका कारण द्वन्द्वपूर्ण रहिरहेका छन् । आमनागरिकले नचाहँदा नचाहँदै पनि द्वन्द्वको मार सहनुपरेको छ ।

सन १९१४ देखि सन १९१८ सम्म चलेको प्रथम र सन १९३९ देखि सन १९४५ सम्म चलेका दुइवटा विश्वयुद्धले मानवलाई विध्वंस के हो भन्ने सिकाएर गए । अमेरिकी विमानले सन १९४५ मा जापानका नागासाकी र हिरोसीमामा आणविक बम खसालेपछि भएको ध्वंसपछि मात्र दोस्रो विश्वयुद्धको समाप्ति भयो । तथापि त्यसपछि पनि विश्वका अनेकौं देशहरू युद्धमा लागि नै रहेका छन् ।

सन १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापनापश्चात् पनि विश्वमा करीब २०० भन्दा बढी युद्ध भइसकेका छन् । १०० भन्दा बढी देश युद्धमा संलग्न भएका छन् । करिब ३ करोडभन्दा बढी मानिस युद्धका कारण मरेका छन् ।

एक्काइसौं शताब्दीमा प्रवेश गर्दा पनि विश्वमा युद्धका शृङ्खला रोकिएनन् । वर्तमान विश्व पनि विगतका शताब्दीहरूजस्तै युद्धमा लीन छ । पहिलेको युद्धको दायरा केही साँगुरो थियो । अहिले उपकरणमा विकासका कारण यो विश्वव्यापी बनेको छ । सन २००१ मा अमेरिकामा भएको आतङ्ककारी हमलापछि विश्वको ध्यान आतङ्कवादमा केन्द्रित भयो । यसमा अमेरिकाले नेतृत्व लिइरहेको छ र यसमा बेलायत, फ्रान्स, जर्मनीलगायतका विश्वका शक्तिशाली देशहरूले साथ दिइरहेका छन् । अमेरिकाले अफगानिस्तानमा तालिबानी आतङ्कवादी विरुद्ध आक्रमण गर्‍यो । सन २००३ को मार्चमा अमेरिकाले इराकमा आक्रमण गर्‍यो । इराकमा तात्कालिक शासक सद्याम हुसेनलाई तानाशाह घोषणा गर्दै सत्ताच्यूत गरी सन २००६ को डिसेम्बरमा फाँसी दिइयो । इराकमा किन र केका लागि युद्ध सुरु गरिएको थियो भन्ने कुरा अमेरिकाले पुष्टि गर्न सकेको छैन । सन १९७० मा इराकबाट राजतन्त्रलाई फालेर नयाँ व्यवस्थामा प्रवेश गर्नका लागि सद्याम हुसेनलाई मद्दत गरेको अमेरिका इराकमा आफ्ना ४५०० सैनिकसहित करीब डेढलाख इराकीको मृत्युमा आफ्नो विश्वलोकतन्त्रको नायकी देख्दै त्यहाँ नयाँ व्यवस्था लागू गरेर त्यहाँबाट आफ्ना सेनालाई सन २०११ डिसेम्बरबाट पूर्ण रूपमा हटाएको छ । यद्यपि अमेरिकी सेना र नेटो सेना विश्वका विभिन्न ठाउँमा आतङ्कवाद हटाउने नाममा युद्धरत र कतिपय ठाउँमा आफ्नो सेनालाई तम्तयार गरेर राखेका छन् ।

अर्कोतर्फ पाकिस्तान र भारत, चीन र भारतबीचको सीमा विवादका कारण बेलाबेलामा तनाब भइरहेकै छ । उत्तरकोरिया र दक्षिण कोरियाका बीच अझै पनि युद्ध भइरहन्छन् । आयरल्याण्ड, रुस, फिलिपिन्स, सुडान लगायतका देशहरूमा पृथकतावादी र राज्य पक्षका बीच युद्ध भइरहेको छ । मध्यपूर्व र अफ्रिकी मुलुकहरूमा तानाशाही शासकविरुद्ध सङ्घर्ष भइरहेका छन् । लिबियाका सैनिक शासक कर्णेल मुअम्मर गद्दाफीलाई सत्ताच्यूत गरी सन २०११ अक्टोबर २० मा उनको हत्या समेत गरियो । त्यस्तैगरी इजिप्टमा सन २०११ को जनवरी २५ बाट सुरु भएको आन्दोलनको केही दिनमा नै फेब्रुवरी ११ मा होस्नी मुबारक राष्ट्रपतिको पदबाट राजिनामा दिन बाध्य पारिएका थिए । इजिप्टमा ३० वर्षदेखि एकतन्त्रीय शासन चलाएर नागरिकमाथि दमन गर्ने शासक होस्नी मुबारकलाई नागरिकले अपदस्थ गरिदिए । सन २०१२ जुन २ मा भएको निर्णयअनुसार उनीलाई आजीवन कारावासको सजायँ तोकियो । त्यस्तैगरी अरब मुलुक सिरियामा सन २०११ को जनवरीदेखि सुरु भएको नागरिक आन्दोलनमा करीब १८ हजार नागरिकको मृत्यु भइसकेको छ ।

पाकिस्तान, अफगानिस्तानजस्ता देशमा धार्मिक कट्टरपन्थीहरू धर्मका नाममा राज्यविरुद्ध युद्धरत छन् । आतङ्कवादी सङ्गठन अलकायदाका नेता ओसामा बिन लादेनको सन २०११ मे २ मा अमेरिकी सेनाले पाकिस्तानमा उनी बसेको निवासमा हमला गरी हत्या गरेपछि पनि अलकायदाबाट आतङ्कवादी क्रियाकलाप भई नै रहेका छन् । विश्वका जुनसुकै कुनामा युद्ध भएपनि त्यसले सारा विश्वलाई प्रभावित पारिरहेको छ ।

हरेक युगमा मानव समाजमा द्वन्द्व भइरहेका छन् । बीसौँ शताब्दीको मानव द्वन्द्व तेह्रौँ शताब्दीको भन्दा फरक छ । अनि तेह्रौँ शताब्दीको मानव समाजको द्वन्द्व ई.पू. पाँचौँ शताब्दीको भन्दा फरक छ । निश्चय नै अहिलेको एक्काइसौँ शताब्दीको द्वन्द्व बीसौँ शताब्दीको द्वन्द्वको प्रकृतिभन्दा फरक छ । आधुनिक विकासको उच्च बिन्दुमा प्रवेश गरेको एक्काइसौँ शताब्दीको युग बीसौँ वा त्यसभन्दा अगाडिको शताब्दीको प्रकृतिको हुँदैन । निश्चय नै यो शताब्दी भयङ्कर क्रुर हुनेछ ।

बिसौँ शताब्दी मानव इतिहासमा सबैभन्दा रक्तिम शताब्दी रह्यो । यद्यपि मानवले यही शताब्दीमा निकै क्षेत्रमा फड्को पनि मारेको छ । यही शताब्दीमा हवाइयात्रा, टेलिभिजन, अन्तरिक्ष यात्रा, सञ्चार क्षेत्रमा विकास, कृषिमा आधुनिक पद्धति, चिकित्सा क्षेत्रमा विकासजस्ता पक्षमा मानवले धेरै फड्को मारेको छ । लोकतान्त्रिक संस्कारको विकास, मानव अधिकारको वकालतजस्ता पक्षमा पनि मानवले फड्को मार्‍यो । जनसङ्ख्या नियन्त्रण, दैवी प्रकोपबाट पीडितलाई तत्काल सहायता, भोकमरी र महामारीबाट रक्षाका लागि आपत्कालीन व्यवस्थाजस्ता कुरा पनि मानवले गरेका उल्लेखनीय कार्यहरू हुन् ।

तर पनि दुइवटा महायुद्ध भोगिसकेको मानव समाजले आणविक अस्त्रको निर्माण गरेरै छाड्यो यही शताब्दीमा । हरेक मानवलाई हरपल त्रासमा बाँच्न विवश पनि पारेको छ त्यही बिसौँ शताब्दीले । तेश्रो विश्वयुद्ध हुनबाट रोक्न संयुक्त राष्ट्रसंघले योगदान गरिरहेको छ भन्ने भ्रम व्याप्त छ । तर यथार्थमा आणविक अस्त्र प्रयोगका बिभिषीका हिरोशिमा र नागासाकीमा देखेका शासकहरू आफू बिजित बनेर माला पहिरनका लागि जीवित रहँदिन भन्ने ज्ञान भएकोले गर्दा नै तेश्रो विश्व युद्धको घोषणा नभएको हो । कस्तो अचम्म ! विश्वलाई भीषण युद्धमा जानबाट शान्तिसंयन्त्र, विवेकी शासकले होइन कि मानवले नै निर्माण गरेका भीषण हतियारले रोकिरहेको छ । मानवको विवेकले होइन कि हतियारको भीषण आतङ्कको भयले नै युद्ध रोकिरहेको छ ।

यसरी हेर्दा, सारा मानवहरू युद्धमा होमिएका छन् । मानव सभ्यता जतिजति अगाडि बढ्दै आइरहेको छ युद्धको विभिषिका झनझन भीषण हुँदै गइरहेको छ । युद्धका कारणहरू भूमिको प्रयोग, स्रोत र साधनमाथि कब्जा र शक्तिको प्रदर्शन मात्र रहेका छन् । युद्धको राजनैतिक कारण प्रत्याक्रमण, प्रतिरक्षा र स्वाभिमानको रक्षा हो भनेर भनिन्छ । तर यथार्थमा त्यस्तो केही पनि होइन, सबै युद्धहरू मानव अहङ्कारका परिणाम मात्र हुन् । युद्धका कारण केलाउनुभन्दा पनि अहङ्कार हटाउने उपायहरू अवलम्बन गर्न सकेमा युद्धका सम्भावनाहरू टरेर जाने थिए र मानवहरू सुखी हुने थिए । अहङ्कार नै युद्धको कारण हो । अज्ञानता नै मानव अहङ्कारको कारण हो ।

## हतियारको होड

हरेक प्राणी बाँच्नै चाहन्छन् । किरा, फट्याङ्ग्रादेखि लिएर हात्ती, ह्वेललगायत सारा प्राणी बाँच्न चाहन्छन् । आफूमाथि आक्रमण हुन थालेको महसुस हुनासाथ हरेक प्राणीले प्रतिकार गर्दछन्, आत्मरक्षाका लागि । केही प्राणीले आफू बाँच्नका लागि आहाराका रूपमा अन्य प्राणीलाई मार्दछन् । तर ती प्राणीहरू आफ्नो प्रकृतिप्रदत्त गुणअनुसार आफ्नै कलाकौशल र शक्तिद्वारा अर्को प्राणीलाई मार्दछन् । मानिस पनि एक प्राणी हो, ऊ पनि बाँचेरै रहनुपर्दछ । तर उस्ले आफू बाँचेरै रहूँ भन्नाका खातिर अरू प्राणीसँग होइन आफ्नै मनुष्य जातिसँग बढी युद्ध गर्दछ ।

मानिस जङ्गली अवस्थामा हुँदा उसले जङ्गली कन्दमूल खान्थ्यो, जङ्गली जनावरको शिकार गर्दथ्यो । त्यसका लागि उसले अनेकौ हतियारको निर्माण गरेको थियो । ती हतियारहरू बिना प्रयोजनका थिएनन् । सभ्यताको सुरुवातमा कृषि र पशुपालनका लागि चाहिने हतियार र औजारको निर्माण गरेको थियो, ती पनि बिना प्रयोजनका थिएनन् । अहिले विकासका प्रक्रियामा मानिस निकै अघि बढेको छ । हतियारको निर्माण र विकास हँसिया, हथौडा, भाला, धनुषवाणभन्दा लाखौँ गुणा बढी शक्तिशालीस्वरूपमा भएको छ । तर ती हतियारहरू जमीनमा अन्न फलाउन, बासका लागि घर बनाउन, शरीर ढाक्नका लागि वस्त्र सिलाउन एवम् अन्य प्राणीको आक्रमणबाट वच्न वा आत्मरक्षाका लागि प्रयोग गर्न बनाइएका होइनन् । ती हतियारहरू त पृथ्वीमै रहेका मानव-मानववीच युद्ध गर्नका लागि, एक अर्कालाई मार्नका लागि बनाइएका हुन् ।

पहिलेको विश्व केही फरक थियो - एउटा गोलार्द्ध र अर्को गोलार्द्धका मानिसबीच सम्पर्क थिएन । कुनै आगन्तुक मानव समूहको आक्रमणबाट बच्नका लागि हतियारको निर्माण गरिन्थ्यो । तर अहिले त विश्व एउटै भएको छ । पृथ्वीका सम्पूर्ण मानव-मानवबीच परिचय भइसकेको छ । तर अझै पनि मानिसहरू एक-आपसमा युद्ध नै गरिरहेका छन्; हतियारको निर्माण गरिरहेकै छन् । कुनै अर्को शक्तिशाली प्राणीबाट वच्नका लागि, अनि अर्को प्राणीले आफ्नो भाग खोसेका कारण सम्पूर्ण मानिसहरू मिलेर त्यसको भन्दा शक्तिशाली हतियारको निर्माण गर्दथे भने त्यसलाई सायद न्यायिक मान्न सकिन्थ्यो । अर्को ग्रहका जीवबाट पृथ्वीलाई खतरा भएकाले सारा पृथ्वीको रक्षाका लागि हतियारको निर्माण भएको भए पनि त्यसलाई गौरवको विषय मान्न सकिन्थ्यो । तर यही पृथ्वीको आफूजस्तै मानवको प्राणहरण गर्नका लागि हतियारको निर्माण गरिन्छ, त्यो न्यायिक र मानवीय कार्य होइन ।

अहिले गोलाबारुदको त के हिसाब गर्नु किनकि विश्वमा धेरै नै परिमाणमा आणविक अस्त्रको निर्माण भइसकेको छ । एउटै मात्र आणविक अस्त्रले पनि आधा पृथ्वी ध्वस्त पार्न सक्दछ ।

अमेरिकाले सन १९४५ मा पहिलो पटक अणुबमको परीक्षण गऱ्यो भने सन १९४७ मा हाइड्रोजन बमको सफल परीक्षण गऱ्यो । यसैगरी सन १९८० मा न्युक्लियर बमको परीक्षण गरी विश्वलाई न्युक्लियर युद्धको सम्भावनाबाट हरपल त्रसित हुने वातावरणको सिर्जना हुन गयो ।

अहिले विश्वमा करीब २६००० आणविक अस्त्रहरू छन् । जम्मा २ वटा आणविक बम प्रहार हुँदा सन १९४५ मा जापानमा हजारौँ मानिसहरू मारिएका थिए । त्यो बेलाको भन्दा अहिले हजारौँ गुणा शक्तिशाली आणविक अस्त्रको निर्माण भएको छ । अहिले भएका २६००० आणविक बम मध्ये केही मात्र पनि यदि शासकको सन्कीपनका कारण वा प्राविधिक गडबडीका कारण विस्फोट भयो भने पृथ्वीकै अस्तित्व पनि नष्ट हुन्छ । अहिले रसियासँग १५,०००, अमेरिकासँग १०,०००, फ्रान्ससँग ३५०, बेलायतसँग २००, इजरायलसँग ७५ देखि २०० सम्म, चीनसँग १३०, भारतसँग ५०, पाकिस्तानसँग ५० र उत्तरकोरियासँग ० देखि १० (हुनसक्ने अनुमान) गरी करीब २६००० आणविक हतियार छन् । यी सबै देश यी हतियार नष्ट गर्छौं त भन्छन् तर पनि तत्कालै त्यो सम्भावना देखिँदैन । हुन त ७०००० आणविक हतियारबाट घटाएर अहिले २६००० को सङ्ख्यामा झारिएको हो । यद्यपि विश्वका शक्तिशाली देशहरू आफ्नो अहङ्कारलाई यिनै हतियारका आधारमा व्यक्त गरिरहेका छन् ।

अमेरिकाले जापानका हिरोसिमा र नागासाकीमा खसालेका अणुबमको शक्ति २० किलो टनका थिए । तर अहिले बनेका अणुबमहरू ६० मेगाटनसम्मका छन् । यदि तिनको प्रयोग भयो भने यो पृथ्वी ३५ पटकसम्म ध्वस्त पार्न सक्दछन् । अनि पृथ्वी बाफमा र धुवाँमा परिणत हुनेछ । यहाँ जीवन र जगत्को अस्तित्व नै बिलाएर जानेछ । त्यति मात्र होइन यसको प्रभावले सौर्यमण्डलका अन्य सदस्यहरूलाई पनि प्रभावित पार्न सक्नेछ ।

अहिले विश्वले प्रतिदिन १.८ बिलियन अमेरिकी डलर हतियारको निर्माणमा खर्च गर्दछ । अर्कोतर्फ प्रतिदिन ४० हजार बच्चाबच्ची खानाको कमी र अभावले मर्दछन्, प्रतिदिन १३७ हजार मानिस खानाको अभावमा मर्दछन् । विश्वका एकतिहाई मानिसहरू भोकै रहन्छन् भने दुईतिहाई आधा पेट खाएर जीवन बिताइरहेका छन् । एकातिर मानिसहरू अभावमा मरिरहने अर्कोतर्फ बिनाशक हतियारका लागि खर्च गर्ने प्रवृत्ति रहेको छ । त्यही स्रोतलाई मानव हितका लागि लगाउने भने विश्व सुन्दर बन्ने थियो ।

तरकारी काट्न र दाउरा ताछ्नका लागि यति धेरै शक्तिशाली हतियार चाहिँदैनन् भन्ने कुरा पृथ्वीका धेरै मानिसलाई थाहा छ । सीमित मानिसको स्वार्थका कारण मानव-मानवबीच हत्याका शृङ्खला चलिरहेका र युद्ध भइरहेको तथ्य अहिलेको विश्वका मानिसले बुझेका छन् । तर पनि विश्व हतियारको होडमा लागिरहेकै छ । मानिसले जे-जति पनि शक्ति र स्रोत हतियार निर्माणमा लगाएका छन् त्यति शक्ति अन्न उत्पादन र मानव समाजको व्यवस्थापनमा लगाउने हो भने पृथ्वीमा कोही मानिस दुःखी रहँदैनन् । यो कुरा विश्वका धेरै मानिसलाई थाहा छ । तर पनि युद्ध र युद्धका सम्भावनालाई मेटाउन

मेरो नेपाल

सकिएको छैन । यो सबै भौतिकवादी दृष्टिकोणले भइरहेको छ । मानिसमा रहेको आध्यात्मिक भावना सुषुप्त भएको छ । त्यसैले विश्वव्यापी रूपमै त्यो भावनालाई नजगाइकन विश्वमा शान्ति त आउँदैन नै झन हामी सम्पूर्ण पृथ्वीनिवासी त्रास र संशयमा जीवन बिताउनु परिरहन्छ ।

## आतङ्कवादतर्फ उन्मुख विश्व

विश्वमा मानवीय समस्याहरू सदियौँदेखि जे-जस्ता थिए मूल रूपमा ती समस्याहरू कायमै छन् र झन-झन जटिल बन्दै गइरहेका छन् । हरेक कालमा मूल समस्यालाई अन्य तात्कालिक समस्याले छोप्दै गएको छ । त्यसैले गर्दा मानव समाजका मूल समस्याहरू समाधान हुन सकेका छैनन् ।

सभ्यताको थालनीदेखि नै देखिएको मूल कुरा भनेको एक मानिसले अर्को मानिसबाट मानवीय सम्मान नपाउनु हो । एउटै भौगोलिक क्षेत्रभित्र र एउटै समाजभित्र पनि मानिस-मानिसबीचको विभाजन मानवीय समस्याको मूल जड् हो । धर्म, राजनीतिलगायतका कुनै पनि पक्षले यो कुरामा विचार पुऱ्याएको देखिँदैन । रङ्ग र जातिका नाममा मात्र होइन धार्मिक र वैचारिक रूपमा पनि मानिस-मानिसबीच विभाजनको रेखा कोरिएको छ । धार्मिक रूपमा फरक आस्था राख्नेमाथि अमानवीय व्यवहार गर्ने, वैचारिक रूपमा पृथक विचार राख्नेमाथि अमानवीय व्यवहार गर्ने, अनि आर्थिक रूपमा सवलहरूले गरिबहरूलाई मानवीय सम्मान नदिने आदि कारणले सदियौँअघिदेखि नै मानव-मानवबीच विग्रह भएको छ । जसका कारणले एक-अर्कामा कटुता, द्वेष, इर्ष्या, अविश्वास र शत्रुतापूर्ण व्यवहार गर्ने गरिन्छ ।

सबै मानिसबीच एक-आपसमा मानवीय सम्बन्ध हुनुपर्छ । तर यो कुरा जमीनका नाममा, जाति, रङ्ग, राष्ट्र र राजनैतिक वादका नाममा हुँदै अहिले आएर आतङ्कवादका नाममा गौण बन्न पुगेको छ । यीमध्ये अधिकांश समस्याहरू धेरै अगाडिदेखि नै रहिरहेका छन् । हरेक कालका समस्याहरू त्यही कालमा नै समाप्त हुन नसकेर हस्तान्तरण हुँदै जाँदा हरेक मानव पिँढीले आफ्नै कालका समस्यासँग जुध्न नपाई अघिल्लो समयका मानिसहरूले हस्तान्तरण गरेका पूरानै समस्यामा अल्झिनु परेकोले मानवका मूलभूत समस्याहरू समाधान हुन नसकेका हुन् ।

समयले विश्वका हरेक समाजका स-साना ठानिएका समस्यालाई छोप्दै पत्र-पत्र पार्दै गइरहेको छ । तर हरेक पत्रमा रहेको बीजबाट नयाँ-नयाँ समस्याहरू अङ्कुरण हुँदै गइरहेका छन् । मानिसहरूका सम्पूर्ण शक्ति आफैले सिर्जना गरेका तात्कालिक समस्याको समाधानमा केन्द्रित हुनु परेको छ । यही कारणले गर्दा नै नवीन एवम् सिर्जनशील समाजको उदय हुन सकेको छैन । यदि मानिसहरूले आफ्नो समाजको सदियौँदेखिको एउटा जड् समस्याको निराकरण गर्ने हो भने मानव समाजलाई नवीन सिर्जनातिर लम्काउन सकिन्छ । 'मानिस पनि एक प्राणी हो; सामाजिक, चेतनशील साथै विवेकशील पनि; त्यसैले मानिस-मानिसबीच कुनै भेद छैन, सबै समान छन्' भन्ने कुराको बोध विश्वका सम्पूर्ण मानिसहरूले गर्न सक्ने अवस्थाको सिर्जना गर्न सकिएमा मानव समाजका सदियौँदेखिका समस्याहरू मत्थर भएर जानेछन् । मानव-मानवबीच मानवीयताका आधारमा व्यवहार हुने हो भने अहिले देखिएको आतङ्कवादले पनि दीर्घकालीन रूप लिन सक्दैन । यसलाई मान्यता भनौं वा समस्या, यही कुरामा नै मानवीय जटिलता वा समस्या निर्भर रहेको छ ।

अहिले विश्वमा आम मानिसले व्योहोर्नु परेको समस्या आतङ्कवाद हो । तर यो आतङ्कवादको जड् सदियौं पुरानो हो । मानिसहरू राज्य, धर्म, रङ्ग र जातीय नामका आधारमा विभक्त भएकाले बहुसंख्यक मानिसहरू जुनसुकै कालमा पनि पिल्सिँदै आइरहेका छन् । उनीहरूको जीवन आधारभूत समस्याहरूका जञ्जालमै वित्ने गर्दछ । ती बहुसङ्ख्यक मानिसको समस्या समाधान गर्न र उनीहरूलाई मानवीय सम्मान दिन शासक वर्ग र त्यसका आसेपासेहरूले जहिले पनि कन्जुस्याइँ गरेका छन् । शासन र सत्ताका लोभीहरूले आफ्नो मात्र सुख-सयलको ख्याल गरी आम मानिसका समस्याप्रति आँखा चिम्लिने गरेको पाइन्छ । त्यस्तैगरी, अर्को खालको मानव समूह जुन न त तल्लो वर्गको समस्या समाधानका दिशामा नै वास्ता राख्दछ न त माथिल्लो वर्गले गरेको शोषण र अन्यायप्रति नै औंलो ठड्याउँछ अर्थात् तटस्थ वर्ग वा शिक्षित वा चेतनशील भनाउँदो वर्गको मौनता अर्थात् बेवास्ता पनि मानव समस्या बढाउनमा सहायक रहेको छ । जब पीडित वर्गलाई आफ्नो दुर्दशाको बोध हुन्छ तब उनीहरू विद्रोहतिर लम्किन्छन् र उनीहरूको विद्रोहलाई अर्को वर्गले प्रयोग गरिदिन्छ । फलस्वरूप आतङ्कवादको उदय हुन्छ । तटस्थ वर्ग अर्थात् शिक्षित र चेतनशील वर्गले आरम्भिक कालमै मध्यस्थताको प्रयास गरिदिने भने

मेरो नेपाल

समयक्रममा आतङ्कवादको उदय हुन पाउने थिएन । तर उपल्लो वर्गबाट 'राम्रो' देखिन वा उनीहरूसँग सामीप्य नै रहने लोभमा यो वर्ग फँस्दछ । अनि शासकवर्गचाहिँ आफ्नो हैकम स्वीकार नगरी विद्रोह गरेकामा दमनको नीति अपनाउँछन् । फलतः समस्याले दीर्घकालीन रूप लिन्छ ।

विश्वमा शिक्षाको विकाससँगै विश्वव्यापी जागरणको लहर चलिरहेको छ । एक गोलार्द्धको मानिसलाई अर्को गोलार्द्धको मानिसका बारेमा जानकारी छ । तर एउटै भौगोलिक क्षेत्रभित्र पनि कोही सुखपूर्वक बाँचिरहेको छ त कोही गास, वास र कपासका लागि रोइरहेको छ । अनि विद्रोहको चर्को स्वर यहीँनेरबाट उठ्दछ अर्थात् आतङ्कवादको अर्को जड भनेको खाली पेट हो । अरूको पेट भरिएको छ वा छैनप्रति वास्ता नराख्नेहरू र थाहा पाएर पनि चुप लाग्नेहरूले हरेक कालमा विद्रोहको झड्का सहनु परेको देखिन्छ । चाहे त्यो झड्का जातीयताका नाममा होस् वा रङ्ग विभेदका नाममा, राज्य-क्रान्तिका नाममा होस् वा धर्मका नाममा दिइएको होस् ।

एउटै राज्यका सीमानाभित्र पनि अनेकौं विद्रोही समूहको उदय भएको छ । राज्यशक्तिका विरुद्ध उत्रिने यस्ता समूहको निशाना पनि सर्वसाधारण मानिस भएका छन् । उनीहरूको राजनैतिक स्वार्थका लागि पनि सामान्य मानिस मरिदिनुपर्दछ । अहिले आणविक हतियारमा विश्वका समृद्ध राष्ट्रहरूको पहुँच छ । तर विभिन्न समूहका रूपमा उदाएका समूहले कुनै समयमा स्वयमले नै अझै शक्तिशाली हतियारको निर्माण गर्ने अथवा बनिसकेका हतियारहरू खोस्ने वा नियन्त्रणमा पार्न सक्ने सम्भावना पनि छ । यस अवस्थामा बिना राष्ट्रका ती समूहको आक्रमण र नियन्त्रणलाई कस्ले रोक्ने ?

अहिले विश्वमा देखिएको आतङ्कवादको कुनै टुङ्गो छैन । सीमित राजनैतिक सीमानाभित्रको राज्यप्रणालीका विरुद्धको विद्रोह क्रमशः धार्मिक विद्रोहको रूप लिँदै विश्व व्यापारको नियन्त्रण र अन्ततः सम्पूर्ण विश्वको नै नियन्त्रण गर्ने शक्तिको रूपमा परिणत हुन पनि सक्छ । त्यस अवस्थामा राष्ट्र-राष्ट्रका सारा शक्ति स्वतः निष्काम हुन्छन् । यी सङ्गठन विश्वव्यापी हुन सक्नेछन् ।

अहिले विश्वले आतङ्कवादी भनेका सङ्गठनहरूलाई निष्क्रिय पार्नका लागि त्यति सजिलो छैन । एकातिर धर्मका नाममा आतङ्कलाई बढावा दिइएको छ भने अर्कोतर्फ राज्यशक्तिबाट पाएको उत्पीडनको प्रतिशोधको भावना छ । धर्मान्धतालाई चेतनाको प्रवाह फैलाएर र शिक्षाको उचित व्यवस्थाबाट मात्र मत्थर पार्न सकिन्छ । युगौंदेखि सहँदैआएको उत्पीडनको प्रतिशोधस्वरूप आएको विद्रोहलाई माया र स्नेहले मात्र रोक्नसक्छ, न कि हतियारले ।

हतियारको निर्माण गर्दा वा विकास गर्दा एक-अर्का राष्ट्रको डरका कारण वा राष्ट्रिय सुरक्षाका नाममा गरियो अब विस्तारै विद्रोहीहरूका पहुँचमा पनि निकै हतियार छन् । सरसर्ती हेर्दा अब राष्ट्रिय सुरक्षाको वहाना परिवर्तन भएको छ । अब आतङ्कवादमा केन्द्रित छ, विश्व राजनीति ।

हुन त आतङ्कवादी भनेकाहरू पनि मानव जाति नै हुन् । उनीहरू पनि मानव समाजकै सदस्य हुन् । उनीहरूमध्ये कतिले यो समाजबाट धोका पाएका होलान्, कतिले गास, बास र कपासको लागि प्रयास गर्दा-गर्दा थाकेकाले गुनासो दर्साएका होलान् । उनीहरूमा पनि आफ्नोजस्तै अभावमय र कष्टपूर्ण जीवनयापन गरेका मनुष्यलाई सुन्दर जीवन दिने इच्छा होला । उनीहरू पनि आम मानिस नै हुन् - फगत् उनीहरू शासक वर्गको रिस आम मानिसलाई थोपर्ने गल्ती गर्छन् । उनीहरूको हृदय नियालेर हेरौँ त ! कतै त्यहाँ दुःख र पीडा मात्रै त छैन ? फेरी कतै मानिसका दुःख र पीडालाई माध्यम बनाएर शासनको लोभ पालेकाहरूको शब्दजालमा आम मानिसलाई पारिएको त छैन ? अनि धर्मका नाममा अन्धो भई आतङ्क फैलाइरहेका मानवहरू पनि यहाँ छन् । तिनीहरूलाई मानवताको पाठ पढाउनु जरुरी छ । हिंसाले हिंसालाई बढाउँछ ।

फेरी आम मानिसका नजरमा राम्रो देखिएर साधन र स्रोतको दुरूपयोग गर्दै अझै बढी मानिसलाई गरिबीको हालतमा पारेर नयाँ विद्रोह जन्माउने वास्तविक आतङ्कवादी राज्यसत्तामा त छैनन् ? एक पटक नियालौँ त ! सत्तामा बसेर खुलेआम आतङ्क मच्चाउने आतङ्ककारीहरू बढी खतरनाक छन् मानवता र विश्वका लागि, जो युद्धको वहाना खोज्नमै व्यस्त हुन्छन् ।

त्यसैले विश्वका सम्पूर्ण मानवहरू सचेत हुनु जरुरी छ ताकि कुनै व्यक्ति वा समूह केवल सत्ताको स्वादका लागि विद्रोही र शासक नबनोस् जसबाट आम मानिसको अस्तित्वमा सङ्कट आओस् ।

## कहालीलाग्दो मानव भविष्य

यही क्रममा नै संसार अघि बढ्ने हो भने भोलि कुनै दिन यस्तो आउनेछ – चारैतिर आगलागी र विस्फोटका दृश्यहरू, मानिसहरू भागाभाग गरिरहेका छन्, आकाश धुवाँले ढाकिएको छ, अम्लीय वर्षा हुन्छ । बच्चाहरू रोइरहेका छन्, वृद्ध-बृद्धाका चाउरिएका गालामा आँशु झरिरहेको छ, युवाहरू हतास् छन् । सबैतिर जीवनका लागि याचना छ । विश्वका नेताहरू पश्चाताप गरिरहेका छन् ।

अहिले मानिस मानिसबीच कुनै भेद छैन, सबै आ-आफ्नो जीवनको अस्तित्व खोजिरहेका छन् । राजनीतिक पाखण्डीको निर्देशनमा आणविक र आधुनिक हतियार निर्माण गर्ने वैज्ञानिकहरू खिन्न छन्, रोइरहेका छन् । के धनी, के गरिब सबैजना ईश्वरको पुकारा गरिरहेका छन् । कमजोर र अबुझहरू ईश्वरले नै यो कार्य गरेका हुन् भन्ने भ्रममा 'हामीले के पाप गरेका थियौँ र यो सजायँ दिएको ईश्वर' भन्दै विलाप गरिरहेका छन् ! चारैतिर चिच्याहट, बर्बराहट र प्रार्थना दोहोरिइरहेका छन् । मृत्युले जकडेको छ । सारा प्राणीको अस्तित्व नै सङ्कटमा परेको छ । एकपटक जोगाइदेऊ ईश्वर भन्दै पुकारा गरिरहेका छन्, मानिसहरू । तर सबै दुर्भाग्य त उही मानिस स्वयमले नै निम्त्याएको हो ।

## मानवको युद्धनाटक

युद्ध भयो राष्ट्र-राष्ट्रबीच । धेरै मानिसहरू विस्थापित भए । कैयौँ मानिस अपाङ्ग भए, कैयौँ बालबालिकाहरू टुहुरा भए । एउटा व्यवस्थित सभ्यता ध्वस्त भयो । युद्ध रोकियो । विस्थापित मानिसहरूको पुनर्स्थापनाका लागि सहयोगी समूहहरू आए । घाइतेहरू अस्पताल पुऱ्याइए । टुहुराहरूलाई अनाथालय पुऱ्याइयो । त्यहाँको पुनर्व्यवस्थाका लागि विश्वका धनी राष्ट्र र व्यक्तिहरूबाट सहयोग घोषणा गरियो । सहयोग गर्नेको ताँती लाग्यो । विश्वस्तरमै सो क्षेत्रका लागि र त्यहाँका विस्थापित मानिसका लागि सहयोग गर्ने होड नै चल्यो । विश्वका सारा मानिसले आ-आफ्ना धार्मिकस्थलमा गएर त्यस युद्धमा मरेका मानिसहरूको आत्माको चीरशान्तिको कामना गरे ।

युद्धबाट विस्थापितलाई सहयोग गरेबापत धेरै मानिसहरू अन्तर्राष्ट्रिय पुरस्कारबाट पुरस्कृत गरिए । कैयौँ साहित्यकारहरू त्यहाँको पीडादायी कथा, व्यथालाई कागजमा उतारेर पुरस्कृत भए । कैयौँ पत्रकारले काम पाए । इतिहासकार र सिद्धान्तविदहरूले उक्त युद्धको विवेचना गर्दै ठेलीका ठेली पुस्तक निकाले । सहयोगी संस्थाका कर्मचारीले काम पाए । अनि पुनर्स्थापना गर्नका लागि कैयौँ कम्पनीले ठेक्का पाए । खाद्यान्न उत्पादन गर्ने कम्पनीले काम पाए । औषधीको व्यापक खपत भयो ।

हाम्रो यो मानव समाज नाटक गर्नमा अभ्यस्त भइसकेको छ । पहिले युद्ध गर्ने अनि सबै ध्वस्त गरेपछि दया देखाउने मानव समाजको नियम भइसकेको छ । सबै कुरा बितिसकेपछि मात्रै मानव समाज आफ्ना क्रियाकलाप अगाडि बढाउँदछ । अपाङ्गलाई उपचार गर्ने, टुहुराको पुनर्व्यवस्था, असक्तलाई सहारा दिनु नै थियो भने सद्देलाई किन विशृङ्खल पारेको ? स्वस्थ मानिसलाई असक्त बनाउने अनि सेवाको नाटक गर्ने ? मानिस मार्ने अनि मरेका मानिसको आत्माको शान्तिको कामना गर्ने ?

यो किसिमको युद्ध नाटक रोकेर शान्तिको मार्गमा लम्किनु अत्यन्त जरुरी छ ताकि भोलिको शान्तिपूर्ण संसारको मार्ग स्पष्ट होओस् । सचेत र बौद्धिक वर्ग विश्वव्यापी रूपमा एकजुट भई यस्ता दृश्यहरू दोहोरिन नदिनका लागि चनाखो हुनुपर्दछ ।

## युद्धको कारण

युद्ध भूमिका लागि भएको छ । युद्ध स्त्रीका लागि भएको छ । युद्ध सत्ताका लागि भएको छ । युद्ध सम्पत्तिका लागि भएको छ । युद्धका कारण यिनै हुन् । मानव-मानवबीचका द्वन्द्वका कारण पनि यिनै हुन् । यी कारणलाई हटाउन सकिन्छ । अहिलेका सम्पूर्ण प्रयासहरू केवल रुमलिएका र तात्कालिक अवस्थालाई थामथुम पार्न गरिएका प्रयास मात्र हुन् । त्यसैले उही समस्या झन भयावह बनेर निस्किन्छ ।

युद्ध मानवको अहङ्कारको परिणति हो । भूमि, स्त्री, सत्ता र सम्पत्ति सबै केही होइनन् सबै तुच्छ छन् । ती सबैभन्दा अमूल्य कुरा जीवन हो । काम, क्रोध, लोभ र मोहजस्ता गुणहरू मानवमा अन्तरनिहीत हुन्छन् । यी गुण माथि विजय प्राप्त गर्न सक्ने हो भने बल्ल मानवमा रहेको अहङ्कार हट्दछ । त्यसपछि मान्छेले सत्य बुझ्दछ । यदि मानव इतिहासमा सत्यलाई मार्ग बनाएर अघि बढेको भए यत्रा युद्धहरू, यत्रा संहारहरू हुने थिएनन् ।

हिजो धर्मले जीवनको अर्थलाई आफ्नै हिसाबले अर्थ्यायो । जबकि सत्यान्वेषकहरूले आफ्नो अहिंसाको दर्शन नै मानवलाई दिएर गएका थिए । राज्यको सिद्धान्त औंल्याएर राज्यलाई सैद्धान्तिक पृष्ठभूमि दिनुपर्ने भन्दै अनेकौं दार्शनिकहरूले मार्ग निर्देश गरेका थिए । तर लोकतान्त्रिक पद्धतिलाई लत्याएर पारिवारिक शासनजस्तै गरी राजतन्त्रले एकोहोरो बाटो लिएपछि जहाँ जहाँ राज्यको आँखा पुग्यो त्यहाँका आम मानवहरू अन्याय र अत्याचार सहेर जिउनु पर्‍यो । विश्वभर नै यही प्रकारको चलन चल्यो ।

युद्ध अज्ञानताका कारणले हुने गर्दछ । अरू सबै कारणहरू तात्कालिक परिवेशका उपज र मानवको अहङ्कारी चरित्रका कारण हुने परिणाम हुन् । यथार्थमा मानवमा रहेको अज्ञानता नै युद्धको कारण हो । यो अज्ञानतालाई हटाएर ज्ञान र सत्यका मार्गमा प्रवृत्त भएपश्चात् सर्वत्र शान्ति छाउँदछ ।

## युद्धको मूलकारण

युद्धको मूलकारण शासकको लहड हो । शासकको अभिमान र अहङ्कारले नै युद्धलाई निम्त्याएको हुन्छ । हुन त मूलकारण नै हेर्ने हो भने शासकहरू, प्रशासकहरू, नीति बनाउनेहरू अज्ञानी भएर नै युद्धहरू भइरहेका हुन् । जीवन नै नबुझेका र त्यो जीवन दर्शन नै नभएका शासकहरूले मानवताको सम्मान गर्न सक्दैनन् त्यसैले युद्ध र द्वन्द्वका क्रमहरू विश्वभर चलिरहेका छन् ।

वासना नै युद्धको मूलकारण हो – एउटै वाक्यमा भन्नुपर्दा ।

## विश्वका नेताहरू कस्ता छन् त ?

व्यक्तिगत कुराहरू त नकेलाऊँ किनकि व्यक्ति त्यति महŒवपूर्ण होइन । तर प्रवृत्ति हेरौं त - अशोकदेखि नेहरूसम्म, कुब्ला खाँदेखि माओसम्म, जुलियस सिजरदेखि हिटलरसम्म, अलेक्जेन्डरको विश्व विजय अभियानदेखि ब्रिटिसहरूको कहिल्यै पनि घाम नअस्ताउने शासन सत्तासम्म र समग्रमा अतीतदेखि वर्तमानसम्म हेरौं त कुनचाहिँ शासकको शासन शुद्ध छ ? न्याय र स्वतन्त्रताका कुरा सानो चौघेरोभित्र गर्ने कुरा मात्र भएका छन् ।

एक मानव दास बनेर जिइरहँदा पनि शासकहरू आफ्नो शासन सबैभन्दा न्यायपूर्ण भनेरै आज्ञा जारी गर्ने विश्व हो यो ।

विश्वको अर्को कुनाको मानिसहरूको सभ्यता र संस्कृतिमाथि आफ्नो भौतिकता र धर्म नै सबैभन्दा उत्तम हो भनेर जबर्जस्ती आफ्नो सम्प्रभुता लाद्ने र त्यहाँको सामाजिक सद्भावलाई खल्बलाएर द्वन्द्व मच्चाई फेरि ‘सेवा’ र ‘कल्याण’ शब्द भजाएर आफ्नो राजनैतिक सम्प्रभुता लाद्ने युरोपियन र अमेरिकीहरूको स्वार्थको प्रयोगस्थल बनेको छ वर्तमान विश्व ।

आफ्नो देशमा खतरा छ भन्दै अर्को देशको सम्प्रभुतामाथि ठाडो हस्तक्षेप गरेर सैन्य शक्तिले एक विकसित सभ्यतालाई तहसनहस पारेर मानिसहरूमा त्रास र सन्त्रास फैलाई अन्तमा विजय भएको घोषणा गरेर जुलुस मनाउने विश्व हो यो ।

## असल मानिसहरू कराइरहन्छन् ........

एरिस्टोटलले भनेका छन् – विधिहरूको निर्माण मानिसले नै गर्दछ । बुद्धिमान र अनुभवी व्यक्तिले जुन कार्य गर्छन् तिनलाई नै परम्परा बनाएर अरु मानिस हिँड्दछन् ।

बाइबल (ज्ञ व्यजल ३:९) मै भनिएको छ – ईश्वरका सन्तानले पाप गर्दैनन्, किनकि ईश्वरको बीज उसमा रहेको हुन्छ । अनि ऊ पाप गर्दैन किनकि ऊ त्यही ईश्वरबाट जन्मेको हो ।

सायद, प्लेटोले ठीकै भनेका छन् – एउटा तानाशाह जहिले पनि युद्ध र द्वन्द्वलाई नै बढावा दिइरहन्छ ताकि मानिसहरूलाई नेताको खाँचो परिरहोस् ।

खलिल जिब्रानले लेखेका छन् – तिम्रो देशको सन्तानमा एक शताब्दीपछि के बाँकी रहन्छ ? भोलिका लागि तिमी झुटो वाचा र कायरपनबाहेक अरु के छाडेर जानेछौ ? के तिमी युगले छलकपटलाई सम्झिरहने छ भन्ने सोच्दछौ ?

लियो टाल्सटायले लेखेका छन् – हामी सबै यो स्वीकार गरौं कि संसारका सबै मानिसहरू दाजुभाई हुन् र सबै समान छन् ।

गान्धीले भनेका छन् - मेरो देश स्वतन्त्र होओस् तर यदि आवश्यकता पर्‍यो भने मानवता जीवित रहनका लागि सारा देशहरू मरुन् ।

लेखनाथ लेख्दछन् :
'मै खाऊँ मै लाऊँ, सुख, सयल वा मोज म गरुँ
म बाचूँ, मै नाचूँ, अरु सब मरुन दुर्बलहरू ।
भनी दाह्रा धस्ने अबुझ शठदेखि छक परी
चिता खित्का छोडी अभयसित हाँस्यो मरिमरी' ॥

लेखेर हुने भए अहिलेसम्म शासकहरू मोक्ष पाइसकेका हुने थिए । संसारमा उत्कृष्ट साहित्य र विचारहरू छन् - वेद, उपनिषद, गीता, धम्मपद, बाइबल, कुरान, अनि खलिल जिब्रानको जीवन संदेश, रुसोको सामाजिक सम्झौता, मार्क्सको दास क्यापिटल, प्लेटोको द रिपब्लिक, टैगोरको गीताञ्जली र रिलिजन अफ म्यान, शेक्सपियरको हेमलेट, हर्मन हेसको सिद्धार्थ, लेखनाथ पौडेलको तरुण तपसी आदि । तर शासकहरू ती आदर्शबाट निर्देशित हुन सकेका छैनन् ।

मानवले सिर्जना गरेको उच्च चेतनालाई राजनीतिमा प्रवाह गर्न सकिएको छैन । चेतनालाई शासनको लोभले दबाइरहेको छ । नत्र विश्वभरि अहिले पनि उदार मानिसहरू धेरै छन् । अमेरिका, युरोप, एशिया, अफ्रिकालगायतका विश्वका सबै भूभागमा उदार र विशाल हृदय भएका अनि मानवताको भावनाले ओतप्रोत मानिसहरू यत्रतत्र छन् । तर ती उदार मानिसहरूको चेतनालाई, आवाजलाई कपटी राजनीतिले दबाइरहेको छ । राजनीतिको संयन्त्र नै यस्तो बनाइएको छ कि त्यहाँ कपटी र भ्रष्टहरू नै पुग्ने गर्दछन् । अनि असल र मानवताका पुजारीहरू पछाडि धकेलिन्छन् । युगको बोध गरेका सचेत मानिसहरू पनि कोही कलमले लेखेर आफ्ना सन्देशलाई प्रवाह गर्दछन् र आफूलाई हलुका बनाउँछन् त कोही वितृष्णा जागेर पलायन हुने गर्दछन् ।

तर अब यी सबै कुरालाई मनन् गरेर विश्वका कुनाकुनाबाट सचेत मानवहरू उठ्नुपर्छ र मानवताका लागि बिगुल फुक्नुपर्छ । अब उद्घोष गर्नैपर्छ कि विश्वभरका सारा मानव एक हुन् । अब त मानवतालाई टुक्राउने पद्धतिहरू र शासनका लोभीहरूलाई हटाउनै पर्छ ।

## शान्तिका कुरा

युद्धको प्रकृति मानवमा प्राकृतिक वा वंशाणुगत होइन । युद्धको प्रकृति सिकिएको व्यवहार हो । व्यक्तिगत र सामाजिक सुरक्षाका लागि युद्ध सिक्नैपर्ने अवस्थामा मानव पुगेको हो । आत्मरक्षाका लागि प्रकृतिका अन्य प्राणीबाट रक्षाका लागि मानवले युद्धकला सिक्यो । पछि गएर अर्को मानव समूहको आक्रमणबाट वच्नका लागि व्यक्तिगत र सामाजिक दुवै रूपमा सुरक्षित रहनका लागि मानवले युद्धलाई आफ्नो संस्कृति बनाउन बाध्य भयो । आरम्भमा मानिसले आत्मरक्षाका लागि युद्धकला सिक्यो । तर पछि गएर यो संस्कृति नै बन्यो । सदियौँदेखि नै मानवमा यो प्रवृत्ति संस्कृति र समाजका माध्यमद्वारा हस्तान्तरित हुँदै आइरहेको छ । त्यसैले यसलाई परिवर्तन गर्न वा रूपान्तरण गर्न सकिन्छ । युद्धलाई शान्तिमा रूपान्तरण गर्नका लागि प्रेमको जागरण हुनुपर्दछ ।

वर्तमान विश्वमा शान्ति एक अनिवार्य आवश्यकता बनेको छ । किनकि यदि विश्वमा शान्ति कायम गर्न सकिएन भने मानवले निर्माण गरेका विध्वंशकारी हतियारका कारण मानव समाज मात्र होइन, सारा पृथ्वी नै पनि अस्तित्वविहीन हुन सक्ने खतरा रहिरहेको छ । अहिलेको विश्वलाई प्रविधिको विकासले विश्वका आम मानवबीचको दूरीलाई निकै साँगुरो बनाइदिएको छ । त्यसैले अहिलेको विश्वमा शान्तिको स्थापना सम्भव सत्यजस्तो पनि प्रतीत हुन्छ । तर अर्कोतर्फ शासनको लोभका कारण व्यक्ति-व्यक्तिमा बढिरहेको महŒवाकांक्षाका कारण पनि शान्ति असम्भवजस्तो पनि देखिएको छ ।

मेरो नेपाल

भौतिक जगत्‌को शान्ति र आध्यात्मिक जगत्‌को शान्ति फरक-फरक कुरा हुन् । भौतिक पक्षले समाजमा शान्तिको वकालत गर्दछ भने आध्यात्मिक पक्षले कुनै एक व्यक्तिमा शान्तिको अनुभूतिको कुरा गर्दछ । आध्यात्मिक पक्षले व्यक्तिमा जागरण ल्याएर समाजमा शान्ति स्थापनाको कुरा गर्दछ भने भौतिक पक्षले समाजमा हतियारका आधारमा युद्ध नहुनुलाई शान्ति मान्दछ । भौतिक पक्षले युद्धपश्चात्‌को निस्तब्धतालाई शान्ति मान्दछ भने आध्यात्मिक पक्षले जागरणपश्चात्‌को आनन्दलाई शान्ति मान्दछ । भौतिक पक्षले ईर्ष्या, द्वेष, कपट, अहमताजस्ता मानवीय स्वभावलाई वास्ता गर्दैन । तर आध्यात्मिक पक्षले त्यस्तो स्वभाव हटाएमा मात्र शान्ति हुन्छ भन्ने मान्यता राख्दछ ।

शान्ति कायम गर्नका लागि हतियारद्वारा विरोधी पक्षलाई सखाप पार्नुपर्छ भन्ने मान्यता भौतिकवादीको हो । अध्यात्मवादीहरू शान्तिका लागि युद्ध गर्नुहुँदैन - शान्तिको मार्ग शान्ति नै हो भन्नेमा विश्वास गर्दछन् । स्वयममा रहेको अन्धकार हटाएर जीवन र जगत्‌को बोध गरेर शान्तिपूर्ण रूपमा जिउनु नै जीवनको सार्थकता ठान्दछन् आध्यात्मिक मानिसहरू । तर यसको ठीक विपरित मानप्रतिष्ठा, धनसम्पत्तिको मोहमा एक-अर्कासँग ईर्ष्या, द्वेष, अहमता र कपटको खेल खेल्दै अन्धकारमा जीवन जिउँदछन् भौतिकवादी मानिसहरू ।

शान्ति व्यक्तिमा अन्तर्निहित तŒव हो । त्यसैले यो शान्ति पनि व्यक्तिले नै अनुभूति गर्ने तŒव हो । व्यक्तिमा शान्तिको बोध भइसकेपछि मात्र त्यो शान्ति समाजमा प्रवाहित हुन सक्दछ । त्यसैले शान्तिको पहिलो इकाई व्यक्ति हो । भौतिक संसारमा रहेर पनि आन्तरिक अस्तित्वको अनुभव गर्दै जीवन जिउनु शान्तिको आधार हो ।

विश्वका सबै देशहरूको प्रतिनिधि संस्थाको रूपमा संयुक्त राष्ट्रसंघ रहेको छ । बीसौं शताब्दीको शान्तिको आवाजलाई संयुक्त राष्ट्रसंघले केही मात्रामा सम्बोधन गरेको छ । थाहा छैन संयुक्त राष्ट्रसंघ अब कति वर्षसम्म अस्तित्वमा रहन्छ तर पनि बाइसौं शताब्दीको मानवले नयाँ बिहानीमा टेक्दा बीसौं र एक्काइसौं शताब्दीमा मानवहरूको युद्धलाई नियन्त्रण गर्ने संयन्त्रको उदाहरणको रूपमा संयुक्त राष्ट्रसंघलाई पक्कै लिनेछन् । यद्यपि यो त्यति सुखद हुन सकेको छैन किनकि यो संघ पनि केही शक्ति राष्ट्रको प्रभावमा नै बढी रुमलिएको छ ।

युद्धका हिमायतीहरू आफू सत्तामा हुँदा युद्धको तयारी गर्छन् तर जब आफू सत्ताभन्दा बाहिर पर्छन् तब युद्धको विरोध गरी शान्तिको बहाना गर्दछन् । आम मानिसहरूलाई सत्ताका लोभीहरूले भ्रममा पार्दछन् - राष्ट्रियताको भ्रम, जातीयताको भ्रम, छालाको रङ्गको भ्रम, धर्मको भ्रम, सिद्धान्तको भ्रम ................ । अनि आम मानिसहरू आ-आफ्ना भ्रमका सीमानामा बन्दी हुन्छन् र युद्धको समर्थन गर्दछन् । जबसम्म आफ्नै अगाडि युद्धको बादल मडारिँदैन तबसम्म उनीहरू शान्तिको कुरा गर्न जान्दैनन् । आफ्नै मृत्युको छायाँ देखे पछि मात्रै मानिसहरू कहालिन्छन् र पुकार गर्न थाल्छन् - 'हे ईश्वर ! तिमीले यो के गऱ्यौ ?'

युद्धको समयका हतियारका भयङ्कर आवाज, बमको विस्फोटको आवाज र मानिसका चिच्चाहट पछि हुने निस्तब्धतालाई नै मानिसहरूले शान्तिको अवस्था मान्ने भूल गरेका छन् ।

तर पनि जसले मानव समाजको यो दुरावस्थालाई बुझ्दछन्, उनीहरू चुप लागेर बस्नु हुँदैन । युद्धको प्रकृतिलाई बदल्नका लागि हरेक मानवले कार्य गर्नु पर्दछ । हिटलर र स्टालिनजस्ता विचारकहरूका लहडका कारण बीसौं शताब्दी रक्तपातपूर्ण रह्यो भने रबिन्द्रनाथ टैगोर, मार्टिन लुथर किंग, आइन्सटाइनजस्ता मानवताको वकालत गर्नेहरू पनि त्यही शताब्दीमा जन्मेका थिए । उनीहरूले युद्धको दुन्दुभिबाट मानव समाजलाई मुक्त गर्नका लागि आवाज उठाए । अब त्यो आवाजलाई परिणाम दिनका लागि आम मानवहरू अगाडि बढ्नुपर्छ ।

**शान्ति कसरी कायम हुन सक्छ ?**

ॐ द्यौ शान्तिरन्तरिक्षः शान्तिः पृथिवी
शान्तिरापः शान्तिः रोषधयः शान्तिः ।
वनस्पतयः शान्तिर्विश्वे देवाः शान्तिर्ब्रह्म शान्तिः सर्वं शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ॥ ॐ शान्तिः शान्तिः शान्तिः ॥

मेरो नेपाल

"ब्रह्माण्डमा शान्ति छ, वातावरणमा शान्ति छ, शान्तिले नै विश्व ढाकिएको छ । पानीमा शान्ति छ, औषधिजन्य वनस्पतिमा शान्ति छ, रुखविरुवामा शान्ति छ, संसारका प्रत्येक तत्वमा शान्ति छ, शान्ति नै सर्वत्र छरिएर रहेको छ । त्यही शान्ति ममा पनि आओस् ।" अर्थात् विश्वशान्तिको यो उद्घोष सदियौँपूर्व हाम्रा ऋषिमूनिहरूले गरिसकेका थिए ।

मानवमा काम, क्रोध, लोभ, मोह, अहङ्कारजस्ता स्वाभाविक गुण हुन्छन् । यी गुणलाई ज्ञान र चेतनाको प्रवाहबाट परिमार्जन गरी मानवीय शक्तिमा परिणत गर्ने क्षमता मानवमा रहेको हुन्छ । मानवमा हिंसाप्रवृत्ति पनि जन्मजात नै रहेको हुन्छ । तर आफूमा रहेको हिंसालाई सत्सङ्गत, शिक्षा, ज्ञान र चेतनाको माध्यमबाट प्रेममा परिवर्तन गरेर आफू र आफ्नो परिवेशमा प्रवाह गर्नसक्ने गुण र क्षमता मानवमा रहेको छ । यही गुणका कारण नै मानवलाई सभ्य प्राणी मानिन्छ ।

मानवको आन्तरिक प्रकृति द्वन्द्वयुक्त छ । जबसम्म उसले आफूमा अन्तरनिहीत द्वन्द्वलाई निमिट्यान्न पारी आध्यात्मिक रूपमा रूपान्तरित हुँदैन तबसम्म मानव शान्तिपूर्ण हुनसक्दैन । यसका लागि व्यक्तिले आत्मबोधको अभ्यास गर्नुपर्छ । हरेक व्यक्तिव्यक्तिमा शान्तिको सिर्जना भइसकेपछि मात्र एउटा समाजमा शान्तिको कल्पना गर्न सकिन्छ । जबसम्म व्यक्ति-व्यक्तिमा शान्ति आउँदैन तबसम्म समाजमा पनि शान्ति आउँदैन ।

मानिस समाजको एक अभिन्न अङ्ग हो । एक व्यक्तिले स्वयमलाई चिनिसकेपछि अर्थात् स्वयमको अस्तित्वको बोध भएपछि मात्र उसले समाजमा रहेर मानवीय व्यवहार गर्न सक्दछ । स्वयमको बोध हुनु अर्थात् आत्माको बोध हुनु एक व्यक्तिको शान्तिको पहिलो शर्त हो । र विश्वशान्तिको लागि यो अनिवार्य शर्त हो । एक व्यक्तिमा चेतना जागिसकेपछि उसको परिवेश शान्तिपूर्ण बन्दछ । अर्थात् परिवारमा शान्ति आउँछ । परिवारमा शान्ति आएपछि समाजमा शान्ति आउँछ र त्यसपछि विश्वमा शान्ति आउँदछ । एक व्यक्ति र विश्वबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।

**स्वात्मानुभूतिः**

* स्वात्मानुभूति नै आत्मचेतनाको मार्ग हो । आफूमा अन्तरनिहीत भएर पनि आत्मा आफूभन्दा अलग तŒव हो भन्ने बोधले व्यक्तिलाई विश्वका यावत् तŒवमा जीवनको अस्तित्व देख्न सक्ने दृष्टि दिन्छ । यही नै मानवको पूर्ण अवस्था हो । यही नै मानवको लक्ष्य हो ।
* यो लक्ष्यलाई प्राप्त गर्नका लागि साधु बन्नु पर्दैन । संसार त्याग्नु पनि पर्दैन । ईश्वरीय अस्तित्व प्रतिस्थापन गरिएको भनिएका स्थलमा धाउनु पनि पर्दैन । केवल हृदयमा सेवा भावना भए पुग्छ । अनि सृष्टिका समस्त तŒवमा जीवन देखे पुग्छ । जीवनको रक्षा गरे पुग्छ ।

सत्य जीवनयापन र सहअस्तित्वको भावना नै शान्तिको मार्ग हो । मानव एक नैतिक प्राणी हो । उसले कुनै पनि रूपबाट (वाणी, शरीर, हतियार) अरूको हृदय दुःखाउनु हुँदैन । आफ्नो खुसी होइन अरूको खुसीका लागि जीवन जिउनुपर्दछ । जीवनको उद्देश्य वासनाको पूर्ति होइन एक अर्थपूर्ण जीवन जीउनु हुनुपर्दछ ।

दुःख पाएकाहरू, आपदमा परेकाहरू र प्राकृतिक रूपमा असक्तहरूलाई सेवा र सहयोग गर्नुपर्दछ, सृष्टिका अन्य जीवजन्तुको जीवनको श्रद्धा गर्नुपर्दछ । अन्य जीवलाई आफ्नो प्रयोजनका लागि प्रयोग गर्दा उनीहरूको जीवनको क्षति हुनुहुँदैन - उनीहरूलाई शारीरिक रूपमा केही कष्ट दिनुहुँदैन ।

जीवनको स्वीकार गरी जीवन जिउनु नै शान्तिको प्रमुख आधार हो । जीवनलाई अस्वीकार गर्नु नै अशान्तिको कारण हो । अरूको मङ्गलकामना गर्ने, प्राणीजगत्को रक्षाको लागि प्रार्थना गर्ने, शान्त रूपमा केहीबेर मौन बसेर सूर्योदयलाई स्वागत गर्ने, जीवनतŒवलाई स्वागत गर्ने, श्रद्धा गर्ने र सामाजिक जीवनमा रहँदा आफूसँग भएको कुरा निस्वार्थभावले दान दिँदा शान्तिको द्वार खुल्दछ । आफ्नो कर्ममा पूर्णरूपले समर्पित हुनाले व्यक्तिले आफूमा रहेको शक्तिलाई सही ढङ्गले प्रवाहित गर्न सक्दछ र शान्तिको अनुभव गर्न सक्दछ ।

**नेपाली शान्तिको रक्षा**

हाम्रो देशमा शान्ति त सदियौँदेखि नै छ । अहिले पनि अरु केही गर्नै पर्दैन भइरहेको शान्तिलाई जोगाए हुन्छ । अहिले हाम्रो देशमा रहेको अशान्त अवस्थाको कारण देशका वर्तमान समयका राजनैतिक प्रवृत्ति नै हुन् । तर देशमा त शान्ति छ । यी राजनैतिक पार्टी र यिनका नेताहरूबाट त्यही शान्तिलाई जोगाउनु बढी महŒवपूर्ण कुरा हो । यिनीहरूको बहिष्कार गर्नु नै देशको हितको रक्षा गर्नु हो । यिनीहरूलाई नसुन्नु नै देशमा रहेको सामाजिक सहिष्णुताको रक्षा गर्नु हो ।

नेपालका डाँडाकाँडा, लेकबेँसी, हिमाल, पहाड र तराई सर्बत्र शान्ति छ । नेपालीहरू सबै शान्त छन् । तर त्यही शान्तिलाई वर्तमानका राजनैतिक शक्तिहरूबाट रक्षा गर्नु हाम्रो दायित्व हो । शैतानी दिमागहरूबाट देशलाई जोगाउनु वर्तमानमा हामी सबैको दायित्व हो ।

## हामी के गर्न सक्छौँ त ?

हामीकहाँ जीवन अमूल्य छ त्यसको सम्मान गर्नुपर्छ भन्ने मान्यता रहेको छ । हरेक मानिसमा ईश्वर अन्तरनिहीत हुन्छ त्यो ईश्वरको अपमान गर्नुहुँदैन । शरीरमा आत्मा रहेको हुन्छ त्यो आत्मा सबैको एउटै हुन्छ । त्यो आत्माको बोध गरेर सत्यलाई चिन्नु पर्दछ । अनि सत्यको बोध गरिसकेका मानिसहरूले नजागेका, अन्धकारमा सुतिरहेका मानिसहरूलाई जगाउनु पर्दछ । अनि भौतिक रूपमा सम्पन्नहरूले अभावमा जिइरहेकाहरूलाई मद्दत गर्नुपर्दछ किनकि हरेक मानिसमा एउटै आत्मा हुन्छ र आफूजस्तै अर्को मानवको पीडामा आफ्नो पनि आत्मा तडपिन्छ भन्ने ज्ञान हुनुपर्दछ ।

हाम्रो नेपाली जीवन दर्शनअनुसार विश्व एक छ । यहाँका सारा मानिसहरू एउटै परिवारका सदस्य हुन् । ती सबैको जीवनले मूल्य पाउनुपर्छ, जीवन जिउनुको अर्थ पाउनुपर्छ । वासना नै सबै दुःखको मूल हो । त्यसैले लोभ, अहङ्कार, मानअभिमानका खेलमा मानवतालाई अल्मलाउनु हुँदैन । अरु मानिसबाट खोसुँ, अरुको सम्पदाको शोषण गरुँ भन्ने भावनालाई हटाउनु पर्दछ । यसका लागि व्यक्तिले आत्मनिरीक्षणको अभ्यास गर्नुपर्दछ जसबाट उसलाई आफ्नो प्रकृतिको बारेमा थाहा हुन्छ र सत्मार्गमा लम्किन सक्दछ ।

अहिले विश्वमा १९६ देशहरू छन् । तिनमा आ-आफ्नै व्यवस्थाहरू छन् । तर हरेकजसो मानव समाजमा विभिन्नता छन् । कोही प्राकृतिक सम्पदाको दोहन गर्न सक्षम भएर भौतिक रूपमा सम्पन्न जीवन बाँचिरहेका छन् त कोही सक्षम छैनन् र गरिबीमै जीवन बिताइरहेका छन् । कतिपय देशहरू गरिब देशमा आफ्नो स्वार्थको सञ्जाल फैलाइरहेका छन् र ताकि त्यहाँको प्राकृतिक सम्पदाको प्रयोग आफ्ना लागि गर्न सकियोस् ।

फेरि कतिपय देशहरू साङ्गठनिक स्वरूपका धर्मको प्रभावलाई विश्वव्यापी बनाएर आफ्नो धर्म उँचो रहेको देखाउनका लागि वा त्यो सम्प्रभुता कायम गर्नका लागि अनेकौं बहानामा विश्वभरि फैलिइरहेका छन् । कतिपय देशहरू भौतिक र वैज्ञानिक विकासलाई आणविक अस्त्रको निर्माणमा केन्द्रित गरिरहेका छन् । अनि तिनै विध्वंशकारी हतियारको रवाफ देखाएर विश्वभर एकछत्र अधिकार कायम भएको घोषणा गरिरहेका छन् ।

यहाँ कुनै पनि देशको नाम उल्लेख गर्नु जरुरी छैन । तर यो प्रवृत्ति विश्वमा कायम छ । अहिले पनि अफ्रिकाको प्रचुर सम्पत्तिलाई अमेरिका र युरोपका देशहरूले आफ्नो स्वार्थमा प्रयोग गर्नका लागि त्यहाँका स्थानीय मानिसहरूमा अधिकारका नाममा धर्म र शासनको लोभ देखाएर विभाजित गरिदिएका छन् । अनि ती विभाजित मनस्थितिका मानिसहरू आफ्नै देशमा एकआपसमा जाति, वर्ग र धर्मका नाममा लडिरहेका छन् । अनि शासनमा आफ्नो स्वार्थ पूरा गरिदिने वर्गलाई स्थापित गरेर युरोप र अमेरिकाले त्यहाँको सम्पत्तिलाई आफ्नो देशतर्फ केन्द्रित गरिरहेका छन् । अनि विश्वको नायकी आफ्नो हातमा भएको नाङ्गो प्रचार गरिरहेका छन् ।

अनि अहिले प्रविधिमा आएको विकासका कारण सञ्चारमा आफ्नो अधिकार कायम गरेका छन् र विश्वमा सेवा र मानवता शब्दलाई भजाएर आफूहरू भनेको सर्वेसर्वा हौँ । आफूहरूले निर्माण गरेका विध्वंशकारी हतियारहरू मानवताका लागि हुन् भन्दै विश्वका मानवको चेतनालाई भ्रमको परतले छोपेर राखिरहेका छन् ।

विश्वलाई अहिले पनि घटना र परिघटनाका स्वरूपले नै निर्देशित गरिरहेका छन् । विकसित र शक्तिशाली भनिएका अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, रुसलगायतका देशहरू आफ्नो लहडलाई लोकतन्त्रको नाम दिन्छन् अनि त्यही लहडमा गरिब मुलुकहरूमा आदर्श थोप्नका लागि भन्दै सहयोगका नाममा छिर्छन् र त्यहाँको अन्तरङ्ग शक्तिलाई तहसनहस पारेर आफ्नोजस्तै भौतिक सम्पन्नताको लोभ देखाउँछन् र ती गरिबहरूलाई विकासको चक्लेट खुवाएर स्वरलाई मलिन पारिदिन्छन् ।

यी र यस्तै प्रवृत्तिका कारण विश्वमा मानव जीवनको दयनीय अवस्था रहेको छ । हाम्रो देशमा अहिले युरोपले फालिदिएको लोकतन्त्रलाई आदर्श मानेर व्यवस्था चलाइएको छ । हाम्रो विकासका योजना तिनै युरोप र अमेरिकाको विकासे मोडललाई आधार मानेर निर्माण गरिएका छन् । हाम्रो शिक्षा व्यवस्थामा तिनै देशका मोडललाई लागू गरिएको छ ।

हरेक समाजका लागि संस्कृति मूल हो । युरोपले आफ्नो भौतिकवादी संस्कृति जोगायो । त्यही संस्कृतिको पहिचानलाई एउटा झोलामा बोकेर विश्वभरि आफ्नो प्रभाव फैलाइरहेको छ । अनि हाम्रो देशका बिकासेहरू त्यही प्रभावलाई हाम्रो देशमा लागू गरिरहेका छन् । जबकि हामीमा विश्वका सारा मानवलाई एउटै हुन् भनेर देख्ने सांस्कृतिक सम्पन्नता विद्यमान छ । अहिले हाम्रो देशका शासकवर्ग आफ्नो पहिचानलाई बुझ्न छाडेर आफ्नो पूर्णताको दर्शनलाई त्यागेर अल्पज्ञानले डोरिएका विध्वंश चेतना भएका देशहरूको सिको गर्दै मानव जीवनको मूल्यलाई नै एउटा यौनको परिणतिजस्तो बनाउने भौतिकतामा मात्र सीमित पारिरहेका छन् ।

विश्वबन्धुत्व सिकाउँथे हाम्रा ज्ञानीहरू, ऋषिमुनिहरू । अनि विद्यार्थीहरू संसारका मानव एकै जाति हुन् भन्ने सिक्दथे । तर अहिले हामी अल्मलिएका छौँ । शिक्षा भ्रष्ट भएको छ । अरुको शिक्षाको सर्टिफिकेट दिने पद्धति र विदेश पलायन गर्ने शिक्षा छ । शिक्षाले संस्कृति होइन विकृति ल्याइरहेको छ । शिक्षाले विवेक दिनु पर्दथ्यो त्यो त दिएको छैन केवल पेट पाल्ने सम्मको शिक्षा पनि दिन सकेको छैन ।

**.....जबकि**

'कृण्वन्तो विश्वं आर्यम्' भन्दै 'सम्पूर्ण मानवका लागि विश्वलाई महान् बनाऔँ' भन्ने उद्घोष हामीले गरिसकेका थियौँ । मानवहरूलाई एकआपसमा जोड्नका लागि 'बसुधैव कुटुम्बकम' भन्दै मानवताको शङ्खघोष गरिसकेका थियौँ ।

### अब हामी पुनः उठ्नु परेको छ

शरीर भनेको आत्माको स्थल हो यसलाई स्वस्थ राख्नुपर्छ । कोही पनि मानिसहरू भोकै नमरुन्, कोही पनि मानिसहरू विना उपचार नमरुन् कोही पनि मानिस आत्मसम्मानका साथ जिउन् र समग्रमा, एक मानव हुनुको बोध गरेर जिउन् । यही भावना अन्तरनिहीत छ यसमा । यो हाम्रो दर्शन हो । यही दर्शनलाई विश्वव्यापी बनाउनु छ । विश्वका सारा मानिसहरूबाट विलाउँदै गएको मानवताको भावनालाई पुनः उजागर गर्नु परेको छ ।

## हाम्रो विश्व दृष्टि

### विश्वचेतनाका लागि हाम्रो प्रयास

भारत र चीनका बीचमा रहेको नेपाल विश्वको नक्सामा एउटा सानो मुलुक हो । यसले कुनै पनि क्षेत्रमा अहिलेसम्म विश्वलाई नेतृत्व दिन सकेको छैन । छिमेकी भारतमा अहिले पनि विश्वलाई मार्ग दिनसक्ने क्षमताका आध्यात्मिक व्यक्तित्वहरू छन् । उनीहरूले विश्वलाई सत् मार्ग देखाउने प्रयास गरिरहेका छन् । चीनले आफ्नो आन्तरिक शक्तिलाई मजबुत पार्दै विश्वमा आर्थिक शक्तिको रूपमा उदाएको छ । जापानले आफूलाई प्रविधिको विकासमा अगाडि बढाएको छ । अमेरिका त भौतिक रूपमा विश्वमा सबैभन्दा बढी विकसित देश नै मानिन्छ ।

 मेरो नेपाल

तर पनि विश्वका धनी देश हुन् वा गरिब देश हुन् सर्वत्र अशान्ति छ । मानिसहरूको मनमा शान्ति छैन । सबै मानिस हरपल त्रासमा बाँचिरहेका छन् । धनी र सम्पन्न देशले गरेको निर्णयले पनि विश्वलाई नै प्रत्यक्ष असर पारिरहेको छ । विकासमा विनास बिद्यमान छ । वातावरणीय विनासका कारण सूर्यबाट आउने पराबैजनी किरणका कारणले क्यान्सरलगायतका खतरनाक रोग लाग्नसक्ने सम्भावनाबाट कुनै पनि देश बँच्दैनन् । तर धनी देशहरू औद्योगिक विकासका नाममा पृथ्वीको वातावरणको विनास गरिरहेका छन् । मानिसहरू खुसी छैनन्, सुखी छैनन् । सर्वत्र अशान्ति छ ।

संयुक्त राष्ट्रसंघका आदर्शलाई मूल आधार मानेर चलिरहेको भनिएको वर्तमान विश्वमा अझै पनि अमेरिका, बेलायत, रुस, चीन, फ्रान्सलगायतका सुरक्षा परिषदका स्थायी सदस्य देशहरू सारा विश्वको हित हुने कुरालाई पनि बेवास्ता गर्दै संयुक्त राष्ट्रसंघकै कतिपय कुरालाई मान्दैनन् । वातावरण प्रदुषणसम्बन्धि सन १९९७ को क्योटो सम्मेलनको प्रस्तावलाई अमेरिकाले आफ्नो व्यापारमा असर पर्ने भन्दै स्वीकार गर्न मानेन । यसले गर्दा धनी र आणविक रूपमा शक्तिसम्पन्न मुलुकलाई कानुनले पनि मनपरी गर्नबाट रोक्न सक्दैन भन्ने देखिन्छ । तर यस्ता क्रियाकलापले विश्वको मानवतामाथि नै प्रहार भइरहेको छ ।

नेपालले वर्तमान समयमा यी सबै पक्षलाई मनन् गरेर विश्व सभ्यतालाई नै मार्ग देखाउने हिम्मत हुनुपर्छ । देशमा बिद्यमान स्रोत र साधनको सदुपयोग गरेर आफू समृद्ध बनेर यहाँ रहेको मानवीय चेतना र शक्तिको प्रवाह गरी सारा विश्वलाई सत्मार्ग देखाउन सक्दछ हाम्रो देश नेपालले । यसका लागि अहिले देशभित्र चलिरहेका अव्यवस्थालाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्नेमा चनाखो हुनुपर्छ । देशमा हट्दै गरेको नैतिक मूल्य र मान्यतालाई पुनः स्थापित गर्नु पर्दछ ।

मानवताको कुरा गर्दा हामीले हाम्रो समाजमा चलिरहेको वेश्यावृत्ति र यौनको व्यापारलाई हटाउनेतर्फ ध्यान दिनुपर्छ । हामीले सम्पूर्ण मानिसहरूमा मानव जीवनको महŒव र एक आध्यात्मिक जीवनको अर्थ बताएर चेतना जगाई मानिसको शरीरलाई केवल भौतिक वस्तुको रूपमा हेर्ने दृष्टिकोणलाई परिवर्तन गर्नुपर्छ । यसका लागि हामीले नेपालमा नै यो कार्यको सुरुवात गरेर विश्वलाई पाठ पढाउनुपर्छ ।

अर्को पक्ष हो अध्यात्म । धर्म र राजनीतिका नाममा विभाजित मानव विश्वलाई हामी आध्यात्मिक भावनाले एकजुट गर्न सक्दछौं । धर्म र राजनीति भन्नासाथ सदियौंदेखिको युद्ध र असहमतिहरूको सम्झना आउने हुनाले मानवको आध्यात्मिक पक्षको उजागर गरेर मानवताको पाठलाई विश्वव्यापी बनाउने र विश्वका सारा मानिसलाई एउटै परिभाषामा ल्याउनु पर्दछ, जसले गर्दा मानव समाज मानवताको एउटै सूत्रमा
बाँधिनेछ । त्यसपछि विश्वमा युद्ध र युद्धका सम्भावनाहरू पनि विलाएर जानेछन् ।

हामीले यो देशलाई नमुनाको रूपमा विश्वमा प्रस्तुत गर्न सक्दछौ । त्यसो गर्न सकेमा विश्वका अन्य देशका आम मानवहरूले आ-आफ्ना देशका नेतृत्ववर्गलाई दबाब दिन सक्नेछन् र एक समतामूलक विश्वको निर्माणमा योगदान दिन सक्नेछन् ।

## विश्वलाई नै जगाउनु पर्ने दायित्व

अहिले नेपालमा मात्र सुख-शान्ति छाएर नेपालीहरू सुखी रहँदैनन् । अहिले त आणविक अस्त्रको त्रासदीमा बाँचिरहेको विश्व शान्ति अपरिहार्य बनेको छ । विश्वलाई निशस्त्रीकरण गरेर पृथ्वीको अस्तित्वलाई नै समाप्त पार्ने सम्भावनाबाट मुक्त गर्दै मानव-मानवबीच सहअस्तित्वका आधारमा जीवन जिउन सक्ने वातावरणको निर्माण गर्नका लागि पनि शान्ति अनिवार्य आवश्यकता बनेको छ ।

## हामी विश्वलाई दिन सक्छौं

हामी भूमिका नाममा युद्धरत विश्वलाई यो चेतना दिन सक्दछौं कि राज्यका सीमाना बढाउनका लागि होइन, टाउकोको सीमाना बढाउन ध्यान दिउँ । व्यक्तिको हितभन्दा राष्ट्रको हित ठूलो हो र राष्ट्रको हितभन्दा समस्त मानवताको हित ठूलो हो । नेपाली दर्शनको विश्वव्यापीकरण गर्दै जीवन सम्मान र प्रकृति रक्षालाई मूल आदर्श बनाई आणविक हतियारविहीन विश्वको निर्माण गरी एक समुन्नत मानव समाजको निर्माण गर्न सकिन्छ ।

## संयुक्त राष्ट्रसंघको युद्धवादी चरित्रमा परिवर्तन

 

संयुक्त राष्ट्रसंघ अमेरिका लगायतका सुरक्षा परिषदका केही मुलुकको छायाँ मात्र बनेकोले त्यसमा परिवर्तन गर्नु जरुरी बनेको छ । आणविक हतियारका बलमा सुरक्षा परिषदको सदस्य हुन पाउने प्रचलनलाई हटाई मानवीय मूल्य र मान्यता स्थापना भएको देशलाई नै प्रमुख शक्ति मानिने व्यवस्था गरिनु पर्दछ ।

वैज्ञानिक विकासमा पूर्वीय दर्शनको स्वात्मानुभूतिको सिद्धान्तलाई स्थापित गरेपश्चात् स्वतः भौतिकवाद र आध्यात्मिकताको मिश्रण हुनजान्छ र त्यसबाट सिर्जित हुने विकास विवेकपूर्ण हुन्छ । यसका लागि पनि हामीले सर्वप्रथम त नेपाललाई नै त्यस मार्गमा प्रवृत्त पारेर उदाहरणको रूपमा स्थापित गरेपश्चात् त्यसलाई विश्वव्यापी बनाउन सकिन्छ ।

संयुक्त राष्ट्रसंघमा पूर्वीय दर्शनमा रहेको मानवतालाई मूल आधार मान्ने व्यवस्था गर्नुपर्दछ । विश्वभर योग र ध्यान केन्द्रहरू खोलिनु पर्दछ । संयुक्त राष्ट्रसंघले सैन्य क्षेत्रमा गर्ने लगानीलाई योग र ध्यानमा केन्द्रित गरी विश्वका सम्पूर्ण मानिसलाई जागरणका मार्गमा ल्याउनका लागि कार्य गर्न प्रेरित गर्नुपर्दछ ।

**विश्व मार्गमा लम्किने हाम्रो गोरेटो ......**

अहिले सुरक्षा परिषद्मा रहेका मुलुकले संयुक्त राष्ट्रसंघमा भिटो प्रयोग गरेर आफूअनुकूल नहुने कुरालाई लागू हुन दिँदैनन् । विडम्बना नै मान्नुपर्दछ कि एउटा आणविक शक्ति सम्पन्न देशलाई भिटो प्रयोग गर्ने अधिकार दिइन्छ । तर अब त्यो व्यवस्था हटाउनुपर्दछ । शक्तिको परिभाषालाई बदल्नु पर्दछ । उच्च मानव चेतना र मानवता स्थापित भएको मुलुकलाई शक्तिशाली मानिनु पर्दछ । सैन्य शक्ति र शस्त्रअस्त्रका आडमा शक्तिको प्रदर्शन गर्दै विश्वका आम मानवलाई त्रसित पार्नु आतङ्ककारी क्रियाकलाप हो । विश्वलाई मानवताका मार्गमा लानका लागि हतियारको त्यो मोहलाई अज्ञानता मानेर विश्वव्यापी चेतनाको प्रवाह फैलाउनु पर्दछ । विशेष शक्तिको अधिकार सैन्य शक्ति र हतियारसम्पन्न मुलुकलाई दिनु हुँदैन ।

नैतिक, चारित्रिक र दार्शनिक रूपमा उच्च मूल्य भएका समाज र राष्ट्रलाई यस्तो अधिकार दिइनुपर्दछ ताकि विश्वभर सत्यको सत्ता स्थापित होओस् । अहिलेसम्म यस्तो हैसियत प्राप्त गर्न लायक देश देखिएका नै छैनन् । किनकि विश्वका सम्पूर्ण मुलुकहरू भौतिक विकासका मार्गमा तँछाड र मछाड गर्दै लम्किरहेका छन् । यदि हामीले हाम्रो देशमा अन्तर्निहित शक्तिलाई उजागर गर्दै हाम्रो देश नेपाललाई त्यस सत्यका मार्गमा लान सक्यौँ भने हामीलाई त्यो नैतिक अधिकार प्राप्त हुन्छ जसले गर्दा हामी आणविक शक्तिमा गर्व गर्ने ध्वंश सोचमा रहेको विश्वलाई मानवीय मार्ग देखाउन सक्दछौँ । साथै भौतिकवादको चपेटामा परेर मानवतालाई नै बिर्सेर अगाडि लम्किरहेका विश्वका तमाम देशलाई सत्मार्गतर्फ प्रेरित गर्न सक्नेछौँ ।

**भौतिकवादी ध्वंश चेतनालाई सम्बोधन जरुरी**

विश्वमा अहिले कूटनीतिका नाममा कुटिल चालको बोलवाला रहेको छ । बाह्य रूपमा अर्कै चाल देखाउने तर अन्तरबाट अर्कै चाल चलिरहने राजनीतिको कूटिलताबाट विश्व नै आतङ्कित छ । देशदेशको सम्बन्ध आपसी सौहार्दता र मित्रताबाट होइन कि आ-आफ्नो स्वार्थका कारण मात्र कायम रहेको छ ।

विश्वमा धेरै नै हतियारहरू छन् । ती त्यति धेरै खतरनाक नहोलान् । तर त्योभन्दा खतरनाक छ मानवको ध्वंश चेतना । आफ्नो स्वार्थका लागि अरूको अस्तित्वको परवाह नगर्ने क्षणिक चेतना छ । मानवताका लागि त्याग र समर्पणको भावना छैन । वर्तमानमा क्षणिक सुख, सम्पन्नता र खुसीका लागि समस्त मानवतालाई नै धरापमा पारिदिने चरित्र छ ।

तर हामीले अब भौतिकवादी समाजमा रहेको त्यो ध्वंश चेतनालाई सम्बोधन गर्नु जरुरी छ । हामी त्यो सम्बोधनका लागि नैतिक अधिकार राख्न सक्नेगरी हाम्रो मुलुकलाई रूपान्तरण गर्नासाथ हामी त्यो उद्घोष गर्न सक्छौँ । हामी हतियारका खेल, आणविक शस्त्रास्त्रको होडका विरुद्धमा छौँ । हामी आफू जन्मे हुर्केको यो धर्तीको रक्षार्थ पनि हामीले अब त्यस दिशामा नेतृत्व लिनै पर्छ । मानवताको रक्षा हाम्रो पहिलो कर्तव्य हो । 'मानवता' र 'सेवा' शब्द भजाएर विश्वभरि नै आफ्नो दबदबाको ढोल पिट्ने देशहरूका अज्ञानी शासकहरूलाई सच्चा मानवताको पाठ पढाउनका लागि पनि हामी सक्षम बन्नुपर्दछ ।

मेरो नेपाल

हाम्रो उद्घोषपछि विश्वका सचेत मानवहरू यसरी उर्लिनेछन् कि आणविक शक्तिसम्पन्न देशहरू आफ्ना हतियारहरू नष्ट गर्न बाध्य हुने छन् । विश्वका हरेक देशमा उर्लिने जनलहरलाई स्वार्थी राजनैतिक नेतृत्वले थेग्न सक्ने छैनन् । आफ्नो देशको सुरक्षाभन्दा मानवताको सुरक्षा हरेक व्यक्तिको चासो हो । हरेक देशका नागरिकहरू उर्लिनेछन्, हरेक घरघरमा चेतना फैलाउनेछन् र विश्वलाई निशस्त्रीकरण गर्न आवाज उठाउनेछन् । विश्वव्यापी मानवतावादको प्रवाहमा विश्वका सारा मानवहरू एक हुने छन् ।

## विश्वले नै बुझ्नुपर्ने कुरा

कुनै पनि देशले अर्को देशको अवस्थिति र सामाजिक संरचनालाई नबुझिकन त्यहाँ आफ्नो प्रभुत्व लाद्ने कोशिस र चेष्टा नगरौँ । हरेक देशको आफ्नै इतिहास छ, आफ्नै परम्परा छ, आफ्नै धर्मको आधारशिला छ, त्यहाँ सभ्यताको प्रसारका नाममा जबर्जस्ती भौतिकतालाई नघुसाउँ । अनि हरेक देश स्वतन्त्रता र स्वाभिमानका साथ बाँच्न पाउनुपर्छ भन्ने मान्यतालाई सम्मान गर्दै हरेक देश आआफ्नो मर्यादामा रहौँ । यही नै वर्तमान विश्वको आवश्यकता हो । आफ्नो सम्प्रभुता लागू हुनैपर्छ भन्ने हठलाई त्यागेर अर्को भूभागका मानिसलाई स्वतन्त्रतापूर्वक बाँच्न दिउँ । अनि सकिन्छ भने आफू सम्पन्न भइसकेपछिको अवस्थामा अरुलाई स्वाभाविक सहयोग गरौँ । सहयोगको आवश्यकता परेकालाई मानवीयताको भावनाले सहयोग गरौँ नकि आफ्नो स्वार्थ लाद्नका लागि अर्को भूभागको गरिबीमाथि खेलौँ । त्यहाँ रहेको अवचेतनालाई प्रयोग गरेर आफ्नो सम्प्रभुता लाद्ने कोशिस नगरौँ । त्यसैले सहअस्तित्वका आधारमा 'बसुधैव कुटुम्बकम' (विश्वका सबै मानव कुटुम्ब हौँ) भन्ने भावनालाई विश्ववादको रूपमा स्थापित गरेर सबैका लागि विश्वलाई महान बनाऔँ ।

मेरो नेपाल

# नेपाली वैचारिक धरातल

ॐ सर्वे भवन्तु सुखिनः, सर्वे शन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु, मा कश्चिद्दुःखभाग्भवेत् । ॐ शान्तिः शान्तिः शान्तिः ॥ सबै सुखी होउन्, सबै रोगव्याधिबाट मुक्त होउन, सबैले सुन्दरता र समृद्धता देखून् र कोही पनि दुःखी नहोउन् । शान्तिः शान्तिः शान्तिः ।

ॐ सह नाववतु । सह नौ भुनक्तु । सह वीर्य करवावहै । तेजस्वि नावधीतमस्तु मा विद्विषावहै । ॐ शान्तिः शान्तिः शान्तिः ॥ अर्थात हामीलाई ईश्वरले रक्षा गरुन्, हामी एकआपसमा मिलेर काम गर्न सकौं । हामी एकआपसमा मित्रतापूर्ण व्यवहार गर्न सकौं ।

ॐ असतो मा सद्गमय । तमसो मा ज्योर्तिगमय । मृत्योर्मा अमृतंगमय । ॐ शान्तिः शान्तिः शान्तिः अर्थात् हामीलाई असत्यबाट सत्यको मार्गमा लैजाउ, अन्धकारबाट उज्योतिर लैजाउ, मृत्युबाट अमरतातिर लैजाउ ।

अप्प दीपो भव । अर्थात् आफ्नो दीप आफै बन ।

यिनै मन्त्र हुन् हाम्रो देशका वैचारिक धरातल । कोही पनि मानिस दुःखी नहोउन्, सबै मानिसले सुन्दरता देखून्, सबैले सम्पन्नता प्राप्त गरुन् । हामी सबै मिलेर काम गर्न सकौं, एकआपसमा मित्रतापूर्ण व्यवहार गरौं भन्दै सामूहिक हितको मार्ग बताइएको छ । त्यतिमात्र होइन असत्यबाट सत्यको मार्गमा, अज्ञानताबाट ज्ञानको मार्गमा र असल कर्म गरेर अमर बनौं भन्ने भावनाले एक व्यक्ति र एक राष्ट्रलाई मात्र होइन कि सारा विश्वलाई नै मार्ग देखाएको छ ।

यहाँ हामी नेपालको चर्चा गरिरहेका छौं । पहिला हामी हाम्रो देश नेपाललाई एक समुन्नत देशको रूपमा परिणत गर्न सक्छौं । त्यसका लागि विचार र नीति पनि यही माटो सुहाउँदो, यही मानव भूगोल अनुरूपको हुनैपर्दछ । विचारका सम्बाहक पनि व्यक्ति नै हुन् तर व्यक्तिले जीवन, जगत्, समाज, मानवता बुझ्केको छैन भने उसले सच्चरित्रता र मानवताका लागि कार्य गर्न सक्दैन । त्यसैले एक व्यक्तिलाई जगाउन सक्ने व्यवस्था यहाँ लागू गरी त्यही नेपाली विचारलाई विश्वव्यापी बनाउनुपर्ने आवश्यकता वर्तमानमा रहेको छ ।

हाम्रो देशमा सदियौंदेखिको मानवीय व्यवहार र लोकपरम्पराका कारण समाजका हरेक ईकाइमा मानवतासहितको लोकतन्त्र रहिरहेको छ । देशको शासनसत्तामा जो सुकै भएपनि वा जो सुकैले शासन चलाएपनि उनीहरू केन्द्रमै रुमलिने प्रवृत्तिले गर्दा लामो समयसम्म राज्यको तत्लो ईकाइ आआफ्नै परिवेशका नियम र उपनियममा चलिरहे । सदियौंदेखि चलिआएका लोकव्यवहार र लोकपरम्पराले आम नेपालीमा सद्भाव र सहिष्णुताको व्यवहार पद्धतिलाई कायम राखिरह्यो ।

राजनैतिक सिद्धान्तभन्दा धेरै पर रहेर नेपाली आत्मामा सदियौंदेखि रहिरहेको सामाजिक सहअस्तित्व र सहिष्णुताको आधारमा नेपालमा कुनै व्यवस्थाले घोषणा नगरीकन नै स्वतः लोकतन्त्र चलिरहेको थियो । समाजमा शान्ति थियो, सौहार्दता थियो । तर अब देशमा अनेकौं बहानामा शासन गर्नेहरूले हाम्रो देशको मूलतत्वलाई नै मेट्न लागिरहेको सन्दर्भमा त्यही हाम्रो लोकपरम्परा र लोकव्यवस्थालाई व्यवहारमा उतार्नु जरुरी बनेको छ ।

हामीकहाँ सदियौं पुरानो सत्य र मानवीय चेतनाको उच्चतम विन्दुमा पुगेको पूर्वीय संस्कृतिको संस्कारयुक्त विचार विद्यमान रहेको छ । त्यही विचारलाई पुनर्जागरण गरेर हाम्रै नेपाली विचारलाई यहाँको धरातलमा उभ्याएर देश र मानवताको सेवाको मार्गको रूपमा स्थापित गर्नु अत्यावश्यक बनेको छ ।

मेरो नेपाल

# नेपाली लोकव्यवस्थाका आधारहरू

यहाँका डाँडाकाँडाहरू, नदीनालाहरू, ताल र पोखरीहरू, जङ्गल र सम्म फाँटहरूमा एक विशेष प्रकारको शक्ति छ जस्ले ऊर्जा प्रवाह गरिरहन्छ । यहाँ सदियौँदेखि नै ऋषिमूनीहरूले तपस्या गर्दै आइरहेका छन् । यहाँका नदी किनारमा बसेर जीवनको परिभाषा दिइरहेका छन् । हिमालयको काखमा बसेर ध्यानमग्न भई जीवन र जगत्को ब्याख्या गरिरहेका छन्, सन्त र महात्माहरूले । अनि ढुङ्गाढुङ्गामा, रुखबिरुवामा, पर्वतका चुचुराहरूमा, पहाडी भञ्ज्याङ्गहरूमा, नदीनालामा यत्रतत्र सर्वत्र देवताको बास हुन्छ भन्ने विश्वासमा दैनिक जीवन बिताइरहेका आम मानवहरूका घरघरमा, वस्तीवस्तीमा त्यही पवित्र नेपाली मानवीयताको भावना छरिइरहेको हुन्छ । यही नै नेपाली लोकव्यवस्थाको आधारशिला हो ।

गास, बास र कपास प्राथमिक आवश्यकता हुन् भने शिक्षा र स्वास्थ्य पनि व्यक्तिका आधारभूत आवश्यकता बनेका छन् । ती चीजको व्यवस्थाका लागि व्यक्ति र राज्यका बीचमा अन्तरक्रिया हुन्छ । व्यक्तिले कर्म गर्न पाउनु उसको अधिकार हो भने कर्मअनुसारको फलको व्यवस्था गर्नु राज्यको कर्तव्य हो । कृषि नै नेपाली जीवनको आधारभूत आवश्यकता पूर्तिको माध्यम हो । त्यसबाहेकका आर्थिक क्रियाकलापहरू शिक्षा र स्वास्थ्यका लागि हुन् । अनि देशका सर्वाङ्गीण धारा हरेक मानवमा रहेको चेतनाको उच्च जागरणमा केन्द्रित हुन्छन् जसले सारा विश्वलाई नै सुख र शान्तिको धाराप्रवाह गर्दछ । आध्यात्मिक र भौतिक विकासको सम्मिश्रण नै नेपाली लोकव्यवस्थाको जग हो ।

### स्रोत र सम्पदा

भौतिक विकास पनि समृद्ध नेपालको प्रमुख आधार हो । यसमा नेपाली नागरिक नै नेपालको विकासका स्रोत हुन् । देशमा उपलब्ध साधन र स्रोतको सन्तुलित प्रयोग नै हाम्रो देश विकासको आधार हो । सूर्य, जल, जङ्गल, जमीन, वनस्पति नै यहाँका मुख्य प्राकृतिक स्रोत हुन् भने मठमन्दिर, चैत्य गुम्बा, अनेकौं संस्कृति, अनेकौं मानव समूहहरू यहाँका सांस्कृतिक-सामाजिक सम्पदाहरू हुन् । धैर्य, साहस, इमान्दारिता, विनम्रता र परिश्रम हाम्रो देशका मानवस्रोत हुन् । यिनै स्रोत र साधनको समुचित प्रयोग नै हाम्रो देश नेपालको समृद्धिका आधारहरू हुन् ।

### ग्रामीण जीवन

नेपाल सहरमा बस्दैन । नेपाल त गाउँमा रहेको छ । ती गाउँहरूको सेवा नै नेपालको सेवा हो, एक समृद्ध देशको स्थापना हो । आफ्नो जीवन पूर्ण रूपमा जिउनका लागि ग्रामीण परिवेश उपयुक्त हुन्छ । यद्यपि नगर सभ्यतालाई व्यवस्थित पार्न सकियो भने त्यहाँ पनि जीवन धेरै हदसम्म सम्मानित हुनसक्दछ । त्यसैले व्यवस्थित नगरसभ्यता स्थापनामा पनि जोड दिनुपर्छ । तर जीवनको पूर्णताका लागि ग्रामीण परिवेश नै उपयुक्त हुन्छ । अवसर र शिक्षा, अनि स्वास्थ्य र सञ्चारलाई गाउँ-गाउँमा पुऱ्याई गाउँलाई विकास गर्नुपर्छ ।

### नेपाली जीवन्त शक्ति

हिमालयको स्वच्छन्दता, पहाडको कोमलता एवम् तराईको न्यानोपना, नदीहरूको निश्चलता, मानिसहरूका मुहारमा चमक अनि एकआपसमा सौहार्दपूर्ण व्यवहार हामी नेपालीको विशेषता हो ।

निर्दोष मुस्कान हामी नेपालीको परिचय हो जुन हृदयको गहिराइदेखि नै प्रस्फुटित हुन्छ । चाउरी परेका गाला भएकाहरू नै किन नहोऊन्, नाम्लाको डामले खत बसेका निधार लिएका नै किन नहोऊन्, आधी पेट खाएर कोदालो खनिरहेका नै किन नहोऊन्, मानिसका अनुहारमा मुस्कान छाइरहेको हुन्छ । त्यो मुस्कानमा कुनै कपट छैन, छल छैन, स्वाभाविक र प्राकृतिक मुस्कान देख्दा जसको मन पनि पुलकित हुन पुग्दछ, असीम आनन्दको अनुभूतिले हृदय तरङ्गित हुन्छ । प्रेम हामी नेपालीको विशेषता हो । सानालाई माया र ठूलालाई आदर यहाँको संस्कृतिको आधारशिला हो । यहाँ आफ्ना घरमा पालिएका हाँस, कुखुरा, परेवा, बाख्रा, भेडा, गाई, भैंसी, घोडा, कुकुर र बिरालासँगको सामीप्यतामा प्रेमको अर्थ बुझिन्छ । अनि यहाँ संयुक्त परिवारको अवधारणा दृढ रहेको पृष्ठभूमिमा परिवारका एक अर्कासँगको माया र सद्भाव अनि सहयोगको भावना पनि प्रतिविम्बित हुन्छ । 'पितृदेवो भव, मातृदेवो भव र अतिथि देवो भव' भन्ने मन्त्रलाई हृदयमा राखी आफ्ना आमा, बाबाका लहरमा अतिथिलाई प्रेम गर्ने संस्कृति छ यहाँ । कोही कसैलाई आवश्यकता पऱ्यो भने स्वाभाविक रूपमा नै मद्दत गर्न आइपुग्छन् यहाँका मानिसहरू । सेवा नै धर्म हो भन्ने अभिप्रायका साथ मानव मात्र होइन, सम्पूर्ण प्राणीमात्रको सेवा गर्न उद्यत रहन्छन् यहाँका मानिसहरू ।

यहाँ वैदिक ज्ञानको परम्परामा ऋषिमुनिहरूले ज्ञान र चेतनाको प्रवाह यहाँका नदी किनारामा चर्चेका थिए । त्यही ज्ञान र धर्मको सङ्गम हो नेपाल । बुद्धको शान्तिको दर्शन फैलिएको भूमि हो, हाम्रो नेपाल । जनकको भूमिमा याज्ञवल्क्य, गार्गी र मैत्रेयीहरूले नदीनालाहरू र पहाडी डाँडाहरूमा ज्ञान प्रवाह गरेर बसाएको ज्ञानको प्रवाह भूमि हो, नेपाल ।

भीर पहरामा डोको बोकेर घाँस काट्दै परदेश गएका प्रियतमको विरहमा गुञ्जिएका गीतहरूमा नेपालीत्व लुकेको हुन्छ । मन्दिर, चैत्यमा गरिने प्रार्थनामा यहाँको आध्यात्मिकता रहेको छ । गण्डकी, कोशी, कर्णाली, बागमती, कमलाजस्ता नदीहरूका किनारै किनार सुसेल्दै हिड्नेहरूमा, जङ्गल र मैदानहरूमा गाइभैँसी, बाख्रा भेडाहरू चराउँदै रमाउनेहरूको सानो छडीमा, गुफा कन्दरामा जीवन बिताइरहेकाहरूको चुल्होमा, कम्मर कसेर कोदाली खन्दै छुपुछुपु धान रोप्नेहरूको पटुकामा, बाउसे बनेर आलीकान्ला सम्याउँदै निधारको पसिना पुछिरहेका टोपीमा यहाँको मौलिकता जीवित रहेको छ ।

मानव-मानवबीचका सामाजिक र आर्थिक विभेद मेटाउने अभियान चलाइरहेका व्यक्तिहरू, नेपाली मुटुमा छोइरहेका अरूणा लामा, नारायण गोपाल, गोपाल योञ्जन, तारादेवीहरूका स्वरमा, भानुभक्त आचार्य, लक्ष्मी प्रसाद देवकोटा, भूपि शेरचनहरूका शब्दमा नेपालीपन जीवन्त रहेको छ । देशको रक्षार्थ आफ्नो जीवनको आहुति दिने शहीदहरूको सपनामा नेपाल जीवित रहेको छ ।

हिमाल, पहाड र तराईमा फैलिएको भूमि, सदियौँदेखि बस्दै आइरहेका मानिसहरू, प्रकृतिलाई सुन्दर पार्दै आफ्नो अस्तित्वमा रहेका अनेकौँ जीव, प्राणी र वनस्पतिहरू सबै नै नेपाली अस्तित्वका द्योतक हुन् । आफ्ना सन्ततिलाई दूध चुसाउँदै चाटिरहेका स्तनधारी प्राणीहरूको ममतामा, भुनभुन गर्दै उड्ने भँवरा र मौरीहरूको आवाजमा नेपाली आत्मा रहिरहेको छ ।

रोटेपिङ र लिङ्गेपिङका चचहुई, सोरठी र घाटु, ल्होसार र छठ, दशैं र तिहार, पूर्णिमा र औंसीहरू सबैमा यहाँको जीवन अन्तरनिहीत भएर रहेको छ । एक-अर्काका खेतवारीमा बाली लगाउँदा पर्म र मेला गर्दै सहयोग र मेलमिलापका आधारमा व्यवहार गर्ने चलन अनुपम बनेर रहेको छ । मर्दापर्दा एक अर्काको मद्दत गर्ने सहृदयी व्यवहार नेपाली आत्माको शुद्धताको उजागर हो । यसरी हेर्दा हरेक नेपाली यो भूमिका अनन्त शक्ति हुन् । जीवनको सम्मान गर्ने यहाँको जीवनवादी दर्शन नै नेपाली दर्शन हो ।

नेपालका आधार यिनै हुन् । यही आधारमा हामीले हाम्रो व्यवस्था बसाउनु छ; जसले मानव जीवनलाई एउटा नवीन परिभाषा दिने छ, नवीन मार्ग दिने छ ।

## नेपाली धर्म र दर्शन

नेपाल एक त्यस्तो भूमि हो जसले जुनसुकै धर्म र दर्शनलाई पनि सहजै स्वीकृति दिन्छ । चाहे जस्तोसुकै पृष्ठभूमिबाट आएका धर्म, दर्शन किन नहोउन् तिनीहरू नेपालीपनलाई अङ्गीकार गरिहाल्छन् । नेपाली भूमिको शिक्षा हो कि कुनै पनि धर्मको आलोचक बन्नुहुँदैन किनकि हरेक धर्मले आ-आफ्नो दृष्टिकोण राखेका हुन्छन् । सबै धर्मको मूल मर्म भनेको मानिसहरू सुखी होउन्, एक-आपसमा सह-अस्तित्वका आधारमा मिलेर बसुन् भन्ने नै छ । धर्मको मर्म त्यस्तो भए तापनि त्यसको पालना गर्ने मानवहरू द्वन्द्वरत छन् । त्यो धर्मको दोष होइन, मानवीय प्रकृतिको दोष हो ।

धर्मका नाममा मानवता विभाजित हुनुहुँदैन । यस पक्षमा चनाखो हुनैपर्छ । उपनिषद् भन्दछ, 'तŒवमसि' अर्थात् हरेक तŒवमा ईश्वर छ । बाइबल भन्छ 'ईश्वरको राज्य तिमीमै अन्तरनिहीत छ', 'ईश्वर प्रेम हो'। कुरान भन्दछ 'आवश्यकता परेकालाई सेवा गर्नुपर्छ, दया र करुणा दर्साउनु पर्दछ' । बुद्ध भन्दछन्, 'दया र करुणा मानवका गुण हुन्' । सुकरातले 'सम्भव भएसम्म मानव देवतातुल्य बन्नुपर्छ' भन्दछन् । प्लुटार्क भन्दछन् - "सम्पूर्ण राष्ट्रका माथि एउटै आकाश र एउटै सूर्य छन् र अनेक नामका साथ एउटै ईश्वर छन् ।" जैन विचारकका अनुसार मनुष्य देवत्व प्राप्त गर्न सक्दछ । अर्थात् सबै धर्मले मानवतालाई नै सम्बोधन गर्दछन् ।

मनुष्यको आत्मामा जुन शक्ति लुकेको छ त्यसैको सर्वोत्कृष्ट अभिव्यक्ति नै ईश्वर हो । जब हामीमा आफ्नो अस्तित्वको चेतना हुन्छ तब मात्र हामीलाई जीवनको दर्शन हुन्छ । त्यहाँ जीवनको बोध हुन्छ । जीवनको बोध गराउनु नै हरेक धर्मको उद्देश्य हो । तर हाम्रो देशमा कुनै एउटै साङ्गठनिक धर्मको वर्चश्वभन्दा पनि यहींको माटो अनुरूपको नेपाली धर्मको विकास भएको छ । सदियौँदेखिका अभ्यासका क्रममा नेपाली आत्मालाई समेटेको मानवता, प्रेम र शान्तिको अवधारणा भएको अलग्गै धर्मको सिर्जना भएको छ ।

पूर्वीय दृष्टिकोणअनुसार :

ईश्वर के हो ?
- एक अनुभूति ब्रह्माण्डीय शक्तिको ।
  ईश्वर अनुभूति कसरी हुन्छ ?
- निरन्तर चिन्तन, सात्विक जीवनयापन, असल सङ्गत, अरूको कल्याणको भावना, स्वार्थरहित कर्म .......

के ईश्वरको अनुभूति हुनु जरुरी छ ?
- छैन । शुद्ध भावनाका साथ जीवन जिउँदै सबैको साथी बने पुग्छ । त्यही नै ईश्वर अनुभूतिको मार्ग हो ।

धर्म के हो ?
- मानवले सृजना गरेको नियमपद्धति । आध्यात्मिक आवश्यकता पूर्तिको प्रयास ।

जीवन के हो ?
- प्रकृतिको एक नियमित चक्र ।

आत्मा के हो ?
- जीवन तŒव । जुन संसारका हरेक तŒवमा बिद्यमान रहन्छ ।

जीवन निर्वाहको उत्तम मार्ग के हो ?
- श्रमप्रति जागरुक भइ नैतिकतापूर्ण कर्म पद्धतिको स्थापना ।

राजनीति के हो ?
- मानवले सृजना गरेको नियम । भौतिक र नैतिक आवश्यकता पूर्तिको प्रयास ।

हाम्रो सामाजिक आदर्श के हो ?
- समृद्ध, नैतिकवान र खुशी-स्वाभिमान नेपाली समाजको सिर्जना ।

मौलिक नेपाली समाजका आधारभूत चरित्र ओगटेको आदर्श समाज तब स्थापना हुन सक्छ जब नैतिकता, आध्यात्मिकता, भौतिक समृद्धिको संयोजन हुन्छ । यस संयोजनलाई नेपाली समाजका सामाजिक, सांस्कृतिक, परम्परागत मूल्यमान्यतासँग सामञ्जस्यपूर्ण सम्बन्धको रूपमा विकास गरिनुपर्छ । जुन चरित्र पूर्वीय दर्शनले सदियौँदेखि बोकेको छ । यो दर्शन नेपाली रगतमा छ । नेपालमा अहिले यसको आवश्यकता छ ।

यही नेपाली दर्शनमा स्थापित नेपाली लोकव्यवस्थाले हरेक व्यक्तिमा जागरण अर्थात् स्वात्मानुभूतिको अवस्थाको परिकल्पना गर्दछ । सामाजिक जीवनमा एक व्यक्तिबाट आपसी सद्भाव, भाइचारा र प्रेमपूर्ण व्यवहारको अपेक्षा गर्दछ । व्यक्तिले समस्त जीव, वनस्पति र पृथ्वीका यावत् तŒवप्रति श्रद्धा गर्दछ । मानव जीवन प्रकृतिको एक अनुपम उपहारको रूपमा कल्पना गरेर विश्वका सारा मानवहरू एक आपसमा प्रेम र सहअस्तित्वका आधारमा जिउँदछन् भन्ने पक्षलाई लोकतन्त्रको यो स्वरूपले परिभाषित गर्दछ ।

## मानिसको लक्ष्य र उद्देश्य

हाम्रो नेपाली जीवन दर्शन साँगुरो छैन । यसले आफ्नो लक्ष्यलाई निर्दिष्ट गरेको छ । एउटै जीवनमा पनि मोक्ष वा निर्वाणको अवस्थामा मानिस पुग्न सक्दछ भन्दै मानिसको लक्ष्य आफूलाई चिन्नु र त्यही आधारमा विश्व बह्माण्डको रहस्यको बोध गरी सत्यको धरातलमा खडा भएर बाँच्नु नै मानिसको लक्ष्य भन्ने किटानी समेत गरिएको छ ।

मेरो नेपाल

सामान्य जीवन जिउनु नै साँचो जीवन हो । प्रकृतिको नजीक रहेर सामान्य जीवन जिउनु नै अध्यात्म हो । मानवको प्रज्ञा र चेतनाको अवस्था जागिसकेपश्चात् मानिसको जीवन समुन्नत बन्दछ ।

मानिस उद्देश्यविहीन भयो भने भौतिकतामा मात्र रुमलिन्छ । अहिले त सामान्य जीवन जिउनका लागि पनि अनेकौँ जञ्जालले जकडिएर त्यही जञ्जाल तोड्दातोड्दै एक व्यक्तिको जीवनको आयु नै समाप्त हुन्छ । अनि त्यो जञ्जालले नयाँ पुस्तालाई घेर्दछ । एवम्रीतले नै वर्तमान मानव समाज चलिरहेको छ । लक्ष्यविहीन भएर र आफूलाई नचिन्दाको परिणामस्वरूप भौतिकतामा रुमलिएको छ मानव विश्व ।

मानिसको उद्देश्य उच्च चेतनामा पुग्नु हो । मानिसको अन्तिम लक्ष्य आत्मबोध हो । यसैलाई ईश्वर बोध भने पनि हुन्छ । त्यसैको खोजीमा मानिस लाग्दछ । आधारभूत आवश्यकता पूर्तिको साथसाथमा आफूमा रहेको श्रद्धा र आस्थालाई पनि मानिस विश्राम दिन चाहन्छ ।

## मानवताको जग

हामी नेपालीहरू हरेक तŒवमा जीवन छ भन्ने मतका अनुयायी हौँ । हामीहरू मानवमात्र होइन सृष्टिका हरेक प्राणी र वस्तुमा जीवन छ भन्ने बोध भएका मानिस हौँ । त्यसैले हामी नेपालीका लागि कोही पनि पराई छैनन् । सबै मानवहरू विश्वदेशका नागरिक हुन् । सबै प्राणीहरू पृथ्वीका बासिन्दा हुन् । नेपाली आत्मामा रहेको यही भावना नै नेपाली भावना हो ।

हाम्रा ऋषिमूनिहरूले आफ्ना आवेग र कल्पनालाई विचारको नियन्त्रणमा ल्याइसकेका थिए । त्यसैले उनीहरूले दिएको मानवताको जग बलियो छ, जस्तोसुकै आँधीले पनि त्यो ढल्दैन । त्यही विचार र चेतना नै हाम्रो देश नेपालमा रहिरहेको छ । यद्यपि अहिले आम नेपालीमा त्यो चेतना सुषुप्त अवस्थामा रहेको छ । अहिले पुनः त्यही चेतनालाई जगाउनु परेको छ र विश्वभर प्रवाह गर्नु परेको छ ताकि विश्वका मानवहरू सुखी रहून् ।

मानवमा रहेको सामाजिक गुण स्वाभाविक र प्राकृतिक हो । मानिसमा उसको अन्तःकरणबाट नै आफू मात्र होइन कि आफ्ना वरपर अन्य मानिस र प्राणी छन् भन्ने बोधको आवाज आउँदछ । आफू जीवित रहनका लागि अरूसँगको अन्तरक्रिया अनिवार्य हो भन्ने पनि मानिसले स्वाभाविकरूपमै बुझ्दछ । यो चेतना नै मानवका लागि आवश्यक चेतना हो ।

## नेपाली लोकव्यवस्थाका आदर्शहरू

नेपाली लोकव्यवस्थाको आर्थिक आदर्श न्युनतमरूपमा आवश्यकता गास, बास, कपास अनि स्वास्थ्य र शिक्षाको व्यवस्था गरी समृद्धतातर्फ उन्मुख समाजको सिर्जना हो । सामाजिक आदर्श हो सामाजिक सुरक्षा, अभिव्यक्ति र विचारको स्वतन्त्रता । नैतिक आदर्श हो व्यक्तिको चारित्रिक र आत्मिक विकास । यी सबैका आधारमा समाज सञ्चालित हुँदा मानिसहरू सुखी हुन्छन्, प्रकृतिमा सन्तुलन कायम हुन्छ र एक सुन्दर समाजको निर्माण हुन्छ । आर्थिक, सामाजिक, नैतिक र आत्मिक उन्नतिका माध्यमबाट एक उच्च चेतना र समृद्धिको अवस्थामा पुग्नु नै हाम्रो लोक व्यवस्थाको आदर्श अवस्था हो ।

मानवीय जीवनका सम्पूर्ण पक्षमा समदृष्टि दिनु नै नेपाली लोकव्यवस्थाको जग हो । सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, धार्मिकलगायतका पक्षमा मानवीयता, सेवा र श्रद्धाको भावनाले आम मानिसहरू बीच व्यवहार भई समानता, न्याय, प्रेम र भाइचारामा आधारित मानवीय समाजको सिर्जना हुनेछ । समृद्धि र सम्पन्नताको मापक आर्थिक मात्र होइन कि मानवीय विवेकसहितको सामाजिक विकासलाई सम्पन्नताको बिन्दु मानिन्छ ।

## सामाजिक र वैश्विक दृष्टि

सबैका लागि समान न्याय, मानव-मानवबीच सहिष्णुता, हरेक मानवलाई आफ्नो विचार प्रकट गर्ने स्वतन्त्रता, मानवलाई उसको स्वभाविक वृत्ति र उसको अर्न्तमनद्वारा निर्देशित हुने सहज वातावरण, मानवीय कर्तव्यको पालना, सेवा केन्द्रित विकास प्रणाली नै सामाजिक मानवताका मूलभूत सिद्धान्त हुन् । यही नै नेपाली लोकव्यवस्था हो । हरेक व्यक्तिलाई स्वतन्त्र र समृद्ध जीवन जिउने अवसर दिनु नेपाली सामाजिक पद्धति हो । जुन व्यक्तिमा जे-जस्तो सम्भावना छ त्यसलाई प्रस्फुटन गरी अगाडि बढाउन मद्दत गर्नु पनि नेपाली लोकव्यवस्थाको कर्तव्य हो ।

मेरो नेपाल

एक व्यक्तिमा आउने रूपान्तरणले सामाजिक व्यवस्थामा प्रभाव पर्दछ । त्यसैगरी व्यक्तिव्यक्तिमा रूपान्तरण भएपछि समाज सुव्यवस्थित बन्दछ र स्वभावतः विश्वमा नै शान्ति आउँदछ । यही व्यक्तिबाट सुरु भएर विश्वसम्मको शान्तिको यात्रा नै नेपाली लोकतन्त्रको दृष्टिकोण हो ।

**व्यक्तिगतः** सन्तुलित र प्राकृतिक जीवनशैलीले मानव स्वस्थ रहन्छ । मानव शरीर नै त्यो यन्त्र हो जसले आत्मा अर्थात् जीवनलाई बोकेर हिँड्दछ । त्यसैले त्यो शरीरको स्वास्थ्य राम्रो हुनु पहिलो शर्त हो । स्वस्थ शरीरमा नै स्वस्थ मन रहन्छ । शरीर र मनको संयोजनबाट सन्तुलित विचार आउँछ । यसबाट व्यक्तिको दैनिक जीवन सन्तुलित बन्दछ । शुद्ध आहार, विहार, विचारका माध्यमबाट व्यक्ति आध्यात्मिक जीवन जिउँदछ ।

**सामाजिकः** व्यक्ति आत्मिक रूपमा शुद्ध भएपछि उसले समाजमा गर्ने व्यवहार पूर्णतः मानवीय हुन्छ, जसले गर्दा समाजमा शान्ति छाउँदछ । वैचारिक आधारमा स्थापित हुने यस्तो समाजमा व्यक्तिको मानसिक क्षमताको पूर्ण विकासको सम्भावना रहन्छ । शारीरिक श्रम र मानसिक श्रम दुवैको प्रयोग हुने हुनाले उसको जीवन सन्तुलित बन्दछ ।

नेपालीहरू एकआपसमा प्रेम र भाइचारका आधारमा व्यवहार गर्दछन् । एक अर्काको कार्य, पेसा, संस्कृति र जीवनपद्धतिको सम्मान गर्दछन् । नेपाली मन एउटै छ विभक्त छैन । नेपालीहरू सर्वप्रथम आफ्नो देशलाई समुन्नत पार्दछन् त्यसपछि सारा विश्वलाई शान्तिका मार्गमा प्रवृत्त हुन प्रेरित गर्दछन् ।

**वैश्विकः** सारा मानवहरू एक हुन् । सारा मानवहरू ईश्वरका सृष्टि हुन् । हरेक व्यक्तिमा मानवीय जागरण आइसकेपछि ऊबाट निश्रृत हुने शान्ति र प्रेमको भावनाले विश्वका हरेक मानवलाई मद्दत पुऱ्याउँदछ । त्यसैले एक व्यक्ति नै विश्व हो र विश्व नै व्यक्ति हो ।

## विश्व दृष्टि

अहिले विश्वको एक कुनाको मानव र अर्को कुनाको मानवबीच परिचय भइसकेको छ । मानवसंसारमा मानवको एउटै मात्र जाति छ भन्ने ज्ञात भइसकेको छ । त्यसैले सारा विश्व एक अङ्ग हो र राष्ट्रहरू स-साना इकाई । विश्वका सारा मानवहरू एक हुन् । पृथ्वी सबैको साझा घर हो । सहअस्तित्वका आधारमा अन्य प्राणीसँग मिलेर बस्नु मानव कर्तव्य हो भन्ने कुरालाई आधार मानेर गरिएको व्यवस्था नै मानवीय व्यवस्था हो । अहिलेको वैश्विक परिवेश फराकिलो भएको छ । अहिले केवल राष्ट्रिय परिवेशको मात्र हित सोच्ने होइन कि आफ्नो राष्ट्रको हित सोच्दा अरू राष्ट्रको मानवलाई कुनै असर पो पर्छ कि भन्नेमा ध्यान दिने गरिन्छ ।

अहिले मानिसहरू क्रमशः मानवताको बिन्दुमा प्रवेश गर्न छट्पटाइरहेका छन् । उनीहरू मानवीय मर्यादा र नैतिकतामा आधारित समाजको निर्माणतर्फ प्रवृत्त भइरहेका छन् । त्यसैले यो त्यही उपयुक्त समय हो जसमा हामीले हाम्रो देश नेपाललाई विश्वकै नेतृत्व लिन सक्ने राष्ट्रको रूपमा विकास गर्न सक्छौं । हाम्रा छिमेकी देशहरू चीन र भारत आर्थिक रूपमा विश्वलाई नेतृत्व दिने होडमा छन् । अमेरिकी र युरोपेली देशहरू पनि अर्थलाई नै विकासको आधार मानेका छन् । उनीहरूको मापदण्ड समाजको भौतिक विकास हो । तर हाम्रो मापदण्ड मानवको विकास हो । अनि मानवको विकासका लागि समाजको विकास हो । जब मानवकै विकास हुँदैन भने समाज कहाँ पुग्ला ? त्यसैले यो युगलाई हामीले मार्ग दिनुछ । हामीसँग सम्भावना छ, मार्ग छ । त्यसैले अब हामी त्यो मार्गमा हिँड्नुपर्छ ताकि नेपाल र नेपालीको मात्र होइन, सारा विश्वलाई नै हामी एक नवीन दिशा दिन सकौं ।

राष्ट्रियता सामाजिक सहअस्तित्व र मानवताप्रति उत्तरदायी हुनैपर्छ । विश्वव्यापी आध्यात्मिक र मानवीय एकता जोड्नका लागि राष्ट्रियताको उपयोग गर्नका लागि सम्पूर्ण मानव समाज सचेत हुनुपर्छ ।

विश्वका अरू राष्ट्रको भौतिक विकास हाम्रो मापदण्ड होइन । हाम्रो मापदण्ड त सामूहिक समृद्धिसहितको मानवताको विकास हो । मेसिनको विकास हाम्रो ध्येय होइन, मानवीय संवेदनासहितको विवेकपूर्ण र सन्तुलित समाजको निर्माण हाम्रो उद्देश्य हो ।

मेरो नेपाल

# हाम्रो अस्तित्वबोध

भौतिकताले व्यक्तिलाई सम्बोधन गर्दछ तर शरीरलाई मात्र । आध्यात्मिकताले व्यक्तिलाई सम्बोधन गर्दछ तर शरीर, मन र आत्मा । आध्यात्मिकता भनेको कुनै पनि बस्तु, जीव या तत्वमा अन्तरनिहीत आन्तरिक शक्ति हो । यही आन्तरिक अस्तित्वको बोध हुनु मानिसका लागि जरुरी छ । मानिसमा चेतनतत्व र विवेकीपन पनि हुनाले ऊ आफ्नो आन्तरिक अस्तित्वको समेत बोध गर्न सक्दछ । त्यही नै अध्यात्म हो । अस्तित्वबोध नै अध्यात्म हो । त्यही बोधलाई सर्वव्यापी बनाएर हाम्रा ऋषिमहर्षि र ज्ञानीहरूले हामीलाई त्यो अमूल्य निधि हस्तान्तरण गरेका छन् । त्यसैले हाम्रो देशमा आध्यात्मिकता सदियौँदेखि नै जरो गाडेर रहेको छ । यही सम्पदालाई जगाएर मानवताको प्रवाह गर्नु अहिले आवश्यक बनेको छ । हाम्रो यो सम्पदा हरायो भने विश्व नै अशान्त बन्नेछ र आशाको कुनै पनि किरण नदेख्दा विश्वका मानिसहरू वितृष्णाले बिक्षिप्त हुनेछन् ।

अहिले पश्चिमी देशहरू भौतिक विकासको चरमचुलीमा पुगेका छन् तर मानवतालाई बिर्सेका छन् । मानवतासहितको भौतिक समृद्धि अब हाम्रो यस सामाजिक पद्धतिबाट सिर्जना हुने छ । भौतिक समृद्धिले ल्याएको मानव-मानवबीचको विभेद, द्वन्द्व, प्रभुत्व र असमानताहरूको ठाउँमा सद्भावपूर्ण, पारस्परिक सद्भाव र मानवीयतासहितको समाजको सिर्जना हुने छ । मेसिनको सिर्जनाको ठाउँमा मानवताको लेपले पुनर्स्थापित गरेर वर्तमान विश्वमा देखिएको मानवताको ह्रासलाई यसले सम्बोधन गर्दछ र भावी विश्व सन्ततिलाई सुन्दर भविष्यको सुनिश्चितता गरिदिन्छ ।

प्रविधि आवश्यक हो । तर मानवताबिनाको प्रविधिको प्रयोगले ल्याएको बिनासलाई मानिसले देखिसकेको छ । भौतिकताको त्रासदीबाट वर्तमान पनि सुरक्षित छैन र भविष्य पनि सुरक्षित छैन । आध्यात्मिकता भनेकै मानवीयता हो । अरुको प्रगतिबाट पनि आफ्नो उन्नति हुन्छ भन्ने दर्शन हो यो । अरुको राम्रो भयो भने म पनि सुखी हुन्छु भन्ने भावना नै मानवता हो ।

भौतिकताप्रतिको मानिसको जुन आकर्षण छ त्यो क्षणिक हो र मानवभित्रको सम्बोधि तŒवलाई बुझ्ेर गरिने सिर्जना दीर्घकालिक हुन्छ । भौतिकताले व्यक्तिलाई सोच्दछ तर मानवताले समुदाय र यो सम्पूर्ण विश्व ब्रह्माण्डलाई नै समेटेर राख्दछ । त्यसैले हामी यो व्यवस्थाको स्थापनाबाट ब्रह्माण्ड हित र सम्पूर्ण जगत्को हितलाई सम्बोधन गरेर हिँड्न सक्दछौँ ।

| भौतिकता | आध्यात्मिकता |
|---|---|
| म | हामी |
| मेरो | सहअस्तित्व |
| सम्पत्ति | नैतिकता, सदाचार |
| मानसम्मान | उच्च मूल्य मान्यता/संस्कृति |
| पदप्रतिष्ठा | सामुहिक समुन्नति |
| शरीर सुख | विश्व बन्धुत्व/एक विश्व ब्रह्माण्ड |
| वासना, अहङ्कार | आत्मिक सुख – सर्वोत्कृष्ट प्राणी |
| विनास | सिर्जना |

आधारभूत आवश्यकता पूरा गरिसकेपछि सामाजिक विभेदरहित अवस्थामा हामी पुग्दछौँ । त्यहाँ खानलाउन, शिक्षा र स्वास्थ्यको समस्या नभएको विचारले परिस्कृत, विचारले समृद्ध समाज हुन्छ र सामूहिकतामा आधारित समाजको निर्माण हुन्छ । त्यस्ता समाजले राज्यलाई निर्देशन गर्दछन् र राज्यले त्यही दर्शनमा आधारित रहेर पृष्ठपोषण गर्दछ । यसरी समाजहरू समृद्ध बनिसकेपछि राज्य समृद्ध हुन्छ । त्यसपछि राज्यले विश्वलाई नै सम्बोधन गर्ने छ ताकि मानवताको रक्षा होओस् ।

मेरो नेपाल

हामीले भौतिक साधनसहितको खुशी र भौतिक समृद्धिसहितको सभ्यताको स्थापना गरी मानवतालाई जीवित राख्न सक्दछौं ।

### भौतिक पूँजिवादी दर्शन

एक व्यक्तिले आफ्नो हित र प्रवर्द्धनका लागि जति मेहनत गरेर काम गर्दछ त्यति अरुका लागि गर्दैन । फलस्वरूप उत्पादन पनि बढ्दछ । त्यसैले व्यक्तिलाई स्वतन्त्रतापूर्वक काम गर्न दियो भने समाजको पनि प्रवर्द्धन हुन्छ । व्यक्तिले आफ्नो हितका लागि जति काम र मेहनत गर्दछ त्यति समुदायका लागि गर्दैन । व्यक्तिले आफ्नो हितका लागि बढी सोच्दछ । राज्यले लगाएको काम व्यक्तिले इमान्दारीपूर्वक निर्वाह गर्दैन तर आफ्नो लागि सम्पूर्णशक्ति लगाएर काम गर्दछ । धन छैन भने सम्पन्नता हुँदैन । त्यसैले जतिसक्यो कमाउ । व्यक्तिगत हितका लागि मानिस सबैभन्दा स्वार्थी हुन्छ । पूँजिवादी दर्शन यही सिद्धान्तमा अडेको छ । यसले गर्दा सामाजिक विभेदको सिर्जना भएको छ । यो पद्धतिले मानिसलाई मेसिनको दास बनाएको छ । यसले मानवीय पक्षलाई हेरेको छैन । संवेदनाहीन आर्थिक मानवको मात्र परिकल्पना यसले गरेको छ ।

साम्राज्यवाद र उपनिवेशवाद पनि यही सोचका कारण आएको हो । जति सक्छौ बढी धन बटुल र सम्पन्न बन भन्ने सोच भौतिकवादीको हो ।

### कम्युनिज्मले भनेजस्तो मानिस रोटीको दास होइन

हामीले यहाँ सोचेको व्यवस्थामा व्यक्तिगत सम्पत्तिको अधिकार हुन्छ । तर त्यो सम्पत्तिले एक व्यक्तिको मात्र होइन समाजको हित हुन्छ र सामूहिक हित हुन्छ । फेरि त्यो कम्युनिज्मको जस्तो सामूहिक पनि होइन जसले केवल खानका लागि मात्र मानिस बाँचेको हुन्छ भन्ने दृष्टि दिन्छ । मानिस रोटीको दास होइन । हाम्रो दर्शन त त्यस्तो होइन ।

### हाम्रो पूर्वीय दर्शन

हाम्रो दर्शनले भन्दछ – तिमी पनि क्षणिक छौ । यो पृथ्वी पनि क्षणिक हो । सृष्टि पनि क्षणिक हो । आफ्नो कर्मलाई परिष्कृत गर्दै गयौ भने अन्ततः तिमी सम्बोधिको अवस्थामा पुग्दछौ । त्यसैले तिम्रो कर्म अहिले नै सुधार गर । जसरी तिमी छौ त्यस्तैगरी यो पृथ्वीमा रहेका अन्य अवयवहरूको पनि अस्तित्व स्वीकार गर । अरुलाई पनि बाँच्न देउ । पहिला आफूलाई चिन । तिमी को हौ त्यो बुझ । केका लागि तिमी भौतिकतातिर लागेका छौ ? त्यो भौतिकताले तिमीलाई त्यो सम्बोधितिर जानबाट रोकिरहेको छ ।

हाम्रो दर्शनले भन्दछ – बरु प्राणै त्यागिदेउ - प्राण पनि केही होइन - तर समाजको हित सबैभन्दा ठूलो हो । अरुको हित, अरुको कल्याण गर भन्ने हाम्रो सन्देश हो । हुन त सबै मानिस बराबर छन् भन्ने विचारमा कम्युनिज्म हाम्रो नजीक आए तापनि व्यक्तिले केवल रोटीका लागि मात्र काम गर्छ भन्ने सिद्धान्त हाम्रो दर्शनको छेउसम्म पनि आउन सक्दैन । रोटी पाउनुपर्छ नत्र काम गर्दिन भन्ने कम्युनिस्ट दर्शन कर्म गर, कर्म नै तिम्रो दायित्व हो भन्ने हाम्रो दर्शनसँग तुलना नै हुन सक्दैन ।

### सामाजिक सत्यबोध

मानिस एक जैविक प्राणी हो जसमा जीवनतत्वको रूपमा आत्मा रहेको हुन्छ । त्यो आत्मालाई जगाउन सक्ने विवेक मानिसमा हुन्छ । त्यसलाई जगाएर त्यसमा अन्तर्निहित शक्तिलाई सबैको कल्याणमा लगाउन सकिन्छ । जन्मजात नै मानिसमा सामाजिक गुण विद्यमान रहन्छ । त्यही गुणले उसलाई विश्वका मानिसहरू एक हुन् भन्ने भावना दिन्छ । मानिसमा विवेक तत्व हुन्छ जसले अन्य प्राणीमा पनि जीवन छ है भन्ने बोध गराउँदछ । यो दृष्टिले मानिस र प्रकृतिका अन्य सम्पूर्ण तत्वहरूमा सहअस्तित्वका आधारमा बस्नु पर्दछ भन्ने बोध मानिसमा रहन्छ । यही नै एक व्यक्तिको सत्यबोध हो । सत्यबोधले :

- कर्मप्रति श्रद्धा गर्न सिकाउँछ । भौतिकतामा पनि आत्मिक सुखलाई आत्मसात् गर्न सिकाउँछ ।
- सहअस्तित्व, भातृत्व र आपसी सद्भावका आधारमा एकआपसमा व्यवहार गर्न सिकाउँछ ।

मेरो नेपाल

- संघर्ष गरेर होइन कि आपसी सहअस्तित्वका आधारमा सामाजिक जिवन जिउन सिकाउँछ ।
- व्यक्तिगत भौतिक सुखलाई जसरी पनि सम्पत्ति कमाउ भन्ने कुरासँग जोड्दैन । बरु सबैको कल्याण गर तब एक व्यक्तिको पनि कल्याण हुन्छ भन्ने सद्चिन्तन दिन्छ ।

**समाज विकासका लागि सामाजिक बोध**

समाजको सामूहिकताको लागि सत्यबोध एक पूर्व सर्त हो । त्यसले समाजलाई सामूहिकतामा ल्याउँछ । देशलाई सामूहिकतामा ल्याउँछ र विश्वकै लागि एउटा सन्देश दिन्छ । यसले हामीलाई कर्म गर्न सिकाउँछ । सामाजिक बोधले हामीलाई कर्म र श्रमप्रति समर्पित हुन सिकाउँछ । भौतिक सुखभन्दा आत्मिक सुखको यसले खोजी गर्दछ । यसले सहअस्तित्व, भातृत्व र आपसी सद्भावलाई स्थापित गर्दछ । यसले वर्गसंघर्षलाई जन्मनै दिँदैन । सङ्घर्ष होइन कि आपसी समन्वय, सद्भाव, सहयोगको भावनाबाट उच्च चेतना र जागृत विश्वतर्फ लम्किन्छ । व्यक्तिगत भौतिक सुखलाई यसले नजीकबाट हेर्दैन । यसले सामूहिकतालाई नै हेर्दछ । पूँजिवादी भौतिक सोचले व्यक्तिगत स्वार्थ र जसरी पनि सम्पत्ति कमाउ, जसरी पनि सत्तामा जाउ, जसरी पनि अरु मानिसमाथि शासन गर वा शासन गर्नुपर्छ भन्ने जुन विचार ल्याएको छ, त्यसका सट्टामा सामाजिक अध्यात्मवादले सबै मानिसको सहअस्तित्व स्वीकार गरी अघि बढ भनेको छ ।

यही बोध भयो भने हामी भौतिकतामा मात्रै होइन हामी सबै सामूहिकतामा छौँ, सहअस्तित्वका आधारमा बाँचिरहेका छौँ भन्ने भाव आउँदछ । हामी भौतिक सम्पत्तिका लागि होइन सम्पूर्ण सृष्टिकै सद्भावका लागि काम गर्दछौँ । अब यो भावना सबैमा आउनुपर्दछ । सामाजिक कार्यकर्ता, समाजसेवी, बुद्धिजीवी, विद्यार्थी, शिक्षक, किसान, व्यवसायी सबैमा यो भावना आउनुपर्दछ । सबै मानिसलाई एकाकार गरेर यो पद्धतिलाई फेरि सृष्टि गर्नु परेको छ ।

- बुद्धले भोगविलासी जीवन अर्थात् भौतिक सम्पन्नताको जीवन मानवको लागि निरर्थक र तुच्छ भनेका छन् । साथै अति कष्टपुर्ण जीवनमार्ग (जहाँ व्यक्तिले शारीरिक र मानसिक दुबै कष्ट सहेर मुक्तिको मार्ग खोज्दछ) पनि निरर्थक हुन्छ भनेका छन् । त्यसैले न त अति भौतिक सम्पन्नताको जीवन न त अति कष्टपूर्ण जीवन अर्थात् मध्यम मार्ग अपनाएर जीवन जिउनु पर्नेमा जोड दिएका छन् । त्यही मार्ग नै आत्मशुद्धिको मार्ग हो जसले व्यक्तिलाई आत्मबोधतर्फ प्रवृत्त गर्दछ ।

- व्यक्तिको स्वतन्त्रता र स्वच्छन्दताले समाजका कुनै पनि मर्यादालाई नाघ्दैन । बरु त्यो सम्भावनालाई उजागर गर्दछ जसले एक व्यक्तिको क्षमता उच्चतम बिन्दुमा प्रकट हुन सक्दछ । साथै हरेक व्यक्ति सहअस्तित्वको बोधका साथ जिउने हुनाले समाजका कुनै पनि व्यक्ति अन्याय र अत्याचारबाट प्रताडित हुनुपर्दैन । कर्मको सिद्धान्त अपनाइने हुनाले हरेक व्यक्ति आफ्नो क्षमताअनुसारको कर्म गरी जीविकोपार्जन गर्न सक्दछ ।

- एक व्यक्तिको भौतिक र आध्यात्मिक रूपमा सम्पन्न बन्न सक्ने क्षमतालाई समाजले उजागर गर्दछ । जो जुन रूपमा सम्पन्न भए पनि उनीहरूको कर्तव्य पछाडि छुटेकालाई माथि उकास्नु नै हुने छ । व्यक्ति मात्र होइन कि समाज पनि साथसाथै माथि उठ्नुपर्दछ भन्नेमा यो पद्धतिले जोड दिन्छ ।

- हरेक व्यक्तिमा वैराग्य आएर ज्ञानको खोजी गर्दै बुद्ध पनि बन्न सक्दछन् । बुद्ध बनिसकेपछि अरुलाई पनि व्युँझाउने कोशिस गर्नेछन् भने हरेक व्यक्ति सबै रूपबाट सम्पन्न बनी भौतिक सम्पन्नतासहितको आध्यात्मिक ज्ञान पनि बाँड्न सक्नेछन् । राज्यको कर्तव्य हो यी सबै सम्भावनालाई उजागर गर्ने वातावरणको निर्माण ।

- भौतिक विकासलाई हामी स्वीकार गर्छौं र प्रविधिलाई हाम्रा दैनिक जीवनमा पनि प्रयोग गर्छौं । तर त्यसमा सामाजिकता, नैतिकता र चेतनालाई पनि साथमा नै जोडेर अघि बढ्छौं । अनि मानवीय मूल्य र मान्यताको स्थापना हुन्छ अनि स्वतः सामाजिक मूल्य र मान्यता भएको स्वाभिमानी र समृद्ध समाज बन्दछ । उच्चतम मानवीय मूल्य र मान्यताले भरिपूर्ण भएपश्चात् स्वतः व्यक्तिले 'मसँग छ भने नभएकोलाई किन मद्दत नगरुँ त' भन्ने भावले कार्य गर्दछ । त्यसपछि ज्ञान, बुद्धि र विवेकसहित साधन र स्रोत पनि भएको समाजको निर्माण हुन जान्छ । जहाँ क्षमतावानहरूले निर्बललाई माथि उठ्न मद्दत गर्दछन् ।

- जहाँ अभाव छैन, समस्या कम छ, दुःख कम छ, जहाँ विवेक छ, नैतिकता छ, सदाचार छ, आदर्शमूल्य छ, जहाँ गरिब छैन, धनी छैन त्यस्तो समृद्ध समाजको निर्माण हुन जान्छ ।

मेरो नेपाल

- आफ्नो आन्तरिक शक्ति र विवेकले माथि उठिसकेका व्यक्तिलाई समानताका नाममा तल झारेर गरिने विकास न्यायपूर्ण हुँदैन चाहे त्यसलाई कम्युनिज्म नाम दिइयोस् चाहे समाजवाद । बरु उनीहरूको चेतनालाई सम्बोधन गरी उनीहरूको क्षमता र प्रतिभालाई अझै उजागर गरी अझै आध्यात्मिक र भौतिक दुवैरूपमा सम्पन्न बनाउने पहल समाजले गर्नुपर्दछ । किनकि हरेक व्यक्तिको संस्कार, बुद्धिको क्षमता र आध्यात्मिक शक्तिको दायरा फरकफरक हुन्छ । यो प्रकृति हो । यसलाई सामाजिकताका नाममा खुम्चाउने होइन कि उजागर गर्नुपर्छ ।

## हाम्रो समाजको समुन्नतिका चरणहरू

### पहिलो चरणः आर्थिक समृद्धिउन्मुख समाज

आधारभूत आवश्यकता गास, बास, कपास, शिक्षा र स्वास्थ्यको व्यवस्था हाम्रो समाजको समुन्नतिको पहिलो चरण हो । आधारभूत आवश्यकताको पूर्ति भएन भने व्यक्ति चोरीतर्फ लम्किन्छ । त्यसैले त्यो आवश्यकताको पूर्ति गर्नु राज्यको प्रमुख कर्तव्य हो । सामाजिक नैतिकताको जग यहीँबाट सुरु हुन्छ । यो चरणले सामाजिक समन्वयात्मक विकास र सामाजिक सुरक्षायुक्त समाज बनाउन मद्दत गर्दछ । तर जब यो पहिलो खुड्किलोबाट पार पाएर यी आधारभूत आवश्यकताको सहज पूर्तिको वातावरण बन्दछ तब यो चरण पनि दोस्रो चरणमा नै समाहित हुन्छ । अर्थात सिधै सामाजिकतामा प्रवेश गर्दछ ।

### दोस्रो चरणः सामाजिक भावनायुक्त समाज

नैतिकतामा आधारित समाज, व्यक्तिको स्वाभिमान जगाउने, सामाजिक सद्भावयुक्त, समन्वयात्मक, विश्वबन्धुत्व, एकअर्कामा सहयोग, भाइचारा, प्रेम, सद्भाव र पूर्वीय मूल्य र मान्यता, 'सर्वे भवन्तु सुखिन' को अवधारणामा समाज नै आनन्दको अवस्थामा पुग्दछ । सहयोग, भाइचारा, प्रेम, सद्भाव, अरुको मूल्यमान्यताको कदर गर्ने हाम्रो लोकस्वभाव छ । त्यही स्वभावको उजागरबाट एक न्यायपूर्ण र समुन्नत समाजको निर्माण हुन जान्छ ।

### तेस्रो चरणः नैतिक समाज

अनि सामाजिकतामा प्रवेशपश्चात् एक नैतिक समाजको निर्माण हुन्छ । अनि समाज त्यस्तो बिन्दुमा पुग्दछ जहाँ न कसैसँग कसैको ईर्ष्या छ, न द्वेष छ, न मोह छ, न घृणा छ, न राग छ । तर स्वअस्तित्व बिर्सेको होइन कि स्वाभिमानयुक्त, शक्तिले पूर्ण अवस्था हुन्छ । यसपछि स्वभाविक रूपमा सामाजिक विकास, आर्थिक र सामाजिक समृद्धिको स्थापना हुन्छ ।

### चौथो चरणः स्वाभिमानी समाज

मानवीय मूल्य र मान्यताको स्थापना भइ एक स्वाभिमानी समाजको निर्माण हुन जान्छ । सामाजिक सुरक्षा, आर्थिक सम्पन्नता, नैतिक बल, सामाजिक मूल्य मान्यता भएको समाज नै स्वाभिमानी हुन सक्दछ ।

### पाचौँ चरणः समदर्शी समाज

मेरो नेपाल

त्यसपछिको चरणमा व्यक्तिहरू समदर्शीको चरणमा पुग्दछन् । ज्ञान, बुद्धि र विवेकका आधारमा निर्देशित समाजको स्थापना हुन जान्छ । समाजका बहुसंख्यक व्यक्तिमा शक्ति, सामर्थ्य, बुद्धि सबै छ, विवेक छ, अनि त्यही आधारमा समदर्शी समाजको स्थापना हुन्छ । अनि त्यो चरणमा पुग्न नसकेका वर्गलाई यो समाजले नै माथि उठाउने प्रयास गर्दछ । यस अवस्थामा पुगिसकेपछि व्यक्ति त सम्पन्न बन्दछ नै समाज पनि सम्पन्न बन्दछ ।

हाम्रो यो पद्धति सामूहिकतामा र सामाजिकतामा आधारित छ । 'सर्वे भवन्तु सुखिन सर्वे सन्तु निरामया' को भाव नै यसको आधारशिला हो ।

## नेपाली लोकव्यवस्थाको सामाजिक र वैचारिक धरातल

'बसुधैव कुटुम्बकम' (विश्वका सबै मानव कुटुम्ब हौं) र 'कृण्वन्तो विश्वंआर्यम्' (सबैका लागि विश्वलाई महान बनाऔं) का आधारमा मानिसका सामाजिक व्यवहार हुनुपर्छ भनेर हाम्रा प्राचीन ऋषिमूनि र ज्ञानीहरूले सिकाएका हुन् । यसमा सामाजिक व्यवस्थाको उच्चस्वरूप पाइन्छ ।

लोकतन्त्रको उच्चस्वरूपको परिकल्पना वेदमै छ । हामी त्यो उच्चता कायम गरिसकेका थियौं । अब त्यो उच्चताको बिन्दुलाई लत्याएर क्षणिकतामा अल्मलिनु भनेको मानव चेतनाको ह्रास गर्नु हो । त्यही उच्चतामा कायम रहँदै अझै उच्च चेतनातर्फ लम्किनु पर्नेमा धार्मिक अन्धता र भौतिक अन्धकारमा यत्रा शताब्दीहरू अन्धकारमा बिते ।

त्यो उच्चता प्राप्त गर्नका लागि पुनः ऋषिमूनिका कुटीतिरै जाउँ, बुद्धका आश्रमतिरै जाउँ भनेको कदापि होइन । तर त्यो उच्च विचारलाई हामीले अपनाउनु पर्छ, जीवित राख्नुपर्छ ताकि मानवता जीवित रहिरहोस् ।

पश्चिमी विश्वले मानव शरीरको प्रकृतिको ज्ञान भर्खर लिँदैछ तर हामीले त ३ हजार बर्षभन्दा पनि अगाडि नै शरीर मात्र होइन, मन र आत्माको बारेमा समेत ज्ञान हासिल गरिसकेका थियौं । तर अब बल्ल शरीरको ज्ञान हासिल गर्दै गरेको पश्चिमी सभ्यतामा हामी लम्किनु भनेको त बिल्कुलै मूर्खता र अन्धताको पराकाष्टा नै हो । आफ्नो सम्पन्नता त्यागेर जानीजानीकन दरिद्रतामा जानु भनेको त लज्जाजनक कुरा हो । यति साऱ्हो बेवकूफी त आदिम अवस्थामा रहेका मानव समूहले पनि गर्दैनन् ।

हाम्रो पद्धतिअनुसार हरेक व्यक्तिले स्वयमलाई सोध्दछ कि मेरो जन्म किन भयो ? मेरो जीवनको उद्देश्य के हो ? मेरो जीवन कसरी अर्थपूर्ण र मूल्यवान बन्न सक्दछ त ? म सबल छु त किन म निर्बललाई सहायता नगरुँ त ? यहीँबाट सुरु हुन्छ व्यक्तिको सामाजिक जीवन । अनि यही बिन्दुबाट नै सामाजिक व्यवस्थाको प्रारूप पनि सक्रिय हुन्छ । मानव आफूमा रहेको हिंसात्मक प्रवृत्तिलाई हटाएर आत्मोन्नतिको पथमा लम्किन सक्ने प्राणी हो ।

सेवा, प्रेम, भाइचारा र सहृदयता मानिसका आध्यात्मिक तŒवहरू हुन् । संस्कृति भनेको त्यही आध्यात्मिकतालाई कार्यान्वयन गर्ने लोकपद्धति हो । यसलाई कार्यान्वयन गर्ने कार्यविधि हो संस्कृति । दैनिक जीवनमा साँचो जीवन जिउनु नै आध्यात्मिक जीवन हो । मानवको व्यक्तिगत र सामाजिक सम्बन्धलाई समन्वय गर्दै विश्वका सबै मानव एकै हौं भन्ने भावना नै सामाजिक अध्यात्म हो ।

पूर्वीय धर्ती अर्थात् हाम्रो भूमि विचारले परिस्कृत, सुसंस्कृत र समृद्ध क्षेत्र हो । दर्शन र विचारले परिपूर्ण भएको समाज हो । मानवतालाई यसले पृष्ठपोषण गरेको छ । यो भूमि सभ्यताको चरम चुलीमा पुगेको थियो तर त्यो उच्च मानवीय दर्शन हराएर फेरि खोज्नु परेको अवस्थामा हामी छौं । कसैले अध्यात्ममा खोजोस्, कसैले धर्मसँग जोडोस् तर यो मानवतावादी दर्शन हो । मानवताले चराचर जगतलाई नै जोड्दछ ।

हामीमा –
**चेतना छ :** म को हुँ र अरु को हुन् भन्ने बोध छ । जीवनको सम्मान गर्नुपर्छ भन्ने ज्ञान छ ।

मेरो नेपाल

**मानवता छ :** म जस्तो छु अरु पनि त्यस्तै हुन् । मैले अरुलाई राम्रो गरेँ भने मलाई नै राम्रो हुन्छ भन्ने भावना छ । घाउमा मलम लगाउने, विनास नगरी सिर्जनालाई र सकारात्मक सोचमा आधारित हाम्रो जीवन पद्धति यो पूर्वीय दर्शनले बनाएको हो ।

पूर्वीय चिन्तनको उत्कर्ष उहिल्यै थियो जसमा मानव चेतनाको उच्च स्वरूप प्रकट भइसकेको थियो । भौतिक विकासको उत्कर्ष अहिले देखिएको छ । यी दुवैको समन्वय गरी एक पद्धतिको निर्माण हुन्छ सामाजिक-आध्यात्मिक प्रणाली । यो आदर्श होइन कार्यपद्धति हो । जहाँ : –

- समाजको इकाई नै राज्य हो ।
- समाज सहिष्णुता, सहअस्तित्व र भातृत्वमा आधारित हुन्छ ।
- मानवीयताले नराम्रोलाई रोक्दछ र हित प्रवर्द्धन हुने कुरालाई जोड्दछ ।
- नैतिकता, सच्चरित्रता, सदाचारजस्ता व्यक्तिगत गुणलाई सामाजिक गुणमा रूपान्तरण गरेर समाज, व्यक्ति र परिवारको समन्वयमा समाजमा नैतिक मानवीय मूल्यमान्यताहरू हुन्छन् र समृद्धको निर्माण हुन्छ ।
- समृद्ध र समुन्नत समाजभित्र भौतिकताको अन्धोपन रहँदैन ।
- विकास मानवीयतासँग जोडिएर आएको हुन्छ ।
- व्यक्ति परिवारवादमा आधारित हुन्छ ।
- सामूहिकतामा र समानतामा आधारित समाज हुन्छ
- समुन्नत गाउँ हुन्छ ।

यो मानवतावादी सोच हो । यो कुनै नयाँ सोच होइन । यो त नेपाली भूमिमा सदियौँदेखि रहिरहेको छ त्यसलाई उजागर गर्न नसकिएको मात्र हो । त्यसैले वर्तमान विश्वमा यो सोचको आवश्यकता टड्कारो देखिएको छ । यसका आधारमा पूर्ण मानवता र समानतामा आधारित समाज हुन्छ । जहाँ : –

- विभेद हुन्न
- समान अधिकार हुन्छ
- समान प्रतिनिधित्व हुन्छ
- सामूहिक निर्णय पद्धति हुन्छ
- श्रमको सम्मान र कर्मपद्धतिको स्थापना हुन्छ
- सदाचारमा आधारित जीवन प्रणाली हुन्छ

सन्तुलित आहार र विहारबाट विचारमा सन्तुलन हुन्छ । विचारमा सन्तुलनबाट आत्मिक सुख प्राप्त हुन्छ । आत्मिक सुखबाट सबै सुखी होउन् भन्ने भावनाको उदय हुन्छ । यही भावनाले समाज, राष्ट्र अनि विश्वको हितका लागि सामाजिक पद्धतिको निर्माण हुन्छ । अनि भावी पुस्ताले पनि जीवनको गौरवको अनुभव गर्न पाउन् भनेर हरेक वर्तमानमा दिगो सामाजिक विकासको अवधारणालाई अगाडि बढाइन्छ । जसले गर्दा सम्पूर्ण मानव समाज नै समुन्नत र सभ्य बन्दछ ।

यो पद्धतिअनुसार :
- व्यक्ति र समाजमा मानवीय जागरण आउँछ
- कर्मपद्धति अपनाइन्छ
- समान अवसरको सिर्जना हुन्छ

मेरो नेपाल

- विचारको प्रवाहपछि चेतना आउँछ भन्दै विचारको शुद्धतामा ध्यान दिन्छ
- भौतिक र आध्यात्मिक समृद्धिलाई एक गरेर लान्छ ।

नैतिकता, सच्चरित्रता र सदाचार मानवताका मूलमन्त्र हुन् । हरेक व्यक्तिले मानवतालाई हितमा राखेर कार्य गर्दछ र चराचर जगतको हितलाई सोच्दछ । यो पद्धतिले :

- नैतिक मानवीय मूल्य र मान्यतामा आधारित समृद्ध र समुन्नत समाज दिन्छ ।
- जहाँ भौतिकताको नाङ्गो दौड हुन्न ।
- मानिस सम्पत्ति र सत्ताको दास होइन । त्यसैले मानिसले मानिसलाई मानिसकै रूपमा हेर्दछ । अनि मानिस मानिस नै भएर जिउँदछ ।
- राष्ट्रिय प्रभुत्व, जातीय प्रभुत्व र अन्तरराष्ट्रिय प्रभुत्व र विभेदभन्दा माथि रहेर हेर्दछ ।
- आफ्नो मौलिक परम्परा, मूल्य र मान्यताको संरक्षण गर्दछ । सम्पूर्ण मानव समाजको संस्कृतिको उच्च मूल्याङ्कन गर्दछ । परिवारलाई उच्च महŒव दिन्छ ।
- यही आदर्श अनुसारको सामाजिक, राजनैतिक, आर्थिक, शैक्षिक प्रणालीको निर्माण गर्दछ ।

भौतिकता बढ्दै गएको छ र त्यसको अन्तिम बिन्दु कहाँ हो निर्क्यौल छैन । तर हामीले विकास गरेको सामाजिक पद्धतिमा भौतिक विकासलाई समाहित गराएपछि यसले एउटा निर्दिष्ट गन्तव्य पाउनेछ । अनि समष्टिमा मानवीय विकास उच्च चेतनाको अवस्थामा पुग्दछ । यो विकासको अन्तिम बिन्दु त हरेक व्यक्तिको चेतनाको अवस्था हो जहाँ सामाजिक चेतनामा मानिसहरू आनन्दपूर्वक सहअस्तित्वका आधारमा जीवन जिउँदछन् । भौतिक विकासका माध्यमबाट मानिसहरू चन्द्रमामा पुगेपनि, मंगलग्रहमा अर्को सभ्यता बसाएपनि अन्ततः फर्किनु पर्ने त हाम्रै मानवीय उच्च चेतनाको अवस्थामा नै हो । किनकि मानिसको अन्तिम लक्ष्य भनेको आत्मबोध हो । जहाँसुकै घुमोस् वा जहाँसुकै पुगोस्, जीवनभर भौंतारिएर जीवनको अन्तिम अवस्थामा पुगेको नै किन नहोस् अन्ततः हरेक मानिसले आफूलाई नै सोध्ने छ – म को हुँ, म के हुँ, मेरो अस्तित्व के हो ? यही कुरालाई हाम्रो पूर्वीय दर्शनले हजारौं बर्षअगाडि नै पहिल्याइसकेको छ ।

यही नै हो हाम्रो नेपाली व्यवस्थाको आधारशिला । हाम्रो यो पद्धतिले आदर्शलाई व्यवहार, भाग्यलाई कर्म र भौतिकतालाई आत्मिकतामा परिणत गरेको छ । यही व्यवस्थाबाट नै सामुहिक समृद्धि र मानवीय संवेदनासहितको विवेकपूर्ण र सन्तुलित समाजको स्थापना हुन जान्छ ।

समग्रमा भन्नुपर्दा :–

- मनको संयोजनबाट विचार र विचारबाट व्यक्तिको जीवन सन्तुलित हुन्छ । मनले विचार संयोजन गर्दछ ।
- सन्तुलित विचारले हामीलाई आत्मिक सुख दिन्छ जुन सामुहिकतामा आधारित हुन्छ । सबै सुखी होउन्, सबै राम्रो होउन् तबमात्र हाम्रो देश राम्रो हुन्छ । यो विचारले सन्तुलन दिन्छ ।
- सन्तुलित आहारविहारको व्यवस्था चाहिन्छ ताकि शरीर स्वस्थ रहन्छ । त्यसैगरी विचार दिनका लागि पनि त्यही अनुसारको शिक्षा चाहिन्छ ।

यही मार्गबाट सामाजिक सन्तुलन कायम हुन्छ । सामाजिक सन्तुलनले सामाजिक विकास हुन्छ । सामाजिक विकास भनेको आत्मिक विकास हो । आत्मिक विकासबाट मानवता स्थापित बन्दछ ।

हाम्रो देशमा चलिरहेका लोकव्यवहार, लोक संस्कृति, हाम्रा मूल्य र मान्यताहरू, लोकपरम्पराहरू पनि यही अनुकुल छन् । हामी सहिष्णुतामा, समन्वयतामा विश्वास गर्छौं । हामी एक अर्काको सहअस्तित्वलाई स्वीकार गर्दछौं । जगतको भौतिक तत्व, जैविक तत्व, मानव, जीव, वनस्पति सबैको अस्तित्वलाई स्वीकार गरेर भावी पुस्तालाई एउटा सभ्यताको संरक्षण गरिदिनुलाई हामी हाम्रो दायित्व सम्झिन्छौं ।

हाम्रो यो नीतिले आफ्नो परम्परा र पद्धतिप्रति गौरव गर्ने पुस्ताको अपेक्षा गर्दछ ताकि हाम्रो विगतको गुमेको चेतनाको पुनःस्थापना हुने छ । हामीहरू दिगो विकासमा विश्वास गर्दछौं । भएका जति सबै अहिलेको पुस्ताले नै सिध्याइदिने, सबै मूल्य र मान्यता भत्काएर खण्डहर बनाइदिने र भावी पुस्ताले खोजेर खान्छन् भन्ने भौतिक सोचभन्दा माथि उठेर भावी पुस्ताका लागि एउटा सुन्दर संसारको खाका छाडेर जानुपर्छ भन्ने मान्यता राख्दछौं ।

मेरो नेपाल

## नेपाली लोकव्यवस्थाको विशेषता

हामीलाई चाहिएको राजनैतिक धरातल कस्तो हुनुपर्छ ? अर्थात नेपालको लोकतन्त्र कस्तो हुनुपर्छ ? भन्ने प्रश्न सान्दर्भिक छ । यो भूमिमा जुन पवित्रता रहिरहेको छ, यो भूमिमा जुन शक्ति अन्तरनिहीत रहेको छ त्यही शक्तिलाई आत्मसात् गर्दै हामी नयाँ र समुन्नत नेपालको खाका कोर्न सक्छौँ । त्यस्तो व्यवस्थालाई हामी यहाँ सहजताका लागि नेपाली लोकतन्त्र नाम पनि दिन सक्छौँ । जहाँ –

हाम्रो नेपाली लोकव्यवस्थाले :-

- हिंसात्मक क्रान्तिमा विश्वास गर्दैन ।
- राष्ट्रिय स्रोत र साधनको वितरण समाजको हितलाई ध्यानमा राखेर गर्दछ ।
- समयअनुसार र परिस्थितिअनुसार यसका सिद्धान्तमा पुनर्व्याख्या र परिवर्तनको आवश्यकता रहन्छ ।

नेपाली लोकव्यवस्थाले :

- स्थानीय स्वायत्तता र अधिकारलाई प्रत्याभूत गर्दछ ।
- शान्तिपूर्ण पद्धतिमा विश्वास गर्दछ ।
- सहकारी व्यवस्थालाई स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरमा लागू गर्दछ ।
- मिश्रित अर्थव्यवस्था: सार्वजनिक र नीजि दुवै प्रकारको अर्थव्यवस्थालाई स्वीकार गर्दछ ।
- व्यक्ति नै सामाजिक व्यवस्थाको केन्द्रबिन्दु हो । व्यक्तिगत हित र सामाजिक हितलाई समन्वित गर्दछ ।
- मानवका आधारभूत आवश्यकता गास, बास, कपास, स्वास्थ्य र शिक्षाको व्यवस्थालाई पहिलो अनिवार्य शर्त मान्दछ ।
- समाजमा पूर्ण समानताको सम्भावनालाई खोक्रो आदर्श मान्दछ । तर यसले यो प्रयत्न गर्दछ कि समाजका सम्पूर्ण असमानताहरू विलाउन् । भौतिक र आध्यात्मिक दुवै उच्चतम लक्ष्यमा पुग्नका लागि व्यक्तिगत स्वतन्त्रता र क्षमताले निर्क्यौल गर्ने हुनाले यसले सदैव खुला मार्ग छाडिदिन्छ । व्यक्तिको विश्व परिवेशमा गर्न सक्ने आर्थिक, सामाजिक, शैक्षिक, वैज्ञानिक योगदान र उच्च आत्मोन्नतिको सम्भावनाको ढोकालाई बन्देज गर्दैन ।

## राज्य सिद्धान्तका विशेषता

* राज्य एक नैतिक र आध्यात्मिक संस्था हो ।
* नागरिकका रूपमा व्यक्तिको लक्ष्य स्वतन्त्रतापूर्वक जीवन जिउँदै सामाजिक जीवनमा नै आत्मबोधको अवस्थामा पुग्नु हो ।
* सामाजिक कल्याण, आन्तरिक सुरक्षा र सुव्यवस्था, बाह्य हस्तक्षेप र आक्रमणबाट रक्षा राष्ट्रका कार्य हुन् ।
* व्यक्तिलाई व्यवसाय, कार्य र सम्पत्तिको अधिकारको स्वतन्त्रता हुन्छ । व्यक्तिगत स्वतन्त्रता व्यक्तिको जन्मसिद्ध अधिकार हो ।
* राज्य व्यक्तिका लागि आवश्यक हो र व्यक्ति राज्यका लागि पनि । दुवै एकअर्कामा अन्योन्याश्रित हुन्छन् । फेरि जो आत्मा र परमात्माका चिन्तनमा रहन्छन् उनीहरूका हकमा कुनै नियम लागू हुन सक्दैन । उनीहरू राज्य र राजनीतिका परिभाषामा सीमित हुँदैनन् । उनीहरू सार्वभौम विश्वका नागरिक हुन् जसको विश्व सीमित हुँदैन । उनीहरू असीमित ब्रह्माण्डमा विचरण गर्न सक्ने पुण्यात्माहरू हुन् । उनीहरूको रक्षा राज्यको दायित्व हो ।
* खराब व्यक्तिबाट असलको रक्षा गर्नु पनि राज्यको दायित्व हो । त्यसका लागि न्याय र कानुनको पालना गराउनु राज्यको कर्तव्य हो ।
* नेपाली राष्ट्रवाद जसले व्यक्तिगत स्वतन्त्रता, अनेकतामा एकता, समानता र नागरिकमा अन्तर्निहित सार्वभौमसत्ता र विश्वव्यापी मानवतावादलाई मान्दछ ।

**नेपाली लोकव्यवस्थाको अभ्यासबाट :**

* नेपालमा वैचारिक समाजको उदय हुने छ । राजनैतिक दलहरू पूर्णतया विचारमा केन्द्रित हुने छन् । नागरिक पनि वैचारिक आधारमा विचारलाई मत दिने छन्,
* आतङ्कवाद निस्तेज हुनेछ,
* विश्वव्यापी शान्तिको स्थापनामा नयाँ मार्ग खुल्ने छ ।

**कस्ता शासकको परिकल्पना**

हाम्रो लोक व्यवस्थाले ज्ञान र चेतनालाई मूल मान्दछ र हरेक व्यक्तिमा सोही अपेक्षा गर्दछ । ज्ञान र चेतनाद्वारा निर्देशित व्यवस्थालाई नै समाज सञ्चालनको मूख्य आधार मान्ने यस पद्धतिले जीवन र जगत्को बोध भएर समभावको दृष्टिले हेर्न सक्ने व्यक्तिलाई शासकको रूपमा परिकल्पना गरेको छ । भौतिक सुखको परवाह नगरी जगत्को कल्याण नै आफ्नो कर्तव्य ठान्ने व्यक्तिहरू समाजका हरेक इकाईबाट अगाडि आएर समाज सञ्चालन गर्नेछन् भन्ने लोकतान्त्रिक पद्धतिको वकालत गरेको छ ।

**नेपाली लोकव्यवस्थाको आदर्श अवस्था**

सन्तुलित सामाजिक व्यवहारबाट हरेक व्यक्तिहरू सन्तुलित हुन्छन् । त्यसबाट व्यक्तिमा जागरण आउँछ र आत्मबोधको अवस्थामा पुग्दछन् तब समाजमा समानताको स्थापना हुन जान्छ र समाज स्वतः सञ्चालित हुन थाल्दछ । नेपालमा यस्तो समाजको स्थापनाको क्रमसँगै विश्वका अन्य देशले पनि यो व्यवस्थालाई अपनाउने छन् । अनि विश्व क्रमशः मानवताका आधारमा एक हुनेछ । विश्वको मानव समाज स्वतः सञ्चालित हुने अवस्थामा पुग्ने छ ।

हरेक व्यक्तिव्यक्तिमा जागरण आइसकेपछि विश्वभर सामाजिक सौहार्दता र सहिष्णुताका आधारमा व्यवहार हुनेछ । न त कुनै शासकको जरुरत पर्दछ न त शासितको । सबै मानिसहरू स्वयम सञ्चालित हुन्छन् । हाम्रा प्राचीन मूल्य र मान्यताको सोच पनि यही धारमा रहेको थियो र हाम्रा ऋषिमहर्षिहरूले त सारा मानव एक हुन भन्दै विश्वदेशको उद्घोष गरिसकेका थिए ।

**निष्कर्षमा भन्नुपर्दा ........**

मन सबै इन्द्रियको राजा हो, त्यसलाई विजय गर र सबैलाई समभावले हेर । मनको शुद्धताले नै असल विचारको सिर्जना गर्दछ । असल विचारबाट हरेक व्यक्तिमा सन्तुलन आउँदछ । यही विचारमा नै हाम्रो पूर्वीय सामाजिक व्यवस्थाको जग बसेको छ ।

यही जगमा आधारित रहेर नै भौतिक विकासको चरम विन्दुमा उभिँदै गरेको विश्व समुदायले बिर्सेको मानवताको पाठ पढाउने र मानवताको जागरणसहितको समृद्ध समाजको निर्माण यसबाट गर्नुपर्दछ । यही मार्गबाट भौतिक समृद्धिले ल्याएका मानव-मानवबीचको द्वन्द्व, विभेद, प्रभुत्व र असमानताको ठाउँमा विश्वले सद्भावपूर्ण, एकअर्काको अस्तित्व स्वीकार गर्दै पारस्परिक सद्भाव र मानवीयतासहितको समाजको निर्माण हुने छ ।

मेसिन सबैथोक हो भन्ने स्थानलाई मानवताले पुनर्स्थापित गरेर वर्तमान विश्वमा देखिएको मानवताको सङ्कटलाई यसबाट सम्बोधन हुने छ र भावी सन्ततिको सुन्दर भविष्यलाई यसले जोगाएर राख्दछ । भौतिकताले गर्ने सबै बिघटनलाई रोकी भावी पुस्ताका लागि मानवतालाई जोगाउने छ ।

एक मानिसले आधारभूत आवश्यकताको पूर्ति पछि सुरक्षा खोज्दछ । सुरक्षाका लागि समुदायमा रहन्छ । त्यसपछि आफ्नो अस्तित्व खोज्दछ । जीवन जिउनुको अर्थ खोज्दछ । यी सबै स्वाभाविक प्रक्रिया हुन् । तर हाम्रो सामाजिक व्यवस्थाले यसैबीचमा एक व्यक्तिलाई मानव जीवन र सत्यताको बोध गराइदिन्छ । अनि यी सबैलाई समन्वय गरेर सन्तुलित जीवन र सन्तुलित सामाजिक जीवनका लागि यो व्यवस्थाले निर्देश गर्दछ ।

मेरो नेपाल

म आफू बनेर, म आफू सुखी रहेर अरु सुखी हुन्छन् होइन कि अरु सुखी रहेपछि म सुखी हुन्छु भन्ने आधारमा नै हाम्रो व्यवस्था चल्दछ । यही धरातलमा नै हाम्रो मानवीय व्यवस्था अडिएको छ । सच्चरित्रता, सहृदयता, नैतिकता र इमान्दारिताजस्ता गुणहरू मानवका सम्पत्ति हुन् । तिनै सम्पत्तिको प्रयोगद्वारा एक समुन्नत मानव समाजको स्थापना हुन्छ । त्यो समाजमा कुनै विभेद रहँदैन ।

वर्तमानको विश्वव्यापी समृद्धिलाई साथ लिँदै मानवतायुक्त समाजको निर्माण गर्दै भावी पुस्ताका लागि समेत मानवताको आधार निर्माण गर्दै हामी समृद्धिको अवस्थामा पुग्दछौँ । हाम्रो यो व्यवस्थाले आफ्नो परम्परा र पद्धतिप्रति गौरव गर्न सक्ने एउटा पुस्ताको अपेक्षा गर्दछ ताकि हाम्रो गुमेको गौरवलाई पुनर्स्थापित गर्न सकियोस् ।

# नेपाली लोकपद्धतिको स्थापना

नेपाल एक बहुसांस्कृतिक मुलुक हो । हरेक संस्कृतिको आधारमा नै नेपालमा नेपाली संस्कृतिको विकास भएको छ । प्रेम, भाइचारा, आपसी सद्भाव नेपाली संस्कृतिका विशेषता हुन् । अनि यिनै संस्कृतिका आधारमा नेपाली सभ्यताको विकास भएको छ । नेपाली सभ्यता भन्नु नै प्रेम र सद्भावको अवस्था हो ।

व्यक्तिले आफूलाई कर्ममा अनिवार्य रूपमा प्रवृत्त पार्दछ । अनि कर्मबाट सिर्जित फललाई केवल आफूमा मात्र केन्द्रित नगरी त्यसको केही हिस्सा समाजका लागि छुट्याउँदछ । त्यही नै समाज सञ्चालनका लागि स्रोत बन्दछ । व्यक्तिको कर्तव्य केवल आफूमा मात्र होइन कि समाजका प्रति पनि हुन्छ । हामीकहाँको लोकपद्धति यही आधारमा नै चलिरहेको छ । हरेक मानव समाजका आआफ्नै संस्कृति छन् तर पनि त्यो संस्कृति देशकै संस्कृति बन्दछ । हरेक मानव समाजले त्यसलाई श्रद्धा गर्दछन । यो सौहार्दता सदियौँदेखि नै यहाँ रहिरहेको छ । यही आधारमा नेपाली सभ्यताको निर्माण भएको छ । यस हिसाबले हेर्दा हाम्रो देशमा आफ्नै प्रकारको मौलिक पद्धति रहेको छ जुन स्वयममा एक लोकव्यवस्था हो, लोकतान्त्रिक अभ्यास हो ।

तर अहिले हाम्रो त्यही गहनतालाई मेटेर विदेशबाट आयातीत र लादिएका विचारहरूलाई हाम्रो देशको धरातल बनाउँछौँ भनेर कतिपय व्यक्तिहरू लागिरहेका छन् । यथार्थमा उनीहरू भ्रमित छन् । हाम्रो देशको सामाजिक, भौगोलिक, साँस्कृतिक, मानवीय अवस्थिति नै अलग छ, अनुपम छ । सदियौँदेखि लोकपरम्पराको रूपमा जीवित रहिरहेको यो पद्धतिलाई नेपाली पद्धति वा नेपाली लोकव्यवस्था वा नेपाली लोकतन्त्र पनि नाम दिन सक्दछौँ । यो कुनै नयाँ विचार पनि होइन र कुनै वाद पनि होइन । यो त सदियौँदेखि चलिआएको नेपाली परम्पराको एक समग्रस्वरूप मात्र हो । यही हाम्रो मौलिक पद्धति र विचारलाई नै अब स्थापित गर्नु जरुरी रहेको छ । हामी नेपाली अहिलेसम्मका हाम्रो देशका राजनैतिक पद्धति देखेर निराश भइसकेका छौँ । त्यसैले अहिले हामी देशमा एक समग्रतालाई समेट्न सक्ने, सबै नेपालीलाई नेपाली भनेर माया गर्न सक्ने, विश्वका मानवलाई पनि मानवकै रूपमा व्यवहार गर्न सक्ने शक्तिको खाँचो रहेको छ ।

## हामीले सोचेको व्यवस्था कस्तो हो त ?

हामी नेपालीहरू कसैप्रति पनि पराई भाव राख्दैनौँ । जीवन प्रकृतिको एक नियमित चक्र हो र बाचौँ र बाँच्न दिउँ भन्ने भावनामा जीवनको सार्थकता छ भन्ने हामीहरूलाई थाहा छ । त्यसैले हामी एकअर्काको जीवनको श्रद्धा गर्दछौँ, जीवनको रक्षा गर्दछौँ । हामी नेपालीहरू माटोलाई पुज्दछौँ, ढुङ्गालाई ढोग्दछौँ, पहाडलाई पुकार्दछौँ, नदीलाई पुज्दछौँ । त्यसैले हाम्रो देशमा प्रकृतिप्रतिको श्रद्धा छताछुल्ल भएर रहेको छ । यहाँ सर्वत्र जीवनको सम्मान छ, प्रकृतिको सम्मान छ ।

नेपाली लोकव्यवस्था आत्मअनुशासन, सहिष्णुता, कानुनको पालना र जिम्मेवारी बोध भएको व्यवस्था हो । अनुशासन, विनम्रता, स्वावलम्बन, विवेकीपन र नैतिकता नै नेपाली चरित्र हुन् । नेपाली लोकव्यवस्था समानता, र स्वतन्त्रतामा आधारित एक सामाजिक व्यवस्था हो ।

बुद्धहरू, ऋषिमहर्षिहरू, ज्ञानीहरू आफ्नै आत्मिक प्रशोधनमा हिंडे । बुद्ध र हजारौं ऋषिमूनिहरूले त्यो आत्मिक शुद्धता प्राप्त गरी व्यक्तिगत तवरले खोजिने आत्मिक समृद्धिको मार्ग देखाइसकेका छन् । ती सबैले निजात्मक ढङ्गले हिंडेर आफ्नो गन्तव्यमा पुगिसकेपछि ‘अब तिमी पनि सत्मार्गमा लाग है’ भनेर बाटो देखाए । बुद्ध र हाम्रा अनेकौं ऋषिमहर्षिहरूले त्यो जग दिइसकेका छन् । त्यसैले अब त्यही जगमा हामी पाइला हालौं । हामी समाजलाई यस्तो अवस्थामा पुऱ्याउन सक्छौं कि सामाजिक चरणमा रहेर नै पनि हरेक व्यक्ति बुद्धको शरणमा जान सक्नेछन्, ऋषिमूनिको सामीप्यतामा गएर बस्नेछन् । अनि सम्भावना भएकाहरू बुद्ध बन्नेछन्, ऋषिमहर्षि बन्नेछन्, कोही विवेकानन्द, कोही रविन्द्रनाथ, कोही अरविन्द, कोही लक्ष्मीप्रसाद, कोही शेक्सपियर, कोही न्युटन, कोही आइन्स्टाइन, कोही गान्धी, कोही

मेरो नेपाल

मीरा, कोही पिकासो, कोही बिल गेट्स आदिआदि बन्नेछन् । अर्थात् कोही ज्ञानी बन्नेछन्, कोही वैज्ञानिक बन्नेछन्, कोही उत्कृष्ट कलाकार बन्नेछन्, कोही उच्चकोटीका साहित्कार बन्नेछन्, कोही विश्वनेता बन्नेछन् आदिआदि । अर्थात् हरेकको आन्तरिक अस्तित्वको पूर्णरूपमा उजागर हुने सामाजिक वातावरणको निर्माण हुने छ ।

त्यसैले हामी भन्छौँ – कर्म गर, नैतिक आदर्शसहितको कर्म गर । यसो गर्दा विचार, चिन्तन, व्यवहार सबै राम्रो हुन्छ । त्यसैले अब हाम्रा आर्थिक, सामाजिक, शैक्षिक र राजनैतिक लगायतका सारा पक्षलाई यही आदर्शमा अड्याएर हिड्यौं भने हामी त्यो उच्च आदर्शमा पुग्न सक्दछौँ ।

हामी आदिम अवस्थामा छैनौं । एक किसिमको संरचना बनिसकेको अवस्थामा छौं । अब त्यही नेपाली संरचनामा अहिलेका विकृत राजनैतिक पद्धतिलाई फालेर हाम्रो पूर्वीय पद्धतिको मानवतालाई स्थापना गरेर अघि बढ्नासाथ हामी आफ्नो उच्च गौरव कायम राख्न सक्नेछौँ । भौतिक विकासले ल्याएका प्रविधिको विवेकपूर्ण प्रयोग गरेर नै हामी उच्चतामा झनै छिटो पुग्नेछौँ । सम्पन्नतामा पनि विवेकशीलता हामीसँग हुनेछ ।

व्यक्ति जाग्छ । समाज जाग्छ । राष्ट्र जाग्छ । अनि विश्व नै जाग्ने छ । हाम्रो विकास पद्धति यही नै हो । हामीसँग अभेद्य शक्ति छ । भएको शक्तिको पहिचान गरौँ । अनि राज्यप्रणालीका मान्यताहरू परिष्कृत गरौँ र समृद्ध समाजको निर्माण गरौँ, जुन समाज गतिशील हुनेछ र जुन सम्यक हुनेछ । समाजका हरेक अङ्ग क्रियाशील, विवेकशील र शक्तिशाली बनाएर एक गतिशील समाजको निर्माण गरौँ ।

मानव अधिकार, स्वतन्त्रता, समानताजस्ता नारालाई अहिलेको लोकतन्त्रले ल्याएको छ हामी त्यसलाई स्वीकार गरौँ ।

एउटा समाचार वा सूचना एक ठाउँबाट अर्को ठाउँमा पुग्नका लागि महिनौँ र बर्षौं लाग्ने ठाउँमा अहिले पलभरमै समाचार र सूचना पुग्ने रेडियो, टेलिभिजन र इन्टरनेटको विकास भइसकेकोले सञ्चारमा समृद्धता छ । तर त्यसमा हामी विवेकलाई मिसाइदिउँ ।

मानवीय चेतना जागेको युग वैदिक कालपछि पनि हाम्रो लोकपरम्परा, लोकसंस्कृति, बहुधार्मिक समाजको निर्माण भइसकेको छ । प्रविधिमा पनि समुन्नत भइसकेको छ । त्यसैले बदलिँदो विश्वमा पुरानो जगलाई लिएर वर्तमानमा प्रविधिलाई पनि साथमा लिएर हिँड्नुपर्छ ।

पूँजिवादका ठीक कुरा र समाजवादका ठीक कुरा दुवैलाई अँगालेर अघि बढ्दा नै समुन्नति प्राप्त हुन्छ । तर पनि यो अपूर्ण नै रहन्छ । जब हाम्रो पूर्वीय दर्शनको सामाजिक पद्धतिको मानवता र विवेकलाई यसमा जोडिन्छ तब यसले पूर्णता पाउँदछ । यो पद्धतिमा व्यक्तिले संसारको भोग पनि गर्छ, आर्थिक समृद्धियुक्त सम्पन्नता पनि प्राप्त गर्दछ साथमा जीवन र जगत्को सत्य पनि बुझ्दछ । सामाजिक न्यायको व्यवस्था पनि कायम हुन्छ भने व्यक्तिगत स्वतन्त्रताको पनि प्रत्याभूत हुन्छ ।

नेपालमा पहिलेदेखि नै लोकतन्त्रको धरातल र सामाजिक विकासको आधारशिला छ, अब त्यही नेपाली भूमिमा रहेको लोकतन्त्रको अवधारणालाई उजागर गरी स्थापना गर्नु जरुरी छ । यो कुनै वाद होइन न त यो तन्त्र नै हो । यो त हाम्रै देशमा रहेको मानवीय पद्धति हो जसलाई हामी नेपाल र नेपालीकै लोकतन्त्र भन्न सक्दछौं ।

यो सोचले, यो विचारले नेतृत्व लियो भने समाजलाई समुन्नत र आदर्श बनाउने छ । नेतृत्व लिन सकेन भने पनि जो-जोले यसलाई आत्मसात् गर्दछन् उनीहरू यो आदर्शलाई बोकेर हिँड्ने छन् । कुनै दिन मानिसहरू जाग्नेछन् र यही विचारको समाज स्थापना गर्नेछन् ।

हामीले यहाँ जीर्णशीर्ण भएर रहेको नेपाली धरातलको लोकतन्त्रको कुटी बसेको ठाउँमा नयाँ जग हालेर एउटा घरको आकार दिने प्रयास गरेका छौं । अब यसमा रंगरोगन गर्ने, आन्तरिक सजावट गर्नेहरूको काम बाँकी नै छ । अनि अरु देशले पनि हाम्रो घरको नमूना हेरेर आफ्नो घर बनाउन सक्दछन् ।

**भौतिकता र आध्यात्मिकतालाई जोडौं**

मेरो नेपाल

हामी कुनै समयमा मानव चेतनाको उच्च बिन्दुमा पुगेका थियौँ । समयक्रममा त्यसमा ह्रास आयो र लगभग त्यो चेतनालाई सुषुप्तावस्थामा पुऱ्याएका छौँ । अब त्यो चेतनालाई जगाएर वर्तमान समयमा भौतिक विकासले ल्याएको प्रविधिलाई समेत त्यसमा जोडेर मानव चेतनाको अझै उपल्लो विन्दुमा हामी हाम्रो समाजलाई पुऱ्याउन सक्दछौँ ।

भौतिक समृद्धता पनि हाम्रो सामाजिक विकासको एउटा पाटो हो । तर एकातिरबाट मात्रै हिँड्दा कहाँ पुग्ने हो त ? कुन बिन्दुमा पुग्ने हो त ? उपभोगवादको माथिल्लो बिन्दुमा पुगिसकेपछि कहाँ जाने त ? त्यो निर्क्योल नभइकन भएको विकासमा मानसिक शान्ति रहँदैन । अहिले त्यो शान्तिका मार्गमा भौतिकता हिँडेकै छैन ।

फेरि अर्कोतिरबाट हेर्दा समाजबाट पलायन भएर वा जङ्गलमा गएर शान्ति पाइन्छ भन्ने एकात्मक पद्धति पनि अहिले सबैका लागि सम्भव छैन ।

त्यसैले भौतिक समृद्धिलाई र मानवीय चेतनाको आध्यात्मिक शक्तिलाई एउटै सामाजिक पद्धतिमा सम्मिश्रण गरी अघि बढ्दा समाजले नै त्यो चेतना पाउँदछ । जब समाजले नै चेतना पाउँदछ भने एक व्यक्ति जागेर दिने उपदेश केवल आदर्शमा सीमित हुने प्रचलन कम हुन जान्छ र समाज स्वभाविक चरणबाट अघि बढ्न सक्दछ ।

अहिलेको पद्धतिमा त कस्तो विरोधाभास छ भने भौतिकताले सम्पन्न राष्ट्रपतिले आफूलाई शक्तिशाली ठान्दछ । ऊ घुम्दै जङ्गलमा पुग्यो वा साधुसन्तको कुटीमा नै पुग्यो भने सोच्दछ – भौतिक दुनियामा त्यत्रो सम्पन्नता छ तर यो मुर्खले के यस्तो जीवन बाँचिरहेको होला ? तर ठीक उल्टो एक सन्तले सोच्दछ – यो राष्ट्रपति हुँ भन्छ, सुखसम्पत्ति र वैभवमा रमाउँछ । तर आफू को हुँ भन्ने नै चिन्दैन । यो त गाई गोठालोभन्दा पनि दयनीय मानव हो ।

हामीले यहाँनेर भन्न खोजेको के भने त्यो राष्ट्रपति भौतिक सम्पन्नतामा पनि चेतनाहीन छ अनि सन्त पनि आफ्नो मोक्षमा मात्र अर्थात् आफूमा मात्र केन्द्रित छन् जबकि सन्तको चेतनाको जरुरत समाजलाई छ । उनीहरूको प्रार्थना र कामना अनि आध्यात्मिक शक्तिको प्रवाहमात्र होइन कि समाजमा उनको प्रत्यक्ष जरुरत छ । त्यो चेतना सामाजिक पद्धतिमा मिसिन सक्यो भने समाजले नै एउटा निश्चित दिशा पाउँदछ, चेतना पाउँछ अनि जागरण पाउँछ ।

त्यसैले भौतिक सम्पन्नता र मानवीय प्रज्ञालाई एउटै बिन्दुमा ल्याएर सामाजिक पद्धतिको निर्माण गरौँ र मानव समाजलाई उन्नत अवस्थामा पुऱ्याऔँ ।

**नागरिक शक्तिलाई राज्य शक्तिमा बदलौँ**

राज्य भनेको टाउको हो । त्यो टाउकोलाई नै हामीले ढाकेर राखिदियौँ भने कहाँबाट विकास हुन्छ, कहाँबाट सिर्जना हुन्छ त ? त्यो टाउको वा राज्य संयन्त्रमा नै हामी सत्‌विचार, सद्‌भावना, आचरण दिन सक्यौँ भने मात्र त्यसको प्रवाहमा असल शासन हुन सक्दछ । त्यसैले त्यो राज्यशक्तिलाई नागरिकले आफ्नो हातमा लिएर हाम्रै नेपाली अवधारणाको सामाजिक लोकतन्त्रको पद्धतिलाई अपनाऔँ र एक समुन्नत, समृद्ध र गौरवशाली देशको निर्माण गरौँ ।

## अहिलेका राजनैतिक विकृतिलाई हटाउँ

पार्टी पद्धतिका नाममा सिर्जना भएका दलहरू विगत केही समयदेखि देशको सत्तामा छन् र नेपाली समाजलाई एक्काइसौँ शताब्दीको विश्वमा हिडाउँछौँ पनि भनेका छन् । तर उनीहरूका नीति, सिद्धान्त, दृष्टिकोण र चरित्रले देशलाई निर्दिष्ट दिशा र मार्ग दिन सक्छन् भन्ने देखिएन । उनीहरूका व्यवहार र पद्धतिले त झनै निराशा बढाइदिएको छ ।

नारामा जतिसुकै मीठा, मधुर र सरल पद्धतिका कुरा उल्लेख गरिएको भए तापनि व्यवहार र पद्धतिगत ढङ्गमा हिँड्ने पक्षमा उनीहरूका व्यवहार नेपाली नागरिकका लागि पाच्य हुन पनि सकेन र एक्काइसौँ शताब्दीको विश्वमा हिँड्न सक्ने भरोसा दिन सकेन । त्यसैले हामी नेपालीले यिनीहरूलाई भरोसा गर्न सक्ने अवस्था पनि रहेन । यतिका वर्षसम्म आशाचाहिँ गरेकै हो । तर यिनीहरूले सुनिश्चित सुदूर

भविष्यको रेखालाई कोर्न सक्ने देखिएको छैन । अहिले एउटा राजा फालेर धेरै राजा हुन खोज्ने, एउटा देश टुक्राएर धेरै भागका राजा हुन खोज्ने वर्तमान राजनीतिको धार देखिएको छ । यसको विकल्पमा सजग, सक्षम र जागरुक वर्ग जुर्मुराउनु पर्ने बेला देखियो र समयले पनि त्यो आवश्यकता औंल्यायो ।

हाम्रो प्राचीन ज्ञान र पद्धतिलाई मात्र होइन संसारमा विगत तीन चारसय वर्षदेखि देखिएका लोकतान्त्रिक पद्धतिका आदर्शलाई पनि साथमा लिँदै, भौतिक विज्ञानले विकास गरेको प्रविधिलाई समेत पछ्याउँदै हामीले मौजुदा परिवेशमा लोकतान्त्रिक पद्धतिलाई अपनाउँदै अगाडि आउनुपर्ने भएको छ । हामीले एक्काइसौं शताब्दीमा विश्वलाई नै मार्गदर्शन गर्न सक्ने एउटा आफ्नो गौरवलाई स्थापित गर्न सक्ने र आफ्नो पहिचानलाई कायम गर्न सक्ने पद्धतिलाई अपनाउनु पर्छ ।

अहिलेकाहरू नैतिकरूपमा च्यूत भइसके, आदर्शको एक झिल्को पनि बाँकी छैन, नारा जतिसुकै चिल्ला हुन्, नागरिकका अगाडि जतिसुकै कर्णप्रिय र लोकप्रिय नारा दिएपनि उनीहरूले क्षुद्रता देखाएका छन् ।

राजतन्त्र पनि इतिहासमा धेरै बग्यो । तर त्यसले हाम्रो देशलाई डोऱ्याउन सक्षम भएन । त्यसैले अब त्यो बगिसकेको राजतन्त्रलाई फर्काउने भन्ने त प्रश्न नै आउँदैन । राजतन्त्र सुकिसकेको पोखरी हो ।

हाम्रो पृष्ठभूमि बलियो छ । अहिले भौतिक विकासले ल्याएको प्रविधि पनि हामीसँग छ । एक्काइसौं शताब्दीको विकासको चरम उत्कर्षमा पुगेको बेलामा हाम्रो देश हिँड्न सक्ने मार्ग भनेको यही हाम्रो सामाजिक पद्धति नै हो । अरुले थोपरेका, अरुबाट आयातीत विचारले हाम्रो देशको राष्ट्रियता पनि रक्षा गर्न सक्दैनन् र मानवताको पनि रक्षा गर्न सक्दैनन् । हाम्रो लोक परम्परा, हाम्रो भौगोलिक अवस्थिति र हाम्रो सामाजिक परम्परालाई अहिले देखिएका पद्धतिले सम्बोधन गर्न, थेग्न र धान्न सक्ने पनि देखिएन ।

अहिलेको पार्टीहरूका कारणले हाम्रो पद्धति नै विकृत भएको छ । यी पार्टी त वर्षादमा उम्रिने च्याउको हैसियत बराबरका छन् । यिनीहरू आज होलान् तर भोलि रहँदैनन् । तर यिनीहरूकै कारणले हाम्रो पद्धति बिग्रियो । अनि यी पार्टीहरू त्यही विकृत पद्धतिले जन्माएका तत्वमात्र हुन् । त्यसैले हामी हाम्रो पद्धतिको निर्माणमा लागौं ।

अहिले देखिएका पार्टीहरू हाम्रो देशका शक्ति होइनन् । देशको राजनीतिका क्रममा आएको पद्धतिका यी उपज मात्र हुन् । कुनै शक्ति होइनन् । शक्तिको स्वरूप यिनीहरूको जस्तो हुँदैन । यिनीहरू त त्यही पद्धतिका विकृति मात्र हुन् । अनि यिनीहरू यो देशका प्रतिविम्ब होइनन् । यो देशको आत्मालाई बुझ्न सक्ने गुणका पनि होइनन् । यी त वर्षादको पानीका फोका मात्र हुन् । यिनीहरू कालजयी छैनन् । यो देश हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहने छ । तर यिनीहरूले देशलाई दिएको योगदान र दिन सक्ने योगदान पनि केही छैन । यी त नेपालको इतिहासका नगण्य पात्र मात्र हुन् ।

देशको एक कालखण्डमा राणाहरू विकृत बने, कहिले पञ्चायत विकृति बन्यो, कहिले राजतन्त्र नै विकृत बन्यो, कहिले बहुदलीय व्यवस्था नै विकृति बन्यो, अनि अहिले त गणतन्त्र पनि विकृत बन्यो । अनि त्यही विकृतिको निरन्तरताका पात्रहरू मात्र हुन् अहिले देखिएका पार्टीहरू । यथार्थमा यिनीहरू देशका शक्ति होइनन् ।

यी त यस्ता तत्व हुन् जसले नेपाली लोकपरम्परा, लोक संस्कृति, सामाजिक सहिष्णुतालाई समेत विकृत बनाइदिए । जुन कुराले नेपाली आत्मालाई जोड्दछ, नेपालको अस्तित्वबोध गराउँछ, त्यही कुरालाई नै तोड्न उद्यत हुने भाइरस हुन् यिनीहरू त । यी भाइरसलाई त नेपाली लोकतान्त्रिक पद्धतिको नागरिक शक्ति नामको स्क्यानरले स्क्यान गरी डिलिट गर्नुपर्ने तत्व हुन् । अन्यथा, हाम्रो देशको अन्तरङ्ग शक्तिलाई भित्रभित्रैबाट संक्रमण गरी देशको सम्पूर्ण अस्तित्व नै नामेट पार्न सक्नेछन् ।

**हामी विश्वका कोहीभन्दा कम छैनौं**

अहिलेको सभ्यतामा आफूलाई सबैभन्दा उच्च हौं भन्नेहरूसँग हामी सिधै बहस गर्न सक्ने हैसियतमा छौं । हिजो पनि हामी सक्षम थियौं, आज पनि छौं र भोलि त हामी सारा विश्वलाई नै मार्ग देखाउने छौं । आफ्नो अथाह शक्तिको बोध नभएको मात्र हो यथार्थमा हामी शक्तिशाली छौं ।

अरुले रछ्यानमा फालेका कुरा खाएर हामी लोकतन्त्र भन्ने भ्रममा नपरौं । हाम्रो आफ्नो शक्तिको पहिचान गरौं । पश्चिमी सभ्यताका राम्रा कुरा, मानव अधिकार, समानता, व्यक्तिगत स्वतन्त्रता, प्रविधिको विकास आदि कुरालाई अवश्य लिउँ ।

मान्छेले मान्छेलाई मान्छे देख्न सक्ने चेतना हामीसँग छ। त्यही चेतनाका माध्यमद्वारा प्रविधिलाई पनि साथमा लिई समृद्ध नेपालको निर्माण गरौँ।

मेरो नेपाल

# समुन्नत नेपालको सर्वाङ्गीण धारा

हामी नेपाली कर्मठ छौँ, मेहनती छौँ । हाम्रो देशमा प्राकृतिक सम्पन्नता पनि प्रचुर छ । हामी नेपालीहरू सामूहिक हितलाई पहिलो प्राथमिकता दिन्छौँ अर्थात् हामीकहाँ सामाजिक सद्भाव छ । त्यो सामाजिक शक्ति नै हाम्रो देशको नागरिक शक्ति हो । त्यही शक्तिलाई देशको सर्वाङ्गीण हितमा प्रयोग हुन सक्यो भने हाम्रो देश विश्वमा नै एक समृद्ध र समुन्नत देश बन्न सक्दछ ।

हाम्रो देश नेपाल औद्योगिक सम्पन्नता भएको मुलुक होइन, कृषि प्रधान देश हो । त्यसैले यहाँ श्रमिक र मालिकको समस्या धेरै छैन । यहाँका सम्पूर्ण उद्योगहरूलाई नाफाका लागि भन्दा पनि सेवा उद्योगका रूपमा रूपान्तरण गर्न कुनै कठिनाई हुँदैन । आर्थिक रूपमा सम्पन्न हुनु र ज्ञान र चेतनाको प्रवाह हुनु नै हाम्रो देश विकासका मूल मन्त्र हुन् ।

युरोपको विकास, अमेरिकाको विकास, जापानको विकास र हाम्रो देश नेपालको विकासमा एकरूपता हुन सक्दैन । यतिसम्म कि हाम्रै छिमेकी देशहरू चीन र भारतको विकासको मापदण्ड हाम्रो देशको भौगोलिक, सामाजिक र सांस्कृतिक आधारशिलामा सुहाउँदैनन् । नेपालको विकास नेपालकै मेरुदण्डमा आधारित भएर खडा हुनुपर्दछ । आफ्नो विकासको मापदण्ड अरू देशलाई बनाउनु, आफ्नो सोचाई र मूल्य मान्यतालाई युरोपेली र अमेरिकी सिद्धान्तका सामु आत्मसमर्पण गर्नाले नै हाम्रो देशको अस्तित्व निस्तेज भएको हो ।

हामी नेपालीहरू इमान्दार छौँ, नैतिकवान छौँ र धैर्यवान पनि । हामी बहादुर छौँ र दयालु पनि । हामी एक अर्कासँग मिलेर बस्दछौँ । एक अर्काको श्रद्धा र सम्मान गर्दछौँ । अनेकतामा एकता हाम्रो देशको विशेषता हो । प्राकृतिक जीवनशैली हाम्रो देशको सामाजिक जीवनको आधार हो जहाँ सहयोग, सद्भावना र सामीप्यताको भावना हुन्छ । यही आधारमा हाम्रो देशका आन्तरिक अवयवमा पुनःसंरचना वा पुनर्व्याख्या गर्नु जरुरी छ ।

## देशको रूपमा नेपालको उद्देश्य र लक्ष्य

मानव जीवनको उद्देश्य हुनुपर्दछ । अनि राष्ट्रको पनि उद्देश्य हुनुपर्दछ । मानव सिर्जित संघसंस्था र सङ्गठनहरू कुनै उद्देश्य प्राप्तिका लागि निर्माण गरिएका हुन्छन् । यी सबै पक्षलाई निर्देशन गर्ने प्रमुख निकाय राष्ट्र नै हुन्छ । राष्ट्रको उद्देश्य हो - हरेक मानवलाई सुरक्षा प्रदान गर्नु, शिक्षा दिनु र अन्ततः उसलाई बोध गराउनु कि ऊ अब पूर्ण रूपमा स्वतन्त्र छ । हरेक व्यक्तिलाई यो बोध गराउनु कि ऊ के हो ? उसको जीवन के हो ? तत्पश्चात व्यक्ति-व्यक्तिहरू सह-अस्तित्वका आधारमा व्यवहार गर्न सक्दछन् । अनि सारा विश्वका मानवहरू सौहार्द रूपमा जीवन जिउन सक्दछन् । अनि पूरा हुन्छ राष्ट्रको उद्देश्य अनि स्वतः निर्माण हुनेछ - विश्वसमाज ।

राष्ट्रको रूपमा हाम्रो देश नेपालको उद्देश्य हो - “मानव-मानवबीचका पर्खालहरू भत्काउनु र मानव-मानवबीच कोरिएका विग्रहका रेखाहरू मेटाइदिनु ।” मानव र प्रकृतिबीच सामञ्जस्यता कायम गर्नु । हामी सम्पूर्ण नेपालीको सपना हो – एक सुखी, शान्त र समृद्ध नेपाल । राज्यको दायित्व हो सबै नागरिकको संरक्षण गर्नु, न्यायपूर्ण सामाजिक व्यवस्था कायम गर्नु, देशको सर्वाङ्गीण हितका लागि कार्य गर्नु, राष्ट्रियताको संवर्द्धन गर्नु र अन्तर्राष्ट्रिय मञ्चमा देशको प्रतिष्ठालाई अभिबृद्धि गर्नु ।

हामी नेपालीको लक्ष्य हो - समृद्ध र शान्तिपूर्ण नेपालको स्थापना । लोकतान्त्रिक पद्धतिद्वारा सञ्चालित आत्मनिर्भर, स्वावलम्बी र न्यायपूर्ण समाजको सिर्जना । स्वतन्त्र र सार्वभौम राष्ट्रको भावनालाई कायम राख्दै मुलुकका प्राकृतिक श्रोतको उचित र न्यायिक प्रयोग गर्दै यहाँका नागरिकको जीवनलाई उन्नत बनाई विश्वमा नै एक मानवीय भावनाको प्रवाह भएको मुलुकको रूपमा स्थापित गर्ने । सामाजिक रूपमा भातृत्व र सहअस्तित्वपूर्ण, आर्थिक रूपमा आत्मनिर्भर, नैतिक र मानवीय मूल्यमा आधारित र राजनैतिक रूपमा पूर्ण लोकतान्त्रिक मान्यतामा आधारित न्यायपूर्ण र समृद्ध समाजको सिर्जना गर्नु नेपालको लक्ष्य हो ।

मेरो नेपाल

हाम्रो देश नेपाललाई शान्ति र समुन्नतिको केन्द्र बनाउनुपर्छ। त्यसपछि यहाँ सिर्जना हुने मानवीय र आध्यात्मिक शक्तिले विश्वलाई नै मार्ग निर्देश गर्नु नेपालको लक्ष्य हो। विश्वले हामीबाट आशा गर्ने पक्ष हुन् - समृद्धता, सहिष्णुता, सात्विक विचार र सत्य। हामीले विश्वलाई दिने कुरा यिनै हुन् जुन अनुपम छन् र जसले सम्पूर्ण मानवका हृदयमा शान्ति छर्न सक्दछन्।

## नेपाली विचार

लोकतान्त्रिक भनिएका विश्वका कतिपय देशमा आत्मनियन्त्रणका विधिलाई बन्देज ठानिन्छ र व्यक्तिको पशुत्वको प्रदर्शनलाई लोकतन्त्रको अधिकार मानिन्छ। हाम्रो पूर्वीय दर्शनमा आत्मनियन्त्रणका विधि सिकाइने हुनाले लोभ, क्रोध, मोहका वशमा व्यक्ति पर्दैन त्यसैले उसले लिने निर्णय विवेकपूर्ण हुन्छ। अहिले हाम्रो देशमा पनि त्यही विकासे लोकतन्त्रको छाडापनलाई लोकतन्त्र बनाउने प्रयास भइरहेको छ। व्यक्तिलाई जीवन सिकाउने दर्शन दिनुभन्दा पनि भौतिक दर्शनमा जबर्जस्ती हिडाउनाले व्यक्ति सही मार्गमा लम्किन सकेको छैन।

अहिले नेपालमा राजनैतिक पार्टीहरूले अँगालेका मार्गहरूमा पूँजिवाद, साम्यवाद, समाजवादहरू छन्। तर यी वादहरू यो देशलाई उँभो लान सक्षम छैनन्। पूर्वीय दर्शनमा आधारित आध्यात्मिक विचारले नै यो देशलाई अग्रगमनतर्फ लैजान सक्दछ।

- मानव एक सामान्य प्राणी हो जबसम्म यसलाई 'मानवता'ले सजाइँदैन।
- पूर्वीय दर्शनको आध्यात्मिक विचार
- विश्वएकता र विश्वदेश
- "अहिंसा परमो धर्म" लाई मान्यता दिई यो विचारलाई हरेक क्षेत्रमा प्रोत्साहन दिने।

यिनै विचारलाई नेपाल र नेपालीको धरातल बनाई यहाँका मानवलाई सुखी बनाउने र देशलाई एक समुन्नत र उन्नत मानव समाजको उदाहरण बनाई विश्वलाई नै मार्ग निर्देश गर्ने देशको रूपमा नेपाललाई उभ्याउनु पर्दछ।

यहाँको माटोमा जन्मिएका ऋषिमुनिहरूको सपना थियो कि यो देश शान्ति र समुन्नतिको केन्द्र बनोस्। यहाँका राष्ट्रप्रेमी व्यक्तिहरूको सपना थियो कि विश्व मानचित्रमा यो देशको विशिष्ट पहिचान होओस्। यहाँका डाँडाकाँडामा हरियाली छाओस्, पाखा पर्वतहरू प्रेमीहरूका गीतले गुञ्जिऊन्, अनि शान्ति र समुन्नतिको केन्द्र हाम्रो देश बनोस् भन्ने देशका सपूतहरूको सपना थियो। उनीहरूको परिकल्पना देशका सारा मानवहरू एक आपसमा सौहार्द रूपमा व्यवहार गरून् भन्ने थियो। अब त्यही नेपाली विचारलाई फैलाउनका लागि हामी नेपालीहरू अगाडि बढ्नुपर्छ।

बदलिँदो विश्वमा पनि हाम्रा उच्च मूल्य र मान्यताका साथ जिउनु नै हाम्रो लागि श्रेष्ठ हुन्छ। मितव्ययिता, सरलता, विनम्रता र अहङ्कारहीनता केवल धर्मले व्याख्या गर्ने तŒव नभई राजनीतिमा पनि काम लाग्ने कुरा हुन्। अब हाम्रो देशबाट स्थापित हुने लोकनीतिले त्यसलाई स्थापित गर्नुपर्दछ। अनेकतामा एकता, शान्ति, मानवता र विश्वव्यापी भाइचारा नेपाली मूल्य र मान्यता हुन्। यही नेपाली मूल्य र मान्यतालाई हाम्रो देश नेपालमा स्थापना गरेर विश्वलाई नै मार्ग दिनु पर्दछ। यिनै मूल्य र मान्यताको स्थापनाका लागि अबको नेपाली नेतृत्वले कार्य गर्नुपर्दछ।

### नेपाली अस्तित्वको बोध

धर्तीलाई पुज्ने, पाखापर्वतमा माथ राखेर ढोग्ने, जललाई श्रद्धाले नमन गर्ने संस्कार र संस्कृति नेपाली हो। नेपालका हिमाल र पहाडका चट्टानमा, ढुङ्गा र पत्थरमा नेपाली मन नै बस्दछन्। यहाँका नदीहरूमा समृद्धि बग्दछन्। यहाँको माटोमा नेपाली सुगन्ध नै फैलिन्छ। यहाँका खेतका आली र बारीका कान्लामा हामी लुकामारी खेल्दै रमाइलो गर्छौं।

हामीहरू नेपाली हौं। तर त्योभन्दा पहिले मानव हौं। मानव हुनाका नाताले हामी मानवहरू एक हुन्, विश्व एक हो भन्ने तथ्यलाई हृदयङ्गम गरेका छौं। मानवता र विश्वव्यापी एकताको हामी वकालत गर्दछौं।

हामीले नेपालको आत्मालाई पनि बुझेका छौँ । यहाँको आत्मामा शान्ति र समुन्नति बसेको तथ्यलाई हामीले मनन् गरेका छौँ । यी आत्मा सत्यात्मा हुन्, सत्यका प्रतिविम्ब हुन् । यी आत्मालाई यो धर्तीबाट हटाउनु भनेको आत्माविहीन बनेर केवल भौतिक रूपमा मात्र जीवित रहनु हो । त्यसैले नेपाली आत्मालाई मर्न नदिऔँ । यसलाई अक्षुण्ण राखौँ र नेपाली भूमिलाई जीवन्त पारौँ ।

## क. हाम्रो शक्तिको पहिचान

अहिले मानव जीवनका सम्पूर्ण पक्षलाई निर्देशित गर्न सक्ने हाम्रो आफ्नै जीवनवादी पूर्वीय दर्शनको पुनरुत्थान गर्नु पर्ने बेला आएको छ । मानिसका रूपमा हाम्रो शक्ति, अनि हाम्रो मुलुक नेपालको राष्ट्ररूपको शक्तिलाई पहिचान गरी त्यसको उजागर गर्नुपर्ने बेला पनि आइसकेको छ ।

मानवीय रूपमा उच्च चेतना, आर्थिक रूपमा सम्पन्नता, सामाजिक रूपमा भातृत्व र सहअस्तित्व र नैतिक रूपमा उच्च मूल्य र मान्यता भएको देशको निर्माण नै हामी नेपालीको उद्देश्य हो ।

सदियौँदेखिको पहिचानलाई कामय गर्दै ह्रासोन्मुख मूल्य र मान्यतालाई पुनर्जीवित गर्दै सुन्दर, समृद्ध र समन्वयपूर्ण राष्ट्रको निर्माणको आवश्यकता आएको छ । त्यसैले त्यो विकल्प दिनैपर्ने सँघारमा हामी खडा भएका छौँ ।

### नेपाली लोकव्यवस्थाका मूल्य र मान्यता

हाम्रा कतिपय परम्पराहरू जीवित रूपमा रहिरहेका छन् । चाडपर्व, अँचोपैँचो, मेलापात, अर्मपर्म, सरसापट, मर्दाको मलामी ज्युँदाको जन्तीजस्ता भावनाहरू यहाँ जीवित छन् । लोकपरम्परामा जीवितै रहेर सदियौँदेखिका धर्म, संस्कृतिका अविच्छिन्न परम्पराहरू देशमा विद्यमान छन् । तिनले देशका सामाजिक, साँस्कृतिक, आर्थिकलगायतका अवयवलाई जोडिरहेका छन् ।

अनेकतामा एकता हाम्रो सामाजिक मूल्य हो । एक अर्काप्रति सम्मान, सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र भाइचारा हाम्रा सामाजिक अवयवहरू हुन् । नैतिकता, इमान्दारिता, सहिष्णुता, क्षमाशीलता हाम्रा सम्पत्ति हुन् । यिनै अवयवका आधारमा हाम्रो देश र हामी नेपालीहरू जोडिएका छौँ ।

हाम्रो दर्शनमा एक व्यक्तिले स्वयमलाई सोध्दछ – म किन यो धर्तीमा छु ? मैले गर्नुपर्ने कर्तव्य के हो ? मेरो जीवनको लक्ष्य के हो ? मेरो मानव हुनुको दायित्व के हो ? यिनै प्रश्नको उत्तर खोजेर जीवन जिउने पद्धति सिकाउँछ हाम्रो दर्शनले । यिनै प्रश्नको उत्तरका साथ एक व्यक्तिले समाजमा अन्तरक्रिया गरिरहन्छ । यसरी एउटा सभ्य र समुन्नत समाजको निर्माण हुन्छ । मानव जीवन अर्थपूर्ण बन्दछ ।

सानाले ठूलालाई आदर गर्ने, शिष्यले गुरुलाई ढोग्ने, ठूलाले सानालाई मार्ग निर्देश गर्ने, आमा, बाबा र गुरु ईश्वरसमान हुन्छन् भन्दै उनीहरूलाई पुज्ने, लोकको हितको प्रार्थना गर्ने साधुसन्त र भिक्षुहरूलाई श्रद्धा गर्ने हाम्रो संस्कार हो । कोही लड्यो भने उठाउने, कोही घाइते छ भने उपचार गर्ने, कोही अभावमा छ भने उसलाई मद्दत गर्ने हाम्रो संस्कार हो । घाँसीले घाँस काटेर धन जम्मा गरी सबैका लागि पानी पिउने कुवा बनाउने थलो हो हाम्रो यो भूमि ।

### राजनीतिभन्दा उच्च ज्ञान

पहिले पहिले शासकभन्दा माथि चिन्तक र ज्ञानीहरू हुन्थे । उनीहरू ज्ञानलाई मथेर व्यवस्थाको निर्माण गर्दथे । बुद्धले आफूभित्र शुद्ध रहू, तिमी दुष्कर्मबाट बच र तिमीले स्वयममाथि शासन गर भन्ने शिक्षा दिएका थिए भने ऋषिमूनिहरूले व्यक्तिले आफूलाई नै चिन्यो भने ऊ आत्मिक सुख बोध गर्न सक्दछ भन्दै यो संसारभन्दा पनि परको अस्तित्वको खोजी गरिसकेका थिए । अर्थात् हामी राजनीतिभन्दा धेरै माथि पुगिसकेका थियौँ । शासनको लोभ सबैभन्दा तुच्छ लोभ मानिने अवस्थामा पुगिसकेका थियौँ ।

मेरो नेपाल

# देशका अन्तरङ्ग शक्ति र तिनको पहिचान

हामी यहाँ हाम्रो देशका केही महŒवपूर्ण अवयवका बारेमा चर्चा गर्नेछौँ जुन देशलाई देशको रूपमा राख्नका लागि भूमिका निर्वाह गर्दछन् : –

## राजनैतिक

राजनैतिक रूपमा सबै नागरिकको हितका लागि सोच्ने बौद्धिक र ज्ञानीवर्गको ज्ञानका आधारमा 'सर्वे भवन्तु सुखिन' लाई आधार मानेर मानवको मात्र हित होइन कि यो जगतकै हित हुने प्रणालीको परिकल्पना हाम्रो पूर्वीय दर्शनले गरेको छ। ऋग्वेदमा भनिएको छ - "मिलेर साथमा हिँड, मिलेर कुरा गर, तिम्रो मन एउटै होओस्, तिमीहरू मिलेर प्रयत्न गर, तिम्रो हृदय एउटै होस्, तिम्रो मन पनि एउटै होस् जसले गर्दा हामी सबै सुखी हुन सकौँ"। व्यक्तिको हितभन्दा राष्ट्रको हित ठूलो हो र राष्ट्रको हितभन्दा समस्त मानवताको हित ठूलो हो भन्ने धारणा वेदमा अभिव्यक्त भएको छ। सदियौँ अगाडि हाम्रो पूर्वीय सभ्यताको मूल ग्रन्थ ऋग्वेदले नै लोकतन्त्रका बारेमा स्पष्ट धारणा राखिसकेको थियो, जसलाई अहिले हामी अभ्यास गर्ने भन्दै सोचिरहेका छौँ तर पश्चिमी समाजको भौतिकतालाई लोकतन्त्र हो भन्ने भ्रममा बाँचिरहेका छौँ। त्यसैले अब हामीलाई हाम्रै देशको चरित्रको व्यवस्थाको निर्माण गर्न सजिलो छ किनकि हामीले यसलाई सदियौँदेखि हाम्रो आत्मामा सँगै लिएर आइरहेका छौँ।

**हाम्रो पूर्वीय दर्शनले कस्ता शासकको परिकल्पना गरेको छ ?**

मानव समाजमा ज्ञानको खोजी गर्ने ज्ञानीहरू, सात्विक भावले जिइरहेका र समाजप्रति वैराग लागेर मोक्षको खोजीमा लाग्ने सन्न्यासीहरू पनि हुन्छन्। उनीहरूको स्थानलाई सुरक्षित गर्दै त्यो ज्ञानको सम्मान गरी मानवीय चेतनाालाई उजागर गर्नका लागि राज्यले कार्य गर्दछ। त्यस्तैगरी मानव समाजमा लोभीपापी, व्यभिचारी, चोर, गुण्डा, बदमास, फटाहा र अत्याचारी प्रवृत्तिका मानिसहरू पनि हुन्छन्। उनीहरूलाई सही मार्गमा ल्याउनका लागि र समाजलाई व्यवस्थित रूपमा चलाउनका लागि त ज्ञानी, न्यायी र वीरता भएको व्यक्ति नै शासक बन्नु पर्दछ।

याज्ञवल्क्यका अनुसार शक्तिमान, दयालु, अतीतको ज्ञाता, तप गर्ने, अनुशासित, सात्विक मन, कार्य कुशल, शास्त्रको पूर्ण ज्ञान भएको, उत्साही, नमात्तिने, सबैलाई आफ्नो प्रभावमा राख्न सक्ने क्षमता, दृढ संकल्पी, स्वअनुशासित र ज्ञानी व्यक्ति नै शासक हुनलायक हुन्छ।

गौतमधर्मसूत्रका अनुसार शासकले ज्ञानमा आधारित रहेर कार्य गर्नुपर्दछ, सत्य निर्णय दिनुपर्दछ, बाहिर र भित्र दुवै तर्फबाट पवित्र हुनुपर्छ, ईन्द्रियलाई नियन्त्रण गर्न सक्ने हुनुपर्छ, उत्तम विचारका सहयोगी हुनुपर्छ, नीतिवान र सबै नागरिकलाई समान दृष्टिले हेर्ने हुनुपर्दछ र नागरिकको कल्याण गर्नुपर्दछ।

कामन्दकीय नीतिसारअनुसार – न्यायको ज्ञान, गम्भीर, दयालु, साहसी, अरुको विचार लिन सक्ने, दृढ, आपत्कालमा पनि सहिष्णु, पवित्र, उदार, सत्यवादी, कृतज्ञ, उच्च चारित्रिक गुण र आत्मनियन्त्रण गर्न सक्ने लगायतका गुण भएको व्यक्ति नै शासक बन्न सक्दछ।

गौतमधर्मसूत्रमा भनिएको छ कि शासकले तीनै वेद र आत्मविद्याको शिक्षा लिनुपर्दछ जसले मन, वचन र कर्ममा परिपक्वता र विलक्षण प्रतिभा आउँदछ। अग्निपुराणमा भावी नेतृत्वले धर्मशास्त्र र अर्थशास्त्रको ज्ञान हासिल गर्नुपर्दछ भनिएको छ ।

**शासकको कर्तव्य हो :–**

- आफ्ना नागरिकको रक्षा गर्नु
- नागरिकलाई भयरहित वातावरणमा बाँच्न दिनु
- ब्रह्मचर्य नियम पालना गर्नु

मेरो नेपाल

- न्यायको व्यवस्था गर्नु

**कस्तो व्यक्ति शासक र मन्त्री हुने ?**

त्यस्तो व्यक्तिलाई नागरिकले शासक बनाउनुपर्दछ जो बलवान होओस्, बुद्धिमान होओस्, जसले सम्पूर्ण शास्त्रको ज्ञान प्राप्त गरेको होओस् र आफ्नो कर्तव्य बुझेको होओस् । कौटिल्यले भनेका छन् मन्त्री देशवासी, उच्च कुलको, कला निपुण, दूरदर्शी, समझदार, स्मृतिवान, जागरुक, कुशल वक्ता, निर्भिक, मेधावी, धैर्यवान, पवित्र, विनयशील, चरित्रवान, स्नेही र लोभ, मोह, ईर्ष्या र अहङ्काररहित हुनुपर्दछ ।

**.....तर अहिले कस्ता शासक छन् ?**

तर हेरौं त हाम्रा शासक को छन् ?? जसलाई तह लगाउनका लागि शासकको आवश्यकता पर्दछ तिनै शासक भएका छन् ।

छोरालाई शासक बनाउने राजनैतिक व्यवस्था यो भूमिमा आएको राजनैतिक विचलन हो । जबकि वैदिक युगमा राजा निर्वाचनबाट चुनिन्थे । अनि राजा हुनका लागि विशेष गुणहरू हुनु अनिवार्य थियो । राजाको छोरा पनि राजा हुन पाउने नियम आएपछि पनि उक्त राजकुमारले ज्ञान र न्यायको पाठ पढेर सक्षम भएपछि मात्रै राजा हुन पाउने नियम थियो । प्रधानमन्त्री, मन्त्री, प्रशासक, दूत हुनका लागि विशेष गुण भएको हुनुपर्ने र त्यसलाई ज्ञानी व्यक्तिहरूले परीक्षण गरेपश्चात् मात्र नियुक्त गर्ने नियम थियो । तर सत्ताको विचलनले देशको शासक र प्रशासकीय पदमा हुनका लागि विशेष मानवीय गुण हुनुपर्ने, शास्त्रको ज्ञान र आत्मज्ञान हुनुपर्ने नियमलाई लत्याइदियो । जसको दुष्परिणाम मानवताले अहिले भोगिरहेको छ ।

**हामी अत्याचार सिकिरहेका छौं**

वि.सं. २०५२ देखि वि.सं. २०६२ सम्म देशमा चीन देशका राजनीतिका नेता माओका नाममा युद्ध भयो । जसमा १६ हजारभन्दा बढी मानिसहरूले जीवन गुमाए, कैयौं मानिसहरू विस्थापित भए र धैरै परिवारहरू बेसहारा भए । क्रुरताका अनेकौं घटनाहरू सुनिइरहे । कहिले गुडिरहेको बसमा बम प्रहार गरेर यात्रुलाई मारियो, घाइते बनाइयो त कहिले जङ्गलमा दाउरा खोज्न र घाँस काट्न गएकालाई आतङ्ककारी भन्दै मारियो । कहिले शिक्षकलाई रुखमा हातखुट्टा बाँधेर यातना दिइ मारियो त कहिले निर्दोष युवतीलाई वलात्कार गरेर यातना दिएर मारियो । अनेकौं यस्ता घटनाहरू भइरहे ।

यसले देखाउँछ कि हामी नेपालीहरू कता गइरहेका छौं ? हामी मानिसको गुणलाई त्यागेर राक्षसी गुणका शरणमा गइरहेका छौं । कसैलाई सत्ता पाउन र कसैलाई सत्ता जोगाउनका लागि यस्ता घटनाहरू भए । इतिहासले यसलाई आफ्नै पाराले व्याख्या गर्ला तर एक नेपाली आत्माले यसलाई कसरी विश्लेषण गर्ने ? यसलाई कसरी स्वीकार गर्ने ? वास्तवमा, कुनै पनि नेपाली आत्माले यस्ता क्रियाकलापलाई स्वीकार गर्दैन । तर पनि हामी चुकिरहेका छौं । किन त ? सोचनीय छ ।

**हामी घोषित युद्धमा समेत मानवताको सिद्धान्त अपनाउँथ्यौं**

युद्ध अन्तिम अस्त्र हो । युद्धभन्दा अगाडि नै शान्तिका लागि हरसम्भव प्रयास गरिनु पर्दछ । तर अन्याय र अत्याचारका विरुद्ध युद्ध नगरी नहुने भयो भने पनि केही निश्चित नियममा बाँधिएर गर्नुपर्छ है भन्ने हाम्रो संस्कृति थियो । बच्चा, बृद्धबृद्धा, स्त्रीका साथै प्राणको भिक्षा माग्ने कसैलाई पनि मार्न हुँदैन भन्ने भावना स्थापित थियो । यतिसम्म कि यदि शत्रु पक्षको सैनिक घाइते भयो भने उसको औषधि उपचार गर्नुपर्छ र स्वस्थ भएपछि उसलाई जान दिनुपर्दछ भन्ने उल्लेख महाभारत शान्तिपर्वमा छ ।

गौतमधर्मसूत्र भन्दछ कि जुन योद्धाले घोडा, सारथी र शस्त्र गुमाएको छ, जसले हात जोडेको छ, जसको कपाल भाग्दा ठाडो भएको छ, जो पछाडि फर्किएको छ, जो जमीनमा बसेको छ, जो भाग्दै रुखमा चढेको छ, जो दूत हो, जो गाइ हो, जो ज्ञानी हो, यिनीहरूलाई मार्नु वा घायल पार्नु पाप हो ।

मनुस्मृतिमा भनिएको छ – कपटपूर्ण या लुकाएका हतियार, विषाक्त हतियारले युद्ध गर्नु हुँदैन । तेस्रो लिंगी, प्राणरक्षाका लागि हात जोड्ने, भागिरहेको व्यक्ति जसको कपाल उडिरहेको छ, जो जमीनमा बसेर म शरणमा परें भनेको छ, जो सुतेको छ, जसको रक्षाकवच छैन, जसको हतियार छैन, जो अर्कोसँग युद्ध गरिरहेको छ, जसको हतियार भाँचिएको छ, जो दुखित छ, जो घाइते छ, जो डराएर भागिरहेको छ उनीहरूलाई मार्नु हुँदैन ।

मेगस्थनीजले लेखेका छन् कृषकहरू आनन्दपूर्वक आफ्ना खेतमा खेती लगाइरहेको हुन्थे तर उनीहरूकै छिमेकमा भयङ्कर युद्ध चलिरहेको हुन्थ्यो । युद्धरत मानिसहरू ती किसानहरूलाई कुनै क्षति पुऱ्याउँदैनथे ।

अर्थात् युद्ध गर्नै रुचाएर युद्ध गर्नेहरू गरिरहून् तर त्यसले आम मानवको जीवनमा ठूलो असर गर्दैनथ्यो । तर हाम्रो हालैको इतिहास र त्यसपछिका घटनाक्रम अनि संविधान निर्माणका नाममा उरालिएका साम्प्रदायिक नाराहरूले देशलाई फेरि त्यही रक्तपाततिर नै धकेलिरहेका छन् भन्ने देखिन्छ ।

कतिपयले यस्ता कुरालाई केवल किताबका मात्र कुरा ठान्लान् तर त्यो उच्च आदर्शको त परिकल्पना गरिएको थियो नि हाम्रो सभ्यतामा । त्यो सोच, त्यो चिन्तन र त्यो मानवताको भावनाको संस्कार त विद्यमान छ नि हामीमा ।

## औचित्यहीन युद्ध र द्वन्द्व मच्चाइरहिएको छ

अब त्यो १० बर्षको युद्धको औचित्य कसरी पुष्टि हुन सक्दछ त ? आखिर वि.सं. २०६२-०६३ मा आम नेपालीहरू अगाडि बढ्दा नै त राजतन्त्र हट्यो । तात्कालिक राजा बरु सभ्य देखिए । उनले नेपाली नागरिकको चाहनाको सम्मान गर्दै चुपचाप सत्ताबाट बाहिरिए । जब आम नागरिकहरू केवल १९ दिन सडकमा उर्लिंदा त्यत्रो परिवर्तन हुन सक्दछ भने त्यो १० वर्षको आतङ्कको औचित्य कसरी पुष्टि हुन्छ र ? यत्ति हो कि त्यो समयभरी सबै त्रासमा बाँचिरहनु पऱ्यो । धेरै जीवन नष्ट भए, धेरै हृदयहरू व्यथित भए । अहिले पनि नयाँ नयाँ बहाना झिक्दै सत्ताका आकांक्षीहरूले देशलाई द्वन्द्वमै अल्मलाइरहेका छन् । देशको गौरव के हो ? देशको आत्मा के हो ? देशका नागरिकको चाहना के हो ? भन्नेमा कसैको पनि ध्यान छैन । देशमा रहेको महानता र गौरवको कसैलाई पनि ख्याल छैन । अर्थात् माझी बिनाको डुङ्गाजस्तो भएको छ देश ।

## के हामीसँग दयाको भण्डार छैन ?

हाम्रा कवि लेखनाथ पौड्याल लेख्दछन् –

शिकारीको झम्टा तनबीच परेथ्यो जब अनि
चरी बोल्यो चीँचीँ गरिकन कठै ! व्याकुल बनी ।
म मर्ने बेला भो तर मनुज ! तिम्रो मनुजता
कता भाग्यो, भरसक गरे है यसको तिमी पता ॥

न सक्छौ यो आशु टपटप टिपी चप्प पिउन
न सक्छौ मासुले दिनभर अघाएर जिउन ।
न सक्छौ यो भुत्ला लिइकन कुनै वस्त्र सिउन
चुँड्यौ व्यर्थै मेरो मनुज ! तिमीले जीवन किन ?

दया हो पृथ्वीको अति चहकिलो पारसमणि

मेरो नेपाल

दया नै हो कालो भव-जलधिको मुख्य तरणी ।
दया त्यस्तो त्यागी मनुज ! किन हिंसातिर झुक्यौ ?
म मर्ने हुँ, मर्छु तर तिमी नराम्रोसित चुक्यौ ॥

एउटा चरीलाई मट्याङ्ग्राले हानेर घाइते बनाउँदा त्यो चरीको विलापलाई हृदयङ्गम गर्ने लेखनाथ पौड्यालका यी शब्दले हाम्रो नेपाली आत्मालाई छर्लङ्गै पारेका छन् । 'एउटा चरीलाई समेत नमार है त्यसमा पनि जीवन छ' भन्ने सन्देश दिने हाम्रो संस्कार हो, हाम्रो संस्कृति हो । तर अहिले हामी कता गइरहेका छौँ ? हाम्रो प्रेम र दयाको संस्कार कसरी टुटिरहेको छ पहिल्याउनु परेको छ ।

**हामी भुलिरहेका छौँ आफ्नो सद्भावना र प्रेमको संस्कारलाई**

श्रवण कुमारले आफ्ना अन्धा बाबुआमाको सेवा गरेका तर व्याधाले हानेको बाणले उनको मृत्यु भएपछि ती अन्धा बाबुआमाको पीडाको कथामा हामी धेरै रोएका थियौँ । सेवामा डोरिने श्रवणकुमारहरूको आदर्श भूमि हो हाम्रो देश नेपाल ।

तर समयक्रममा तिनै नेपाली श्रवण कुमारहरूकै हातले बन्दुक कसरी समाउन पुग्यो ? अनि ती बन्दुकहरू आफ्नै नेपाली बाबुआमा, दाजुभाइ, दिदीवैनीतिर किन सोझिन पुगे ? किन ती हात कामेनन् ? किन ती मुटुहरू पश्चात्तापले फुटेनन् ? हाम्रो मानवताको शिक्षा कहाँ विलुप्त भएर गयो ?

अहिले पनि ती नेपाली श्रवण कुमारहरू सेवा गर्न छाडेर हातमा लाठी र भालासहित सडकमा ओर्लिएर गुडिरहेका गाडीहरू तोडफोड गर्दछन्, गाडीहरू जलाउँछन्, सुत्केरी व्यथाले च्यापेर जीवन र मरणको दोसाँधमा पुगेका नारीहरूले जीवन गुमाउँछन् तर बन्द सफल भयो भन्दै राजनैतिक पार्टीहरू बक्तव्य निकाल्छन् भने ती श्रवण कुमारहरू विजय जुलुस निकाल्छन् ।

अर्कोतिर, हाम्रो देशका अनेकौं मानव समूहलाई छुट्टाछुट्टै राजनैतिक एकाइ हौ है भनेर एकअर्कामा द्वेष बढ्ने संस्कारको बिजारोपण गरिएको छ । यसले एकातिर मानवतालाई कमजोर पारिदिएको छ भने अर्कोतिर राष्ट्रियतालाई ।

**हामीले गल्ती कहाँनेर गरिरहेका छौँ त ?**

राजतन्त्र देशबाट विलाएर गयो जसलाई हामीले सदियौँदेखिको दासताको केन्द्र मान्दै आएका थियौँ । त्यसलाई हामीले समयसापेक्ष नभएकाले देशबाट फालिदियौँ । तर पनि हामीहरू जुन सत्मार्गमा लाग्नुपर्ने हो त्यता त लागेका छैनौँ । अब के गर्ने त ? अहिले हामी के गरिरहेका छौँ ? अझै पनि हामी एक अर्कामै लडिरहेका छौँ । किन ? यो प्रश्नको जवाफ हामीले खोज्नै परेको छ ।

- कतै विश्वव्यापीकरणको हावाले नै हाम्रो धरातललाई धक्का दिइरहेको त छैन ?
- कतै हामी हाम्रो मानवता नै नबुझेकाहरूलाई शासनको जिम्मा त दिएका छैनौँ ?
- कतै हामी पश्चिमी भौतिक सभ्यतालाई नै उँचो ठानेर देखासिकी गरिरहेका त छैनौँ ?
- फेरि हामीलाई कसैको दबाब पो परेको छ कि ?
- अथवा कोही नियोजित ढङ्गले नै हामीलाई पछार्न पो लागेका छन् कि ?

नत्र यति गहन, यति ओजपूर्ण, यति गह्रौं मूल्यलाई चटक्कै छाडेर हामी कता जाँदैछौँ ? यस्तो गहनतालाई र सौहार्दतालाई छाडेर हामी चटके प्रवृत्तिमा किन लम्किरहेका छौँ त ?

**....जबकि हामीसँग उच्च लोकतन्त्रको संस्कार विद्यमान छ**

मेरो नेपाल

हाम्रो देशको आत्मामा विद्यमान लोकतन्त्रले प्रकृतिलाई नै मानवताको सहयात्री मानेर हिँडेको छ। विश्वबन्धुत्वको भावना छ जसले कसैलाई अग्लो र कसैलाई होचो देख्दैन।

सानो सोच र सानो दृष्टिकोणबाट उठेको समाज वा विचारले विश्व दृष्टिकोण वा समाजलाई र विचारलाई प्रतिनिधित्व गर्न सक्दैन। त्यसैले युरोप र अमेरिकाको सभ्यता र संस्कृतिले हाम्रो त्यो विशाल हृदय भएको सभ्यता र सम्पन्नतालाई हल्लाउन त सक्दैन। तर वर्तमानमा एउटा कालो बादलसरह हाम्रो आकाशमा मडारिइरहेको चाहिँ सत्य हो।

विश्वका अन्य मुलुकले समृद्धता हाँसिल गरिसक्दा पनि हामी अझै पनि पिछडिनुका पछाडि हामीले हाम्रो देशको शक्तिको सदुपयोग नगर्नु नै हो। खाडी मुलुकसँग तेल छ अरु केही छैन, अमेरिकासँग संस्कृति नै छैन, अफ्रिकीसँग सभ्यता नै छैन। तर हामीसँग त सबै चीज छ प्राकृतिक सम्पदा छ, साँस्कृतिक सम्पदा र परम्परा छन्, एक विकसित सभ्यताको जग छ। हामीमा सबै छ। तर हामीले न त त्यो परम्परालाई जीवन्त राखिरहन सकेका छौँ न त त्यसमा सिर्जना नै थप्न सकेका छौँ। हामी अल्मलिएका छौँ।

वर्तमान विश्व सोच्दछ कि युरोप र अमेरिकाको विकास नै समृद्धि हो। त्यही सोचले गर्दा नै त मानिसले सम्पन्नता खोज्ने नाउँमा मानवता बिर्स्यो। प्रेम र अहिंसा बिर्स्यो। अहिले ऊ प्रकृतिमाथि क्रुरता देखाइरहेको छ। प्रकृतिले सहन सक्ने भन्दा पनि बढी शोषण गरिरहेको छ। जीवहरूको शोषण गरिएको छ। 'वसुधैव कुटुम्वकम' हराएको छ। सभ्यताको नाममा विकृति छ र विकासमा विनास छ।

तर अब त्यसलाई पुनःपरिभाषित र पुनर्जागृत गर्दै हामीले नेतृत्व लिनु पर्दछ। युरोपले भौतिकता खोज्यो र विश्वलाई भौतिकतामा नेतृत्व गरिरहेको छ। अब हामीले हाम्रो देशको आध्यात्मिक शक्तिलाई उजागर गरी नेतृत्व लिएर विश्वलाई नै मार्गनिर्देश गर्नुपरेको छ। सारा विश्व भौतिकताले पूर्ण भएर आध्यात्मिकताले पनि परिपूर्ण होओस् अनि मात्र मानव भएर जिउनुको आनन्द लिन सकिन्छ।

विश्वव्यापीकरणको भावनालाई वैदिक कालमै अगाडि ल्याइएको थियो। यही भावनाभित्र अनेकौं धर्म अटाएका छन्। हामीकहाँ रहेको 'सर्वे भवन्तु सुखिन' भित्र अहिले देखिएका सबै लोकतन्त्र अटाउँछन्। लोकतन्त्रको उच्चस्वरूप छ यसमा। राजनैतिक सीमानामा बाँधिएका मानिसको विभेदलाई यो लोकतन्त्रले हेर्दैन। हाम्रो यो परम्पराले मानवतालाई समेटेको छ जसले कसैलाई परको देख्दैन।

विगतमा पूर्वीय संस्कृतिको गौरवमय परम्परा कायम थियो। त्यो आर्थिक, सामाजिक र सांस्कृतिक परिवेशमा भिजेर आएको संस्कृतिले हाम्रो लोकपरम्परालाई लिएर आयो। तर बीचको समयमा केही खल्बलियो। पुर्खाको गौरवलाई कायम गर्ने नेतृत्व पाउन सकिएन। त्यसैले त्यो गौरवमय परम्परालाई अगाडि बढाउन कर्मठ मानवको नेतृत्व जरुरी छ।

**अब के गर्ने त ?**

मानव स्वभाव इतिहासबाट सिक्दै वर्तमानमा अझै राम्रो खोज्दै, अझै राम्रो भविष्यका मार्गमा हिँड्ने हो। इतिहासको गल्तीबाट सिकेर अगाडि बढ्नुपर्छ। अब हामीले हाम्रो मार्ग बनाउनु छ ताकि आफ्नो संस्कृतिप्रति गर्व गर्दै अगाडि बढ्न सकौं। राष्ट्रियताको आत्मसम्मानका साथ हिँड्न सक्ने बनाउनु पर्दछ। इतिहासलाई टेकेर नयाँ गारेटो मार्ग खोलेर नै समुन्नत भविष्यको निर्माण गर्न सकिन्छ। अब हामी आफ्ना गल्तीबाट सिकेर हाम्रो भावी पुस्ताहरू सहजता र सम्पन्नतामा जिउन् भन्नका लागि वर्तमानमा कार्य गर्नुपर्दछ।

## सामाजिक र साँस्कृतिक

जसरी प्रकृतिमा ढुङ्गा, पानी, माटो, हावा, घामबाट सृष्टि चल्दछ त्यसैगरी विभिन्न मानव समूह, संस्कृति, भाषा र परम्पराहरूबाट हाम्रो राष्ट्रको जीवन चलिरहेको छ। उपनिषद्, गीता अनि धम्मपद र बुद्धको जीवनचरित्रलाई आधार मानेर चलिरहेको समाज हो - नेपाली समाज। वेदवाक्य 'अहिंसा परमो धर्म' अर्थात् अहिंसा नै धर्म हो भन्दै रुखो बोलीले कसैलाई चित्त दुखाउनु पनि हिंसा मान्ने संस्कार हो नेपाली संस्कार। बुद्धको अहिंसाको सिद्धान्त नेपाली सिद्धान्त हो।

हामी नेपालीहरू एक आपसमा सामाजिक सद्भावको भावनाले जोडिएका छौँ। मच्छिन्द्रनाथको रथ डोऱ्याउँदा होओस् वा देउडा नाच्दा होस्, दशैं मनाउँदा होस् वा छठ पूजा गर्दा, ल्होसार मनाउँदा होस् वा माघी नाच्दा, विवाहमा जन्ती हुँदा होस् वा घाटमा मलामी बनेर होस् नेपाली सद्भाव जताततै छचल्किइरहन्छ।

नेपाली समाज शालीनताको पर्याय हो । हाम्रो यो समाजलाई सर्वोत्कृष्ट समाज बनाउनका लागि भौतिक र आध्यात्मिक दुवै पक्षलाई मिलाएर अघि बढ्नुपर्छ । अहिले हामी केवल भौतिक विकासलाई मात्र बढावा दिएर हाम्रो समाजलाई पनि पश्चिमी सभ्यताको फोटोकपीजस्तै बनाउन लागि परेका छौँ । तर पनि पश्चिमी सभ्यताले हामीलाई देखाइसकेको छ कि हिंसा र संहार नै भौतिकताका मूल अवगुण हुन् । त्यसैले देशको जीवनलाई जीवन्त राख्नका लागि पनि हामीले पूर्वीय दर्शनको धरातलमा हाम्रो देशलाई खडा गर्नुपर्छ ।

## हाम्रो आदर्श पारिवारिक व्यवस्था

हाम्रो पूर्वीय संस्कृतिको सबैभन्दा आदर्श रूप परिवारको संरचना हो । एउटा बच्चा परिवार, छिमेक, समाज र देशमा नै हुर्किन्छ यहाँ । त्यो बालकले आफूलाई मात्र होइन कि समग्र विश्वलाई नै हेरेर हुर्किन्छ यहाँ । एउटै परिवारका ४-५ पुस्ता सँगै अटाउन सक्ने सुमधुर व्यवस्था हामीकहाँ छ । हजुरबा, हजुरआमा, बाबा, आमा, छोराबुहारी, नातिनातिनी र पनातिपनातिनी सम्मका पारिवारिक सदस्यहरू एउटै घरमा अटाउने हाम्रो पारिवारिक संरचना सुन्दर छ, अनुपम छ । एक हिसाबले सामाजिक रूपमा आदर्श स्थानमा पुग्न सक्ने अवस्थामा रहेका छौँ । यो सुन्दरतालाई कायमै राख्दै अहिले यही संरचनालाई जीवन्त पार्नुपर्दछ ।

## हाम्रा नीतिहरू पनि छन्

अहिले हाम्रो समाजमा विघटन देखिएको छ । सामाजिक व्यवहारमा कपट र स्वार्थलाई जोड दिन थालिएको छ । श्रद्धा र आस्थाका भावनाहरू टुट्दै गइरहेका छन् । चोरी, ठगी र भ्रष्टाचारको बिगबिगी भएको छ ।

हाम्रा नीतिहरूले सदियौँ अगाडि नै सामाजिक व्यवहारमा शुद्धताका लागि मार्ग देखाएका थिए । शुक्रनीतिमा भनिएको छ – नगर रक्षक प्रत्येक डेढघण्टामा सडकमा घुमेर चोर र लुटेराबाट रक्षा गरुन्, आम नागरिकहरू एक आपसमा मिलेर बसून्, नापतौलमा, धातुमा, घीउ, मह, दूध, पीठो आदिमा मिसावट नहोओस्, कर्मचारीले घूस नलिउन्, न त कसैले घूस दिउन्, दुष्ट चरित्र, चोर र बदमासलाई कसैले पनि शरण नदिउन्, मातापिता, सम्मानित मानिसहरू, विद्वान र असल चरित्रका मानिसको सम्मान होओस्, पतिपत्नी, दाजुभाइ, मालिकसेवक, गुरुशिष्य, पितापुत्रमा कलहको बीज नरोपियोस्, पोखरी तलाउ, बगैँचा, धर्मशाला, मन्दिर, सडक तथा लुलालंगडाको मार्गमा बाधा नहालियोस् ।

रामायणमा भनिएको छ – "तिम्रो राष्ट्रमा नागरिकहरू सुरक्षित छन्, मन्दिर, पाटीपौवाहरू छन्, चौतारी र तलाउ छन्, जहाँ पुरुष र स्त्री सुखपूर्वक रहन्छन्, मेला उत्सवमा उमंग छ, जहाँ प्रशस्त अन्न उब्जनि हुन्छ, जहाँ पशुहरू कुनै भयबिना विचरण गर्दछन्, जहाँ नहर र तलाउको पानीले खेतीपाती हरियो हुन्छ, जुन अत्यन्त सुन्दर छ, हिंस्रक पशुबाट भयरहित छ, जहाँ खानीको प्रचुरता छ, जुन भूमि दुष्ट मानिसविहीन छ त्यो राष्ट्र तिम्रो हो ।" वास्तवमा हामीकहाँ यी सबै कुरा भएर आदर्श राज्य नै स्थापना हुन सक्दछ यदि हामीले देशका छिरलिएका अवयवहरूलाई संयोजन गर्न सक्ने हो भने ।

हरेक व्यक्तिमा देव ऋण, ऋषि ऋण, पितृ ऋण र मनुष्य ऋण गरी चार प्रकारका ऋण हुन्छन् । विद्या अध्ययनबाट ऋषि ऋण, यज्ञ सम्पन्न गरेर देव ऋण, सन्तानको उत्पादन गरेर पितृ ऋण र सबै मानिसहरू प्रति असल व्यवहार गरेर मनुष्य ऋण तिर्न सकिन्छ । त्यसैले यी ऋणहरू नतिरीकन सांसारिक बन्धनबाट मुक्त हुन सकिँदैन भनेर एक व्यक्तिलाई कर्मबाट च्यूत हुनबाट जोगाएको छ हाम्रो यो विश्वासले ।

पूर्वीय सामाजिक परम्परा र मूल्यमा चलिरहेको हाम्रो देशमा शासकहरू जतासुकै जाउन् जस्तोसुकै व्यवस्था अपनाउन् तर समाजमा एक किसिमको सौहार्दता र सहिष्णुता कायम रहेको छ । मानिसहरू एक आपसका दुखसुखमा साथ दिने, मर्दापर्दा एकअर्काको मद्दत गर्ने, अैचोपैँचो र मेलापातमा पर्मको परम्परा रहेको छ । मानिसहरू आआफ्ना सीपअनुसारको पेशा अपनाउँछन् । जजसले जुनजुन पेशा अपनाए पनि एकआपसमा सौहार्द व्यवहार छ । तर अहिले हाम्रो मुलुकका सामाजिक शुद्धताका अवयवहरू टुक्रिँदै गइरहेका छन् । क्षणवादी सोचले समाज ग्रस्त बन्दै गइरहेको छ ।

## नेपाली संस्कृति

संस्कृति भनेको त्यस्तो नियम हो जसका कारण एक व्यक्ति मन, वचन र कर्मद्वारा अरूको सेवा गरुँ भन्ने भावले जिइरहेको हुन्छ । एक व्यक्तिले सिक्ने संस्कृतिले एक अपूर्ण मानवलाई पूर्ण बनाइरहेको हुन्छ । एक व्यक्तिले संस्कृतिको माध्यमद्वारा एक सीमित संसारको मात्र होइन कि एक बृहत संसारको सदस्यको रूपमा आफूलाई विकसित गरिरहेको हुन्छ ।

हिन्दु र बौद्ध धर्मका सिद्धान्तले बाँधिदिएको नियमका आधारमा सदियौँदेखि नै यहाँको समाज चलिरहेको छ । यसका साथै आदिम कालदेखिकै परम्परा र सस्कृतिलाई अँगालेका मानव समूह र घुमन्ते जीवन बिताउनेहरूका पनि आफ्नै प्रकारका साँस्कृतिक अवस्थिति रहेको छ । हामीकहाँको साँस्कृतिक विविधता पनि अनुपम छ । यहाँका संस्कृतिको आफ्नै बिशिष्टता रहेका छन् ।

सात्विक संस्कृति, सात्विक समाज र सात्विक सोचको विकास गरी लोकसंस्कृति, आध्यात्मिक उत्सव, ध्यान-साधनाको अभ्यास, भजनकीर्तन, शास्त्रीय संगीत, साहित्य र खेलकुदका माध्यमबाट संस्कृति देशभर फैलाएर जीवन र जगत्लाई बुझ्ने नेपाली संस्कृतिको निर्माण गर्न सकिन्छ ।

**'नमस्कार' – नेपाली अभिवादन**

हाम्रो अभिवादन 'नमस्कार' हो । छातीको अगाडि लगेर दुवै हात जोडी शीरलाई थोरै झुकाएर गरिने 'नमस्कार' नै नेपाली अभिवादन हो । नमस्कारमा अभिवादन गर्ने र लिने दुवैको अहङ्कार झुक्दछ । अहङ्कार झुकेपछि मात्र सौहार्दपूर्ण र सहज वातावरण सिर्जना हुन्छ । नमस्कारमा प्रार्थना अन्तरनिहीत छ ।

हृदयदेखि नै म नमन गर्दछु भन्ने भाव व्यक्त गर्ने यही 'नमस्कार' लाई देशव्यापी र विश्वव्यापी बनाउनु छ । सम्पूर्ण नेपालीले यही नमस्कारलाई अभिवादनको सूचकका रूपमा प्रयोग गर्नुपर्छ । त्यसैले नमस्कारलाई संस्कृतिको रूपमै विश्वव्यापी बनाउनु पर्दछ । नेपाली र नमस्कार एकअर्काका परिचय हुन् भन्ने पहिचान राख्नुपर्दछ ।

## आर्थिक

हाम्रो देश अहिले आर्थिक रूपमा पराधीन छ । हामीहरू आत्मनिर्भरतालाई छाडेर परनिर्भरतालाई बढाइरहेका छौँ । पहिले उद्यमीहरू उद्यम गर्दथे । कृषकहरू अन्नबाली उत्पादन गर्दथे । आत्मनिर्भरता थियो । कुटोकोदालो गरेर बाँच्न पुग्ने अवस्था थियो । कोही लडाकु थिए, कोही शिक्षक, कोही पुजारी, कोही ज्यामी, कोही डकर्मी त कोही बस्त्र सिलाउने कार्य गर्दथे । एक किसिमको क्रम थियो जसले गर्दा अरुमा भर पर्ने आर्थिक पराश्रितता थिएन । कपास खेती गरेर आफ्ना लागि वस्त्रको उत्पादन गर्दथ्यौं अनि औषधी पनि आफ्नै आलीकान्लाका जडीबुटीमा खोज्दथ्यौं । पृथ्वी नारायण शाहको अर्तीलाई हामीले विर्स्यौं – 'आफ्ना देशका जिनिस तथा जडिबुटीहरू विदेशमा निकासी गर्नु र नगद ल्याउने प्रयास गर्नु' ।

हामीलाई आत्मनिर्भरता सिकाउने दूरदर्शी नेता पृथ्वी नारायण शाहको आवाज अहिले पनि उत्तिकै सान्दर्भिक छ – 'जनतालाई विदेशका कपडाहरू लगाउन मनाही गरिदिनू र आफ्नो देशको कपडा बुन्न जान्ने व्यक्तिहरूलाई नमूना देखाई सिकाउनु र बुन्न लगाउनु । यसो भएमा देशको नगद बाहिर जान पाउँदैन ।'

तर अहिले बहुराष्ट्रिय कम्पनी आए । आफ्नै भूमिका औषधीमात्र होइन कागती, मह, मिश्री, निबुवाको अमिलो, उखुको रस, बेलको सर्वत खाने हामीहरू अहिले त बोतलमा भरिएका रासायनिक सोडा पिएर डकारिरहेका छौं । अहिले हामीले लगाउने वस्त्रहरू पनि बाहिरी देशबाटै आउँछन् किनकि हामी आफै उत्पादन गर्न नसक्ने गरी थच्चारिइसक्यौं । हामीले हाम्रा उद्योगहरूको प्रवर्द्धन गर्न सकेनौं । हामीले आत्मनिर्भरतातिर ध्यान नै दिएनौं । तर अब हामी पुनः हामीलाई आत्मनिर्भर बनाएर समृद्धताका मार्गमा लम्किनै पर्दछ ।

यद्यपि हामीकहाँ परम्परागत सीपबाट सञ्चालित घरेलु उद्योग, व्यवसायहरू सञ्चालित छन् । कृषि र पशुपालनले देशको आर्थिक क्रियाकलापलाई जोडिरहेका छन् । कला र वास्तुकलाका उत्पादनले पनि देशको आर्थिक क्षेत्रमा योगदान दिइरहेका छन् । हाम्रा आर्थिक क्रियाकलापहरू आत्मिक सुखमा केन्द्रित छन् । बढीभन्दा बढी कमाउँ र केही व्यक्ति मात्र सम्पन्न बनौं भन्ने सोच छैन । बरु सबै बनौं, सबैको

मेरो नेपाल

हित गरौँ भन्ने भावना हामीकहाँ अन्तरनिहीत रहेको छ । गाउँघरमा हुने मेलापातमा पर्मको परम्परा र सामाजिक क्षेत्रमा श्रमदानको अवधारणाले यो पक्षलाई मेट्न दिएको छैन । त्यसैलाई अझै मजबुत बनाउँदै सम्पन्नताका मार्गमा अगाडि बढ्न सकिन्छ ।

हाम्रो कला र वास्तुकलाको परम्परा निकै उन्नत र विकसित रहेको छ । ऐतिहासिक कालदेखिकै त्यो परम्परा अहिले पनि चलिरहेको छ । तिब्बतका बौद्ध भिक्षु फग्पाका शिष्य रहेका चीनका बादशाह कुवलय खाँको पालामा हाम्रा नेपाली कलाकार अरनिको चीन गएका थिए । फगपाले तिव्बतको सक्यमठमा स्वर्णस्तूपको निर्माणका लागि कुवलय खाँबाट अनुमति लिए र यसका लागि नेपालबाट शिल्पकार बोलाए । सन १२४५ मा काठमाडौँ उपत्यकामा जन्मेका १७ बर्षे ठिटो अरनिकोको नेतृत्वमा ८० सदस्यीय शिल्पकारको टोली तिब्बत गयो । त्यो टोलीले उक्त बौद्ध स्तूपको सुन्दर ढङ्गमा निर्माण गऱ्यो । यिनै अरनिकोको प्रख्याती चीनका बादशाह कुबलय खाँ सम्म पुग्यो । कुबलय खाँले अरनिकोलाई आफ्नो राजभवनको शिल्पकारको प्रमुख बनाए । अरनिकोको नेतृत्वमा बौद्ध विहार, चैत्य, स्तूप, बुद्धमूर्ति र चित्रहरू बनाईए र ती पूर्वी एसियाका देशहरूमा फैलिए । चारवटा पाटा भएका मन्दिर बनाउने नेपाली वास्तुशैली यिनै अरनिकोलगायतका नेपाली शिल्पीहरूबाट दक्षिण र पूर्वी एसिया र जापानसम्म फैलिएको पाईन्छ । अर्थात् हामीहरू कला र वास्तुकलामा निकै नै सम्पन्न थियौँ र छौँ । केवल त्यसलाई उजागर गर्नु परेको छ र देशको आर्थिक उन्नतिमा नेपाली कला र वास्तुकलालाई समेत लगाउन सकिन्छ ।

मन्दिर, चैत्य र गुम्बाहरूले यो देशलाई सांस्कृतिक हिसाबले धनी बनाएका छन् । हाम्रा काष्ठकला, चित्रकला, मूर्तिकलाको सम्पन्नतालाई हेर्नकै लागि पनि विश्वका कला पारखीहरूलाई आमन्त्रण गर्न सकिन्छ । मुक्तिनाथ, जानकी मन्दिर, बुद्धको जन्मस्थल लुम्बिनी, पशुपतिनाथ, स्वयम्भू, खप्तड, स्वर्गद्वारी, गोसाइँकुण्डजस्ता स्थलले हाम्रो देशमा धार्मिक पर्यटनको प्रचुर सम्भावनालाई अभिव्यक्त गर्दछन् ।

हाम्रा पुर्खाले छाडेर गएका दरबार, मन्दिर, चैत्यजस्ता धार्मिक सम्पदाहरू छन् । तिनको उपयोग गरी रोजगारी सिर्जना गर्न सकिन्छ । करीब डेढ अरब जनसंख्या भएको चीन र करीबकरीब त्यति नै जनसंख्या भएको भारतका मानिसलाई धार्मिक पर्यटनका माध्यमद्वारा आमन्त्रण सकिन्छ । बौद्ध धर्मको प्रभाव भएको चीन र हिन्दु धर्मको प्रभाव भएको भारतका नागरिकलाई यी दुवै धर्मको आधारशिला रहेको हाम्रो भूमिमा स्वागत गर्न सक्दछौँ ।

अहिले ऊर्जाको विश्वव्यापी माग बढिरहेको छ । हाम्रो देशमा बिद्युत ऊर्जा उत्पादनको लागि प्रशस्त सम्भावना रहेको छ । सम्भाव्यता अध्ययनमा ८३ हजार मेगावाट बिद्युत उत्पादन गर्न सकिन्छ भनिएको छ । तर सही रूपमा प्रयोग गर्ने हो भने १ लाखभन्दा बढी मेगावाट विद्युत उत्पादन गर्न सकिन्छ र त्यसलाई हाम्रो देशमा उपभोग गरेर अन्य मुलुकमा पनि निर्यात गरी आर्थिक सम्पन्नतालाई बढाउन सक्दछौँ । त्यस्तै जडीबुटीको उत्पादन र त्यसको व्यापार हाम्रो देशको आर्थिक उत्पादनको अर्को महŒवपूर्ण स्रोत हो । हिमाली, पहाडी र तराई गरी तीनवटा भौगोलिक क्षेत्रमा उत्पादन हुने अनेकथरी जडीबुटीले मानव स्वास्थ्यका लागि चाहिने औषधीको आपूर्ति गर्न सक्दछ । त्यसैले यसलाई पनि हामी आफूले पनि प्रयोग गरेर विदेशमा निर्यात गरी आर्थिक उन्नति गर्न सक्दछौँ ।

अहिले विश्वमा चलिरहेको पूँजिवादी व्यवस्था श्रम, पैसा र नाफामा चल्ने व्यवस्था हो । घर र समुदायमा रहेका उत्पादनका केन्द्रलाई सीमित ठाउँमा उत्पादनको केन्द्र बनाइन्छ । हुँदाहुँदै कुनै एउटै देशमा मात्रै पनि उत्पादन केन्द्रित हुन सक्छ । तर त्यस उत्पादनको आशामा विश्वको अर्को कुनाका मानिसहरू बस्नुपर्ने विवशता हुन सक्छ । त्यसैले हामीले हाम्रो देशमा साना उद्योगहरूलाई जीवन्त राख्दै केही सीमित ठूला उद्योगहरू राख्नुपर्दछ । हामीले हाम्रो देशमा चाहिने वस्तुहरू यहीँ नै उत्पादन गर्न सक्नैपर्छ । जसले गर्दा हामी आत्मनिर्भर बन्न सक्दछौँ ।

**हाम्रो सम्पन्नतामा पनि दयनीय अवस्था**

हाम्रो देशमा स्रोत नभएको होइन, अथाह स्रोत र सम्पत्ति छ यहाँ । जन, जल, जमीन र जंगलको संरक्षण र उपयोगबाट हाम्रो देशको कायापलट गर्न सकिन्छ । प्रकृतिले हामीलाई अपार जलस्रोत दिएको छ । हिमाल, पहाड र तराई दिएको छ । यति सानो मुलुकमा पनि ७० मिटरदेखि ८८४८ मिटरसम्मको अनुपम भौगोलिक अवस्थिति दिएको छ । प्रकृतिले हामीलाई अथाह जलस्रोत दिएको छ ।

तर पनि हाम्रा युवाहरू श्रमका लागि विदेशिनु परेको छ । कहिले इराकका युद्धमा मारिनु परेको छ, अफगानिस्तानका बङ्करहरूमा बन्दीसरह बसिरहनु परेको छ, अरबका मरुभूमिका तातो भूमिमा श्रम बेच्नु परेको छ अनि मलेसियाका जंगलमा असुरक्षित जीवन जिउनु परेको छ । यो किन भइरहेको छ त ?

 मेरो नेपाल

'खानी भएको ठाउँमा कुनै गाउँ बसेको छ भने त्यस गाउँलाई अन्यत्र सारेर भए पनि खानी चलाउनु र खेत बन्ने ठाउँमा घर बनेको भए त्यस घरलाई अर्कै ठाउँमा सारेर भएपनि कुलो काटी खेत बनाएर खेती गर्नु' भन्ने पृथ्वी नारायण शाहको उपदेशले देशमा खानी र कृषि उद्योगको सम्भावनालाई उजागर गर्नुपर्छ अनि मात्र देश समृद्ध हुन्छ भन्ने शिक्षा दिन्छ ।

अंशुवर्माको टिस्टुङ्गको अभिलेखमा नेपालबाट बाहिर निकासी हुने वस्तुमा फलाम र तामाका भाँडाको उल्लेख भएको छ । मध्यकालमा पनि कपासको उत्पादन गरेर कपडा बन्ने तानमा कपडा बुनिन्थ्यो । राडीपाखीको उत्पादन गरी निर्यात समेत गरिन्थ्यो । नुवाकोट र चित्लाङ क्षेत्रमा खानी उद्योग सञ्चालित थिए । कागजको उत्पादन गरेर भारत र तिब्बतमा बेचिन्थ्यो । नुवाकोट त कागज उत्पादनको प्रमुख केन्द्र मानिन्थ्यो । राजा महिन्द्र मल्लले 'ढिकी, जाँतो, लुगा बुन्ने तान, तुकी कहिल्यै खाली नराख्नु, पटासी, घरबुना खाँडी आदि मिही पारेर बुन्नु र विदेशमा लगेर बेच्नु' भन्ने आदेश गरेका थिए ।

मल्ल शासन कालसम्म पनि हामी तिब्बतका लागि चाँदीका मुद्रा बनाउँदथ्यौँ । भारतका लागि तामाका भाँडा बनाइदिन्थ्यौँ । आज हामी सियोसमेत आफै बनाउन सक्ने हैसियतमा छैनौँ । किन ? यो प्रश्न सोचनीय छ । हामीसँग खानीको अथाह भण्डार छ, जलस्रोतको अथाह स्रोत छ तर पनि हामी गरिब छौँ । किन ?

**जबकि .........**

हामी अन्नबाली, फलफूल, तरकारी र जडीबुटीको प्रचुर उत्पादन गरी त्यसलाई निर्यात समेत गर्न सक्नेगरी आत्मनिर्भर बन्न सक्छौँ । यसका लागि हामीले हामीकहाँ चलिआएको पर्म परम्परालाई जीवन्त राख्ने, फलफूल, तरकारी, जडीबुटीजस्ता उत्पादनलाई प्रोत्साहन गरी र देशको बेरोजगारीलाई कृषिमा लगाएर कृषि पनि पेसा हो भन्ने मान्यता स्थापित गर्न सक्दछौँ ।

कृषि नै मुख्य श्रोत भएको हाम्रो देशमा उब्जाउ बढाउनका लागि भनेर रासायनिक मलको अत्याधिक प्रयोग गरिन्छ । तर यसले गर्दा माटोमा रहेको प्राकृतिक गुण नष्ट हुँदै गइरहेको छ । त्यसैले रासायनिक मलको प्रयोग रोकी जङ्गलका पतकर, सहरका फोहर सँगालेर कम्पोष्ट मल बनाई उब्जनी बढाउन सकिन्छ र त्यसलाई उत्पादन बढाउन प्रयोग गर्न सकिन्छ । साथै प्राकृतिक गुणका खाद्यान्न खाएर हामी स्वस्थ भइ बाँच्न सक्दछौँ ।

नेपालको पहाडी क्षेत्रलाई हिलस्टेसनको रूपमा परिणत गरेर पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिन्छ । नदी किनारमा पैदल मार्ग बनाउने, जलमार्गलाई सुचारु गर्ने, नदी किनारामा रिसोर्टहरू बनाउने कार्य गर्न सकिन्छ । डाँडाकाँडालाई छिचोल्दै पैदल मार्गको विकास गरी हिमालदेखि तराईसम्म अनेकौँ मार्ग खोल्न सकिन्छ । ग्रामीण पर्यटनको प्रबर्द्धन गर्दै नेपाली संस्कृति, रहनसहन, गीतसङ्गीत, कलावास्तुकलालाई विश्वव्यापी रूपमा प्रचार गर्न सकिन्छ । धार्मिक पर्यटनका माध्यमबाट विश्वभरका हिन्दु र बौद्धमार्गीलाई आमन्त्रण गर्न सकिन्छ । नेपालमा आध्यात्मिक भावना पाइन्छ, अपनत्व र ममताको भावना पाइन्छ भन्ने छाप पर्यटकमा पार्न सकिन्छ । थाइल्याण्डको बैङ्ककजस्ता सहरहरू यौनपर्यटनका लागि प्रसिद्ध छन् भने हाम्रो मुलुक त्यस्तो छाडा स्वभावभन्दा पर नै रहेर नेपालीहरू मानिसको जीवनलाई एउटा श्रद्धाको बिन्दुको रूपमा पूजा गर्दछन् भन्ने कुरालाई पर्यटनका माध्यमबाटै विश्वव्यापी बनाउन सकिन्छ ।

व्यापारका लागि हामीले हाम्रा छिमेकी देशमा नै आफ्नो देशमा भएका उत्पादनलाई बेच्न सक्दछौँ । सवा १ अरब मानिसको भारत, डेढ अरब मानिसको चीन र बीचमा ३ करोड जनसङ्ख्याको हाम्रो देश । हामी ३ करोडै मानिसलाई काममा लगाएर देशमा जे उत्पादन गरे पनि हुन्छ र त्यसलाई करीब ३ अरब आफ्ना छिमेकीलाई बेच्न सकिन्छ । बजार विस्तार गर्नका लागि अन्यत्रका कुनै देशको जरुरत नै पर्दैन । अझै बढी नै उत्पादन भयो भने पनि नजिकैका छिमेकी बंगलादेश र पाकिस्तानलाई बेच्न सकिन्छ । उत्पादनको प्रयोग गर्ने भूगोलले होइन, मानिसले नै हो । त्यसैले हामी आफ्नो व्यापारिक शक्तिलाई परिमार्जन गरेर आफ्ना छिमेकी देशमा यहाँका उत्पादनको बिक्री गर्न सक्छौँ ।

कृषि, वनस्पति, जलस्रोत, पर्यटन, बाणिज्य, घरेलु उद्योग, देशको भौतिक विकास, स्वास्थ्य, शिक्षालगायतका क्षेत्रमा रोजगारीका अवसर खोल्न सकिन्छ । गरिबी र बेरोजगारी देशको एक कलङ्क नै हो । कर्मविहीन भएर देशको ऊर्जा खेर गयो भने देश कहिल्यै समृद्ध हुन सक्दैन ।

अहिले हाम्रो देशबाट हजारौँ युवाहरू शिक्षाका लागि भनेर विदेशी भूमिमा गइरहेका छन् । तर यदि हामीले हाम्रो पूर्वीय ज्ञान र सभ्यतालाई पुनरुत्थान गर्ने हो भने ज्ञान र दर्शन सिक्नका लागि यहाँ पश्चिमी समाजका मानिसहरूको ओइरो लाग्नेछ । उनीहरूलाई यहाँको जीवनकला, योग र ध्यान, मानवीयता, धार्मिक र आध्यात्मिक ज्ञान सिकाउनका लागि कैयौँ विश्वविद्यालयहरू खोल्नुपर्ने अवस्था आउनेछ ।

मेरो नेपाल

यी सबै कर्म गरेर हामी नेपाली र हाम्रो देश समृद्ध बन्न सक्दछ । तर त्यसो भइरहेको छैन । किन त ? किनकि हाम्रो देशका यी सम्पदाको शक्ति र हामी नेपालीहरूको आन्तरिक शक्तिको बोध भएको नेतृत्व हामीले पाएका छैनौँ । हाम्रा सामाजिक, सांस्कृतिक र आर्थिक अवयवहरूलाई जोडेर समुन्नतिका मार्गमा लाने राजनैतिक पद्धति हामीले अँगालेका नै छैनौँ ।

## शिक्षा र स्वास्थ्य

### शिक्षा

हामीकहाँ २५ बर्षको उमेरसम्म गुरुको सामीप्यतामा बसेर व्यवहारिक ज्ञान र आत्मिक ज्ञानको शिक्षा लिने प्राचीन पद्धति थियो । व्यक्तिलाई उसको स्वअस्तित्वको बोध गराएर सबै मानव एक हुन्, विश्व एक हो भन्ने शिक्षाप्रणाली हामीकहाँ थियो । तर अहिले आएर पश्चिमी भौतिकवादी शिक्षाले हाम्रो देशलाई ढाकिदिएको छ । तर हामीले भौतिकताले निम्त्याएका विध्वंशलाई देखिसकेका छौँ । त्यसैले हामीलाई भौतिकता र आध्यात्मिकता दुवै ज्ञान भएको शिक्षाको आवश्यकता परेको छ ।

हाम्रो शिक्षा भ्रष्ट भएको छ । शिक्षाले विवेक दिनु पर्दथ्यो तर त्यो दिएको छैन । जुन समयमा अर्थात् २५ वर्षसम्मको उमेरमा व्यक्तिलाई आत्मनियन्त्रणको अभ्यास गराउनु पर्ने हो त्यो समयमा जाँडरक्सी र लागू पदार्थको कुलत सिकाउने सभ्यता हाम्रो होइन, त्यो त छाडा सभ्यता हो । हामीकहाँको सभ्यतामा व्यक्तिलाई स्वयम निर्देशित हुनसक्ने शिक्षा दिने प्रणाली छ । त्यही जीवन दर्शनको शिक्षालाई अगाडि ल्याएर व्यक्ति र समाजलाई मार्ग निर्देश गर्नु पर्नेमा व्यक्तिलाई केवल भौतिक शरीरका लागि मात्र बाँच्ने शिक्षा दिइएको छ ।

सर्वोत्कृष्ट जीवनका लागि आध्यात्मिक, वैज्ञानिक शिक्षाको समन्वय गरी शिक्षाको तर्जुमा गर्दै जीवनकला र जीवन दर्शन सिकाउने शिक्षा, नैतिक आदर्शमय शिक्षा, योग विज्ञान, आयुर्वेद र प्राकृतिक चिकित्सा विज्ञानको विकास गर्ने शिक्षालाई हामीले पुनर्स्थापित गर्न सक्दछौँ ।

मन, वचन र कर्मले कसैलाई पनि चोट नपुऱ्याउने शिक्षाको व्यवस्थाको निर्माण गर्न सकिन्छ ताकि मानिसहरू एकअर्कालाई सम्मान गर्न सकून् । विद्यार्थीको काम ज्ञान आर्जन गर्नु हो । विनम्रता, सहिष्णुता सिक्नु हो । विद्यार्थीहरू कठोर अनुशासनमा बस्नुपर्छ । लागूपदार्थ सेवन गर्नुहुँदैन, संयमी र आत्मनियन्त्रित बन्नुपर्दछ । त्यो संयमता र सहिष्णुताको पाठ पढाउने शिक्षा प्रणाली हामीसँग बिद्यमान थियो । तर अहिले भौतिकवादी शिक्षाले त्यो शिक्षाको जगलाई मेट्दै गइरहेको छ । तथापि हामी अझै पनि हाम्रो जीवन आदर्श सिकाउने शिक्षालाई पुनर्स्थापित गर्न सक्दछौँ ।

त्यसैले अब हामीले निम्नलिखित शिक्षाको व्यवस्था गर्नुपर्दछ :

* धार्मिक-आध्यात्मिक भावनाको विकास - जीवन र जगत्को ज्ञान
* चरित्रनिर्माण - सहिष्णुता, सौहार्दता, सत्यवादी, नैतिकवान
* व्यक्तित्व विकास - आत्मसंयम, आत्मचिन्तन, आत्मविश्वास, विवेकीपन, भावनात्मक विकास
* जीवनोपयोगी शिक्षा - व्यक्तिलाई जीवनकला सिकाउने शिक्षा । आत्मसम्मानका साथ जिउन सिकाउने व्यवसायिक र व्यावहारिक शिक्षा ।
* उत्तरदायित्व र जिम्मेवारी बोध । व्यक्तिगत र सामाजिक दायित्वको भावना विकास ।
* मानवीय भावनाको विकास
* मानव-मानवबीच एकता कायम गर्ने
* सृष्टिका अन्य प्राणीको जीवन रक्षा गर्ने

नेपालमा निम्न शिक्षा व्यवस्था लागू गरेर देशलाई ज्ञानको क्षेत्रमा अगाडि बढाउन सकिन्छः

* जीवनयापनका लागि आर्जन गरिने व्यवसायिक, वैज्ञानिक र व्यावहारिक शिक्षा
* व्यक्तिलाई नैतिक र चारित्रिक रूपमा शुद्ध बनाई जीवन र जगत्को सत्य सिकाउने शिक्षा
* जीवन, जगत्, आत्मा, परमात्मा र ईश्वरको खोजीजस्ता गहन दार्शनिक खोजमा लगाउने आध्यात्मिक शिक्षा ।

गुण, नैतिकता र चारित्रिक शुद्धता सिकाउने शिक्षाको व्यवस्था गर्नु नितान्त जरुरी छ । समाज अझै असन्तुलित नहुँदै अहिलेको भौतिकवादी शिक्षालाई परिमार्जन गरी व्यावहारिक र आध्यात्मिक शिक्षाको व्यवस्था गर्नुपर्छ जसले व्यक्तिको सर्वाङ्गीण विकास होओस् । 'बाँच र बाँच्न देउ' - 'वसुधैव कुटुम्बकम' (सबै मानव एक हुन्) को भावनालाई नेपाली शिक्षाको आत्माको रूपमा विकास गर्नुपर्छ ।

**स्वास्थ्य**

हामीकहाँ सदियौंदेखि नै कायम रहेको जडीबुटीको प्रयोगद्वारा उपचार गरिने आयुर्वेदिक पद्धतिलाई अहिले पुनर्जीवित पार्नु परेको छ । अहिले उपचारपद्धतिले केवल शरीरको मात्र उपचारलाई बढावा दिएको छ । जबकि हरेक व्यक्तिमा मन, शरीर र आत्मा बिद्यमान रहन्छ । त्यसैले सर्वाङ्गीण स्वास्थ्यको ख्याल गरी प्राकृतिक चिकित्सा पद्धतिको विकास गर्नुपर्दछ । आयुर्वेदिक, होमियोप्याथी, योगलगायतका वैकल्पिक चिकित्साको प्रयोग बढाई एलोपैथीको प्रयोग पनि विवेकपूर्ण तरीकाले गर्नुपर्दछ ।

अहिले हाम्रो देशमा उपचार नपाई मर्नुपर्ने विडम्बनाबाट हामी धेरै नेपालीहरू गुज्रिएका छौं । आफूसँग सम्पत्ति वा पैसा हुन्थ्यो भने अझै बढी समय बाँच्थें नि भन्ने पीडासहित मृत्युवरण गर्न पुगेका विवश नेपालीको आत्माको पुकारलाई सुन्दै अब हामीले त्यो विडम्बनाबाट हाम्रो देशलाई मुक्त पार्नु परेको छ ।

यसका लागि त सही र असल नेतृत्वको नै खाँचो पर्दछ जसले यो व्यवस्थालाई कायम गरुन् । त्यसको खोजी पनि हामीले गर्नैपर्छ ।

## धर्म र दर्शन

नेपालमा हिन्दु र बौद्ध धर्म र अनेकौं मानव समाज र समूहका आस्थाका आधारमा जे-जस्तो सामाजिक सद्भाव, सांस्कृतिक एकता र मानवीय व्यवहार भइरहेका छन्, समग्रमा त्यो नै नेपाली धर्म हो ।

नेपाली जीवन दृष्टिकोणअनुसार व्यक्तिको जीवन पदार्थबाट सुरु हुन्छ । एक भौतिक मानव मानवीय प्रज्ञामा पुग्दछ र त्यहाँबाट आध्यात्मिक चेतनाको स्तरमा पुग्दछ । आध्यात्मिक चेतनाको स्तरबाट समेत अगाडि बढेर ईश्वरीय शक्तिमा समेत रूपान्तरित हुन सक्दछ । केवल भौतिक अवस्थालाई अर्थात् जैविक अवस्थालाई मात्र जीवन मान्ने प्रवृत्ति नेपाली दृष्टि होइन । नेपाली दृष्टिले त एक व्यक्ति हरेक तŒवमा ईश्वर देख्ने गरी भौतिकतालाई नाघेर आध्यात्मिकताको माथिल्लो बिन्दुमा पुग्दछ ।

हाम्रो नेपाली धर्मले वासनालाई धेरै पहिले नै विजय गरिसकेको थियो । हामी रुखबिरुवा, प्राकृतिक सम्पदा र प्रकृतिका अन्य जीवको विनास गर्नुलाई प्रकृतिमाथिको विजय मान्दैनौं । हामी आफू स्वयममा रहेको अज्ञानता र अहङ्कारमाथि विजय पाउनुलाई साँचो विजय ठान्दछौं । यही नै नेपाली धर्मको आधारशिला हो ।

हिन्दु धर्म कुनै व्यक्ति विशेषद्वारा प्रतिपादित धर्म होइन । यो त हजारौं बर्षदेखि चलि आएको मानवीय परम्परा हो । समय सँगसँगै नराम्रा परम्परालाई छाडेर राम्रा परम्परालाई कायम राख्दै बदलिँदो विश्वसँग सामन्जस्य राख्दै मानवहरूलाई सत्मार्गमा डोऱ्याउने र मानव जीवनलाई अर्थपूर्ण र मूल्यवान बनाउँदै अघि बढ्ने परम्परा नै हिन्दु धर्म हो । यसै कारणले गर्दा नै यो धर्म अन्य कुनै पनि धर्मभन्दा फरक र विशिष्ट छ । बृहदारण्यक उपनिषदमा भनिएको छ – असत्यबाट सत्यतर्फ लैजाउ, अन्धकारबाट प्रकाशतर्फ लैजाउ र मृत्युबाट अमरतातर्फ लैजाउ ।

मेरो नेपाल

त्यस्तैगरी यहाँको भूमिमा सदियौँदेखि जीवन्त रहेको र सारा विश्वलाई नै शान्तिका मार्गमा निर्देशित गर्ने बौद्ध धर्मको परम्परा पनि सामाजिक जीवनमा महŒवपूर्ण स्थान ओगटिरहेको छ । बुद्धको मूल दर्शन निम्न कुरामा आधारित छ :

- चार आर्य सत्य – दुःख छ, दुःखका कारण छन्, दुःखको निदान छ र दुःख निदानको मार्ग छ ।
- अष्टाङ्गिक मार्ग – सम्यक दृष्टि, सम्यक सङ्कल्प, सम्यक वाणी, सम्यक कर्म, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि ।
- पञ्चशील – अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र मद्यनिषेध ।

'अप्प दीपो भव' अर्थात् आफ्नो दीप आफै बन भन्दै बुद्धले आफूलाई जगाउनु भनेका छन् । यिनै मार्गमा हिँड्नाले एक व्यक्तिको जीवन पूर्णतातर्फ लम्किन्छ भन्दै सत्यका मार्गमा हिँड्नकै लागि बौद्ध धर्मले मानिसहरूलाई अभिप्रेरित गर्दछ ।

तर पनि सदियौँसम्म हाम्रो देशमा यहाँको धर्मलाई कमजोर बनाएका तŒवहरू हुन् – छुवाछूत, अन्धविश्वास र कुरीति । यसबाट यहाँको समाजलाई मुक्त गराउनका लागि आम नागरिकमा सत्यको बोध गराउने दायित्वबाट बौद्धिक र सचेत वर्ग चुके । राजनीतिलाई नै त्यो जिम्मा दिएर उनीहरू शासकका सेवामा हाजिर भए । अब वर्तमान परिवेशसँग तालमेल गरी सदियौं पुरानो परम्परामा लागेको विकृति र विसङ्गतिको जालो हटाई नेपाली आत्मामा लागेको धूलोको परत हटाएर एउटा सुन्दर र समुन्नत देशको निर्माण गर्न सकिन्छ :–

- धर्मका आडमा चलेको भनिएको छुवाछूत्को परम्परालाई चेतनाको प्रवाहद्वारा हटाउने ।
- धर्मको आडमा चलेको देवीदेवताका नाममा हुने प्राणी हिंसालाई चेतनाको प्रवाहद्वारा हटाउने ।
- मानवता नै धर्म हो भन्ने भावनालाई उजागर गर्दै मानवता (मानवभित्र रहेको गुण जसले एक मानिसलाई मानसिकै गुणअनुसार जिउन प्रेरित गर्दछ र आफू मानव हुँ भन्ने बोधले मानिसलगायत सृष्टिका अन्य प्राणीको बाँच्न पाउने अधिकारको बारेमा चेतनशील रहन्छ) का आधारमा व्यवहार गर्ने समाजको सिर्जना गर्ने ।

धर्म पाप र पुण्यको लेखाजोखा गर्ने औजार होइन । अज्ञानतावश त्यस्तो बनाइएको हो । ईश्वर मानिसको क्रियाकलापको हिसाबकिताब राख्ने शक्ति होइन । मानिसको अज्ञानताका कारण त्यस्तो प्रचार गरिएको हो । पूर्वीय मान्यताअनुसार ईश्वर सम्पूर्ण धार्मिक र साम्प्रदायिक प्रणालीभन्दा माथि छ । नेपाली धर्म मन्दिरहरूमा मात्रै होइन हरेक मानिसहरूमा अन्तरनिहीत छ । मन्दिर जाने त आफूमा रहेको ईश्वरीय बोधको एक सामान्य परीक्षण मात्र हो । हामी नेपाली ईश्वरीय अस्तित्वलाई सहजै स्वीकार गर्दछौँ । हाम्रो अणुअणुमा ईश्वरीय अस्तित्व रहेको हामी अनुभूति गर्छौं । मानव चेतना र ज्ञानको यो उच्चतम बिन्दुप्रति हामी नेपाली गर्व पनि गर्छौं कि हामी ईश्वरलाई चिन्न सक्ने अवस्थामा पुगिसकेका छौं ।

तर अहिले हाम्रो आन्तरिक शक्तिका स्रोत यी सम्पत्तिलाई हटाउन हामी नै लागिरहेका छौँ । क्षणिक स्वार्थका लागि हामी हाम्रो यो गहन सम्पत्तिलाई त्याग्न उद्यत भइरहेका छौँ ।

**साम्राज्यवादीको अस्त्र : धर्म र जाति**

नोबल शान्ति पुरस्कार विजेता दक्षिण अफ्रिकाका सामाजिक नेता देशमण्ड टुटुले भनेका छन् – "जब क्रिश्चियन मिसिनरिज अफ्रिकामा आए तब उनीहरूसँग बाइबल थियो र हामीसँग जमीन थियो । उनीहरूले भने – 'ल अब प्रार्थना गरौँ' । अनि हामीले आँखा चिम्म गर्‍यौँ । जब हामीले आँखा खोल्यौँ तब हामीसँग उनीहरूको बाइबल थियो अनि उनीहरूसँग हाम्रो जमीन ।"

धर्म र जाति साम्राज्यवादीहरूको मुख्य औजार हो । हिजो भारतमा मुस्लिमहरूलाई हिन्दुका विरुद्ध उचालेर भारत देशलाई कमजोर बनाए । हिन्दु जाति र मुस्लिम जातिको संज्ञा दिएर मानवतालाई बाँडियो । अन्ततः विशाल भारत देश विभाजन हुन पुग्यो । जुन अहिले भारत, बंगलादेश र पाकिस्तान गरी तीन भाग भइसकेको छ । काश्मिरको विषयमा अहिले पनि भारत र पाकिस्तानका बीचमा विवाद कायमै छ ।

ब्रिटिसले शासन गरेको भारतमा उच्चस्तरीय काउन्सिलका सदस्य रहेका लर्ड मेकालेले ‘मिनट आँन इण्डियन एजुकेशन’ मा अंग्रेजी भाषामा शिक्षाको व्यवस्था गर्नुपर्ने कुरालाई यसरी लेखेका छन् – “यो समयमा हामीले एउटा यस्तो वर्गको निर्माण गर्नुपर्छ जसले हामीले शासन गर्ने करोडौं मानिसका बीचमा व्याख्याताको कार्य गरुन् र यी मानिसहरू यस्ता हुनुपर्छ जो जन्म र रङ्गमा त भारतीय हुन् तर प्रवृत्ति, सम्मति, नैतिकता र चेतनामा अङ्ग्रेज होऊन् ।” अहिले ठ्याक्कै यही नीति हाम्रो देशमा लागू गरिएको छ ।

हिजो भारतमा पनि मुस्लिमलाई पहिचानका लागि भन्दै नै उचालिएको थियो । अन्ततः पहिचान भनेको अलग्गै देश हो भन्नेमा परिणत गरेर पाकिस्तान बनाइयो । आज हाम्रो सानो देशमा धर्म र जातिका नाममा अनेकौं टुक्रामा विभाजित गर्ने योजनालाई अगाडि बढाइएको छ ।

साम्राज्यवादीहरू हाम्रो जस्तो मुलुकमा कस्तो रणनीतिका साथ आउँछन् भन्ने कुरालाई भारतमा गरेको उनीहरूको प्रयोगले नै पुष्टि गर्दछ । सुरुमा पादरी र व्यापारीको रूपमा छिरेर विस्तारै मुलुकै हडपेका यिनीहरूको नीति नै ‘फुटाउ र राज गर’ हो ।

यी युरोपियन समाजका भौतिकवादीहरूको ध्वंश चेतनालाई देखेरै होला लियो टाल्सटायले भनेका - “युरोपका इसाई समाजको अवस्था कस्तो छ ? यिनीहरू कुनै पनि नवीन र आत्मालाई माथि उठाउने आन्दोलनप्रति आँखा बन्द गरेका छन् र यिनीहरू सत्यतर्फ अगाडि बढ्न बिलकुल असमर्थ छन् ।”

यिनीहरू एउटा हातमा पुस्तक र अर्को हातमा औषधि लिएर विचरण गर्ने खतरनाक सेवक हुन् । तर हामी नेपालीहरू उनीहरूको यो रणनीतिलाई बुझ्न सकिरहेका छैनौं । फेरि कतिपय चाहिँ बुझेर पनि बुझ पचाइरहेका छौं । उनीहरूबाट देशको रक्षा गर्नुपर्ने भएको छ ।

अहिले नेपाली सभ्यता र संस्कृतिको मात्र होइन यो देशको राष्ट्रियतामाथि नै खतराको घन्टी बजिसकेको छ । विदेशी पैसा र पदको लोभको इन्जेक्सनले पक्षघातको रोगी बनाइएका कतिपय नेपाली हातहरूलाई पर्दापछाडिका हातले उचालेर यो देशको अस्तित्वलाई निमिट्यान्न पारिरहेका छन् ।

वर्षौंको रणनीति बोकेर यहाँ छिरेका यी साम्राज्यवादीले यहाँका राजनैतिक र शासनमा प्रभाव पार्ने कतिपय नेपालीहरूलाई पैसा र पदका प्रलोभनमा आफ्नो बनाइसकेका छन् । तर सदियौंको इतिहास र परम्परा, विश्वास र आस्था भएको भूमिमा वलात् नयाँ धर्मलाई स्थापित गर्न खोज्नु ठीक होइन ।

नेपालमा रहेको धर्म हामी नेपालीको सदियौंदेखिको व्यवहार हो । त्यही व्यवहार नै नेपाली धर्म बनेको छ । त्यसैले त्यो हाम्रो आफ्नै धर्मलाई किन मेटाउने ?

**.... जबकि नेपाली धर्मको स्वरूप यस्तो छ**

हाम्रो देश केवल एउटै धर्ममा बाँधिएर रहेको छैन । हिन्दु, बौद्ध, किरात धर्म र अनेकौं मानव समाजका परम्पराका छत्रछायाँमा नै नेपाल देश हुर्के बढेको हो । यिनीहरूले यहाँको शान्तिपूर्ण परम्परालाई, जीवन दर्शनलाई आत्मसात् गरेर यही भूमिलाई पनि शान्ति र प्रेमको सन्देश प्रवाह गरेका हुन् । यहाँ क्रिश्चियनिटी, इस्लाम, शिखलगायतका कुनै पनि धर्म सहजै स्वीकार गरिन्छन् । यतिमात्रै होइन भोलि विकसित हुने जुनसुकै सम्प्रदाय वा धर्म पनि यहाँ स्वीकार गरिन्छन् । तर जुनसुकै धर्मको पहिलो सर्त हुन्छ कि यहाँको मानवता र सहिष्णुताको भावनालाई श्रद्धा गरुन् । नेपाली आत्मामा नै अन्तर्निहित होउन् । हाम्रो नेपाल एक यस्तो भूमि हो यहाँ कृष्ण, बुद्ध, क्राइष्ट, मुहम्मद, कन्फ्युसियस, ताओ सबै एकै ठाउँमा पूजिन सक्दछन् । नेपालमा आइसकेपछि हरेकले नेपाली आत्मालाई आत्मसात् गर्दछन् नै ।

यहाँ ढुङ्गा, माटो, रुखबिरुवा, चराचुरुङ्गी, जनावर, पोखरी, नदी, पहाड, पर्वतहरू पनि पुजिन्छन् । यहाँ आमाबाबा र गुरुहरू देवता मानिन्छन् । त्यति मात्र होइन यहाँ घरमा आउने पाहुना पनि देवतासरह मानिन्छन् । यो यहाँको संस्कार हो । यो नेपाली धर्म हो ।

**.... जबकि हाम्रो लोक व्यवहार यस्तो छ**

मेरो नेपाल

मुसलमान मर्दा हिन्दु पनि अन्तिम संस्कारमा सहभागी हुने र हिन्दु मर्दा मुसलमान पनि अन्तिम संस्कारमा सहभागी हुने अनि हिन्दुको विवाहमा मुसलमान सहभागी हुने र मुसलमानको विवाहमा हिन्दु सहभागी हुने हाम्रो समाज हो । स्वयम्भूमा गएर शीर निहुराउने हिन्दु भक्त पशुपतिमा गएर पनि पूजा गर्दछ भने पशुपतिमा गएर शीर निहुराउने बौद्ध मार्गी स्वयम्भूमा गएर दीप पनि बाल्दछन् । हामी के मस्जिद, के मन्दिर, के चैत्य, के चर्च, के गुरुद्वारा सबैप्रति श्रद्धाले आफ्नो शीर झुकाउँदछौं ।

गुरुङको अर्घोमा ब्राह्मण जान्छन् भने ब्राह्मणका संस्कारमा गुरुङ । थारुका संस्कारमा शेर्पा सहभागी हुन्छन् भने मगरका भोजमा क्षेत्री । कहीँ कतै पनि धार्मिक आधारमा कटुता छैन । कहीँ कतै पनि असहिष्णुता छैन ।

'यो मन्दिर, यो मस्जिद, यो चैत्य, यो गुम्बा
मलाई छ प्यारो सधैँ आफूभन्दा' गीत गुञ्जिने भूमि हो यो । तर अहिले त देशलाई कमजोर बनाउने तŒवलाई बढावा दिइएको छ । देशलाई जोड्ने तŒव मेटिँदै गइरहेको छ ।

वास्तवमा हामी अहिले पश्चिमी भौतिकवादका शिकार भएका छौं ।

**पश्चिमी देशले दिएको संस्कारले :**

- हामी-हामीबीच अस्वस्थ प्रतिष्पर्धा गराएको छ
- सहअस्तित्व र सहिष्णुताको भावनालाई मत्थर पारिदिएको छ
- सामाजिक विभेद कायम गराएको छ
- हामी-हामीबीचमा आर्थिक असमानतालाई बढाएको छ

## विदेशी चाहिँदैनन् .....हामी सक्षम छौं ......

हामी सामूहिक हितका लागि कार्य गर्दछौं । त्यो हाम्रो संस्कार सदियौँदेखि नै हामीमा बिद्यमान छ । हाम्रो देशमा अथाह सम्पत्ति छ जल, जङ्गल, जन र जमीनको उर्वर शक्ति छ हामीसँग । हामीसँग मानवीय चेतनाको माथिल्लो बिन्दुमा पुगिसकेको ज्ञानको अथाह भण्डार छ । हामीसँग दया, माया, भाइचारा, भातृत्व र सहिष्णुताको संस्कार छ । हामीमा सत्य छ । त्यही सत्यले नै हाम्रो देश र हामी नेपालीलाई निर्देशन गरिरहेको छ ।

अर्कोतर्फ यो सत्य हो कि वर्तमान समयमा हाम्रो देशलाई सत्य भुलेको अवस्थामा पुऱ्याइएको छ । त्यो पनि स्वार्थी र अदूरदर्शी मानिसहरूलाई नेता मान्दाको परिणाम हो । हामी आम नेपालीहरू सक्षम छौं र आफ्नो शक्तिलाई हामीले पहिचान गरेका छौं । तर हाम्रो त्यो क्षमतालाई बेवास्ता गरेर अहिले विदेशी शक्तिको सहारामा सत्ता चलाइरहेकाहरूलाई जुन दिन हामीले विश्राम दिनेछौं त्यही बिन्दुबाट हाम्रो देशको वास्तविक भविष्य लेखिन सुरु हुनेछ ।

अहिले मूलरूपमा पश्चिमका अमेरिका र युरोपका केही मुलुक, अनि हाम्रै छिमेकी देशहरू भारत र चीनले आआफ्नो स्वार्थका परिधिमा हाम्रो देशलाई हेरेका र तिनीहरूका सहयोगी हामीले नेतृत्वमा पठाएका शक्तिहरू र राज्यसत्ताको दुरूपयोग गर्दै गरेका केही स्वार्थी नेपालीहरू भएको हुनाले गर्दा नै हाम्रो देशको स्वाभिमान बन्धकी बनेको छ । अर्कोतिर हामी आम नेपालीलाई नै एकआपसमा लडाएर यहाँको धरातललाई नै मेट्न खोजिरहेका यो देशका स्वार्थी राजनैतिक पार्टी र विदेशी शक्तिहरूको प्रयासलाई हामीले अब बुझिसकेका छौं । हामी नागरिकको शक्तिलाई कमजोर आँकलन गरेर सबैले आआफ्नो स्वार्थका पञ्जामा हाम्रो देशलाई पारिरहेको पक्षलाई हामीले बुझेका छौं ।

अहिले पनि यहाँका पार्टीका कतिपय नेताहरू र शासकहरू विदेशी शक्तिकेन्द्रको सहारामा शासन गरिरहेका छन् । कोही चीनतर्फ, कोही भारततर्फ त कोही विश्वशक्तिको नेतृत्वकर्ता भनिएको अमेरिकातर्फ आशीर्वाद लिनका लागि लम्किन्छन् । यो सबै अवचेतना र लघुताबोधको उपज हो । यहाँका नेताहरू आफूलाई आफ्ना छिमेकी मुलुकभन्दा कमजोर र निरीह ठानेर गरिएको व्यवहार हो । अर्कोतर्फ लोभीपापीहरूको सत्तामोहका कारण पनि जबर्जस्ती विदेशीलाई शक्तिकेन्द्रको रूप दिइरहेका छन् ।

विश्व परिवेश बदलिएको छ । बदलिएको परिवेश अनुसारको आर्थिक उन्नतिमा जान नसकेकोले विश्वका अन्य मुलुकसरह हामी अगाडि जान नसकेको सत्य हो । तर यसको अर्थ हामी केही पनि नभएका, केही पनि क्षमता नभएका बिचित्र प्राणी होइनौं । हामी नेपाली हौं र उच्च चेतना र उच्च समृद्धता प्राप्त गर्ने शक्ति छ हामीमा । अहिले तिनै आर्थिक रूपमा सम्पन्नहरूले हाम्रा यहाँका शासकवर्गमाथि त्यही आर्थिक सम्पन्नताको जालो फँ्याकेर उनीहरूलाई वशमा पारेर हाम्रो देशमा आर्थिक उपनिवेश लाद्न खोजे तापनि हामी आम नेपालीहरू बुझिरहेका छौं । त्यो आर्थिक उदारताभित्रको लोभ र स्वार्थ के हो भन्ने हामीलाई थाहा छ । अनि हामी आँफै आफ्नो क्षमतालाई उजागर गर्न सक्षम छौं भन्ने ज्ञान हामीमा छ ।

हाम्रो त्यही विश्वको मापदण्डको आर्थिक विपन्नतालाई नै सहारा बनाएर हाम्रो सामाजिक सद्भाव बिथोल्नका लागि सहयोग शब्द बेचेर हामीलाई परनिर्भरता र दासता सिकाउन आएका नवआर्थिक उपनिवेशवादीहरूको स्वार्थलाई चिरेर अघि बढ्न हामी सक्षम छौं ।

हामी नेपालीहरू त्यति कमजोर छैनौं जो विदेशीको प्रभावमा परेर हाम्रो मुलुकको सहिष्णुता र भाइचाराको भावनालाई नै निमिट्यान्न पारौं । अहिले देशी विदेशी स्वार्थी तŒवले हामी नेपालीबीचको सामाजिक सद्भाव खल्बलाउने प्रयास मात्रै गरेका हुन् । तर उनीहरूलाई हाम्रो खँदिलो सम्बन्ध र गहिरो सामीप्यताको बोध नै छैन । उनीहरूका हरेक प्रयास विफल हुने नै छन् । यहाँको धरातल नै भत्काउन त सैयौं वर्ष लाग्ने छ । तर वर्तमानको पीर त यत्ति हो कि वर्तमान समयको धमिलोमा यहाँ यिनीहरूको प्रयासले क्षणिक भावावेगमा मानिसहरू नभड्किउन् ।

पश्चिमाहरूले हाम्रो देशमा किन यति चासो दिइरहेका छन्, किन उनीहरू हाम्रो धरातल भत्काउन खोजिरहेका छन् ? के उनीहरू त्यस्तो दयालु र मनैदेखि शुद्ध भएका वा हाम्रा गौतम बुद्ध र हाम्रा ऋषिमूनिहरूभन्दा उच्च ज्ञान र चेतना भएका मानिसहरू हुन् र ? अनि हामी त्यति साह्रै निकम्मा र नालायक नै हौं र ? जो आफ्नो देशको आत्मसम्मानको रक्षा गर्न सक्दैनौं, देशलाई सम्पन्न बनाउन सक्दैनौं र ?

हामी त सक्छौं । तर हामीमध्ये जो सक्छौं, जो यो सबै बुझ्दछौं – हामीलाई शासनको लोभ छैन । त्यहाँ हुने षड्यन्त्र र तल्लोस्तरको व्यवहारमा हामीलाई पर्नु नै छैन । त्यही डरले त जो क्षमतावान छौं, जो सत्यवादी छौं – हामीलाई राजनीतिमा जानै मन लाग्दैन । तर हाम्रो यो सोचले हेरौं त देशको हविगति कस्तो भयो ? अनि यो विश्वभर नै हाम्रो जस्तो सोच भएका करोडौं मानिसहरू छन् । तिनीहरूले पनि यस्तै सोच्नाले हेरौं त विश्वको हविगति कस्तो छ ?

पूर्वीय सभ्यता भत्काउनु नै उनीहरूको एकमात्र उद्देश्य हो । किनकि उनीहरूलाई थाहा छ पूर्वीय सभ्यताले सत्य बोकेको छ । उनीहरू अरुले सत्य बोकेको देख्न नसक्ने तर अन्ततः त्यसैको शरणमा नआई नहुने दयनीय सभ्यताका मानिसहरू हुन् । भारतमा एकछत्र शासन चलाउँदा पनि त्यहाँको जड उखेल्न सकेनन् तर विकृत सभ्यता दिएर गए । अब उनीहरूको पालो हाम्रो सभ्यता भत्काउनु हो । जबकि पश्चिमका सारा आम मानिसहरूले हाम्रै पूर्वीय सभ्यताको उच्च आदर्शले नै शान्ति दिन सक्दछ भन्ने ज्ञान पाइसकेका छन् ।

प्रत्यक्ष रूपमा त हाम्रो देशको स्वतन्त्रता र सार्वभौमिकतामाथि कसैले पनि हस्तक्षेप नगर्लान् तर यो देशको आन्तरिक अस्तित्वमा अहिले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा हस्तक्षेप भएको छ । विदेशी मुलुकसँग पञ्चशील (१. एकअर्को देशको सार्वभौम अस्तित्वप्रति सम्मान २. आपसी सहमति र सद्भाव ३. एकअर्काको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने ४. समानता र आपसी सहयोग ५. शान्तिपूर्ण सहअस्तित्वको भावना) को सिद्धान्तअनुरूप व्यवहार गरेर सम्बन्ध स्थापित गरी देशमा रहेको भूपरिवेष्ठित मुलुकले पाउने सुविधाको उपयोग गर्दै यो देशलाई भौतिक रूपमा पनि अन्य विकसित मुलुकसरह विकास गर्नुपर्ने सम्भावनाबाट चुक्दै यो देशका कतिपय अन्तरङ्ग मामलामा विदेशी हस्तक्षेपलाई स्वीकार गरेर वर्तमानका राजनैतिक पार्टीहरूले भूल गरेका छन् ।

अर्कोतर्फ भारतले हाम्रो देशलाई सिक्किम जस्तैगरी त पक्कै पनि ननिल्ला तर हामीलाई आर्थिक परावलम्वी बनाएर हाम्रो स्रोत र साधनलाई आफूखुशी प्रयोग गर्ने सोच चाहिँ पक्कै राखेको हुन सक्छ । देशमा जलस्रोतको उपयोगबाट अर्थतन्त्रलाई मजबुत पार्न सकिने भए तापनि यहाँका राजनैतिक नेताहरूको अदूरदर्शिताले गर्दा गण्डकी, कोशी, महाकालीजस्ता नदीहरूमा भारतको अधिकार कायम

भइसकेको छ भने अन्य नदीहरू पनि जलमाफिया र नेताहरूको चङ्गुलमा परेकाले न त विद्युत ऊर्जा नै बढाउन सकिएको छ न त सिँचाईको व्यवस्था गरेर देशलाई कृषिका माध्यमबाट आत्मनिर्भर बन्ने अवस्था नै सिर्जना गरिएको छ।

फेरि अहिले ती विदेशी शक्तिले हाम्रो देशमा रहेका सत्तास्वार्थी र धनलम्पटहरूमध्ये ज-जसलाई प्रयोग गरेर हाम्रो देशमा रहेको मौलिकता र यहाँको आन्तरिक शक्तिलाई कमजोर पार्न खोजिरहेका छन् तिनीहरू यति कमजोर छन् कि भोलि अमेरिकामा आर्थिक मन्दी आयो वा भारतमा राजनैतिक उथलपुथल भयो भने यी अहिलेका शक्ति भनिएका पार्टी र नेता भनिएकाहरू थला परिहाल्छन्। यिनीहरूको आफ्नो बोली नै छैन, अरुबाट सञ्चालित यिनीहरूको आफ्नो दर्शन नै छैन।

वास्तवमा, यी विदेशीहरूले हामीलाई अलिकति बोझ बढाएका मात्र हुन्। हाम्रो जग हल्लाउन त यिनीहरू के सक्लान् र ? हुन त यी पश्चिमीहरूले हाम्रो समाजको सहिष्णुता र सद्भावलाई मेट्नका लागि धेरै समयदेखि नै प्रयास गरेका हुन् तर अहिले कमजोर राजनैतिक अवस्था र नेपालीहरूको अस्थिर मनको फाइदा उठाउनका लागि नै कुरेर बसिरहेका छन्।

यथार्थमा जब सारा नेपालीहरू ब्युँझनेछन् तब तिनै स्वार्थीहरू नै दयाका पात्र बन्नेछन्। नेपाल नेपाल हो अफ्रिकाको कुनै कमजोर देश होइन जहाँ पश्चिमा मुलुकहरू विकास, अधिकार र सेवाका नाममा घुसून् अनि त्यहाँको मानव समाजलाई एकआपसमा लडाएर छिन्नभिन्न पारी धर्म घुसाउन्। हाम्रा ऋषिमूनिहरू र गौतम बुद्ध, जनक र अनेकौं वीरहरूले हालिदिएको जग त्यति सहजै हल्लिँदैन। हाम्रो सामाजिक सौहार्दता र हाम्रो सामाजिक सम्बन्ध गहन छ।

हाम्रो देशको दीर्घकालीन जग बसोस् भनेर विदेशीले सोचेका छैनन्। सोचून पनि किन ? सबै आफ्नो देशको स्वार्थ सोच्ने न हुन्। विश्वमा जसरी पनि आफ्नो प्रभुत्व कायम हुनुपर्छ भन्ने हठमा अमेरिका रहेको देखिन्छ। अमेरिकाले शीत युद्ध होउञ्जेलसम्म सोभियत संघलगायतका मुलुकलाई लक्षित गर्थ्यो। सोभियत संघलाई टुक्राएपछि अमेरिकाले आर्थिक उदारवाद, प्रजातन्त्र, मानवअधिकारको झोला बोकेर हिँड्यो। अहिले विश्वलाई आफ्नो प्रभावमा पार्नका लागि प्रयास गरिरहेको छ। अहिले त्यही झोलाको कुटुरो खोलिएको मात्र हो। जुन दिन हामीहरू जाग्नेछौं तब त्यो कुटुरो बाँधेर उनीहरू फर्किनेछन्। त्यसैले त भन्नु परेको छ – जागौं, उठौं र अघि बढौं।

## आफ्नोपनलाई कायम राखौं

हामी यहाँ नेपाली मूल्य र मान्यतालाई स्थापना गर्न पुनः पुरानो समयमा फर्केर प्राचीन ऋषिमूनिहरूका गुफा र कुटीतर्फ जाउँ भनेको होइन। परिवर्तनलाई त आत्मसात गर्नैपर्छ। अनि आधुनिक विज्ञानले ल्याएको परिवर्तनलाई पनि स्वीकार गर्नैपर्छ। हामी नेपालीको अहिलेको आवश्यकता हो कि भौतिकवादलाई समेत समेटेर हामी हाम्रो पूर्वीय दर्शन र मूल्यमान्यतालाई अपनाऔं। हामीमा जीवनको उच्च आदर्श छ। त्यही मानवीय आदर्शका साथ पूर्णतामा बाँचौं।

# कर्तव्यबोधको समय

हाम्रो कर्तव्य के हो ? एक व्यक्ति हुनाको नाताले, नेपालको एक नागरिक हुनाको नाताले र यो पृथ्वीकै एक सन्तान भएको नाताले हामीले गर्नुपर्ने कर्तव्य के हो ? त्यसको निर्क्योल गरौं । यो देशमा टुटिरहेको सामाजिक शक्तिलाई जोडौं, मानवतामा भइरहेको ह्रासलाई रोकौं र हाम्रा भावी सन्ततिलाई एक सुरक्षित र उज्ज्वल भविष्य दिउँ ।

## देशलाई जोड्नका लागि ........

### सबै पक्षमा सन्तुलनको आवश्यकता

सामाजिक, आर्थिक, भौतिक, आध्यात्मिकलगायतका सबैलाई सन्तुलनमा नल्याई केवल राजनीतिलाई मात्रै चलाइरह्यौं भने देशमा कुनै पनि बेला दुर्घटना हुन सक्दछ । त्यसैले लोकतान्त्रिक पद्धतिलाई अपनाएर समाजका सर्वाङ्गीण पक्षलाई सुदृढ बनाउनु आवश्यक छ । केवल राजनीतिमा मात्र केन्द्रित हुने पद्धति होइन कि समाजका सर्वाङ्गीण पक्षमा विकास हुनै पर्दछ । त्यसपछि मात्र एउटा नेपाली पद्धतिको निर्माण हुन जान्छ र देशले एउटा निश्चित मार्ग लिन्छ ।

हिजोको दिनमा राज्यको आँखा नपुगेका कतिपय मानव समूहहरू बरु सुखी थिए । आफ्नै परम्परा र जीवन दर्शनमा आनन्दपूर्वक बाँचिरहेका थिए । राउटेहरूलाई नै हेरौं न – जो जे जति छन् सुखी छन् । शासकको आँखा पुग्नासाथ उनीहरू पनि बिटुलिए । लोभ र प्रलोभनका जञ्जीरमा बाँधिदै छन् र भन्दैछन् – हामीलाई पनि शासनको अधिकार चाहियो । शासनको अधिकारले मात्र जीवन मूल्य दिन्छ भन्ने भौतिक सोचलाई हाम्रो देशको हरेक कुनामा पुऱ्याइयो । यो उदेक लाग्दो छ ।

### कर्म संस्कृतिको पुनर्जागरण

हाम्रा हजुरबाहरू फुर्सद भएका बेलामा चौतारो बनाउँथे । बटुवाका लागि धारा बनाउँथे । खाली ठाउँमा रुखबिरुवा लगाउँथे । गाउँमा खाली समय भयो भने पनि बाटो बनाउने, कोदालीले भीर खोस्रेर चौतारो बनाइन्थ्यो, ठाँटी बनाउने कार्यमा लागिन्थ्यो । आमा समूहहरू, युवा समूहहरू सामाजिक सेवामा अग्रसर हुन्थे । तर अहिले त्यो कर्म संस्कारलाई हामी भुलिरहेका छौं । हामी ती कर्म गर्नका लागि पनि या त राज्यको मुख ताक्छौं या त कुनै संघसंस्थाको सहयोगको अपेक्षा गरिरहन्छौं । तर हामीले अब पुनः आफ्नो कर्म संस्कारलाई जगाउनु पर्दछ । पाउँदा कर्म गर्ने नपाउँदा पनि श्रमदान त गर्नुपऱ्यो नि । शरीरलाई अभ्यास पनि त हुन्छ नि । अब त्यही कर्म संस्कारको पुनर्जागरण गर्नुपरेको छ ।

अहिले हामी एनजिओको आशामा बस्छौं । गाउँका बाटा पाटीपौवा बनाउनु पनि एनजिओ र आइएनजिओको दायित्वजस्तोगरी हामी पराश्रितता सिकिरहेका छौं । आफ्ना घर आँगन सफा गर्न, टोल छिमेकका बाटाहरू सफा गर्न पनि हामी सरकार वा कुनै गैरसरकारी निकाय आउला भनेर कुरिरहन्छौं । तर हामीले अब कर्म संस्कृतिलाई पुनःजागृत गर्नुपर्दछ र पराश्रितता हटाउनुपर्दछ ।

### अभ्यासमा आध्यात्मिक जीवन

आत्मबोधको प्रक्रिया सहज छ । एक व्यक्तिले आफू एक मानव हुँ र मानव हुनाको नाताले मानवीय कर्तव्यको बोध गर्नु नै आत्मबोध हुनु हो । यद्यपि यो कुरा दार्शनिक देखिन्छ र व्यावहारिक जीवनमा सबैका लागि त्यो सम्भवजस्तो पनि लाग्दैन । तर पनि यो सहज छ । आफ्नो दैनिक क्रियाकलापका चरणमा स्वाभाविक रूपमा नै आत्मबोधको अभ्यास हुनसक्दछ । जो व्यक्ति आफ्नो कर्ममा लीन रहन्छन् उनका लागि कुनै अभ्यासको जरुरत पर्दैन । गृहस्थले आफ्नो कर्तव्य विचलित नभई पालना गरे भने त्यसबाटै उनले आत्मानुभूति गर्दछन्, विद्यार्थीले आफ्नो अध्ययनलाई गहन रूपमा गरे भने, शिक्षकले

मेरो नेपाल

शुद्धचित्तले शिक्षा दिएभने, कर्मचारीले आफ्नो कर्म इमान्दारितासाथ पूरा गरे भने, शासकले शुद्ध सेवाभावले शासन गरे भने स्वतः आत्मानुभूति गर्न सक्दछन् । जो-जसको जे कर्म हो त्यसमा दत्तचित्त हुनेहरूमा स्वतः आत्मबोध हुन्छ, जीवन सुखमय हुन्छ र समाजमा शान्ति हुन्छ । कर्तव्य र कर्म आत्मबोधका प्रमुख माध्यम हुन् । छोराछोरीले बाबुआमाको सेवा गरून्, बाबु आमाले आफ्ना सन्ततिलाई सत् मार्ग देखाऊन्, साथीभाइले चरित्रको विकासमा मद्दत गरून्, शिक्षा पनि चारित्रिक र आत्मिक विकास गर्ने होओस् तब समाज स्वतः शान्तिका मार्गमा लम्किन्छ ।

अध्यात्म निकै सजिलो पनि छ । उदाहरणका लागि यहाँ रुख लगाउने नियमलाई नै लिउँ - एक व्यक्तिले प्रकृति पूजाको रूपमा जीवनमा कम्तीमा एउटा रुख लगाएर हुर्काउने गरेमा व्यक्तिले प्रकृतिप्रेम बुझ्दछ । हिँडिरहेको कमिला नकुल्चने, उडिरहेको पुतलीलाई हातमा समातेर नमार्ने, आफूलाई कुनै हानी नगरेका प्राणीलाई नसताउने । यसो गर्दा प्रकृतिका अन्य प्राणीको जीवनको श्रद्धा हुन जान्छ र समयक्रममा मानवमा प्राणीप्रेमको भावना प्रवल हुन गई सर्वत्र जीवन देख्ने दृष्टिको विकास हुन्छ । एक बृद्धलाई बाटो काट्न मद्दत गर्ने, एक असक्तलाई खाल्डोमा पर्नबाट जोगाउने । यसो गर्दा सेवाभावको जागरण हुन्छ । यही क्रममा अध्यात्मले सामाजिक नियमको रूप लिन्छ ।

## नागरिक शक्तिको बोध

राजनीति एउटा अवयव मात्र हो । हाम्रा सामाजिक र आर्थिक पद्धतिहरूलाई पनि शक्तिशाली बनाउनै पर्छ । साथै नागरिकलाई पनि शक्तिशाली बनाउनु पर्छ । नागरिक पनि एक सरकार नै हो । समाजको समग्रताको नेतृत्व जो-जोबाट हुन्छ त्यसको समष्टिरूप नै सरकार हो । त्यसैले नागरिक शक्तिलाई पनि प्रत्यक्ष रूपमा स्थानीय सरकारको भूमिकामा रूपान्तरित गर्नुपर्छ । यसका लागि स्थानीय निकायलाई शक्तिशाली बनाउने, निर्वाचन पद्धतिलाई शक्तिशाली र सुदृढ बनाउनु पर्छ ।

वर्तमानमा अस्तित्वमा रहेका सबैजसो राजनैतिक व्यक्तिहरू विचरा हुन् । उनीहरू नागरिकको मत पाएर सत्तामा त आउलान् तर उनीहरूको चेतना निकै दयनीय स्थितिको छ । उनीहरूको चेतना ध्वंश छ । त्यसैले आम नागरिकले उनीहरू सबैलाई चिन्तन, ध्यान, योग, स्वाध्याय, आत्मनियन्त्रणका विधिहरू सिक्नका लागि पठाउनुपर्छ । उनीहरू ज्ञानी बनेर आएछन् भनेमात्र सत्ताका लागि प्रेरित गर्नुपर्छ । तर जब उनीहरूमा साँच्चि नै चेतना जाग्नेछ तब उनीहरू आजसम्मको अज्ञानताका कारणले गरेका मानवता विरुद्धका क्रियाकलापको बोध भएपछि त्यही ग्लानि पखाल्दा पखाल्दै उनीहरूको बाँकी जीवन बित्नेछ ।

अहिले केही ज्ञानी र जीवन बुझेका सन्त महात्माहरू नागरिक र समाजलाई सुसभ्य र चेतनशील बनाउनका लागि व्यक्तिगत तवरबाट नै सत्कर्म, सत्संगत, चिन्तन, ध्यान र योगको अध्यास गरी एक चारित्रिक र सन्तुलित जीवन जिउनका लागि प्रेरित गरिरहेका छन् । उनीहरूले राज्यको दायित्व निभाइरहेका छन् । उनीहरूको देनको सम्मान गर्दै अब राज्य नै यस पक्षमा अगाडि बढोस् र नेपाली चेतनालाई उजागर गर्ने दिशामा कार्य गरोस् भन्दै खबरदारी गर्नु पर्दछ । जबसम्म राज्यले नै यो पक्षलाई अगाडि बढाउँदैन तबसम्म हामी एक समुन्नत, विकसित र सभ्य नेपालको परिकल्पना गर्न सक्दैनौं ।

राज्यशक्तिलाई सही मार्गमा ल्याउन सक्ने शक्ति नागरिक शक्ति नै हो । त्यसैले यो शक्ति मौन रहनु हुँदैन । अनि आफ्नो देशलाई चाहिएको मार्ग पनि नागरिक शक्तिले नै दिनुपर्दछ । किनकि अहिलेसम्म देशमा प्रयोग गरिएका मार्गहरूले देशलाई उन्नतितिर होइन कि अवनतितिर धकेलिदिएका छन् । त्यसैले देशलाई चाहिने मार्ग कुन हुनसक्छ भन्नेमा अब नागरिकहरूले नै सोच्नु पर्दछ । सधैं राजनीतिका नाममा अगाडि आउने अज्ञानी र अचेतहरूको भीडलाई पछ्याइरहने होइन कि हाम्रो देश नेपाललाई कसरी अगाडि बढाउने हो भन्नेमा पनि नागरिक नै चनाखो हुनैपर्छ ।

## ज्ञानको पुनर्जागरण

गौतम बुद्ध त्यसै जङ्गल गएका होइनन् । राजपाट, शासनभन्दा पनि उच्च केही हुन्छ है भनेर ज्ञानको खोजी गरेका थिए । उनले बाह्य पूजा होइन कि आफूभित्र समृद्धता ल्याउ भनेका छन् । तिमी सर्वश्रेष्ठ छौ त्यसैले तिम्रा इन्द्रियले होइन कि तिमी स्वयम्ले आफूमा शासन गर भनेका छन् । त्यस्तै अनेकौं ऋषिमुनिले विकास गरेको चिन्तन, यम र नियमका बिधि, योग र ध्यानका बिधिले आफूमा नियन्त्रित गरी स्वशासनको मार्ग दिएका छन् । त्यति मात्र होइन आत्मबोध र स्वात्मानुभूतिका लागि प्रेरित गर्ने बिधिहरू समेत सिकाएर मानवलाई एक उच्च चेतनायुक्त प्राणीको रूपमा प्रमाणित पनि गरेका छन् ।

मेरो नेपाल

यति शक्तिशाली विचार, यति गहन मार्ग हामीले पाइसकेको अवस्था छ । हाम्रै भूमिमा त्यो गहनता स्थापित भइसकेको थियो । हाम्रो यो निधिलाई पाश्चात्य दर्शनले वा पाश्चात्य भौतिक सम्पन्नताले एउटा छेउ पनि हल्लाउन सक्दैन । र कुनै तुलना पनि हुनै सक्दैन । हाम्रा यिनै बौद्धिक र ज्ञानका निधिलाई स्थापित गर्न कतिपय कर्मठ व्यक्तिहरू दत्तचित्त भएर लागिरहेका छन् ।

**तर ......**

देशका कतिपय ज्ञानी भनाउँदाहरू पेटको पूजामा मात्रै निमग्न रहेका छन् । ज्ञानको प्रवाहलाई आफ्नो कर्तव्य होइन कि राज्यको कर्तव्य ठानेर मौन अकर्मण्यता देखाइरहेका छन् । हाम्रो त्यो ज्ञानको ज्योतिलाई निभ्न नदिई देदीप्य पार्नु पर्नेमा कोही हामी किन यस्ता कुरामा अल्मलिने भन्दै आत्मकेन्द्रित बनेका छन् भने कोही छिछरा नेताकै शरणमा परेर राजदूत, प्राध्यापक, प्रशासक बन्नका लागि होड गरिरहेका छन् । एउटा बौद्धिक व्यक्तित्व हुनुको कर्तव्यसमेत निक्र्योल गर्न नसकी रुमलिएका छन् ।

ज्ञानको मार्गले संकटमा, अभावमा दिशा निर्देश गर्नुपर्ने हो । तर उल्टो भएको छ । ज्ञानले निर्देश गर्नेभन्दा पनि कसरी स्वार्थ पूर्ति गर्ने भन्नेमा विभाजित भएको छ । कोही चाहेर पनि बोल्न सकिरहेका छैनन् । कोही त्यसैमा लिप्त भएर मिठाई खाएर स्वर बसेको जस्ता भएका छन् ।

राजनैतिक, आर्थिक, बौद्धिक सबै व्यक्तिहरू पार्टीभन्दा माथि उठेर हाम्रा पुर्खाले जोगाएर राखेको राष्ट्रियताको गौरवलाई उठाउने बेला आएको छ । अब अहिले पनि नसोचे कहिले सोच्ने त ?

**कृपा र अनुग्रह होइन कर्तव्य चाहिएको छ**

कसैले गरेको अनुग्रह र कृपाबाट राष्ट्रको उन्नति हुन सक्दैन । सम्पूर्ण नागरिकको कर्म राज्यमा समाविष्ट हुनुपर्छ । नागरिकको श्रम, कर्तव्य र स्वाभिमानमा उभिएको राज्य नै बलवान हुन्छ । देशमा अहिले नागरिक शक्तिको आवश्यकता छ ताकि एउटा स्वर्णिम नेपालको परिकल्पनाले साकार रूप लिनेछ । कुनै पनि अन्य देश वा विदेशी सहयोगी संस्थाको सल्लाह र सहयोगमा देश चलाउने कार्यले स्वाभिमानी भावना र स्वावलम्बी स्वभावलाई दबाइदिन्छन् । त्यसैले अहिले यहाँ कर्तव्य चाहिएको छ कृपा र अनुग्रह होइन । यस दिशामा हामी हाम्रो मुलुकलाई लम्काउन सक्षम छौं । नागरिक अधिकार, समृद्धि र राष्ट्रको आत्मसम्मान – यी तीन पक्ष राज्यका कर्तव्य हुन् । यिनको रक्षा गर्नु हाम्रो दायित्व हो ।

**अबको हाम्रो दायित्व**

एकछिन सोचौं नेपाली नेपालीबीचको मिलन बिन्दु के हो त ? यहाँका राजनैतिक पार्टीहरूका समाजवादी र साम्यवादी धार ? वा राजतन्त्रको पुरानो अवशेष ? वा पशुपतिनाथ र सगरमाथा ? वा गौतम बुद्ध र हिन्दु धर्म ? केचाहिँ छ जसले नेपालीलाई नेपालसँग जोड्दछ र नेपाललाई नेपालीसँग ? हामी नेपालीहरू कुनचाहिँ भावनाले एक हुने ?

यहाँ न त विदेशीहरूले युद्ध छेड्ने सम्भावना छ जुन युद्धका कारण हामीहरू एकजुट भई राष्ट्रियताका लागि लडौं । न त यहाँ शान्तिको प्रवाह नै छ जसका कारण हामी एकजुट भई शान्त र समुन्नत नेपालको निर्माण गरौं । हामीहरूमा भावनात्मक एकताको कडी नै छैन । त्यसैले त हामी लक्ष्यविहीन र मार्गविहीन बनेर भौंतारिइरहेका छौं । अझ हामीले हाम्रा भावनालाई वर्तमानमा त्यस्ता राजनैतिक पार्टीहरूलाई जिम्मा लगाएका छौं जसमा न त चरित्र छ न त जीवन नै । हामीले जीवनविहीन बुँख्याचाहरूबाट हामी नेपालीको भावना समेटिने आशा गरिरहेका छौं । त्यो हाम्रो असम्भव आशाले न हामीलाई न त हाम्रो देशलाई नै जोगाउँदछ । त्यसले त यहाँ रहेको मानवतालाई नै ध्वस्त पार्ने सिवाय अरू केही गर्दैन ।

यथार्थमा हामीमा सामाजिक एकता छ, धार्मिक सहिष्णुता छ, देशप्रति माया छ, विश्वप्रति सद्भाव छ । त्यसैले अबको हाम्रो दायित्व हो कि सम्पूर्ण नेपाली दाजुभाई, दिदिबहिनीहरू एकजुट भएर देशलाई नयाँ चेतनाको युगतर्फ लम्काऔं । वर्तमानका राजनैतिक परिपाटिका स्वार्थमा नअल्मलिइकन नयाँ धरातलको निर्माण गरी अगाडि बढौं । सामाजिक, धार्मिक, वैचारिक रूपमा एउटै नेपाली मार्गलाई अपनाएर अगाडि बढौं ।

**देशका लागि कर्तव्य गर्ने समय**

मेरो नेपाल

देश अहिले चौबाटोमा खडा छ । देशलाई एउटा नयाँ मार्गमा लम्काउन सकिने अवस्था रहेको छ । देशले एउटा दिशा लिने अवस्था सिर्जना भएको छ । यही समयमा हामीले हाम्रो देशको दर्शनलाई अगाडि बढाएर भौतिकवादलाई समेत समेटेर एक सामाजिक पद्धतिको स्थापना गर्नु जरुरी छ । तर केवल भौतिकतालाई मात्र अँगाल्ने पद्धतिलाई हामीले त्याग्नैपर्छ ।

अहिलेको भौतिकवादले :

- हामीबीचमा विखण्डन ल्याइदियो
- हामीलाई पश्चिमी भौतिकताको नाङ्गोपन सिकाइदियो
- हामीलाई श्रम बेच्ने भौतिक बस्तु बनाइदियो

अहिलेको पद्धतिले हामीलाई टुक्राएको छ । त्यसैले हरेक समुदाय, किसान, बुद्धिजीवी सबैले पुनर्चिन्तन गर्नुपर्ने बेला आएको छ । विगत केही वर्षदेखिको अभ्यासले देशलाई बर्बाद पारेको छ । हिजो राणा भन्यौं, पञ्चायत भन्यौं, राजा भन्यौं, प्रजातन्त्र भन्यौं । तर हाम्रो जग खोइ ? नेपाली धरातल खोइ ? त्यसैले राष्ट्रका लागि योगदान गर्ने बेला आएको छ ।

निस्सन्देह, हामी विश्वव्यापीकरणको प्रवाहलाई रोक्न सक्दैनौं । तर त्यसलाई हामी हाम्रो समृद्धताका लागि प्रयोग गर्दै अगाडि लम्किन सक्दछौं र विश्वभर हाम्रो नेपाली सुवासलाई छर्न सक्दछौं ।

**ज्ञानीहरू मौन नरहौं**

राजनीतिको चरित्रमा देशको चरित्र रहेको हुन्छ । त्यसैले नेपाली राजनीतिमा षड्यन्त्र र कपटको खेल मात्र देखिन्छ भने त्यसको असर आम नेपालीमा पनि पर्दछ । जसरी अहिले पनि अनेकौं व्यक्तिहरू राजनीतिभन्दा पृथक रहेर आ-आफ्ना कर्ममा लागिरहेका छन्, त्यसैगरी राजनीतिले देश र समाज आहत भए तापनि यहाँका ऋषिमुनिहरू र विद्वानहरू समाजबाट अलग्गै रहेर आफ्नो कर्तव्यको पालना गर्न कहिल्यै चुक्दैनन् । हुन त ज्ञानीको खोल ओढेर राजा वा सत्ताका खेलाडीसँग मिलेर आफ्नो स्वार्थको कुटुरो फुकाउन कतिपय व्यक्तिहरू गएका होलान् । तर तिनीहरू नाम मात्रका ज्ञानी हुन् । तिनीहरूको चरित्रले वास्तविक ज्ञानीको प्रतिनिधित्व गर्दैन ।

वर्तमान परिप्रेक्ष्यलाई हेर्‍यौं भने पनि हामी सहजै भन्न सक्दछौं कि असल र गुणी मानिसहरू अर्थात् आन्तरिक रूपमा जागृत भएका मानिसहरू नेपालमा जताततै छरिएर रहेका छन् । राजनीतिको प्रहारबाट प्रत्यक्ष प्रभावित भए तापनि अज्ञानीहरूको खेल भनेर चुपचाप आफ्ना कर्ममा लागिरहेका छन् । तर जब वर्तमान इतिहास बन्दछ तब उनीहरूको यो भावना पनि त्यही रक्तरञ्जित र षड्यन्त्रको इतिहासमा पिल्सिएर जान्छ । न त आफ्नो भावनाले सार्वभौमिकता पाउँछ न त आफ्नो कामनाले मात्र मानव र अन्य प्राणीहरू सुखी हुन्छन्, फगत एउटा भावना प्रकृतिमा जीवित भइरहन्छ । तर त्यसले मूर्तरूप पाउँदैन ।

'मैले ईश्वरीय शक्तिको सन्देश पाएँ' र 'म त्यो सन्देश प्रवाह गर्ने दूत हुँ' भन्ने धार्मिक अहमतालाई 'हरेक तŒव ईश्वरीय प्रतिविम्ब हो' भन्दै आत्मिक जागरण ल्याउँदै हरेक राजनैतिक व्यवस्था पनि त्यही ईश्वरीय शक्तिको प्रवाह गर्नका लागि हो भन्ने भावनाका साथ राजनीतिमा पनि प्रभाव राख्नु वर्तमानमा जरुरी छ । अन्यथा 'शान्ति' 'शान्ति' भन्दै प्रार्थना गर्दागर्दै राजनीतिकै खेलमा निर्माण गरिएका अणुबमले तिनै प्रार्थना गर्ने ओठहरू नै बाँकी रहँदैनन् ।

नेपाल सुखी रहोस् र नेपाली खुसी रहून् । यही नै अहिलेको हाम्रो मूल मर्म हो । तर संसारका सबै मानव खुसी रहून भन्ने हाम्रो ध्येय हो । अहिले हाम्रो देशमात्र सुखी रहनका लागिमात्र पनि विश्वका तमाम देशहरू सुखी रहनुपर्दछ । त्यसैले पहिले यहाँको भूमि जागोस् अनि त्यसले सारा विश्वलाई जगाओस् ।

मेरो नेपाल

# अब हाम्रो मूल्य र मान्यता स्थापित हुनुपर्छ

सबै मानव निर्मित संघसंस्था एवम् मानवीय मूल्य र मान्यतालाई संचालन र निर्देशन गर्दै देशको सर्वाङ्गीण पक्षको समुन्नति हेर्ने प्रमुख संस्था राज्यको सरकार हो । जसको सिर्जना मानवमात्रको हित र कल्याणका लागि मानवको आदिम अवस्थादेखि सुरु हुँदै वर्तमान सम्म विकसित र परिष्कृत हुँदै आइपुगेको छ ।

सामूहिक चिन्तन नै पूर्वीय दर्शनको विशेषता हो । सामूहिक चिन्तनबाट निस्किएको ज्ञानले नै सभ्यतालाई पुनर्जीवन दिन सक्दछ । हाम्रै आफ्नो सभ्यताको पुनर्जागरणका लागि अब सामूहिक चिन्तनको जरुरी छ । अहिले सीमित वर्गले समाजको ठूलो वर्गलाई रुमलाइरहेको छ । सीमित वर्गका चङ्गुलमा परेर हाम्रो देशले आफ्नो पहिचानलाई नगुमाओस् भन्नका लागि पनि यो सम्बोधन आवश्यक छ ।

अहिले सबै ठाउँमा भौतिकताले मात्रै अग्रता लियो । जसले गर्दा मानिसले आफूलाई विर्सने अवस्था आयो । त्यसैले आफू को हुँ भन्ने बुझेर आफ्नो भौतिक गुणलाई कायम राख्दै आत्मिक पहिचानलाई पुनर्जीवित गर्नु पनि अहिलेको आवश्यकता हो । भौतिकवाद अरुको सम्पन्नतालाई हडप्ने, अरुको एकतालाई टुक्राउने तत्वको रूपमा विकसित भएको छ । भौतिकताको विकल्पमा आत्मिक समृद्धि खोज्नुपर्ने बेला आएको छ । अहिले यो समयको माग हो ।

हाम्रो संयोजन गर्ने, अरुको अस्तित्वलाई पनि मान्ने भावनालाई हाम्रा पुर्खाहरूले हजारौं वर्षदेखि जीवित राख्दै आइरहेका छन् जहाँ सार्वभौम हितलाई महŒव दिइएको छ । उनीहरूको यो भावना एक समृद्ध विश्वका लागि हो । हामीले आफूलाई आफूभित्रै खोज्नुपर्दछ । अरुको सम्पन्नता र खुशीमा पनि हामी रमाउछौं । अरुका सुखमा हामी आनन्दित हुन्छौं । त्यही आत्मिक समृद्धिमा हाम्रो देशलाई लम्काएर सारा विश्वलाई नै त्यो मार्गमा लम्किनका लागि उत्प्रेरित गर्नु परेको छ ।

हाम्रो देश यस्तो देश हो जहाँ ऋण काढेर भएपनि घिउ खाउ भन्ने चार्वाक पनि स्वीकारिन्छन्, त्यागमा नै मानवको खुशी अन्तरनिहीत छ भन्ने बुद्ध पनि पुकारिन्छन् भने जीवनको सारता भनेको अर्थपूर्ण जीवनमा छ भन्ने ऋषिमूनिहरू पनि पुजिन्छन् । यहाँ सद्भाव छ, सहिष्णुता छ र सच्चरित्रता छ । हाम्रो आदर्श नै यति उच्च छ कि पश्चिमी देश हाम्रो मुलुकको तुलनामा आउनै सक्दैनन् । पश्चिमले विश्वविद्यालयको अनुहारै नदेख्दा हामी तक्षशिला, नालन्दा र विक्रमशिला विश्वविद्यालयमा ज्ञान लिइरहेका थियौं ।

हामी हाम्रो आफ्नोमा गर्व गर्न सिकौं । हाम्रा पुर्खाले सिर्जना गरिदिएको हजारौं वर्षको तपस्याको उपलब्धिलाई उपयोग गरौं र सुख र शान्तिका मार्गमा हिडौं । हामी त्यही गोरेटोमा हिडौं ताकि विश्वले एउटा वृहद् मार्ग देखोस् ।

त्यसैले यी मूल्य र मान्यताको स्थापना गर्नका लागि कार्यान्वयन गर्ने एउटा राजनैतिक पद्धति आओस् भन्नेमा अब हामी नेपाली सचेत हुनैपर्छ । नेपाली पुर्खा, हाम्रो संस्कार र नेपाली मनले खोजेको व्यवस्था चाहिएको छ हामीलाई । हाम्रो एकतालाई प्रवर्द्धन गर्ने र हामीलाई सबल बनाउने पद्धति हामीलाई चाहिएको छ ।

हाम्रो माटोको सुवासै फरक छ, सुगन्ध फरक छ । तर हामी कस्तुरी आफ्नो विनाको सुगन्धलाई खोज्न भौंतारिएजस्तै गरी पश्चिमी देशले लगाइदिएको विकासको जामा लगाएर नाचिरहेका छौं । तर हामी त हाम्रै चिन्तनमा जिउन सक्ने, हाम्रै पद्धतिमा बाँच्न सक्ने गरी सम्पन्न छौं ।

**समृद्ध देश**

यात्रीहरू निर्भय रूपमा यात्रा गरून्, नागरिकहरू रातमा पनि ढोका खुलै राखेर सुत्न सकून्, राज्य कर्मचारी पवित्र भावले सेवा गरून् – यस्तो समृद्ध अवस्था सिर्जना गर्नु छ । सबै मानिसहरू एक आपसमा मानवताको भावनाले व्यवहार गरून् । केवल यत्तिमात्रै चाहिएको छ हाम्रो देशलाई । यही नै एक समृद्ध नेपालको पहिचान हुनेछ ।

मेरो नेपाल

# निकास के त ?

निकास हामी प्रत्येक आम नागरिकमा अन्तर्निहित छ । हामीहरू शान्तिप्रिय छौं । एक अर्कालाई प्रेम गर्छौं । अरुको सभ्यताको पनि सम्मान गर्छौं । अरुको धर्म र संस्कृतिप्रति पनि श्रद्धा गर्दछौं । यसका साथै हामी हाम्रो नेपाललाई असाध्यै माया गर्छौं र यहाँको मूल्य र मान्यता अनि सामाजिक आदर्शप्रति गर्व गर्छौं । त्यही मूल्य र मान्यतालाई स्थापित गर्दै हाम्रो देशलाई समृद्ध र समुन्नत बनाउने दायित्वबोध पनि हामी आम नागरिकले गरेका छौं ।

अनि सत्यनिष्ठ, गुणवान र आदर्श व्यक्तिहरू हाम्रो देशमा यत्रतत्र छन् । सच्चाइमा बाँच्ने, नैतिकता र इमान्दारितालाई आफ्नो गहना सम्झिने मानिसहरूबाट नै समाजले सही मार्ग पाउन सक्दछ । अहिले देशको मूलधारमा नसमेटिएका ती सज्जन मानिसहरूलाई एकपटक यो देशको जिम्मेवारी सुम्पिउँ ताकि हाम्रो देशको अस्तित्व कायम रहन सकोस् । हामी नेपालीहरू सुखी रहन सकौं ।

हामी आम नागरिक जागेर तिनै जागेका र जीवन बुझेका व्यक्तिहरूलाई नेतृत्व लिन आग्रह गरौं । यही मात्र एक विकल्प हो, हाम्रो देशको उन्नतिको । अन्य कुनै पनि प्रयासले देशलाई नेपालै कायम राखिराख्न सक्दैन ।

अब हामी नेपालीले पुरानो राजसंस्थालाई फिर्ता ल्याएर फेरि देशलाई अल्मलाउने सपना नदेखौं न त वर्तमानमा शक्ति हौं भनेर देशमा भाँडभैलो मच्चाइरहेकाहरूलाई नै राज्यसत्ता दिएर देशको अस्तित्व नै नामेट पारौं । अहिले हामी जसलाई राजनैतिक शक्ति भनेका छौं, तिनीहरू त केवल भौतिकताका विकार हुन् । वर्तमान समयमा नेता भनिएकाहरू त्यही विकारका प्रतिनिधि हुन् नेता होइनन् । यी सर्वकालिक होइनन् । असत्य लामो समय टिक्दैन पनि । यस्तालाई पनि शक्ति भनेर शक्ति शब्दकै अपमान नगरौं । यिनीहरूलाई विदा गरेर देशका तमाम सज्जन र असल मानिसहरू एकजुट भई देशको सत्तालाई साँचो अर्थमा नागरिकको हातमा लिउँ र यो देशलाई हाम्रै नेपाली लोकतन्त्रले परिकल्पना गरेको सामाजिक पद्धतिका मार्गमा लम्काउँ ।

प्रत्येक नेपाली जो जहाँबाट सक्छ त्यहीँबाट उठौं र यो देशको दुर्दशालाई बदलौं । यो नसोचौं कि राजनीति हाम्रो चासो होइन, यो सोचौं कि देश हाम्रो चासो हो, हाम्रो आदर्शको रक्षा हाम्रो चासो हो, हाम्रो स्वाभिमान हाम्रो चासो हो । हाम्रै देशमा अन्तरनिहीत लोकतान्त्रिक पद्धतिलाई अपनाई देशका हरेक कुनाकुनाबाट नागरिक शक्ति अगाडि बढौं । यसैमा देशको भविष्य निर्भर छ ।

- शान्तिपूर्ण आन्दोलन वा निर्वाचनबाट नागरिक सरकारको स्थापना गरौं । नागरिकबाटै प्रत्यक्ष निर्वाचित हुने कार्यकारी प्रमुखको व्यवस्थासहितको लोकतान्त्रिक पद्धतिलाई अपनाउँ ।
- गाउँलाई शक्तिशाली बनाउँ । यतिसम्म कि शिक्षा, स्वास्थ्य, रोजगारी, न्याय व्यवस्थाजस्ता कुराहरू गाउँमै उपलब्ध हुने व्यवस्था गरौं ।
- समानतामा आधारित, मानवअधिकार र स्वतन्त्रताको प्रत्याभूत भएको समाज अनि भौतिक विकासले ल्याएको प्रविधिको प्रयोग गरी एक समृद्ध, न्यायपूर्ण र आदर्श नेपालको स्थापना गरौं ।

### कस्ले गर्ने ?

मङ्गल ग्रहबाट कोही बर्सिंदैन र बृहस्पतिबाट पनि कोही झर्दैन । त्यसैले गर्ने त हामी नेपालीले नै हो । बुझेका, होश भएका, चेतना आएका आम नेपालीहरू नै आफै अगाडि सरेर देशको जिम्मेवारी लिनुपर्छ । आ ऽऽऽऽऽ यस्ता राजनीतिमा हामी किन पर्ने भन्दै बस्नाले त हाम्रो देशका यत्रा शताब्दीहरू अमानवीयताको खाडलमा जाकिन पुगे । हाम्रा पुर्खाले दिएको त्यो महान ज्ञान र चेतना यत्रा शताब्दीमा शिथिल बनेर रहनुपऱ्यो । त्यसैले त विश्वभरका मानिसहरूले दुःख पाउनुपऱ्यो ।

आज आएर मानवमा जीवन तत्व नै नदेख्ने र एउटा शरीरलाई यौनको पिण्ड मात्र देख्ने पश्चिमी भौतिकवादीहरूले यहाँ आएर जीवनको अर्थ सिकाउनु परेको छ । शरीरको प्रयोजन के हो ? जीवन के हो ? मृत्यु के हो ? ईश्वर के हो ? आत्मा के हो ? परमात्मा के हो ? सृष्टि के हो ? ब्रह्माण्ड के हो ? भन्ने सम्पूर्ण ज्ञानलाई अगाडि राखेर मानव हित र प्रकृतिको हित सोच्ने हाम्रा पुर्खाको यो धरोहरलाई त्यागेर शरीर मात्रमा भुलाउने त्यो भौतिकवादी चेतनामा डोरिंदै हामी नेपालीहरू कता गइरहेका छौं ? अनि किन गइरहेका छौं ? अनि हाम्रा दृष्टिविहीन शासकहरू त्यही शरीरको भौतिक आवश्यकता गास, बास र

मेरो नेपाल

कपास पनि पूरा गर्न नसकेर सत्ताका लागि कहिले जनयुद्ध भन्दै त कहिले के भन्दै मानिसहरूको त्यो शरीरमा भएको जीवनलाई नै समाप्त पार्दछन् । एक मानव भएर जिउनुको स्वाभिमान छैन, कमजोरहरू पिल्सिनु परेको छ, निर्धाहरूलाई न्याय छैन, चेलीहरूको अस्मिताको रक्षा छैन । अझै पनि आ ऽऽऽऽऽ गरेर बस्ने हो भने हामी नेपालीलाई ईश्वरले मात्रै होइन शैतानले समेत धिक्कार्ने छ । अनि अहिलेका यी स्वार्थका पुत्लाहरू चाहिँ अट्टहास गरि नै रहनेछन् । यदि यस्तैगरी नै हाम्रो देश र विश्वलाई चलिरहन दिने हो भने हामी नेपाली मात्र होइन विश्वका तमाम मानिसहरू अन्धकारमय भविष्यको खाडलमा जाकिने छन् ।

**निष्कर्षमा भन्नुपर्दा –**

हाम्रो देशमा सामाजिक सद्भाव छ, समाजमा सच्चरित्रताको भावना छ, सम्पूर्ण मानव एउटै जाति हो भन्ने दृष्टिकोण भएको भाइचारा छ, सामाजिक र आर्थिक रूपमा समाजका हरेक अङ्गअङ्गबीच समन्वय छ । यस्तो अमूल्य र आदर्श अवस्थामा पनि हामी सधैं संक्रमणकालीन अवस्थामा रहनु परेको छ । किन त ? प्राकृतिक स्रोत र साधनको प्रचुरता छ । हामी नेपालीहरू कर्मठ छौँ, परिश्रमी छौँ, सीप पनि छ । यस्तो सम्पन्नतामा पनि हामी सधैँ अभावमा बाँचिरहनु परेको छ । किन त ? मानव सबै एक हुन्, विश्व सबैको साझा घर हो । सबै मिलेर बाँच्नु पर्दछ, सचेतना र विवेकका साथ जिउनुपर्दछ भन्ने भावना छ । यस्तो शुद्ध र परिपक्व विचार हुँदाहुँदै पनि हामी किन सधैँ अराजकता र अव्यवस्थामा बाँचिरहनु परेको छ त ?

किनकि हाम्रो देशमा अन्तरनिहीत अवयवहरूलाई स्वार्थी राजनीतिले प्रभाव पारिरहेको छ । अनि राजनीतिमा हाम्रो देशको आत्मा होइन कि पश्चिमी दर्शनको भौतिकवादी सोच हावी भएको छ । त्यसैले हामी हाम्रै आत्माअनुरूपको राजनैतिक व्यवस्थाको सिर्जना गरी नेपाली आत्माको नेतृत्वलाई स्थापना गरेर हाम्रो देशलाई एक समुन्नत, सम्पन्न र समृद्ध अवस्थामा पुऱ्याएर विश्वमा नै एक शान्तिपूर्ण र आदर्श मुलुकको रूपमा परिणत गर्न सक्दछौं ।

मेरो नेपाल

# जागौँ, उठौँ र अघि बढौँ .......

हामी नेपालीहरू धेरै नै सुतिसक्यौँ । धेरै सहन गरिसक्यौँ । अब हामी जागौँ । हाम्रो यो देशमा रहेको मानवतालाई जोगाउँ । अनि देशलाई समुन्नत बनाउन उठौँ । अनि यो देश र विश्वलाई नै एक नवीन र मानवीय मार्गमा लम्काउनका लागि अघि बढौँ । युगले हामीलाई यही कर्तव्यका लागि निम्त्याइरहेको छ । हामी नागरिकहरू आफ्नो शक्तिको बोध गरौँ । जागौँ, उठौँ र अघि बढौँ ।

## क. शान्त र समृद्ध नेपालको सपना पूरा गर्नका लागि ......

नेपाली राष्ट्रियता सम्पूर्ण नेपाली नागरिकहरूको एकीकृत व्यक्तित्व हो । सदियौँदेखि रहँदै आएको पारस्परिक सद्भाव, मानवीयता नै नेपाली नागरिकहरूबीचको एकताको सूत्र हो । यहाँका नदीनाला, पाखापर्वत, मैदान-फाँट सम्पूर्ण नेपालीको राष्ट्रिय भावनाका प्रतिविम्ब हुन् ।

अहिले देशलाई सम्पूर्ण रूपमा विभक्त पारिएको छ । आम मानवबीच सदियौँदेखि रहेको सद्भाव र भाइचाराको भावनालाई छिन्नभिन्न पारिएको छ । देश अनेक थरी स्वार्थीहरूबाट घेरिइसकेको छ : –

१. यहाँको अस्थिरताको फाइदा उठाइ यहाँ सधैँ आफ्नो स्वार्थलाई स्थापित गरिरहने विदेशी शक्तिको रणनीति ।
२. यहाँ रहेको नेपाली सद्भाव र सहिष्णुताको भावनामा खेल्दै धर्मका आडमा छिरेर आफ्नो प्रभावलाई अनन्त कालसम्म कायम राखिराख्ने पश्चिमी देशको नीति ।
३. यहाँ अस्थिरताको सिर्जना हुन दिने र त्यसको फाइदा उठाई देशमा सर्वसत्तावादी कम्युनिज्म व्यवस्था लाद्ने रणनीति ।
४. यहाँका नागरिकहरूलाई राजनीतिका अनेक बहानामा भुलाउँदै सत्ता स्वादमा मात्रै रमाइरहने र त्यही सत्ताको खेलमा खेल्ने राजनैतिक पार्टीहरूको चरित्र ।

यी स्वार्थीहरूबाट यो देशको राष्ट्रियता बचाउनु अहिलेको दायित्व हो । साथै अबका दिनमा यस्ता स्वार्थीहरूले नेपाल देशको अस्तित्व नै विलीन पार्ने सपना नदेखुन् भन्नका लागि यो देशलाई समृद्धिको मार्गमा लैजानु पनि सचेत नेपालीको कर्तव्य हो ।

अहिले यो देशलाई एउटा यस्तो एकीकृत शक्तिको आवश्यकता छ जसमा यो देशका असल मानिसहरू एकजुट भएर राष्ट्रलाई दिशा दिऊन् अनि गति दिऊन् ।

सर्वप्रथम यहाँको समाजलाई सचेत बनाउनु जरुरी छ ताकि मानवीयतामा आधारित समाजको निर्माणका लागि एक आधारशिला तयार होओस् । त्यसपछि यहाँ जागेको चेतनाको आधारमा नै व्यवस्थाको निर्माण होओस् । अहिलेको व्यवस्थाले चेतनालाई जगाउँदैन र त्यो स्वतन्त्र धरातल पनि दिँदैन जसमा विचार उत्पन्न होओस् । हो, अहिले देखिएका विचारको जगमा राजनैतिक र सामाजिक व्यवस्था निर्माण गर्न सकिएला तर समयले परीक्षण गरिसकेका यी विचार र शक्तिहरू दीर्घ सोच र मानवतालाई केन्द्र बनाएर निर्माण गरिएका होइनन् । तात्कालिक परिस्थितिको उपजका आधारमा आएका भीडवादी सोच भएका शक्ति हुन् । त्यसैले पनि अहिले अस्तित्वमा रहेका विचारहरूका आधारमा स्थापित हुने व्यवस्थाले मानवको सर्वाङ्गीण पक्षलाई समेट्ने लक्षण राख्दछन् भन्ने कुरा मान्न सकिँदैन ।

त्यसैले हामीलाई हाम्रा पुर्खाले दिएको मानवतामा आधारित, मानवीय उच्च चेतनाले भरिपूर्ण सामाजिक व्यवस्थाको स्वरूपको व्यवस्था स्थापित गरौँ । अनि सपना देखौँ एक समृद्ध नेपालको । अनि त्यो समृद्ध नेपालमा सम्पूर्ण नेपालीको सपनालाई एकीकृत गरौँ र अघि बढौँ । तब हामी एउटा सुन्दर देश निर्माण गर्न सक्छौँ । सोचौँ कि यो युग एक अस्थाई युग हो । अस्थाई युगमा मानिसको चेतना पनि अस्थिर छ । यो युगले अन्तिम सास लिइरहेको छ । अबको युग मानवताको युग हो - मानवीय उच्च चेतनाको युग । नयाँ युग अतीतका क्रुर संस्कारका चक्रबाट गुज्रिएर आफ्नो जीवनशक्तिमा ह्रास ल्याउनु नपरोस् र आफ्नै उच्च चेतनाको प्रयोगबाट जीवन जिउन सक्षम होओस् भन्ने कुरामा हामी सचेत भएर अगाडि बढौँ ।

यो देशको नयाँ भविष्य कोर्नु छ । नयाँ आधारशिला तयार गर्नु छ । आजसम्म राष्ट्रको सम्मानको रक्षा अहिलेसम्मको शासनले गर्न सकेन । त्यसैले अब त्यो अस्मिताको रक्षा गर्नुछ ।

मेरो नेपाल

## स्वतन्त्रताको विगुल बजाऔँ .....

अहिले हाम्रो देशको अवस्था न त विदेशीहरूले उपनिवेश बनाएको जस्तो छ न त विदेशीहरूले आक्रमण गर्ने स्थिति नै छ। यदि त्यसो हुन्थ्यो भने हरेक नागरिकहरू स्वतस्फूर्तरूपमा अगाडि आएर ती पराई शत्रुलाई परास्त गर्ने थिए। तर अहिले देश त हाम्रै देशका स्वार्थी मानिसहरूबाट बन्दी बनिरहेको छ।

यदि वर्तमानका राजनैतिक पार्टीहरूका काँधहरूले यो देश र यहाँका मानिसहरूप्रति कुदृष्टि राख्ने शक्तिलाई बोक्दैन्थ्यो भने हाम्रो देश आन्तरिकरूपमा मजबुत हुने थियो। कस्तो विडम्वना देशलाई उँभो लाउँछु भनेर नागरिकसँग झूटो बोलिरहेका नेपाली भूमिकै कतिपय व्यक्तिहरूका काँध देश र नागरिकका विरुद्धमा बन्दुक पड्काउन प्रयोग भएको छ। अनि हामी ती घातीहरूलाई, ती मानवताका शत्रुहरूलाई आफ्नै देशका भनेर क्षमा दिन्छौँ। त्यसैले सर्वप्रथम त हाम्रो देशलाई स्वतन्त्र गरौँ। हो, वास्तवमा हाम्रो देशलाई आधुनिक दासताबाट स्वतन्त्र गर्नु परेको छ।

- देशमै रहेर नेपाली नै भएर पनि देशको मूलधारको राजनीति, प्रशासन, सामाजिक क्षेत्र, सञ्चार क्षेत्रमा कार्यरत कतिपय मानिसहरू विदेशी स्वार्थको रक्षाका लागि देशको स्वाभिमानमाथि प्रहार गरिरहेका छन्। उनीहरूबाट देशको स्वतन्त्रताको रक्षा गरौँ।
- सामाजिक सहयोगका नाममा यहाँ छिरेका कतिपय विदेशी संघसंस्थाहरूले देशमा रहेको सामाजिक सहिष्णुतामाथि प्रहार गरेर देशको शक्तिलाई कमजोर बनाइरहेका छन्। ती अनावश्यक शक्तिबाट देशको स्वतन्त्रता र सहिष्णुताको रक्षा गरौँ।
- नेपालको आत्मालाई नै निमिट्यान्न पारी नेपाली धर्मलाई निस्तेज गरी विदेशी धर्मलाई स्थापित गर्ने षड्यन्त्रलाई परास्त गरी नेपाली स्वतन्त्रताको रक्षा गरौँ।

यी सम्पूर्ण शक्तिहरूबाट देशको स्वतन्त्रतालाई रक्षा गर्न र अघोषित रूपमा दास बनाइएको हाम्रो मुलुकलाई पूर्ण रूपमा स्वतन्त्र गराउनका लागि स्वतन्त्रताको शङ्खघोष गरौँ। देशलाई स्वतन्त्र नगरिकन हामीले उन्नतिका मार्गमा लानै सक्दैनौँ।

## अकर्मण्यता त्यागौँ .....

कुनै पनि देशले प्रगति गर्नका लागि कुनै निश्चित मार्गमा हिँडिरहनुपर्दछ। त्यो मार्गमा डोऱ्याउने नेता आत्मकेन्द्रित र स्वार्थी हुनुहुँदैन। जीवन, जगत् र विश्व परिवेशलाई आत्मसात् गरेको नेताले मात्र देशलाई उन्नतिका पथमा लम्काउन सक्दछ। तर हाम्रो देशमा त्यस्तो नेता कोही देखिएको छैन जसले देश, विश्व, जीवन र जगत् बुझेको छ। जसले बुझेको छ ऊ राजनीतिमा आउन चाहँदैन। ऊ राजनीतिलाई तल्लो स्तरको कार्य, कपट र स्वार्थको जञ्जाल, षड्यन्त्र र भ्रष्टपनको मैदान सम्झिन्छ। हाम्रो देशमा यस्ता ज्ञानी मानिसहरू मनग्गे छन्। उनीहरू देश र नागरिकका पीडाले आहत पनि हुन्छन् तर उनीहरू नेतृत्व गर्न चाहँदैनन्। ईश्वरले वा नियतिले नै नेतृत्वको जिम्मा दिने हो वा परिस्थितिले माग गर्ने हो नेतृत्व भन्ने विश्वासमा बस्दछन्। यी ज्ञानीहरू हिंसा र हत्या, षड्यन्त्र र अत्याचारबाट मर्माहत हुन्छन् र लामो सुस्केरा हाल्दछन् अनि आकाशतर्फ फर्किएर ईश्वर पुकारा गर्दछन्। प्रार्थना गर्दछन्, मङ्गलकामना गर्दछन्। एवम्‌रीतले उनीहरूको पनि जीवन बित्दछ र राष्ट्रको पनि। एउटा पाटो हिंसा र अत्याचारको शृङ्खला थपिएर इतिहास बन्दछ।

तर अब यिनै मानिसहरू देशको नेतृत्व लिनका लागि अगाडि आउनु पर्दछ। आम नागरिकका बीचबाट नेतृत्व आउनु पर्दछ। जहिले पनि सत्ताको लुछाचुँडीमा रहेर देशको अस्मिताको ख्यालै नगरी विश्वमा गरिब मुलुक भनेर भिक्षा माग्नुमा नै गर्व गर्ने परम्परालाई अब त्याग्नुपर्छ। हामी नेपाली त्यति निकम्मा र कामै नलाग्ने भइसकेका छैनौँ। त्यसैले आफ्नो शक्तिको पहिचान गरी यो देशको अस्मिता र राष्ट्रियतालाई बचाउँदै अघि बढ्नु अहिलेको आवश्यकता हो।

## एउटा शक्तिको खोजी गरौँ............

नेपाली मानसिकता ज्यादै उदार रहेको छ । वि.सं. २०४७ सालअगाडि ‘वीरे चोर देश छोड’ भनेर नारा लगाउनेहरू वि.सं. २०५८ मा वीरेन्द्रको हत्या हुँदा नेपाली नागरिकले ‘हाम्रा अन्तिम सहारा वीरेन्द्र नै थिए’ भन्ने भाव व्यक्त गरेका थिए । वि.सं. २०६१ सालमा राजा ज्ञानेन्द्रले शासन आफ्नो हातमा लिँदा नेपाली नागरिकले ताली बजाएर खुला हृदयले स्वागत गरेका थिए । किनकि यहाँका पार्टीहरूसँग नागरिकहरू वाक्क बनेका थिए । तर फेरि राजाले गल्ती गर्दै गएका र आम मानवको जीवन झन कष्टकर बन्दै गएपछि सदियौँदेखि सत्ताको केन्द्र बनेको राजसंस्थालाई नै फाल्न नेपाली नागरिक कत्ति पनि हिच्किचाएनन् । फेरि हत्या र हिंसाको शृङ्खला मच्चाएर आएको नेकपा एमाओवादीलाई खुला राजनीतिमा आएपछि देशको सत्ता सुम्पन पनि नेपाली नागरिक कत्ति बेर पनि गरेनन् ।

नेपाली नागरिकहरू कुनै पनि अस्थाई चरित्रको सिद्धान्त वा परिपाटिप्रति मात्र निष्ठावान् रहँदैनन् बरु उनीहरू परिस्थितिअनुसार मूल्याङ्कन् गर्दछन् भन्ने कुरालाई यी कुराले पुष्टि गर्दछन् । साथै यसबाट यो पनि देखिन्छ कि चेतनाको यो युगमा नेपाली नागरिकहरू एउटा दीर्घकालीन विकल्प चाहन्छन् जसले नेपाली आत्मालाई आत्मसात् गरेको होओस्, नेपाल र नेपालीको हृदयलाई महसुस् गरेको होओस् ।

## राजनीति एक सहजै स्वीकार्य तŒव हो

जतिसुकै घृणा गरौं, जतिसुकै कुरा काटौं सबैभन्दा बढी सुनिने कुरा राजनीति नै हो । राजनीति एक यस्तो विषय हो जसलाई विश्वका हरेक मानिसले सहजै स्वीकार गर्दछन् । जतिसुकै नकारात्मक कुरा गरेपनि राजनीति भनेको एक यस्तो शक्ति हो जसका आधारमा नै मानव सभ्यता अगाडि बढिरहेको छ । राजनीतिलाई स्वीकार गर्नुको विकल्प अहिलेसम्म मानवले पाएको छैन ।

### ........तर वर्तमानका नेताहरू र पार्टीको शुद्धीकरणमा ऊर्जा नफालौँ

अहिले हामी आम नेपालीका आवाजहरू वर्तमानका नेता र राजनैतिक पार्टीहरूको दृष्टिकोण सच्चाउनका लागि मात्र केन्द्रित भइरहेका छन् । तर यिनीहरूमा कुनै सुधार आउने आशा गर्नु नै व्यर्थ छ । नेता जगाउन, पार्टीहरूलाई सच्चाउनका लागि अभियान सञ्चालन गर्नुको साटो यही नेपाली भूमि सुहाउँदो राजनैतिक शक्तिको स्थापना गर्नु जरुरी छ । हाम्रो शक्तिलाई यी क्षमताविहीन र दृष्टिविहीन नेताहरूसँग पौंठेजोरी खेल्नका लागि खर्च नगरौं । देशको मुहार फेर्नका लागि हाम्रो शक्तिलाई लगाऊँ ।

वर्तमानका राजनैतिक शक्तिहरूबाट देशको भलो हुन्छ भन्ने आशामा बस्नु भनेको देशलाई अझै सैयौं वर्षपछाडि धकेल्नु हो । नेपाली चरित्र र आत्मा नै नभएकाहरूबाट देश र यहाँका नागरिकले सुखको मार्ग पाउनेछन् भन्ने कोरा कल्पना र झुटो आशामा बस्ने हो भने नेपाल र हामी नेपालीको भलो कहिल्यै पनि हुँदैन । हामीहरू झनझन अशान्ति र द्वन्द्वका खाडलमा जाकिँदै जानेछौं ।

### युवावर्गलाई आह्वान

हरेक बाबुहरू आफ्नो सन्तानमा आफ्नो सपना देख्दछन्, हरेक आमाहरू आफ्नो सन्ततिमा आफ्नो प्रतिविम्ब देख्दछिन् । जब स्वयम नै आफ्नो सपना पूरा गर्न असक्षम हुने देख्दछन् तब जस्तोसुकै महŒवाकांक्षी व्यक्ति पनि आफ्नो सपना हस्तान्तरण गर्न खोज्दछन् । विश्वका हरेक बाबा-आमा आफ्नो सपना आफ्ना सन्ततिमा देख्दछन् । विश्वभर सपना हस्तान्तरण हुँदै रहन्छन् । हाम्रो देशमा पनि त्यही भइरहेको छ । सपनाहरू हस्तान्तरित हुँदै गइरहेका छन् । तर अहिले त हामी त्यो सपना हस्तान्तरण गर्नेभन्दा पनि त्यसलाई साकार रूप दिनैपर्ने युगमा आइपुगेका छौं । त्यसैले देशका सम्पूर्ण सचेत युवाहरू जो जहाँ छौं त्यहीँबाट यो हाम्रो प्यारो देशलाई सत् मार्गमा लम्काउनका लागि पहल गरौं ।

### सचेत मानवहरूलाई आग्रह

आफूभित्रको ‘म’ लाई मौन राखेर वर्तमान विश्वमा होमिनु परेको छ । आत्मकेन्द्रित भएर आफ्नो मुक्तिको लागि ज्ञान आर्जन गरेर आफूमा अन्तरनिहीत आध्यात्मिक शक्तिलाई ब्रह्माण्डीय शक्तिमार्फत् प्रवाहित गर्नु एक किसिमको कर्तव्य भयो । तर वर्तमानमा केवल त्यो शक्ति पर्याप्त छैन किनकि दानवीय चरित्रले पृथ्वीमा आफ्नो रजाइँ गरिरहेको छ । त्यसैले आफू र आफ्नो मानवीय शक्तिलाई वर्तमान संसारको अज्ञानता हटाउनका लागि प्रयोग गर्नुपर्दछ । अबको यो युगमा चेतनाको ज्योतिलाई कहिल्यै ननिभ्ने गरी देदीप्य पारौं ।

साधारण मानव दयालु, कोमल, सहयोगी र उदार हुन्छन् तर उनीहरूको त्यो भावनालाई अझै बिस्तृत बनाउनुभन्दा पनि त्यो सरलतालाई राजनीति वा सत्ताका लागि दुषित पारिन्छ । त्यो मानवीय स्वभाव र सहज प्रवृत्तिलाई जबर्जस्ती नकारात्मक दिशामा प्रवाहित गरिन्छ । यस्तै कारणले समयक्रममा देशको नागरिकको ठूलो हिस्सा स्वार्थी र आत्मकेन्द्रित बन्न जान्छ । फलतः समाज र देश द्वन्द्वको भुमरीमा अल्मलिइरहन्छ ।

त्यसैले आफूमा रहेको शक्तिलाई यो देशको चेतना जगाउनका लागि केन्द्रित गरौँ ताकि यो देशले एक सुनिश्चित भविष्य पाओस् र शान्तिका मार्गमा लम्किन सकोस् ।

**को अगाडि आउने त ?**

यो देशको दुर्भाग्य हो कि जसले यो देशलाई अत्यधिक प्रेम गर्छन् उनीहरू नै यो देशको मूलधारमा छैनन् । विडम्बना नै मान्नुपर्छ ! जसले यो देशलाई सबैभन्दा बढी माया गर्छन्, जसले यो देशलाई आफ्नै आमालाई भन्दा बढी श्रद्धा गर्दछन्, उनीहरू नै यो देश बनाउनका लागि अघि बढ्न सकेका छैनन् । उनीहरू सहजै भनिदिन्छन् - 'राजनीति एक फोहोरी खेल हो, त्यहाँ हामी टिक्न सक्दैनौँ' । ठीक छ, राजनीति नामको फोहोरी खेल त नखेलौँ तर राष्ट्र बचाउनु सबैको दायित्व हो । हाम्रा चेलीहरू वलात्कृत भइरहेछन्, दाजुभाइहरू मारामार गरिरहेका छन् । यो अवस्थामा 'राजनीति फोहोरी खेल हो' भनेर पाखामा बसेर हेर्न पनि त सुहाउँदैन नि ।

देशलाई पुर्णतया भौतिकवादीहरूले चलाइरहेका छन् जोसँग जीवनलाई जीवनकै रूपमा हेर्ने दृष्टिकोण नै छैन । मानव शरीरलाई एउटा भौतिक पिण्ड ठान्ने व्यवस्थाका हिमायतीहरूले देशलाई निश्चय नै उचित मार्ग दिन सक्दैनन् । यो बोध पनि हामीलाई छ । तर पनि हामी मौन रहेका छौँ । यो पक्कै पनि सुहाउँदो कुरा होइन । आात्मिक विकास बिना न त हाम्रो देश सुखी रहन्छ न त हामी सुखी रहन सक्दछौँ न त यो विश्व नै सुखी रहन सक्दछ । त्यसैले अब अहिले आएर हाम्रो कर्तव्यको बोध गरेर अगाडि बढ्नु जरुरी छ । कर्तव्य अर्थात् यो देशको नेतृत्व लिएर यो देशलाई मानवताको दिशामा लगाउने युगको अभिभारालाई वहन गर्नैपर्छ ।

एक सभ्य र समृद्ध मानव समाजको स्थापनाका लागि असल र दृढ मानवको खाँचो पर्दछ । दृढ मानवहरूको अटल स्वभावले जस्तोसुकै परिस्थितिलाई पनि सामना गर्न सक्दछन् । तिनै दृढ मानवले नै सभ्य र समृद्ध समाजको निर्माण गर्न सक्दछन् । अहिलेको हाम्रो आवश्यकता भनेको दृढ मानवहरूको एकता र जागरण हो ।

खराब, भ्रष्ट र हिंसावादीहरू एकजुट भएर अगाडि बढ्दछन् र समाजलाई पनि भ्रष्ट र पतित् बनाउँछन् । अब असल, सदाचारी र शान्तिप्रेमी मानिसहरू एकजुट भएर अघि बढ्नुपर्छ र समाजलाई नवीन दिशा दिनुपर्छ । आजसम्म समाज नकारात्मक धारतर्फ लम्किनुमा असल मानवहरू एकजुट भएर नेतृत्वदायी भूमिका नखेल्नु नै हो ।

देशको पीरले कल्पिँदै रुनेहरू 'राष्ट्रवादको' चौतारोमा विश्राम लिन आउनैपर्छ । इमान्दार भएर राष्ट्रसेवा गरेर विश्राम लिएकाहरू पनि यो मोर्चामा समेटिनुपर्छ । धर्म-अध्यात्म भट्याएर नेपाललाई 'आमा' संज्ञा दिनेहरू, साहित्यका माध्यमबाट देशलाई 'स्वर्ग' देख्नेहरू, कलाकारिताको माध्यमबाट सत्यको विजय भएको हेर्न चाहनेहरू, यो देशलाई मुटुमा सजाएर देशको सेवा गर्नेहरू सबैसबै अब देश र नागरिकका खातिर अगाडि आउनुपर्छ ।

सत्यको सत्ता स्थापित नहोउञ्जेलसम्म - नेपाली मूल्य र मान्यताको स्थापना नभएसम्म वर्तमानलाई टेकेरै अगाडि बढ्नुपर्छ ताकि सत्यको निष्ठाले आफ्नो प्रकृति नभुलोस् । त्यसैले त्यही देश र मानवताप्रति निष्ठावान मानिसहरू एकजुट भएर अगाडि आउनुपर्छ र देशको नेतृत्व लिनुपर्दछ ।

**हामीलाई नेतृत्वको खाँचो परेको छ**

मेरो नेपाल

वास्तवमा हामी निकै उच्च चेतनाको युगमा पुगिसकेका थियौँ । हामी सामाजिक प्राणीको रूपमा पनि एकअर्काप्रति सम्मान गर्ने र विश्वबन्धुत्वको भावनाले जिउने अवस्थामा पुगिसकेका थियौँ । हामी मानवीय उच्च चेतना र मानवीय भावनाका प्रणेता थियौँ ।

तर अहिलेका हाम्रा नेतृत्व मानव-मानवबीच जातीय र नश्लीय विभेदका कुरा गरेर मानवतालाई टुक्राइरहेका छन् । सत्तामा पुग्ने मानिस ज्ञानी, सर्वगुण सम्पन्न हुनुपर्नेमा आसुरी गुणका मानिसहरू नै आफूलाई नेता भन्ने र हामी नागरिक पनि उनीहरू जस्तालाई नै नेता मान्ने प्रवृत्ति रहेको छ । यसले गर्दा हामी मानवीय विकासमा क्रमशः तलतिर गइरहेका छौँ । हाम्रो उच्च अवस्थालाई त्यागेर हामी विनासको मार्गमा लम्किरहेका छौँ । हाम्रो नेताहरू विखण्डनमा सत्ता देख्दछन् तर हामी उनीहरूलाई नै स्वीकार गरिरहेका छौँ ।

हामी उँचो संस्कृति र ज्ञानको उच्च चेतना जागृत भएका भूमिका सन्तति हौँ । हामी अझै पनि त्यसलाई पुनर्जागरण गरी त्यही उच्च सभ्यताको स्थापना गर्न सक्दछौँ । त्यसैले त्यो सम्भावनाको खोजीका लागि पनि हामीले त्यसमार्गमा हामी स्वयम्लाई लम्काउनु जरुरी छ ।

एउटा सर्वज्ञानी, सर्वद्रष्टा र दूरदृष्टि भएको शासक वा व्यवस्था हामीले यो देशमा स्थापित गर्नु छ जसले हाम्रो पूर्वीय दर्शनलाई पुनर्ताजगीका साथ स्थापना गरोस् र यो देशका नागरिकलाई सम्पन्नताको मार्गमा लगेर विश्वलाई नै हाम्रो देशको उच्च चेतना र उच्च संस्कृतिले नेतृत्व गर्न सक्ने मार्गमा प्रवृत्त गरोस् । त्यस चेतनशील शासकका चरित्रलाई सबैले अङ्गीकार गर्न सक्ने हुनुपर्दछ । ऊ सर्वगुण सम्पन्नको हुने हुनाले उसले सबैलाई परिचालन गर्न सक्दछ र न्यायपूर्ण शासन व्यवस्थाको स्थापना गर्न सक्दछ ।

एउटा फिल्ममा पनि नायकलाई अरुभन्दा सशक्त र सर्वगुण सम्पन्न देखाइएको हुन्छ भने देशको नेता त निश्चय नै सर्वगुणसम्पन्न हुनै पर्छ । हाम्रो देशमा त बहुसंस्कृति र बहुसामाजिक परिवेश रहेको छ । यस्तो परिवेशमा त सबैलाई मिलाएर, सबैलाई संयोजन गरेर लान सक्ने नेतृत्वको आवश्यकता पर्दछ । तर अहिले त जसले भाँड्न सक्छ उसैलाई नेता मान्ने प्रवृत्ति छ । यस्ता नेताबाट देश उँभो लाग्ने त कल्पनै गर्न सकिन्न, बरु हामी डुब्छौँ ।

नेपालको महानताको गुण गाउने नेपाल आमाका सन्ततिको आवश्यकता परेको छ । देशको महानतालाई विश्वसामु उजिल्याउने कर्मठ र वीर सपूतको आवश्यकता परेको छ । नेपाल देशलाई महान बनाउने विचारको प्रादुर्भाव गर्ने महान आत्माको आवश्यकता परेको छ ।

## ख. जागौँ, उठौँ र अघि बढौँ

अहिलेका शक्ति मानिएका नेकपा एमाओवादी, नेपाली काङ्ग्रेस, नेकपाएमाले, राप्रपा, मधेसवादी दल, लगायतका सारा शक्तिहरू असफल भइसके र उनीहरू सैद्धान्तिक रूपमा पतन भइसके । यिनीहरूले अब आफ्नो सैद्धान्तिक र वैचारिक धरातल नेपाली माटोअनुरूपको नभएको स्वीकार गर्दै नेतृत्व गर्ने क्षमता पनि नभएका क्षमताविहीन हौँ भन्ने कुरालाई स्वीकार गरेर राजनीतिबाट सन्यास लिनुपर्छ । तर यी सत्तामोहीले विदा लिएनन् भने पनि सम्पूर्ण नेपालीले यिनीहरूलाई विदा दिनैपर्छ । जसरी हिजो हामी नेपाली नागरिकले राजसंस्थालाई नै विदा दिएका थियौँ त्यसैगरी हाम्रो देशको आत्मसम्मानको रक्षा गर्न नसक्ने यी सारा शक्ति भनिएकालाई विदा गर्नैपर्छ ।

२४० बर्षको आफ्नो पुस्तैनी सत्तालाई तात्कालिक राजाले जब देश र नागरिकको हित हुन्छ भने सत्ता त्याग्न सहजै स्वीकार गरेका थिए र अहिले जसरी सर्वसाधारण बनेर जिइरहेका छन् त्यसैगरी वर्तमानका असक्षम राजनैतिक नेताहरूले पनि नेपाली नागरिकको हितका लागि आआफ्ना गाउँमा गएर क्षमता र योग्यताअनुसारको काम गरी जीविकोपार्जन गर्नु उपयुक्त हुन्छ । खेती गर्न सक्नेले खेती गर्ने, कसैले गाइबस्तु चराउने, पढाउन सक्नेले पढाउने, खेल्न सक्नेले खेल्ने, कोही घरमै नातीनातिना खेलाएर बस्ने, सक्रिय शारीरिक र मानसिक काम गर्न नसक्नेहरूले कपासको बत्ती कातेर दिन बिताउने, भजनकीर्तन गाउँदै बस्ने, बालबच्चालाई, बाटो हिँड्ने बटुवालाई सच्चरित्रताको कथा सुनाउने, सामाजिक सद्भाव र सहिष्णुताको पाठ पढाउने गर्नुपर्दछ । देशका लागि उनीहरूको यही योगदानको खाँचो छ ।

गाउँका खेतबारी बाँझै छन् – नेपाली नागरिकलाई राजनीतिका नाममा अकर्मण्यता सिकाउनेहरू यिनै राजनैतिक पार्टीहरू हुन् । कहिले जनयुद्धका नाममा गाउँबाट बिस्थापित गरेका छन् त कहिले सत्ता स्वाद नपाएको झोकमा हामी नेपालीलाई सडकमा उतारेका छन् । कहिले के बन्द भनेका छन् कहिले के । जसले गर्दा हाम्रो कर्मसंस्कृतिमा ह्रास हुन पुगेको छ । अब यी राजनीतिक पार्टीका नेताहरू सबैलाई पर्म सिकाएर कर्म गर्न लगाउनु परेको छ ।

हुन त कतिपयलाई यो कुरा सुन्दा आश्चर्य लाग्ला र कतिपयले त होइन यिनै पार्टी र यिनका नेता नै हुन् हाम्रो देशका देउता पनि भन्लान् । तर हेरौँ त अहिले मूलधारमा देखिएका पार्टी र तिनका नेताको चरित्र !

गुण, सहिष्णुता, सद्भाव, देशप्रेम, मानवताप्रेम, भाइचाराको भावना, विश्वमा नेपालको अस्तित्व दर्साउन सक्ने क्षमता, देशलाई आर्थिक समृद्धि दिनसक्ने क्षमता, सामाजिक सद्भाव कायम राख्दै समुन्नतिमा लान सक्ने क्षमता – के यी गुण छन् यिनीहरूमा ?

जीवनलाई सम्मान गर्ने शिक्षा, सबै प्राणीहरू सृष्टिका अनुपम रचना हुन् भन्ने ज्ञान, विश्वका सारा मानवहरू बन्धुबान्धव हुन् भन्ने दृष्टि, प्रकृतिको रक्षा गर्दै भावी पुस्तालाई उच्च सामाजिक र नैतिक आदर्श दिनुपर्छ भन्ने सोच – के यी कुराहरू छन् यिनीहरूमा ?

तर यसको ठीक उल्टो के के अवगुण छन् यिनीहरूमा हेरौँ त – .................

अब यिनीहरूलाई अझै पनि देशले किन पाल्ने ? नेपाली नागरिकले यिनीहरूलाई अझै किन झेलिरहने ?

हुनसक्छ कतिपयले तर्क गर्लान् – हिजो १०४ बर्षे राणा शासन फालेका शक्ति, ३० बर्षे पञ्चायती निरंकुश व्यवस्था फालेका शक्ति, २४० बर्षे राजतन्त्र फालेका शक्तिलाई त्याग्नु हुँदैन । तर के ? यिनीहरूले जेजति संघर्ष गरे केका लागि रहेछ त ? सरसर्ती हेरे हुन्छ – कसका कति घर ठडिए, कसका कति जमीन किनिए, कसका बैंकमा कति सम्पत्ति छ, कसका नातेदार देशका ठुला पदमा पुगे, कसका सन्ततिले राज्यबाट फाइदा लिए ............ । अनि हेरौँ देशको अवस्था कहाँ पुऱ्याइएको छ ...

यत्रा बर्ष भए रत्नपार्कमा हात पसारेर माग्ने मगन्तेलाई राज्यले व्यवस्था गरेर सम्मानित जीवन दियो भन्ने देखिएको छैन । यत्रा बर्ष भयो देशमा नारीहरू बलात्कृत भएका समाचारहरू आउन छाडेका छैनन् । यत्रा बर्ष भयो देशको सीमानामा नेपाली लुटिए भन्ने समाचार बन्द भएका छैनन्, अभावका कारण आमाले शिशुसहित नदीमा हाम फालेर मरिन् भन्ने समाचार पनि बन्द भएका छैनन् । बोक्सी भन्दै नारीहरू जलाइएका समाचारहरू आउन छाडेका छैनन् ।

देशलाई मगन्तेसरह बनाएर विदेशीसँग माग्नु पर्छ भन्ने संस्कृतिको विकास गरिएको छ । आफ्नो देशको स्रोत र साधनको परिचालन गर्न नसकेर, आफ्नो शक्तिको प्रयोग गर्न नजानेर देशलाई सधैं गरिबीमै राख्ने तर विदेशीसँग माग्ने प्रवृत्तिले हामी आम नेपालीको शिर निहुरिएको छ । यो कस्ले गर्दा हो ? तपाईं हामी आम नागरिकले या यिनै देशका लागि सङ्घर्ष गरे भनिएका राजनैतिक शक्तिहरूले ?

अझै पनि यी शक्तिलाई सुनिरहने ? ? ? ? ? ? ? ? ? ?

फेरि अहिले आएर पूरानो राजतन्त्रलाई ल्याउँ भनेर कसैले भन्छ भने पनि कृपया त्यसो नगरौं । राजतन्त्रलाई एक्काइसौं शताब्दीको यो चेतनाको युगमा कुनै पनि रूपमा स्वीकार गर्न सकिँदैन । जन्मँदा नै आफूभन्दामाथि कोही छ भन्ने दमित भावनाका साथ एउटा आम बच्चा हुर्कनु नपरोस् भन्नेमा सचेत रहनु पर्दछ । अनि अर्कोतर्फ कोही व्यक्ति गर्भमै शासक बन्नु उचित होइन । दैवीय अधिकारको झुटो दावा गर्ने राजतन्त्र सचेत समाजले स्वीकार गर्दैन ।

देशका अभिभावक हामी नागरिक हौं । देशका रक्षक पनि हामी नेपाली नागरिक नै हौं । कसैको पनि सत्ताको भोक मेटाउनका लागि हाम्रो चेतनालाई बन्धक हामी अब राख्दैनौं ।

मेरो नेपाल

अब वर्तमानका राजनैतिक शक्ति पनि चाहिँदैनन्, पूरानो राजसंस्था पनि हुँदैन भने कस्ले देश चलाउने त ? अनि पद्धति कस्तो हुने त भन्ने प्रश्न पनि स्वभाविक छ।

पद्धति निस्सन्देहः लोकतान्त्रिक नै हुनुपर्छ। अनि राजनैतिक शक्तिको रूपमा आम नागरिकहरूकै बीचबाट नयाँ शक्तिको उदय हुनुपर्छ। आमनागरिकले देशमा रहेको सचेत वर्ग, आध्यात्मिक रूपमा जागेको वर्गलाई नेतृत्वका लागि आग्रह गर्नुपर्छ। उनीहरूका हातमा मात्र यो देशको भविष्य सुरक्षित छ। ती मानिसहरू हाम्रै समाजमा यत्रतत्र छन् – सत्यवान छन्, नैतिकवान छन्, इमान्दार छन्, सबैप्रति समताको भावना राख्दछन्।

नेता हुनका लागि त सत्यवादी, नैतिकवान, अहिंसावादी, सात्विक, ज्ञानी र दूरदृष्टि भएको हुनुपर्दछ। अध्ययन र आन्तरिक क्षमताबाट नै यो गुणको उजागर हुन्छ। त्यसैले तिनै जागेका मानिसलाई नेतृत्वका लागि आग्रह गर्नुपर्छ। अनि उनीहरू पनि युगको आवश्यकता बुझ्रेर नेतृत्वमा अगाडि आउनुपर्छ।

अब हामी यसरी जागौं कि देशमा यहींको मूल्य र मान्यताअनुरूपको लोकतन्त्रको स्वरूपलाई विकास गरौं। अनि राम्रा मान्छेलाई एकपटक यो देशलाई निश्चित पद्धतिमा ल्याउनका लागि राजनीतिमा आउन आग्रह गरौं। सचेत होऔं कि देशमा एउटा निश्चित पद्धतिको निर्माण होओस्। लोकतान्त्रिक चरित्रको विकास होओस्। असल मानिसलाई अगाडि बढाऔं। हामी आफ्नो क्षमताअनुसारको कर्म गरौं। किसान खेती गरौं, उद्यमी उद्यम गरौं, शिक्षक असल शिक्षा दिउँ, व्यवसायी शुद्ध व्यवसाय गरौं, सीप सिकौं र आफ्नो क्षमताको उजागर गरौं। हामी आफू पनि सक्षम बनौं र देशलाई पनि सक्षम बनाउने अभियानमा लागौं।

अझै पनि देशमा कर्तव्यनिष्ठ र इमान्दार कर्मचारीहरू, प्रशासकहरू, सुरक्षा निकायका राष्ट्रसेवकहरू देश र यहाँका नागरिकहरूप्रति आफ्नो कर्तव्य निभाइरहेका छन्। उनीहरूलाई देशको वर्तमान दशाप्रति पीर छ। देशको सेवा गरेर सेवा निवृत्त भएका धेरै मानिसहरू यो देशको दशामा आहत भइरहेका छन्।

हरेक पार्टीमा पनि देशलाई प्रेम गर्ने प्रशस्त राष्ट्रप्रेमी व्यक्तिहरू छन्। उनीहरू पनि वर्तमानका राजनैतिक शक्तिले देशलाई बर्बाद पारेकोमा असन्तुष्ट छन्। हरेक पार्टीमा रहेका देशप्रेमी व्यक्ति र युवाहरू पनि बिरक्त छन्। उनीहरूको ऊर्जा त्यसै खेर गइरहेको छ। उनीहरूको ऊर्जालाई पनि राष्ट्रको हितका दिशामा लगाउनु जरुरी छ।

सत्ताका वरिपरी घुमिरहने आफ्नो स्वभावलाई सहजै त यिनीहरू त्याग्ने छैनन्। तर हामी नेपाली नागरिकले चाहे चुनावका माध्यमद्वारा होस् वा शान्तिपूर्ण आन्दोलनबाट होओस् वर्तमानका राजनैतिक शक्तिहरूलाई पाखा नलगाइकन देशको भलो हुँदैन। हाम्रा भावी पुस्तालाई सुन्दर भविष्य दिनका लागि पनि यी शक्तिहरूलाई त्याग्नुमा नै हाम्रो देश नेपाल र हामी नेपालीको हित अन्तरनिहीत छ।

अब देशको जिम्मा नेपाली नागरिकलाई नै जान्छ। यति थाहा हुँदाहुँदै पनि अझै पनि यिनीहरूलाई नै देश सञ्चालनको जिम्मा दिइरहने हो भने सम्पूर्ण अव्यवस्थाको जिम्मेवारी हामी नेपाली नागरिकको हो। हामी नेपाली नागरिकको हितका लागि भन्दै हामीलाई टुक्राएर देशको अस्मितालाई विदेशी शक्तिका अगाडि झुकाएर देशलाई अझै पनि अस्थिरता र हिंसामा लम्काउने को हो ? विश्वका सामु हामी कुन आदर्शलाई देखाउँदछौं ? वर्तमानलाई देखेर नेपालप्रति गर्व गर्न कुनै पनि सपूतले सक्दैन। अझै पनि यिनीहरूलाई नै देशको जिम्मेवारी दिन्छौं भने हामी नेपाली जस्तो नालायक र मुर्ख मानिस दुनियामा अन्त कहीं पनि नभएको प्रमाणित गर्दछ।

यति जान्दाजान्दै पनि अझै पनि हामी तिनै देश र मानवताका भँडुवाहरूलाई नै देशको जिम्मेवारी दिइरहन्छौं भने देशको भोलिको बर्बादीमा अहिलेदेखि नै रुन सुरु गरौं। आफ्नो नागरिक शक्तिलाई स्वार्थका पुत्लाहरूमाझ बन्धकी राख्दै अझै पनि हामी नागरिक मौन रहन्छौं भने देशका भावी पुस्ताको दुर्गतिमा अहिलेदेखि नै शोक मनाउन थालौं।

तर अब त हामी जागिसकेका छौं नि है ? त्यसैले जागौं, उठौं र अगाडि बढौं। देशमा सामाजिक समृद्धि र समुन्नतिको स्थापना गरौं। यो देशको अस्मिताको रक्षा गरौं। मानवताको रक्षा गरौं। जागौं, उठौं र अगाडि बढौं .................

मेरो नेपाल

# सन्दर्भ सामग्रीहरू

१. आचार्य, नरहरि (२०५६), **नयाँ नेपालको प्रस्तावना**, काठमाडौँ : संवत्सर प्रकाशन ।
२. आचार्य, बाबुराम, (२०६८), **नेपालको सांस्कृतिक परम्परा**, काठमाडौँ : श्रीकृष्ण आचार्य ।
३. काँणे, पी. भी, (१९९२), **धर्मशास्त्रका इतिहास** (भाग १-२, चतुर्थ संस्करण), लखनऊ : विनोद चन्द्र पाण्डेय, उत्तर प्रदेश हिन्दी संस्थान ।
४. काँणे, पी. भी, (१९९६), **धर्मशास्त्रका इतिहास** (भाग ५, तृतिय संस्करण), लखनऊ : विनोद चन्द्र पाण्डेय, उत्तर प्रदेश हिन्दी संस्थान ।
५. टण्डन, डा. गोविन्द, (२०६६), **सर्वोत्कृष्ट जीवनका लागि शाश्वत चिन्तनहरू,** काठमाडौँ : ग्रन्थरत्न प्रकाशन ।
६. टैगोर, रविन्द्रनाथ, (२००८), **साधना**, दिल्ली : राजपाल ।
७. ठाकुर, इन्द्रदेव, (२०६६), **विश्वका प्रमुख राजनीतिक विचारधाराहरू**, काठमाडौँ : रत्नपुस्तक भण्डार ।
८. दाहाल, डा. पेशल, (२०५८), **नेपालको इतिहास**, काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिस्टिव्युटर्स ।
९. देवकोटा, लक्ष्मीप्रसाद, (२०५३), **भिखारी**, ललितपुर : साझा प्रकाशन ।
१०. नेपाल, ज्ञानमणी, (२०६६), **गणतन्त्रदेखि लोकतान्त्रिक गणतन्त्रसम्म**, काठमाडौँ : मकालु प्रकाशन गृह ।
११. पन्त, डा. शास्त्रदत्त, (२०६६), **नयाँ सोच भावी नेपालको परिकल्पना** (भाग १-२), काठमाडौँ : ग्रामीण विकास प्रतिष्ठान ।
१२. पाठक, डा. कृष्णकांत, (२०११), **धर्म दर्शन**, जयपुर : राजस्थान हिन्दी ग्रन्थ अकादमी ।
१३. पाँडे, रामकुमार, (२०६६), **नेपालको मानव भूगोल**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।
१४. पाण्डेय, मधुसुदन, (२०५८), **नेपालमा सत्ता सङ्घर्षको इतिहास**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
१५. पौड्याल, लेखनाथ, (२०६६), **तरुण तपसी**, ललितपुर : साझा प्रकाशन ।
१६. बिष्ट, डोर बहादुर, (२००७), **सबै जातको फूलबारी**, काठमाडौँ : हिमाल किताब प्रा.लि. ।
१७. मिश्र, चैतन्य, (२०६७), **बदलिँदो नेपाली समाज**, ललितपुर : फाइनप्रिन्ट ।
१८. राज, प्रकाश ए, (२०६८), **नेपालमा पहिचानको सङ्कट**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।
१९. सुवेदी, डा. राजाराम, (२०६५), **नेपालको तथ्य इतिहास**, काठमाडौँ : साझा प्रकाशन ।
२०. शेरचन, भूपि, (२०५१), **घुम्ने मेचमाथि अन्धो मान्छे**, ललितपुर : साझा प्रकाशन ।
२१. एबितय, (२००१), **म्बयिनगभक या एबितय**, ल्भध थ्यचप स् एयअपभत द्ययपक।
२२. जततउस्रधधध।धष्पष्ड्भमष्बा।यचनर
२३. जततउस्रधधध।ष्अबलध।यचनर
**पत्रिकाहरू :** अन्नपूर्ण पोष्ट दैनिक, नागरिक दैनिक, कान्तिपुर दैनिक